प्रेम, विवाह औ विज्ञान

सरोजकुमार श्रीवास्तव

प्रकाशक:

नेपाल एकेडेमी

काठमाण्डू, नेपाल।

शर्तबमोजिम सर्वाधिकार प्रकाशकमा निहित

मूल्य रु. १५

मुद्रक:

विजय प्रिटिङ्ग प्रेस,

पुतलीसडक, नेपाल।

श्री ५ महाराजाधिराज
चान्सलर, नेपाल एकेडेमी

श्री:

ROYAL PALACE
Kathmandu, Nepal
Date. वि. सं. २०१४.

हिमवत्खण्डले साहित्य, कला र ज्ञान-विज्ञानको क्षेत्रमा अतीत कालदेखि दिइ आएको विशेष योग-दानको महत्वलाई सबैले बुझेकै छन् —

ऐतिहासिक कारणहरूले गर्दा त्यस परम्परामा बीचमा पर्ने आएका व्यवधानलाई अब पन्छाएर नेपाल एकेडेमी देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउन चाहन्छ —

यसको प्रयत्नले देशका आवश्यकताहरूको क्रमशः पूर्ति गर्नेछ, र साथै देशान्तरमा पनि हाम्रो जीवनको परिचय दिनेछ भन्ने आशा गर्दछु —

[signature]

श्री ५ महाराजाधिराज,
चान्सलर.
नेपाल एकेडेमी

प्राक्कथन

नेपाली भाषामा यौन-विज्ञानसम्बन्धी दुइ-एक पुस्तक-पुस्तिका देखिए तापनि हाम्रो सामाजिक जीवनको निमित्त यस्तो प्रयोजनीय विषयमा वैज्ञानिक तथ्यहरूका आधारमा लेखिएका पुस्तकहरूको ज्यादै अभाव छ। श्री सरोजकुमार शाक्यले त्यसको पूर्तिमा आफ्नू यस पुस्तकद्वारा राम्रो प्रयास गर्नु भएको छ।

विभिन्न विषयका हाल एक सय पुस्तक प्रकाशित गर्ने नेपाल एकेडेमीले गरेको संकल्पको अन्तर्गत यो पुस्तक प्रकाशित हुँदै छ।

हाम्रो प्रचलित व्याकरणको दृष्टिले विचार गर्दा प्रस्तुत पुस्तकको भाषाको सम्बन्धमा धेरै कुरा भन्न सकिन्छ; किन्तु पाठकको गुणग्राहिताले विषयलाई नै महत्व दिनेछ भन्ने आशा गर्दछु।

मुद्रणका त्रुटि बारेमा गुनासोको यो पुस्तक पनि अपवाद छैन।

आर्को संस्करणको अवसर आएमा यी त्रुटि निश्चय नै यथाशक्य पन्छिने छन्।

बालचन्द्र शर्मा

कान्तिपुर।
कृष्ण-जन्माष्टमी
वि० २०१७

भाइस-चान्सलर,
नेपाल एकेडेमी

यस विषयमा

सृष्टिलाई जब हामी विज्ञानको आँखाले नियालेर हेर्दछौं, तब सृष्टिको शुरू काल देखि नै अथवा जीवन विकासको प्रथम प्रभात बेला देखि नै, प्रकृतिले आफूलाई दुई थरिमा विभाजित गरी, दुई पात्र र पात्रीको रूपमा जीवन-विकासको यस महान् नाटकलाई खेल्न शुरू गरेको हामी प्रष्ट चाल पाउँदछौं। जीवन-विकासको यस महान् नाटक खेल्न, र यसलाई महिमामय र सौन्दर्यमय बनाउन अवश्य पनि दुई पात्र र पात्रीको जरूरत थियो, अथवा दुई भिन्न प्राकृतिक शक्तिको आवश्यकता थियो, र प्रकृतिले त्यसै गरिन्, र आफूलाई दुई थरिमा विभाजित गरिन्— स्त्री र पुरुष। यसरी प्रकृतिले खेलेको यस महान् नाटकमा हामी खालि जीवन-विकासको खेलमात्र पाउँदैनौं, तर यसको साथ-साथै सौन्दर्य-विकासको अध्याय शुरू भएको पनि हामी देख्तछौं। यसरी प्रकृतिले यस सृष्टि विकासमा जीवन र सौन्दर्य-विकास-को डबल पाठ एकैसाथ खेल्दै आएको हामी अनुभव गर्दछौं।

सृष्टिको यही प्राकृतिक अभिप्राय र लक्ष्यलाई साम्ने राखेर, स्त्री र पुरुषक जीवन मिलेर बन्ने एक अर्को थरिको जीवन, जसलाई हामी दाम्पत्य जीवन अथवा विवाहित

जीवन भन्दछौं, त्यसमाथि हामी यस पुस्तकमा धेरै कुरा गर्ने छौं ।

यौन-विज्ञान (sexology) नेपाली साहित्यमा एउटा खूब नौलो विषय ठहर्छ । यस विषयलाई हाम्रो समाजमा लज्जा, अशिष्टता र अश्लीलताको भावले हेर्ने हाम्रो सांस्कृतिक दृष्टिकोण रहेको छ, जसलाई, हामी, जीवनलाई वास्तविकता र वैज्ञानिकताको आँखाले हेर्ने योग्यताको कमी, र पछौटेपन भनेर भन्न सक्छौं ।

वास्तवमा जुन कुरा चर्चाको अयोग्य छ, साहित्यको रूपमा आउन अयोग्य छ, त्यस्तो कुरालाई व्यवहारमा ल्याउन पनि अयोग्य हुनपर्ने हो, तर त्यसो हुँदैन, किन हुँदैन ?— त्यसो नहुनु नै प्रकृतिको नियम हो ।

जुन विषय प्रत्येक मनुष्यको (अझ प्रत्येक प्राणीको भनौं) जीवनको अणु-अणुमा भिजेको हुन्छ; जुन प्रत्येक मनुष्यको निमित्त अनिवार्य छ; जुन विषयले मनुष्यको जीवनको दुःख-सुख, उन्नति-अवनतिमाथि एउटा बेजोड प्रभाव छाडदछ; त्यतिमात्र नभएर समाज, राष्ट्र र विश्वको जीवनसम्म पनि प्रभाव छोडन पुग्दछ भने यस्तो महत्वपूर्ण विषयमाथि हाम्रो समाजमा, हाम्रो साहित्यमा आजसम्म पनि कुनै किसिमको विचार, विमर्श र चर्चा नहुनु हाम्रो राष्ट्र र समाजको निमित्त एउटा दुर्भाग्यको विषय हो !

आजसम्म हामीले जीवनको हरेक पक्षलाई जुन कट्टर अप्रगतिशील आदर्शको आँखाले हेर्दै आएका छौं, यो आँखालाई हामीले चाँडै बदल्न परेको छ। आज जसरी हामी राजनीतिक क्षेत्रमा नयाँ दृष्टिकोण ल्याउन चाहन्छौं, त्यसरी नै सामाजिक र धार्मिक क्षेत्रहरूमा पनि हाम्रो दृष्टिकोण आधुनिक र वैज्ञानिक हुनु नितान्त आवश्यक छ। यस दृष्टिकोणलाई लिएर जब हामी जीवनको सामाजिक पक्षतिर हेर्न खोज्दछौं, तब स्वभावैले हाम्रो दृष्टि स्त्री र पुरुषको सम्बन्धतिर आकर्षित हुनजान्छ; किनभने स्त्री र पुरुषको मिलनबाट नै परिवार बन्दछ; त्यस्तै एक-एक परिवारको योगबाट नै समाज वा राष्ट्र बन्दछ; त्यस्तै राष्ट्र-हरूको समूहबाट नै विश्व बन्दछ। अतः स्त्री र पुरुषको जीवनको कुनै पनि पक्षमाथि विचार गर्नु जीवन, समाज र विश्वको समस्यामाथि विचार गर्ने एउटा मौलिक दृष्टिकोण हुनसक्छ भन्नमा अत्युक्ति नहोला।

आजको वैज्ञानिक संसारमा यौन-विज्ञान (sexology) लाई जीवनसंग अत्यन्त निकट सम्बन्ध राख्ने एउटा महत्वपूर्ण विज्ञानको रूपमा मानिन्छ। संसारमा जति पनि सभ्य र उन्नत भाषाहरू छन्, ती भाषाहरूमा हामी यस विज्ञान सम्बन्धी अनगिन्ती ग्रन्थहरू लेखिएका पाउँदछौं र यस विषयमाथि लेख्नु, चर्चा गर्नु, विचार र अनुभवको आदान प्रदान गर्नु, सल्लाह दिनु, चिकित्सात्मक उपचार गर्नु,

इत्यादि कुरा आजको सभ्य र वैज्ञानिक संसारमा लज्जा र अश्लीलताको विषय मानिंदैन; विपरीत आजको सभ्य समाजहरूमा यस विज्ञानमाथि चाख र कदरकासाथ ग्रन्थहरू लेखिन्छन्, र यस विज्ञानमा अरू सफलता हासिल गर्न वैज्ञानिकहरू तनमनकासाथ लागिरहेका छन् ।

यसरी, आजको वैज्ञानिक युगमा, हरेक सभ्य र उन्नत समाजमा, यौन-विज्ञान प्रत्येक युवक, युवती वा स्त्री, पुरुषका निमित्त एउटा अनिवार्य अध्ययनको विषय बन्न गएको छ । 'जसलाई यौन-विज्ञानको ज्ञान छैन, उसलाई विवाहको क्षेत्रमा उत्रने केही अधिकार छैन, उ त्यसको निमित्त अयोग्य छ' भन्ने भावना आजका सभ्य र उन्नत समाजहरूमा उब्जिएको हामी देख्तछौं । वास्तवमा सही कुरा हो, कि जुन युवक-युवतीहरूलाई यौन-विज्ञानको ज्ञान छैन तिनलाई आफ्नो जीवनको सबैभन्दा शक्तिशाली स्वभाव र महत्वपूर्ण विषयको ज्ञान छैन भन्न पर्दछ ।

यही भावनाले प्रेरित भएर यो पुस्तक लेखिएको हो । यस पुस्तकको विषयलाई हाम्रो समाजले, जीवन-दर्शनको एउटा महत्वपूर्ण अंग ठानेर निःसंकोच यसलाई अध्ययन गरेर त्यसै अनुसार व्यवहार गर्ने प्रयास गरेमा हाम्रो समाजका विवाहित जीवनहरू धेरै सफल र सुखमय भएर, हाम्रो राष्ट्रको उत्थानमा समेत केही मदत पुग्न सक्ला भन्ने म

आंशा गर्दछु। यस पुस्तकमा, विवाहित जीवनसंग विशेष सम्बन्ध राख्ने प्रायः सबै तथ्यहरूमाथि विचार गर्ने कोशिश गरिएको छ।

अन्तमा, यस पुस्तकमा, अंग्रेजी शब्द 'सेक्स' को निमित्त 'योनि' शब्द प्रयोग गरिएको छ। प्रचलित अर्थमा 'योनि' को अर्थ स्त्री-गुप्तांग (vagina) भन्ने हुन्छ; तर 'योनि' शब्द यहाँ द्वैर्थक रूपमा छ। वास्तवमा अंग्रेजी शब्द 'सेक्स' को अनुवाद नेपाली भाषामा 'योनि' नै हुन्छ; अथवा योनिको अर्थ अंग्रेजी भाषामा 'सेक्स' हुन्छ। त्यसैले यस पुस्तकमा 'योनि' शब्दको अर्थ—अंग्रेजीको 'सेक्स (sex)' र स्त्री—गुप्तांग दुवै हुन्छन्।

धेरैलाई 'सेक्स' को अर्थमा भ्रम पनि पर्नसक्छ, अथवा परेको देखिन्छ। कति युवकहरू, सेक्सको अर्थ स्त्री वा पुरुष गुप्तांग भन्ने संझन्छन्, तर त्यो गलत अर्थ हो। सेक्सको अर्थ त्यति साधारण छैन; यसको अर्थ विस्तृत छ। 'सेक्स' को खास अर्थ हो: स्त्री र पुरुषको शारीरिक र मानसिक स्वभावको 'भिन्नता' अथवा स्त्रीत्व र पुरुषत्व—लाईनै अंग्रेजी भाषामा 'सेक्स' र नेपालीमा 'योनि' भनिन्छ

फेरि, यस पुस्तकमा, कति ठाउमा 'sexual' (यौन) को अर्थमा 'काम' शब्द पनि प्रयोग गरिएको छ, तर— sexual attraclion (यौन-आकर्षण) को अर्थमा 'काम-आकर्षण' जस्ता वाक्यांश र शब्दहरू पनि प्रयुक्त छन्। वास्तवमा 'काम' र 'सेक्स' शब्दको अर्थ एउटै होइन। अंग्रेजीमा 'काम' को

अर्थ पॉशन/(passion) अथवा 'sexual love' (यौन-प्रीति) भन्ने हुन्छ । यसरी, ठीक शब्दार्थको दृष्टिले 'सेक्स' र 'काम' शब्दका बीच धेरै अन्तर भए तापनि, भावार्थ र भाषाको स्वभावको दृष्टिले 'सेक्स'-को निमित्त 'काम' शब्द पनि ठाउँ-ठाउँमा प्रयोग गरिएको छ । यी सबै कुराहरूलाई ध्यानमा राखेर पढ़िदिने पाठकहरूसंग अनुरोध गरिन्छ ।

यस पुस्तकलाई लेख्नमा जुन विद्वान्, विदुषीहरूका ग्रन्थहरूबाट सहायता लिइएको छ उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दछु ।

गर्भ-नियन्त्रणको विषयमाथि लेख्ता केही आवश्यक सहायता दिनु भएकोमा, काठमाडौं वीर अस्पतालका भूतपूर्व सुपरिन्टेन्डेन्ट डा० श्री भरतराज वैद्यज्यूप्रति धन्यवाद ज्ञापन गर्छु । पाण्डुलिपि तयार पार्नमा मदत गर्ने भाइ रुद्रकुमार शाक्य र मलाई उचित सल्लाहा र उत्साह दिने मेरा आत्मीय साथी श्री मंगलदेव परियारजीलाई पनि म हार्दिक धन्यवाद दिन्छु ।

अन्तमा, पुस्तक प्रकाशित गरिदिने अनुग्रह गरिएकोमा 'नेपाल एकेडेमी' प्रति कृतज्ञ छु ।

दोत्रपाटी,
काठमाडौं, सरोजकुमार शाक्य
मार्ग ३१, '०१६



सरोजकुमार शाक्य

विषय-सूची

१. विवाह १

२. विवाहित जीवनमा योनि (Sex) को स्थान ८

३. योनि औ प्रेम (Sex and Love १५

४. योनि औ जीव-विज्ञान (Sex and Biology) २१

५. यौन शरीर-विज्ञान (Sex-Physiology) ३३

६. सम्भोग (Coppulation) ५८

७. सेक्स र मनोविज्ञान (Sex and Psychology) १०५

८. सौन्दर्यको परिभाषा (Definition of Beauty) १२७

९. तपाइंकी पत्नी १४२

१०. विवाहमा विवेक १५६

११. गर्भ-नियन्त्रण (Birth-Control) १७८

१२. विवाहित जीवन र स्वास्थ्य २०५

१३. विवाहित जीवन र आर्थिक प्रश्न २१८

१४. विवाहित जीवनमा आध्यात्मिक प्रेम २३१

१५. विवाह र समाज २४२

१६. निष्कर्ष २५२

खण्ड १

विवाह

'विवाह'— यो तीन अक्षरले बनेको शब्द मनुष्य जीवनमा अत्यन्त ठूलो महत्व र प्रभाव राख्तछ। यो यतिको शक्तिशाली र महत्वपूर्ण छ कि यसको प्रभाव एक व्यक्तिको सम्पूर्ण जीवनमाथि मात्र नपरी अथवा सीमित नभई व्यक्ति देखि परिवार, समाज, राष्ट्र र विश्वतक पनि यसको प्रभाव पुग्दछ। एक व्यक्तिको जीवनको लागि त 'विवाह' यति प्रभावशाली हुनसक्तछ, कि दुइ स्त्री र पुरुषमा प्रत्येक एक व्यक्तिको जीवनको सारा वस्तु : सुख-दुःख, उन्नति-अवनति, आनन्द-ऐश्वर्य एक-अर्कामाथि सम्पूर्णरूपले निर्भर गर्दछ।

'विवाह' दुइ थरिका व्यक्तिहरूको एउटा महत्वपूर्ण संगठन हो; समाज-गठनको पहिलो कदम हो। अतः विवाह-लाई सबभन्दा पुरानो र पहिलो सामाजिक संगठन भन्न सकिन्छ, जसमा दुइ स्त्री र पुरुषले भाग लिंदछन्। यो संस्था सबभन्दा महत्वपूर्ण र प्रभावशाली संस्था हो, जसको जीवन माथि, समाजमाथि पर्ने प्रभावको विषयमा जतिसुकै लेखे पनि थोरै हुनजान्छ।

बिवाह केवल मानिस मात्र गर्दैनन, पशु-पक्षी र कीट

पतंगहरू पनि विवाह गर्दछन् ; र पशु-पक्षी र कीट-पतंगहरू मात्र गर्दैनन् , तर रुख, झार-पात र फूलहरू पनि विवाह गर्दछन् । कसरी गर्दछन् ?— यस बारेमा हामी कुनै अर्को अध्यायमा विस्तारपूर्वक कुरा गर्नेछौं ।

विवाह केवल शारीरिक वा भौतिक सम्बन्ध मात्र होइन, तर यो एउटा अनुपम, महान् आध्यात्मिक (आत्माको) संबन्ध पनि हो । पश्चिमी सजाजहरुमा, जस्तै— बृटेन, अमेरिका, फ्रान्स आदि देशहरुमा विवाहित जीवन केवल भौतिक बन्दै गइरहेछ, र यसको आध्यात्मिक पक्ष दिनदिनै मर्दै जाँदैछ, यो खेदको विषय हो । यसले गर्दा पश्चिमी समाजहरुमा, जतिसुकै भौतिक साधनहरुले जीवन सम्पन्न भए तापनि, विवाहित जीवनमा मनुष्य जति सुखी हुनसक्तछ, अथवा हुनपर्ने हो, त्यति सुखी उनीहरु भएका छैनन्, किनभने उनी-हरुले जीवनलाई लङ्गडो बनाएका छन्— बाहिरी भौतिक चहकमहकमा आत्माको सूक्ष्म, सुन्दर रूप देखिन छोडेको छ, मिशिनको गडगड़ाहटमा अन्तरको सूक्ष्म संगीत त्यसै बिलाएको छ ।

एकातिर पश्चिमी समाजहरूमा विवाहित जीवन अति भौतिक वा शारीरिक बन्दै गइरहेछ भने, अर्कातिर हाम्रो समाजमा विवाहित जीवन अम्धो आध्यात्मिक आधारमा उभिरहेको छ । एक थरिलाई पश्चिमको ज्यादै पल्लो छेउमा देख्तछौं, त अर्का थरिलाई पूर्वको एकदम प ; भत्तामा पाउँदछौं । दुवै थरि अपूर्ण छन् । पूर्व र पश्चिमका यी दुइ एकलकाँटे संस्कारका धाराहरुलाई एउटा बीच संगममा

मिलाउन पाए, मनुष्य-समाजमा एउटा रमाइलो, सुन्दर संस्कृतिको निर्माण गर्न सकिन्थ्यो ।

विवाहले यसको स्वाभाविक धर्म अनुसार, प्रत्येक स्त्री वा पुरुषको निमित्त जतिको आशा, अभिलाषा, यौवन र सौन्दर्यको उमङ्ग लिएर आउँदछ, त्यतिकै एउटा गह्रंगो उत्तर-दायित्वको भार पनि लिएर आउँदछ। जसले जति यसको उत्तरदायित्वलाई इमान्दारीपूर्वक महशूस गर्दछ, र त्यसै अनु-सार व्यवहार गर्दछ, उति नै उसले यसको फाइदा र लाभबाट आनन्द उठाउन सक्तछ। प्रत्येक विवाहित स्त्री-पुरुष जसरी परस्परको जीवनप्रति उत्तरदायी रहन्छन्, त्यसरी नै उनीहरू-बाट हुने सन्तानप्रति पनि उनीहरू उत्तरदायी हुन्छन। त्यसै-कारणले हो, कि प्रत्येक विवाहित जोड़ा, समाज र, परोक्ष तौरबाट (indirectly) विश्वप्रति पनि उत्तरदायी रहन्छन। यसरी हेर्दा हामी सहजै अनुभव गर्न र बुझ्न सक्तछौं, कि 'विवाह' — यो तीन अक्षरी शब्द मनुष्य-जीवन र समाजमा कति ठूलो महत्त्व राख्तछ।

विवाहको उद्देश्य केवल सन्तान पैदा गर्न मात्रै होइन, न यसको उद्देश्य खालि भोग-विलास मात्र हो। वास्तवमा विवाहको उद्देश्य हो, सन्तान पैदाको साथसाथै जीवनलाई सुखी र आनन्दमय तुल्याउनु; जीवन-पथमा एक-अर्काको जीवन सुख-दुःखमा समभागी बन्नु र एक-अर्कोलाई हरेक दृष्टिले सहयोग गर्नु, यही नै विवाहको वास्तविक अर्थ हो। अझ छोटकरीमा भनौं भने, विवाह, दुइ जीवनको एक जींवन

हुनु, अथवा दुइ आत्माको एक आत्मा, र दुइ शरीरको एक शरीर हुनु हो— यही विवाहको छोटकरी र सारगर्भित परिभाषा हुन सक्तछ, र त्यस्तै छोटकरीमा यसको उद्देश्य हो—एक जीवन र अर्को सौन्दर्य ।

विवाह, कुनै दृष्टिले पनि एकबकाँटे खेल होइन, यो त महान् धर्म र उत्तरदायित्त्वपूर्ण जोवनको रसिलो र मधुर जुहारी गीत हो । कुनै पनि पक्षले केवल आफ्नो स्वार्थ हेरेमा यसको समस्त सोन्दर्य, यसको ओज र प्रकाश निभ्दछ, र जीवन नीरस र अँध्यारो हुन लाग्दछ ।

विवाहित जीवनमा, हरेक कुरा, दुवै थरिको इच्छा, र अभिलाषाको दृष्टिले हुनु पर्दछ । व्यक्तिगत स्वार्थलाई, विवाहित जीवनबाट, एकदम निकाल्न सक्नु पर्दछ यसैमा यसको महान् सफलता निर्भर गर्छ ।

विवाह प्रकृतिको एउटा नियम हो, त्यसैले यो जीवनको एउटा धर्म हो, त्यसैले यो अनिवार्य पनि हो, त्यसैको निम्ति यो जीवनमा एउटा महान् आकर्षण हो, यसैले यो महान् सौंदर्य हो, यसै कारण यो महान् कला हो, त्यसैले यो महान् विज्ञान पनि हो, त्यसैले यो साधारण कुरा होइन, यो महान् उत्तरदायित्त्व पनि हो । त्यसकारण हरेक युवक, युवती, जसलाई एक दिन विवाहित जीवनको क्षेत्रमा उत्रनु छ, उसले अवश्य पनि 'विवाह'-को महत्त्व र रहस्यहरूप्रति पहिले देखि नै जानकारी हासिल गर्न नितान्त आवश्यक र महत्त्वको कुरा छ ।

बायरन्, एकजना अंग्रेज कवि, भन्दछन्, "विवाह, आनन्दको स्फूरण हो, या विनाश।" वास्तवमा विवाहको यस्तै स्वभाव छ। कोही विवाह गरेर अत्यन्त सुखी र आनन्दित हुन्छन्, त कोही विवाह पछि आफूलाई दुःखको खाल्टोमा पाउँदछन्; कोही विवाहित जीवनमा, मनमोहन मुस्कुराहट, मधुर प्यार, हँसी-ठट्यौली र क्रीडामा आफूलाई बिर्सन्छन् त कोही दुःख र ग्लानिले जीवन आँसुको धारासंग बहेको देख्तछन्। त्यसकारण मनासिव हो, कि त विवाह आनन्दको सागर हो, जसको तरङ्गसंग बहेर जीवन रसमय र आनन्द विभोर बन्दछ; कि दुःखको अँध्यारो खाल्टो हो, जसमा परेर जीवन निसासिन्छ र त्यसबाट मुक्त हुन खोज्दछ। विवाह आनन्दको सागर उसको निमित्त हो, जसले यसको महिमा र महत्त्वलाई बुझेको छ; जसलाई यसका रहस्यहरूप्रति समझदारी छ; जसलाई यसका सञ्चालनका कला आउँद छ र जो यसका प्रत्येक तहलाई गहिरिएर हेर्ने वैज्ञानिक दृष्टिकोण राख्तछ। र यसको विपरीत, विवाह उसको निमित्त दुःखको अँध्यारो खाल्टो हो, जो यसको विषयमा कुनै जानकारी र ज्ञानको आवश्यकता देख्तैनन्, यसको सञ्चालनमा कुनै कला र विज्ञानको खाँचो महसूस गर्दैनन्; जो कुनै सोच-विचार नगरिकन अनुचित आवेश उमंगमा हतपताएर, आँखा चिम्लेर हाम्फाल्द छन्। त्यसकारण, विवाहलाई सफलतापूर्वक सञ्चालन गर्नको लागि जतिको यस सम्बन्धी कला र विज्ञानको आवश्यकता छ, त्यतिकै यस क्षेत्रमा उत्रनको लागि होशियारी,

समझदारी, सोच-विचार, जाँच र परीक्षाको पनि त्यत्तिकै आवश्यकता छ।

विवाहमा समानताको अधिकार

जस्तो हामीले माथि विवाहित जीवनको एक आत्मीय सम्बन्धको विषयमा चर्चा गर्‍यौं, त्यसै लक्ष्य र ध्येयलाई सामुन्ने राखेर आजको संसारमा विवाहलाई प्रजातान्त्रिक दृष्टिकोणले हेरिन्छ, अथवा समानताको आधारमा विचार गरिन्छ। तर हाम्रो समाजमा अझै पनि आफ्नो आधा अंग र जीवनलाई जुन दृष्टिले हेर्न र व्यवहार गर्न पर्ने हो— त्यो हाम्रो समाजमा हुन सकेको छैन। पत्नीले पतिव्रता हुनु आवश्यक र पतिले पत्नीव्रती हुनु अनावश्यक भन्ने भावना आज पनि हाम्रो समाजमा चलेकै छ। तर पति र पत्नी दुवै थरिले एक-अर्काप्रति इमान्दार रहेर, समानताको आधारमा प्रेमपूर्वक व्यवहार गर्नु पर्दछ— यही नै विवाहित जीवनको पारस्परिक सफलता र धर्म हो भन्ने भावना आज पनि हाम्रो समाजदेखि टाढै बसेको छ।

तर अब जमानाले रंग बदलेको छ। अब न पुरुषले स्त्रीलाई दासीको रूपमा वा विलासको सामान्य वस्तुको रूपमा प्रयोग गर्न सक्तछ, न स्त्रीले नै आफ्नो जीवनको सारा भार पुरुषमाथि लादेर केवल उसको काठको पुतली बनेर आजको युग र समाजको गतिविधिसंग उसले आफ्नो पाइला मिलाउन सक्तछे; न यस किसिमको व्यवहारले उसलाई शोभा नै दिन्छ। अतः

हाम्रो समाजका दाजु-भाइ, दिदी-बहिनीहरूले पनि आजको विज्ञान र समान अधिकारको युगमा आफ्नो विवाहित जीवनलाई यस्तै दृष्टिकोणले हेर्ने बेला आएको छ। प्रत्येक युवक-युवतीले यसै समान अधिकारको जगमाथि आफ्नो विवाहित जीवनको महललाई, कलात्मक र वैज्ञानिक ढंगले निर्माण गर्न सके, निस्सन्देह त्यो विवाहित जीवनको महल मजबूत भएर जीवन सुख-सौन्दर्यमय हुन सक्तछ।

—०—

खण्ड २

विवाहित जीवनमा योनि (Sex) को स्थान

जीवनमा विवाह किन गरिन्छ, र यसको स्वभाव कस्तो हुन्छ, इत्यादि विषयमाथि हामीले अघिल्लो खण्डमा धेरै कुरा गर्‍यौं । अब विवाहित जीवनमा योनि अथवा सेक्सको कस्तो स्थान छ भन्ने बारेमा हामी यहाँ कुरा गर्ने छौं ।

विबाहमा खास गरेर हामी चार उद्देश्यहरू पाउँदछौं:—
(१) आध्यात्मिक प्रेम, (२) शारीरिक प्रेम, (३) सन्तानोत्पादन, (४) स्वस्थ समाज-संगठनको निर्वाह । यो चारै उद्देश्यहरू परस्परका पूरक हुन्, अथवा एक उद्देश्य अर्को उद्देश्यप्रति आश्रित रहन्छ । अतः यस दृष्टिले विवाहित जीवनमा जुन प्रेमको प्रश्न छ, त्यो केवल आध्यात्मिक वा शारीरिक मात्र भएर रहन सक्दैन । विबाहित जीवनको प्रेम न आध्यात्मिक मात्र हो, न केवल शारीरिक मात्र, परन्तु आध्यात्मिक र शारीरिक प्रेमको सामन्जस्यपूर्ण अनुभूतिनै विबाहित जीवनको सच्चा र बास्तविक प्रेम हो ।

एक युवक वा युवती अथवा एक स्त्री र पुरुषका बीच हुने शारीरिक आकर्षणलाई नै हामी शारीरिक प्रेम भन्दछौं। यस प्रेमको पछाडि जीवनको एउटा जवरजस्त र दमनशील स्वाभाविक शक्तिले काम गरेको हुन्छ, जसलाई हामी 'योनि' अथवा 'सेक्स' भन्दछौं।

माथि भनिए अनुसार, जो कि विवाहित जीवनको प्रेमको पूर्णता नै शारीरिक र आध्यात्मिक प्रेमको संगममा हुन्छ, यस दृष्टिकोणबाट हामी बुझ्न सक्तछौं, कि विवाहित जीवनमा योनि अथवा सेक्सको कति महत्त्वपूर्ण स्थान रहेछ। वास्तवमा साँच्चै भन्ने हो भने प्रत्येक जवान स्त्री र पुरुषको जीवनमा यौन अभिलाषा (sexual desire) यति प्रवल र शक्तिशाली हुन्छ कि विवाहित जीवनको निमित्त एउटा ठूलो चाख र उत्सुकताको विषय नै यही बन्नजान्छ। अतः माथि उल्लेख गरिए अनुसार विवाहित जीवनका चार उद्देश्यहरू मध्ये एक उद्देश्य, जो शारीरिक प्रेम हो, सुखी र सफल दाम्पत्य जीवनको निमित्त, यस उद्देश्यको पूर्ति र सन्तुष्टि हर हालतबाट हुनु नितान्त आवश्यक छ। आफ्नो विवाहित जीवनलाई प्रेमको बलियो डोरीले बाँधेर प्रेमको सच्चा सुख र आनन्द अनुभव गर्न चाहने प्रत्येक युवक, युवतीले विवाहित जीवनको यस पक्षलाई ध्यानमा राख्नु, र यसप्रति उचित कदर, समानता, विवेक, सहानुभूति र प्रेमपूर्ण व्यवहार गर्नु अत्यन्त आवश्यक छ।

'सच्चा प्रेम नै विवाहित जीवनको मूल आदर्श हुनु पर्दछ' भन्ने भावना हामी जहीं-तहीं पाउँदछौं तर विवाहित जीवनमा सच्चा प्रेमको स्थापना भएको हामी जहीं-तहीं बहुत कम पाउँदछौ, अथवा अर्को शब्दमा, विवाहित जीवनमा, यसको स्वाभाविक अर्थमा, प्रेममय बनेर सुखी र सन्तुष्ट हुन सकेको संसारमा बहुत कम मात्रामा पाइन्छ। किन यस्तो हुन्छ? यसको कारण यही भन्न सकिन्छ, कि विवाहित जीवनमा 'प्रेम' भन्ने शब्दले कस्तो अर्थ राख्तछ; यस प्रेमको उद्भव र सिर्जनाको निमित्त जीवनका कुन-कुन तथ्व र तत्त्वहरूले काम गरेका हुन्छन; यस प्रेमको पछाडि प्रकृतिको कुन-कुन अभिप्रायहरू सक्रिय रहेका हुन्छन्; र यस प्रेमलाई पूर्ण र सफल गराउन कस्तो कौशल र कलाको आवश्यकता पर्दछ?— भन्ने कुराहरूको आवश्यक र उचित ज्ञानको कमी हुनु नै विवाहित जीवनको असन्तोष र असफलताको मूल कारण हो भन्न सकिन्छ;—खास गरी विवाहित स्त्री-पुरुषका यौन-शक्ति, कुनै खराब आदत वा कारणहरूले बिग्रन गई अस्वाभाविक र अप्राकृतिक हुन गएको छैन, र विवाहित स्त्री-पुरुष शारीरिक र मानसिक दृष्टिले स्वस्थ छन् भने। किनकि कुनै स्त्री-पुरुषका विवाहित जीवन सुखी नहुनको कारण तिनीहरूमा— एकको वा दुवैको— यौन जनित स्वभाव (sexual nature) अप्राकृतिक र त्रुटिपूर्ण हुन गएर पनि हुन सक्तछ। यहाँ, पुस्तकको आकार बढ्ने र साथै स्त्री-पुरुषको जीवनको स्वाभाविक पक्ष (normal side) सम्बन्धी ज्ञानको जस्तो आवश्यकता र महत्त्व, अस्वाभाविक पक्ष (abnormal side) को नदेखि-

एकोले, यस पुस्तकमा, बहुत कम, यस विषयको चर्चा गरिनेछ ।

जीवन मात्रमा चाहे झार-पातको जीवन होस् या पशु-पक्षीको, या मनुष्यको जीवन होस्— मात्र जीवनको एक-एक अणु-परमाणुभित्र काम-शक्ति (sexual force) व्याप्त रहेको हुन्छ । प्रसिद्ध मनोवैज्ञानिक फ्रयड्का सिद्धान्त अनुसार जीवन काममय (sex-pervaded) छ । अर्को एकजना यौन-विज्ञानी डा० केनेथ वाकर भन्दछन् 'योनि या सेक्सको आरम्भ कोक्रोमा हुन्छ, र त्यसको समाप्ति चिहानमा ।' यस दृष्टिबाट हामी बुझ्नसक्तछौं, कि हाम्रो जीवनमा योनि या सेक्सले कति दमनशील प्रभाव राख्तछ । अर्को शब्दमा, वास्तवमा जीवन काम-व्याप्तनै छ । नियालेर हेरेको खण्डमा, जीवनमा काम यति शक्तिशाली, यति आकर्षक र मोहक हुनुहो कारण, सृष्टिमा जीवन-धारालाई अटूट राख्ने वा जीवन-सिर्जनाको कामलाई नियमित रूपले चालुराख्ने प्रकृतिको एउटा चतुर्याइँ हो भन्न सकिन्छ । तर यसको साथै हामी यो पनि अनुभव गर्दछौं, कि प्रकृतिले योनि वा सेक्सलाई शक्तिशाली वा आकर्षक बनाएर आफ्नो सृष्टिको अभिप्राय मात्र पूरा गरेकी छैनन्, तर सेक्सलाई प्रेम र सौन्दर्यको एउटा अनुपम माध्यमको रूपमा पनि जीवनमा प्रस्तुत गरेकी छिन् । यस दृष्टिले प्रकृततः हामी योनि वा सेक्समा दुइ मूलभुत अभिप्रायहरू देख्तछौं : एक जीवन—सिर्जना, र अर्को प्रेम र सौन्दर्यको अनुभूति ।

यस दृष्टिकोणबाट हामी योनि वा सेक्सलाई न केवल शारीरिक प्रेम र सौन्दर्यको लागि मात्र प्रयोग गर्नसक्तछौं, न केवल सन्तानोत्पादनको लागि मात्र। अतः यसमा हामी स्वभावतः सेक्सका जुन डबल अभिप्राय देख्तछौं ती दुबै अभिप्रायहरू विवाहित जीवनमा पूरा हुनुपर्दछ— यही प्रकृतिको अभिप्राय हो।

विवाहित जीवनमा सेक्स जस्तो सन्तानोत्पादनको एउटा माध्यम हो, त्यस्तै दुइ भिन्न स्त्री र पुरुषको जीवनलाई बलियो गरी कस्ने एउटा अत्यन्त आकर्षक र मोहक बन्धन पनि हो। त्यसकारण कामजनित सन्तोष (sexual satisfaction) बिना विवाहित जीवन कुनै हालतमा पनि सुखी र सन्तुष्ट हुनसक्तैन, यो निश्चयकासाथ भन्न सकिन्छ।

विवाहित जीवनमा जसरी सेक्सले दुइ दम्पतिको प्रेममाथि प्रभावशाली असर पार्दछ, त्यस्तै दुबै थरिका शारीरिक र मानसिक स्वास्थ्य उपर पनि यसले शक्तिशाली असर छाड्दछ। सेक्सको सफल प्रयोगले शारीरिक र मानसिक स्वास्थ्यमा सुन्दर र स्वस्थ असर पर्दछ भने, त्यस्तै असफल र अस्वाभाविक प्रयोगले हाम्रो शारीरिक र मानसिक स्वास्थ्यमाथि भयानक नराम्रो प्रभाव पार्न सक्तछ, जसको परिणामस्वरूप बिभिन्न मानसिक र शारीरिक रोगहरू हुन सक्तछन्।

सृष्टिको जीवन-प्रवाहलाई धारावाहिक राख्न सेक्सको जति आवश्यक छ, त्यतिकै जीवनलाई सन्तुष्ट र सुखमय

गराउन, जीवनमा, यसको आवश्यकता छ। अझै जोडदार शब्दमा, जीवनमा बाँच्नको निमित्त खान जत्तिको आवश्यक छ, त्यतिकै सेक्सको पनि आवश्यक छ। खान नपाए जीवन मर्दछ, तर सेक्सबिना जीवन बाँचे पनि मर्दछ। यो भनाइको विरुद्धमा यो तर्क उठाउन सकिन्छ, कि वैदिक कालमा ऋषि-मुनिहरू घर-गृहस्थी त्यागेर, जङ्गलमा गएर तपस्या गर्दथे, र विवाहित जीवनबाट एकदम टाढ़ा रहेर पनि सुखी र सन्तुष्ट एवं शक्तिशाली जीवन बिताउँदथे। यसको जवाफमा यो भन्न सकिन्छ, कि त्यो कुन किसिमको सुखी र सन्तुष्ट जीवन थियो, हामी अहिले त्यसको आलोचना गर्न सक्तैनौं, तर यति निस्सन्देह भन्न सक्तछौं, कि त्यस किसिमको जीवन निसन्देह अस्वभाविक र अप्राकृतिक हो; र प्रकृतिमाथि विजय गर्ने मनुष्यको घमण्डयुक्त प्रयास हो। त्यसैले मेनकाका रूपमा प्रकृतिले एक दिन विश्वामित्र मुनिजीको घमण्ड तोड़ेकी थिइन्। तर प्रकृतिको एक टुक्रा मानवले प्रकृतिसंग हार खाएकोमा हामी उनलाई गालि गर्न चाहँदैनौं, न त्यस हारलाई हामी मानवको हार सम्झन्छौं; त्यो हार थियो भने हार्नेकै थियो, मानवको होइन।

अतः मेरो विचारमा, मनुष्य-जीवन प्रकृतिको प्रतिकूल वा विरुद्ध जानाले होइन, प्रकृतिको अनुकूल पाइला चालेर हिड्नालेनै, सफल, सुखी न सार्थक हुनसक्तछ।

अतः विवाहित जीवनमा सेक्सको महत्व त्यत्तिकै छ, जत्तिको स्वयं जीवनको छ। अतः विवाहित जीवनमा काम

क्रीडा (saxual act) एउटा साझा क्रीडा हो। यो विशेष एकजनाको अधिकार र ठेक्काको वस्तु होइन, कि जत्तिवेला उसले चाह्यो, मन पऱ्यो उ यसलाई उपभोग गर्न सक्तछ। यो ता एउटा मधुर गीत हो, जो एक्लै गाउन पाइन्न। कोही अनधिकार एक्लै गाउने प्रयत्न गर्दछ भने उसले यसको असली सौन्दर्य र आनन्दलाई पनि गुमाउने छ। अझ यो भन्दा बढता, उसले, जसलाई आफ्नो जीवनको आधा अंगको रूपमा ग्रहण गरेको छ, उसप्रति एउटा नीच र अकर्त्तव्यपूर्ण व्यवहार गरेको मानिन्छ।

अतः सेक्स सम्बन्धी व्यवहारमा स्वार्थ र एकलौटी इच्छालाई हमेशा प्रतिबन्ध लगाउन पर्दछ, र यस्तो इच्छालाई नीच अनधिकार आक्रमणको दृष्टिले हेर्ने प्रत्येक विवाहित पुरुषको आदर्श हुनुपर्दछ, जस्तो विवाहित जीवनमा यौन-जीवन (sexual life) लाई मधुर र आनन्दमय तुल्याउन आध्यात्मिक प्रेमको आवश्यकता पर्दछ, त्यस्तै आध्यात्मिक प्रेमलाई सिर्जना गर्ने, त्यसमा शक्ति, आकर्षण र माधुर्य भर्ने सफल, कलात्मक र वैज्ञानिक यौन-व्यवहार (se ual bewauior) को आवश्यकता पर्दछ। यस विषयमा हामी अर्को खण्डमा विस्तारपूर्वक कुरा गर्नेछौं।

❀❀❀

खण्ड ३

योनि औ प्रेम (Sex and Love)

हामीले बुझ्यौं कि विवाहित जीवनमा योनि वा सेक्सको कस्तो स्थान रहेछ। अब हामी, योनि र प्रेम (sex and love) को बीच कस्तो सम्बन्ध छ, अथवा हुनसक्तछ, र यिनका बेग्लाबेग्लै रूपमा कस्तो स्वभाव हुन्छ भन्ने विषय-माथि हामी यहाँ विचार गर्नेछौं।

सेक्स अथवा योनि र प्रेम दुइ भिन्न तत्त्व हुन्। तर यी दुइ तत्त्व मिलेर एक रूप पनि हुनसक्तछन, जस्तो पानीमा चीनी मिलेर एकाकार हुनसक्तछ। त्यस्तै मुताबिक यी तत्त्वहरूमा त्यत्तिकै भिन्नता पनि आउन सक्तछ, जत्तिको भिन्नता रात र दिनमा आउँदछ, अथवा त्यत्तिकै फरक र टाढा यी रहनसक्तछन्, जत्तिको फरक र टाढा पृथ्वीका दुइ टुप्पा रहन्छन।

यौन-व्यवहारको निमित्त प्रेमको आवश्यकता पर्दैन। जोसंग कहिल्यै पनि प्रेम भएको छैन, वा जसलाई प्रेम गरिंदैन उसँग पनि यौन सम्बन्धी व्यवहार हुनसक्तछ। फेरि जसलाई प्रेम गरिन्छ उसलाई सम्झनेबित्तिकै वा देख्नेवित्तिकै यौन व्यवहारको इच्छा हुनसक्तैन। यस दृष्टिबाट हामी यो

सिध्दान्तमा आइपुग्दछौं, कि सेक्स र प्रेम अवश्य पनि दुइ भिन्न तत्त्वहरू हुन्।

संसारमा कति मानिसहरू वेश्यालयमा जान्छन्, तर ती वेश्याहरूका यादमा रोएर हिंडने मानिस हामी कहीं पाउँदैनौं; न ती वेश्याहरू नै कसैको यादमा रुन्छन्। यसैबाट पनि हामी बुझ्नसक्तछौं, कि प्रेम र सेक्स वा योनिका बीच कुनै प्राकृतिक सम्बन्ध छैन। किन छैन? यस विषयमा हामीले नियालेर हेऱ्यौं भने बुझ्न सक्तछौं, कि यी तत्वहरूका उद्देश्य र आधार वेग्ला-बेग्लै छन्। प्रेमको आधार हृदय हो, अथवा प्रेम हृदयको वस्तु हो भने, योनि वा सेक्सको आधार शरीर हो, अथवा सेक्स शरीरको वस्तु हो। यद्यपि यी तत्त्वहरूका बीच सम्बन्ध हुनसक्तैन भन्ने तर्क यो होइन, जस्तो हामीले माथि भनिसकेकाछौं, कि सेक्स र प्रेम एक पनि हुनसक्तछन्, तर आफै-आफ हुँदैनन्, गराउन पर्दछ। तर पशु-पंछीहरूका जीवनमा भने हामी सेक्स र प्रेमलाई भिन्न रूपमा पाउदैनौं; किनभने पशु-पंछीहरूका जीवन सीमित छ; उनीहरूका स्वभावमा प्रकृतितः पूर्णता छ, त्यसकारण उनीहरूको जीवनको प्रत्येक व्यवहार सीमित छ; त्यसैले उनीहरूका जीवनमा प्रेम र सेक्स पनि सीमित छ। पशु-पंछीहरूको बुद्धि विकासशील छैन; उनीहरूमा आफ्नो जीवन विकाश गर्ने र सुधार्ने शक्ति पनि छैन। उनीहरूका जीवनमा चाहिंने आवश्यक गुण र स्वाव प्रकृति आफैले पूर्ण गरिदिएकी छिन्। त्यसै अनुसार, पशु-पंछीहरूका

जीवनमा जस्तो प्रेम र सेक्स सीमित छ, त्यस्तै सीमित र आवश्यक रूपमा, प्रकृति आफैले उनीहरूका प्रेम र सेक्सको बीचमा एकता पनि स्थापित गरिदिएकी छिन्। तर मनुष्य जीवनमा आएर विषय-वस्तु अर्कै बन्दछ। मनुष्यको कुनै पनि व्यवहार सीमित छैन, किनभने उसको जीवन सीमित छैन। मनुष्य जन्मदै कुनै कुरा जानेर आउँदैन, तर उ असीमित विकासशील बुद्धि लिएर आउँदछ, त्यसैले उसको जीवन असीमित छ, त्यसैले होला, प्रकृतिले उसलाई कुनै कुरा आफैंले सिकाउने पनि प्रयत्न गरिनन्। मनुष्य-जीवनको व्यवहार सुधार्ने, त्यसलाई विकास गर्ने वा कुनै गुण वा कला हासिल गर्ने काम मानिस आफले गर्नुपर्दछ। प्रकृतिले ता उसलाई केवल यसको निमित्त विकासशील बुद्धि र मस्तिष्क दिएकी छिन्, कुनै गुण वा कला होइन। मुजूरले नाच्न सिक्न पर्दैन, न उसको शरीरको सोह्रश्रृङ्गार आफैंले गर्दछ; प्रकृतिलेनै उसलाई श्रृङ्गार्दछिन, प्रकृतिले नै उसलाई नाच्न सिकाउँछिन्। त्यस्तै, कोयलीले स्वर साध्न र गाउन सिक्न पर्दैन, प्रकृति आफैंले उसको गलामा कला भरिदिएकी छिन्। तर मानिसले नाच्न, गाउन सिक्न पर्दछ, त्यसको निमित्त साधना र अभ्यासको आवश्यकता पर्दछ। त्यस्तै, उसले आफ्नो श्रृंगार पनि गर्नुपर्दछ, त्यो पनि उसले सिक्नपर्दछ। यस्तै मुताबिक, यद्यपि प्रेम र सेक्सको बीच एकता रहनु प्रकृतिको आफ्नो अभिप्राय हो तापनि मनुष्य आफैंले यो पनि सिक्न र साधना गर्नुपर्दछ। यसरी मनुष्य-जीवनमा, स्त्री

र पुरुषका बीच सेक्स र प्रेममा एक आत्मीयताको सम्बन्ध स्थापना हुनसक्नु मानव-सभ्यता र संस्कृतिको एउटा महान् सफलता र विजय हो। यही सेक्स र प्रेमको मधुर मिलन वा सामन्जस्यलाई नै हामी 'विवाह' भन्दछौं; अथवा अर्को शब्दमा, शारीरिक र आध्यात्मिक प्रेमको संगम नै 'विवाह' हो।

यस दृष्टिबाट हामी यो बुज्दछौं, कि विवाहित जीवनमा सेक्स र प्रेम एक-अर्काका पूरक हुन्; अथवा एक, अर्को विना, अपूर्ण रहनजान्छ। स्त्री र पुरुषको सम्बन्धमा सेक्स विना प्रेम अपूर्ण रहन्छ भने, प्रेमविना सेक्स जड तथा यान्त्रिक बन्दछ।

प्रेम पनि धेरै प्रकारका हुन्छन्, यद्यपि ती धेरै प्रकारका प्रेमलाई सम्बोधन गर्ने शब्द एउटै 'प्रेम' छ। आमाको छोरा-छोरीमाथि हुने प्रेमलाई पनि हामी 'प्रेम' भन्दछौं। बाबुले छोराछोरीलाई गर्ने प्रेमलाई पनि हामी प्रेम भन्दछौं। यस्तै मुताबिक दाजु-भाइ, दिदी-बहिनी; त्यसै, साथीसंगी, र पति-पत्नीका बीच हुने प्रेमलाई पनि हामी 'प्रेम' भन्दछौं। तर यी प्रत्येक किसिमका प्रेमलाई नियालेर हेरेमा हामी चाल पाउनसक्तछौं कि यी प्रत्येकका आफ्नो-आफ्नै किसिमका स्वभाव छन्, र यिनले मानव-हृदयलाई प्रत्येक आफ्नै किसिमको अनुभूति दिलाउँछन्। अथवा, छोटकरीमा, 'प्रेम' हृदयको इन्द्रेणी हो; यसका विभिन्न रंगमा विभिन्न किसिम-

का प्रभाव, सौन्दर्य र अनुभूति पाइन्छन्। यसमा पनि, अरु सबै किसिमका प्रेमहरूभन्दा विवाहित जीवनको प्रेम अझ विशेष आफ्नै किसिमको विशेषता र स्वभाव राख्तछ।

विवाहित जीवनको प्रेम बाहेक अरु सबै प्रकारका प्रेममा हामी शारीरिक प्रभाव वा सम्बन्ध पाउँदैनौं, तिनलाई हामी केवल आध्यात्मिक वा मनोवैज्ञानिक प्रेम भन्दछौं; जस्तै, उदाहरणको लागि, आमाको छोरामाथि प्रेम हुनको लागि छोराको सुन्दर शारीरिक बनावट र योवनको आवश्यकता पर्दैन। आमाले आफ्नो छोरोलाई, बालक देखि बूढो हुँदासम्म, जन्मदेखि मृत्युसम्म, लूते भए पनि, लङ्गडो भए पनि, नराम्रो भए पनि प्रेम गर्दछिन्। यस्तै मुताविक कमवेशी मात्रामा अरू सबैले गर्दछन्। तर जब हामी स्त्री र पुरुष, वा पति र पत्नीको बीचको प्रेमको प्रश्न उठाउँदछौं, त यहाँ आएर चीज अर्कै बन्दछ। दाम्पत्य जीवनको प्रेमलाई वा स्त्री र पुरुषको प्रेमलाई, जो रोमॉण्टिक दृष्टिकोणले हेर्दछन्, अथवा केवल आदर्श प्रेमको आँखाले हेर्दछन्, तिनले, विवाहित जीवनको प्रेम, वा स्त्री-पुरुषको प्रेममा, शारीरिक महत्त्वलाई उति स्थान दिंदैनन्। तर वास्तवमा विवाहित जीवनको सम्बन्धमा मानवको मनोविज्ञानलाई खोतलेर हेर्ने हो भने, हामी यो सच्चाईमा आइपुग्दछौं, कि स्त्री र पुरुषको प्रेमलाई केवल रोमॉन्स, वा आदर्श आध्यात्मिक प्रेमको दृष्टिले मात्र हेर्नु एकदम एकतर्फी र एकलकाँटे दृष्टिकोण हो, जसमा जीवनको वास्तविकता र वैज्ञानिकता छैन।

विवाहित जीवनमा वा स्त्री र पुरुषको सम्बन्धमा शारीरिक महत्त्वको जुन प्रश्न छ, त्यसको आधार योनि वा सेक्स नै हो। तर हामीले विवाहित जीवनमा केवल शारीरिकतालाई मात्र महत्त्व दियौं भने, विवाहित जीवनको आधार मात्र सैक्स बन्न जानेछ, जस्तो कि स्त्री र पुरुषको सम्बन्धलाई केवल रोमॉन्स वा आदर्श प्रेमको दृष्टिले हेर्‍यौं भने भूइँ वा जग विनाको हावाको महल बन्नजानेछ। अत: विवाहित जीवनमा सेक्स र प्रेमको सुन्दर सामञ्जस्य हुनुपर्दछ। यसैमा विवाहित जीवनको महान् सफलता निर्भर गर्छ।

पछि हामी अर्का खण्डहरूमा स्त्री र पुरुषका बीचको रोमॉन्स वा आदर्श प्रेम, र आध्यात्मिक प्रेममाथि बेग्लाबेग्लै विचार विमर्श गर्नेछौं।

—:०:—

खण्ड ४

योनि औ जीब-विज्ञान (Sex and Biology)

जहाँ सेक्स र विवाहको चर्चा हुन्छ, त्यहाँ जीव-विज्ञान सम्बन्धी प्रसंग नआए, सेक्स र विवाहको चर्चा अधूरो रहनजान्छ। त्यसैले अब हामी यहाँ योनि र जीव-विज्ञान (sex and biology) का पारस्पारिक सम्बन्धको विषयमा विचार गर्नेछौं।

हामीले बुझ्यौं, कि योनि अथवा सेक्स र प्रेमको बीच कुनै अनिवार्य वा नभइनहुने प्राकृतिक सम्बन्ध छैन; यद्यपि ती एक हुनसक्तछन्, र एक हुनपर्दछ। तर योनि र जीव विज्ञानको सम्बन्धमा हामी यस्तो स्थिति पाउँदैनौं। योनि र जीव-विज्ञानको बीच त यस्तो गहीरो प्राकृतिक सम्बन्ध छ, कि नियालेर हेरेको खण्डमा हामी, योनि वा सेक्सलाई जीव-विकासको निमित्त एउटा अनिर्वाय उपाय वा साधनको रूपमा प्रकृतिले अपनाएको पाउँदछौं।

यदि तपाईको जीव-विज्ञान सम्बन्धी अध्ययन र जानकारी छ भने, तपाईले जान्नुभएकै होला, कि जीवन

विकासको एकदमै प्राथमिक अवस्थादेखि नै सेक्स अस्तित्वमा आएको विज्ञानले प्रमाणित गरेको छ ।

यद्यपि एक कोषवाला प्राणी (unicellular oganism) हरूबाट हुने सन्तानोत्पादन कार्यमा सेक्सले प्रकट र स्पष्ट-रुपमा काम गरेको देखिंदैन । यस्तै कतिपय साधारण स्तरका जीवहरू, जस्तै bacteria, एक प्रकारको कीटाणु—यसले आफैलाई विभाजित गरेर सन्तान जन्माउँछ, अथवा आफ्नै शरीरलाई दुइ खण्ड पारेर सन्तानको सिर्जना गर्दछ, अथवा पुनरूत्पादन (reproduction) गर्दछ । यसरी पारिएको एउटा शरीरको दुइटा खण्ड दुइ भिन्न प्राणीका रूपमा बाँच्नछन् । यसरी जीव-जगत्मा हुने सन्तानोत्पादन, वा पुनरोत्पादन (reproduction) को प्रणालीलाई अंग्रेजी भाषामा (bin-agry fission) भन्दछन् । यस्ता साधारण किसिमका प्राणीहरूमा, हामी योनि, वा सेक्सले कुनै काम गरेको देख्तैनौं, तैपनि, अत्यन्त सूक्ष्म परिक्षण गरेर हेरेमा, ती एक कोषवाला प्राणीहरू (unicellular orgaanism) का पुन-रोत्पादन क्रियामा सेक्सको अस्तित्व आरम्भ भएको पाइन्छ । उदाहरणको लागि, एमिबा (amoeba) लाई लिनोस् । एमिबालाई, विज्ञानले, जीव-विकासको पहिलो अवस्था मानेको छ । यो एक प्रकारको जीवनकोष हो । अर्को शब्दमा, यो पहिलो प्राणी हो । यो पनि एक कोषवाला जीव (nnicel-lular organism) हो । यसको सन्तानोत्पादन, वा पुनरो-

त्पादन क्रिया पनि उही binary fission प्रणालीबाट हुन्छ। तर यो प्रणाली सीमित भएर, सँधै स्थिरतापूर्वक चल्नसक्तैन, भन्नुको मतलब, ती एमिबाहरूमा उत्पादन गर्ने शक्ति सँधै रहँदैन। जब उनीहरूमा उत्पादन गर्ने शक्ति हराउँदछ तब एक एमिबाले अर्को एमिबासंग भेट गर्दछ। जब ती भेट गर्दछन्, तिनीहरूका मिलनबाट तिनमा फेरि उत्पादन गर्ने शक्ति आउँदछ। यहींदेखिन प्रकृतिले, जीवन-विकासको क्षेत्रमा काम-शक्ति (sexual force) लाई प्रयोग गर्न आरम्भ गरेको हामी थाहा पाउँदछौं।

एक कोषवाला प्राणीहरू (unicellular organism) मा एउटै कोषबाट पुनरोत्पादनको क्रिया सम्पन्न हुनजान्छ भने, वहुकोषवाला प्राणीहरू (multicellular organism) हरूमा प्रत्येक कोष वा सेलले आफ्ना-आफ्नै किसिमका काम गर्दछन्: केही कोषहरू पोषण (nutrition) को काम गर्दछन्, कोही रक्षा-विभागको काम गर्दछन्; कोही एक ठाउँबाट अर्को ठाउँ वा एक स्थितिबाट अर्को स्थितिमा सार्ने (locomotion) को काम गर्दछन्। यसरी सूक्ष्म कोषहरूका वीच आफ्ना-आफ्ना विशेष कामको विभाजन गर्ने प्राथमिक अवस्थामै, पुनरोत्पादन क्रिया (function of reproduction) को कार्य-सम्पादनको अभिभारा, एक विशेष प्रकारका कोषहरूलाई दिइएको हुन्छ। यिनलाई वैज्ञानिक भाषामा ग्यॉमिट् (gamete) भन्दछन्, र यिनै ग्यॉमिट्हरू धारण गर्ने प्राणीहरूलाई नै प्रथम सेक्सवाला प्राणीहरू भनेर मानिएको छ।

पुनरोत्पादन गर्नसक्ने कोषहरू, शरीरका अरु कोषहरू-भन्दा, धेरै किसिमबाट बेग्लाबेग्लै आकारका हुन्छन् , र एउटा मुख्य विशेषता यिनमा, पुनरोत्पादन, वा सन्तानोत्पादनको लागि आवश्यक क्षमता रहेको हुन्छ। एउटै कोषमा नयाँ सिर्जना गर्ने शक्ति हुँदैन, तर एउटा कोषले अर्को आफूभन्दा भिन्न प्रकारको कोषसंग भेट गर्‍यो भने त्यसबाट उत्पादनको काम सम्भव हुनजान्छ।

खुबै प्राथमिक अवस्थाका ग्यॉमिटहरू जो झार-पात र रुखहरूमा पाइन्छन्, तिनीहरूलाई हेर्दा यस्तो समान, वा एकै नासका देखिन्छन्, कि तिनलाई कुनै हालतमा पनि छुट्याउन सकिन्न। तैपनि ती भिन्न प्रकारका छन् भनेर मान्नु पर्दछ, कारण यस्ता दुइ भिन्न कोषहरुको मिलनविना पुनरोत्पादनको क्रिया हुनसक्तैन। यी कोषहरु एक्लै रहेमा मरेर जान्छन् , तर दुइटाको मिलनबाट अर्को नयाँ प्राणीको सिर्जना हुन सक्तछ।

जति-जति हामी जीवन विकासको सिंढी चढदै जान्छौं उति-उति दुइ विपरीत ग्यॉमिटहरुमा स्त्रीत्व र पुरुषत्वको स्वभाव स्पष्ट-स्पष्टतर हुँदै आएको हामी देख्तछौं। यदि हामीले यी भिन्न ग्यॉमिटहरुलाई यत्नपूर्वक अध्ययन गर्‍यौं भने, यो थाहा पाउदछौं, कि एउटा ग्यॉमिट जसलाई हामी भाले ग्यॉमिट भन्नसक्छौं, त्यसको काम सक्रिय (active) हुन्छ; र अर्को जसलाई हामी पोथी ग्यॉमिट भन्नसक्तछौं त्यसको काम गर्भ रहने काममा निष्क्रिय (passive) हुन्छ,

तर गर्भ रहेपछि, नयाँ जन्मने प्राणीको पोषणको काममा, उसको काम, सक्रिय (active) हुनजान्छ; कारण गर्भ रहने काममा भाले र पोथी कोषहरु मिलेर जुन अर्को संयुक्त कोष बन्दछ, त्यसलाई जिगाट (zygot) भन्दछन् । यो कोष जसको विकासबाट नयाँ प्राणीको सिर्जना हुन्छ, यसै कोषलाई पोषण दिने कामको उत्तरदायित्व पोथी ग्याँमिटमाथि हुन्छ। त्यसैले, पोथी अण्डकोष(egg-cell) आकारमा ठूलो हुन्छ, जसमा वीर्य-कीटाणुको पोषणको निमित्त खाद्यपदार्थ सञ्चित रहेको हुन्छ। औ भालेकोष वा ग्याँमिट्, जसको काम केवल गर्भ धारण गराउने हुन्छ, त्यसले आफूलाई जतिसक्यो सूक्ष्म र छरितो राख्न खोज्दछ। दुइ स्त्री र पुरुषका शारीरिक क्रियाबाट उत्पन्न हुने तरल पदार्थलाई छेँडेर जानको निमित्त यसले आफ्नो पुच्छरलाई खूब शक्तिशाली रूपमा विकाश गर्दछ, जसबाट त्यो, त्यस तरल पदार्थबाट तेज गतिकासाथ पार गरी, गर्भाशयमा पुगेर पोथी अण्डकोषसंग भेट गर्दछ। यस किसिमका अत्यन्त विकसित पुरुष वीर्यकीटाणु र स्त्री—अण्डकोष (male spermatozoom aud female egg-cell) जस्ता अत्यन्त विकसित कोषहरु आपसमा मात्र एकदम भिन्न हुँदैनन्, तर हाम्रा शरीरका अरु कोषहरु भन्दा पनि—जसबाट यिनीहरूका सिर्जना हुन्छ—एकदम भिन्न हुन्छन्।

यो अण्डकोष, हाम्रो शरीरका अरु कोषहरुभन्दा हजारौं गुणा ठूलो हुन्छ । प्राणीहरूमा कुनै अण्डकोष यति ठूला हुन्छन्, कि मानिसहरूले तिनलाई आफ्नो खाद्य वस्तुको रूपमा पनि प्रयोग गर्दछन्; जस्तै-हाँस, कुखुरा आदि पंछीहरुका अण्डकोष (फुल) । यी अण्डकोषहरू ठूलो हुनुको मतलब शायद तिनबाट उत्पन्न हुने जीवलाई पर्याप्त पोषण दिनको निमित्त हुनसक्तछ ।

यसरी प्राणी-जगत्मा स्त्री अण्डकोषहरु भिन्न थरिका हुन्छन् , तर पुरुष- वीर्यकीटाणुहरु भने त्यति सारो भिन्न देखिँदैनन् ; यसबाहेक पुरुष-वीर्य-कीटाणुमा प्राणीहरुका शिर,मध्यभाग— सबै जटिल अंगहरुका विकाशको निमित्त मौलिक विशेषताहरु रहेको बुझिन्छ ।

यसरी प्रथमतः , केवल पुनरोत्पादन (जीव-सिर्जना) को निमित्त साधारण कोष (cell) हरुमा प्रकट भएर योनि, वा सेक्सले—जति जति हामी जीवन-विकाशको तह उक्लँदै जान्छौं—उति उति प्राणी-शरिरका अरु भाग वा अंगहरुमा प्रवेश गर्दै — जीवनभित्र भिज्दै, व्याप्त हुँदै गएको हामी अनुभव गर्दछौं । पुरुषले आफ्नो पुनरूत्पादनकारी कोषहरु-कासाथ आफूमा पुरुषत्वको विकास गर्दै आएको देखिन्छ, जसबाट स्त्रीलाई आफूतिर आकर्षित गरेर, वा आफूलाई स्त्रीतिर आकर्षित गराएर, पुनरूत्पादन (reprobuction) वा जीवन - सिर्जनाको कार्य सम्पादन गर्दछ । त्यस्तै मुताबिक

स्त्रीले पनि आफ्ना पुनरुत्पादनकारी अण्डकोषहरूकासाथ आफ्नो शारीरिकतामा पूर्णरूपले नारीत्वको विकाश गर्दै आएका बुझिन्छ, जसमा जन्मने प्राणीको निमित्त पोषणको सारा तत्त्वहरूका समुचित विकासको साथसाथ विभिन्न शारीरिक यन्त्रहरूका विकास र तिनबाट लिइने आवश्यक कामको व्यवस्था प्रकृतिले राम्रोसंग मिलाएको स्पष्ट हुन्छ। योनि वा सेक्सको प्रवेश केवल शारीरिक बनावटमा मात्र सीमित छैन, तर शरीरका रासायनिक तत्त्वहरूदेखि लिएर मन र मस्तिष्क-सम्म यसको प्रभाव व्याप्त छ। यसरी, आवश्यक मनोवृत्ति र भावानुभूतिको विकासबाट स्त्री र पुरुषको बीच सम्बन्ध, सन्तानोत्पादन, र त्यस सन्तानको पोषण र संरक्षणको निमित्त अनुकूल र आवश्यक स्थिति उत्पन्न भएको थाहा हुन्छ।

एउटा विचारणीय कुरा यो छ, कि पहिले जब प्रकृतिले आफू-लाई दुइ—स्त्री र पुरुषको रूपमा विभाजित गरिन्, जीवनको त्यो एकदमै प्राथमिक अवस्थामा, पुनरुत्पादन, वा सन्ता-नोत्पादन क्रियाको निमित्त, प्रकृतिमा निकै समस्या उत्पन्न भएको बुझिन्छ— कि कुन उपायले दुइ—स्त्री र पुरुषका पुनरुत्पादनकारी कोषहरूलाई संयोग गराएर कुनै विशेष जातीय प्राणीको जीवनधारालाई धारावाहिक र नियमित गराएर, त्यस जातीय जीवन विकासमा पूर्णता ल्याउन सकिन्छ? यस अभिप्रायलाई लिएर प्रकृतिले धेरै किसिमका उपायहरू अवलम्बन गरेको बुझिन्छ। त्यसमा कति ता यस्ता उपायहरू छन्, जसबाट धेरै उत्पादन शक्तिको विनाश हुनजान्छ। जस्तै,

अचल प्राणीहरूमा फल-फूलका गाछहरू भए, समुद्र, नदीहरूमा पाइने स्पञ्ज, सिपी-माछा आदि जातका प्राणीहरूमा चाहिदो भन्दा धेरै बढी मात्रामा उत्पादन शक्तिको विनाश हुनजान्छ। कैयौं थरिका उद्भिद् र फल-फूलका गाछहरूका बीच पनि पुनरूत्पादन वा नयाँ सन्तान-सिर्जनाको निमित्त दुइ भाले-पोथीका कोषहरूका संयोग हुनु आवश्यक परेको प्रकृतिमा देखिन्छ। फलफूल र उद्भिद्हरूका बीच यस्तो कोषहरूका संयोग हावा, पानीको तरंग वा लहर, मौरी, पुतली अनि कीट-पतंगहरूद्वारा हुन जान्छ। यस प्रणालीलाई अंग्रेजी भाषामा 'पलिनेशन्' (pollination) भन्दछन्। फल-फूलका र उद्भिद्हरूका बीच हावा, मौरी, पुतली, भंवरा आदि कीट-पतंगहरूले भाले-बीजकोष (male cell)लाई, पोथी कोष (femele cell) संग भेट गराउन लैजान्छन्। पुनरूत्पादन, वा सन्तान-सिर्जनाको निमित्त प्रकृतिले अवलम्बन गरेको यस्तो कार्य-कलाप देखेर कुनै पनि सचेत र भावुक हृदयमा, प्रकृतिको आश्चर्यजनक, चमत्कारपूर्ण सिर्जनात्मक प्रतिभाप्रति कहिले अन्त नहुने एक प्रकारको कुतूहलपूर्ण जिज्ञासा उत्पन्न हुनजान्छ। यस्तै मुताविक, स्पञ्ज, सिपी-माछा आदि अचल प्राणीहरूका बीच पनि पानीको लहर वा तरंगले भाले-कोषलाई पोथी-कोषसंग भेट गराइदिन्छ। पुनरूत्पादन वा सन्तान-सिर्जनाको अत्यन्त प्राथमिक प्रणाली, वा अवस्थामा, संयोग र मौकाले मात्र दुइ भाले र पोथीकोषहरूका संयोग हुनजाने हुँदा, पुनरूत्पादन शक्ति अवश्य पनि

आवश्यकता भन्दा कैयौं गुणा बढ़ी मात्रामा खेर जानसक्तछ भन्ने कुरा सोझै बुझिन्छ। यस्तै अचल प्राणीहरूमा मात्र होइन, तर चल प्राणीहरूमा पनि यस किसिमको संयोगद्वारा हुने सन्तानोत्पादनको क्रिया पत्ता लगाइएको छ, जस्तै कि, एक प्रकारको माछा जसको पोथी चाहिंले कुनै सुरक्षित ठाउँमा धेरै फुल पारेर छोडदछे, र भाले चाहिंले सम्भव भएसम्म खोज्दैखोज्दै गएर पोथीले पारिराखेका ती डिम्माहरूका माथिबाट उसले आफ्नो अगणित वीजकोषहरू छ्यालब्याल पारेर पोख्तछ। यसो गर्दा धेरै वीज-कोषहरू नाहकमा खेर जानसक्तछन् ,तर संजोग र मौकासाथि धेरै भर पर्नु पर्ने हुनाले प्रकृतिले यसो गरेको हुनसक्तछ भन्ने कुरा प्रष्ट बुझिन्छ। तर जीवनको यो तहमा आइपुगेर भाले प्राणीले स्वयं पोथी-अण्डकोषहरूलाई खोजेर आफ्ना वीज-कोषहरूलाई संयोग गराएकोबाट, यहीं देखिन् स्पष्टरूपमा योन- आकर्षण (sexual: attraction)शुरु भएको बुझिन्छ।

यस्तै, एक प्रकारको माकुराहरूका बीचमा पनि सन्तानोत्पादनको क्रिया चाखलाग्दो किसिमबाट हुन्छ। भाले माकुराको टाउकोमा एक प्रकारको सुइरो जस्तो यन्त्र हुन्छ, जसबाट त्यसले आफ्नो शरीरबाट वीज-कोषहरू खिचेर भविष्यको उपयोगको लागि एक प्रकारको थैलामा जम्मा गरी राख्तछ ; र पोथी माकुराको खोजीमा त्यो हिंड्दछ। पोथी माकुरा भेटेपछि त्यसलाई उसले फकाउँदछ। यसरी फकाउँदा

उसले ठूलो खतराको सामना गर्नु पर्दछ, किनकि पोथी चाहिंलाई रीस उठयो भने त्यसले भालेचाहिंलाई खाइदिनसक्तछे। पोथीले मंजूर गरेपछि मात्र उसले आफ्नो शिरको त्यही सुडरोंद्वारा माकुरीको योनिबाट आफ्नो बीज-कोषहरू पोथीको गर्भाशयसम्म पुर्‍याउँदछ।

जति-जति जीवनको विकाश हुँदैजान्छ, उति-उति पुनरूत्पादन, वा सन्तानोत्पादन क्रियामा विकास हुँदैगएको हामी थाहा पाउँदछौं। पुनरुत्पादनको निमित्त दुइ भाले र पोथी प्राणीका बीच निकटभन्दा निकट सम्बन्धको आवश्यकतालाई महशूस गरेर, त्यसै अनुसार जीवनविकाशको साथसाथै जीवनको स्तर अनुसार, सेक्स, वा यौन-शक्तिको विकाश, र आकर्षण, अनि त्यसै अनुसार यौन-शारीरिक अंग (sexual organ) हरूको विकास गर्दै, साथै आवश्यक शारीरिक र मानसिक स्थितिको पनि अनुकूल विकाश गर्दै, प्रकृति आफ्नो विकासको क्षेत्रमा अगाडि बढ्दै आएको हामी बुझ्दछौं।

यसरीनै, जति-जति जीवन-स्तर उठ्दै गयो, उति-उति जीव-जगत्‌मा शरीरको विकास हुँदैगयो। यसरी विकास भएको शरीरमा धेरै किसिमका हाड, हड्डी, नसा, मांस-पेशी, झिल्ली र तन्तु आदिको विकास हुन थाल्यो। यसरी विकास भएको मेरुदण्डवाला प्राणीलाई अंग्रेजी भाषामा वर्टिब्रेट (vertibrate) र मेरुदण्ड नभएको प्राणीलाई इनवर्टिब्रेट (invertibrate) भन्दछन्। यी मेरुदण्डवाला प्राणीहरू र

कतिपय मेरुदण्डहीन प्राणीहरूमा पनि पुनरूत्पादनको निमित्त आवश्यक निकट सम्बन्धको विकास भएको थाहा पाइन्छ, जसमा धेरै शारीरिक शक्तिको बिनाशको बचावटको साथै संयोग र मौकामाथि भरपर्नु पर्दैन ।

अर्को एक प्रकारको पानीमा पाइने जन्तु हुन्छ, जसलाई अंग्रेजीमा आक्टुपस (octupus) भन्दछन् । यस प्राणीको सन्तानोत्पादनको क्रिया झन् आश्चर्यजनक छ । यी प्राणीहरूमा जब सन्तानोत्पादनको बखत आउँदछ , तब भाले चाहिंको शरीरको एउटा पाखुरा, वीज-कोषहरू लिएर, शरीर-बाट अलग भएर पानीमा पौंडदै, पोथी ऑक्टुपसलाई खोज्दै जान्छ, र पोथी आक्टुपलसंग भेट गरेर सन्तानोत्पादनको काम सम्पन्न गर्दछ । एच. जी. वाडिङ्टनको कथनलाई डा० केनेथ वाकर आफ्नो 'The Physiogy of Sex' मा उद्धृत गर्दछन् : यो जल-प्राणीको सम्बन्धमा, जब प्रकृति-वादी (naturalist) हरूले यो पाणीको पोथीलाई यसको शरीरमा एक प्रकारको पाखुरा जस्तो अंग जोडिएको देखे तब तिनीहरूले यस प्राणीलाई 'हेक्टोकोटिलस' (hectocotilus) भन्ने नाम दिए । तर पछि, जब पोथीको शरीरमा त्यसरी जोडिएको अंगलाई भालेको शरीरमा देखियो, तब यस प्राणीको पुनरूत्पादन सम्बन्धी वास्तविक स्वभाव थाहा भयो।

यस पकारको अनेकौं आश्चयजनक उपायहरू, प्रकृतिले पुनरूत्पादनको निमित्त अपनाएको देखिन्छ । यस्ता अनेकौं

समस्या र अप्ठ्यारा स्थितिहरूमा पनि, प्राणीहरूमा, भाले र पोथीको संयोगको नभई नहुने आवश्यकताले, एउटा प्राकृतिक अनिवार्यता र नभई नपुग्ने शर्त रहेको, सिद्ध गर्दछ। यसरी प्रकृतिले योनि वा सेक्सलाई जीवन-विकाशको क्षेत्रमा एउटा महान् अस्त्रको रूपमा प्रयोग गरेको बुझिन्छ। साधारण एमिबा र प्रोटोप्लाज्म जस्ता सूक्ष्म-कोषवाला प्राणीहरूदेखिन् लिएर अत्यन्त विकासशील मास्तिष्क पाएको चेतनशील प्राणी मनुष्यतकको विकास, यही अस्त्रको प्रयोगद्वारा, प्रकृतिले गरेको विज्ञानले सिद्ध गरेको छ। यसबाट हामी बुझ्न सक्छौं कि योनि र जीव-विज्ञानको बीचमा, सृष्टि-विकाशको शुरु अवस्थादेखिनै एउटा अनिवार्य र अविच्छिन्न सम्बन्ध रहेको छ। यो सम्बन्ध सृष्टिको शुरुदेखि छ, र सृष्टिको अन्तसम्म पनि यो यस्तै रहिरहने छ।

—०—

खण्ड ५

यौन शरीर-विज्ञान (Sex-Physiology)

जस्तो सेक्सको प्रसंग र छलफलमा जीव-विज्ञान सम्बन्धी विचार नगरेमा पूर्णता आउन सक्तैन, त्यस्तै मुताबिक यौन-शरीर विज्ञानमाथि विचार नगरेमा, वा यसको ज्ञान नभएमा सेक्स सम्बन्धी चर्चा र ज्ञान अधूरो रहन जान्छ । त्यसैले अहिले यहाँ हामी यौन-शरीर विज्ञानमाथि केही छलफल गर्नेछौं ।

जस्तो हामीले, प्रेम र सेक्सको छलफलमा भनि सकेका छौं, कि योनि, वा सेक्सको आधार शरीर हो—यद्यपि यसमा आध्यात्मिक वा मनोवैज्ञानिक प्रभावको कुनै कमी छैन ।

सेक्स, वा योनि, हाम्रो जीवनको सम्पूर्ण अस्तित्वमा व्याप्त रहेको हुन्छ, तापनि यसलाई व्यक्त गर्ने विशेष-विशेष किसिमका, भिन्न-भिन्न स्वभाव राख्ने यौनाङ्ग (sexual organ) हरू, स्त्री र पुरुषका शरीरमा हुन्छन् । यौन-शरीर विज्ञानको

दृष्टिले, स्त्री र पुरुषका यौन-शारीरिक अंगहरू र तिनका स्वभावलाई हेर्दा ठूलो अन्तर पाइन्छ। हामी, स्त्री र पुरुषका यी यौनांग (sexual organ)हरूमाथि, बेग्ला-बेग्लै रूपमा विचार गर्नेछौं।

स्त्री-यौनांगहरू (Female Sexual Organs)

स्त्रीहरूका, सेक्स वा योनिसंग सम्बन्ध राख्ने बाहिरी अंगहरूमा विशेष गरेर स्तन (breast) र योनि (vagina) हुन्। भित्री अंगहरूमा गर्भाशय, र त्यसका साथमा फॉलोपियन ट्यूब (fallopian tube) द्वारा जोडिएका दुइटा यन्त्र, जसलाई अंग्रेजीमा ओभेरी (ovary) भन्दछन्, यिनैलाई विशेष अंगहरू मानिन्छन। हामी, यी अंगहरूलाई विस्तारपूर्वक, यहाँ विश्लेषण गर्नेछौं।

नारी-स्तन (female breast)

यौन-शरीर विज्ञानका दृष्टिले, नारी-स्तन सन्तानको पोषणको कार्यमा जति महत्त्व राख्तछ, त्यस्तै काम-आकर्षण (sexual attraction) र काम-क्रिया (sexual function) मा अत्यन्त महत्त्वपूर्ण प्रभाव राख्तछ—यसकारणले, कि स्त्रीहरूका स्तन, गर्भाशय र योनिका बीच अत्यन्त निकट सम्बन्ध रहेको छ; अथवा भनौं, यी अंगहरू एक सूत्रमा

बाँधिएका हुन्छन्। र यी अंगहरूका बीच अत्यन्त प्रभावशाली वैद्युतिक वा चुम्बकीय सम्बन्ध रहेको हुन्छ, जसमा कुनै एउटा अंगको क्रिया (function) को प्रभाव, विजुली झैं, अर्का अंगहरुमा तुरुन्त पुग्दछ। वास्तवमा, भन्ने हो भने, स्त्रीहरूका यी तीन अंगहरुलाई, कुनै चुम्बकीय वा वैद्युतिक तार-सूत्रद्वारा, प्रकृतिले जोडेकी छिन् भन्नुमा मनासिब होला।

देशको जलवायु, जाति, वंश वा खान्दान, रहनसहनको स्तर; व्यक्तिगत, मानसिक र शारीरिक स्वास्थ, स्वभाव, समाज र परिवेश (environment) इत्यादि तथ्यहरू का आधारमा १२।१३ देखिन् लिएर १५।१६ वर्षको उमेरसम्म, नारीहरूका शरीरमा स्तन उठ्तछ। पहिले निस्कँदा सानो कागतीको दाना जत्रो चूचो आकार लिएर फुट्तछ; त्यसपछि क्रमैसंग, जति उमेर चढ्दै जान्छ, उति-उति बढ्दै आउँदछ, र विशेष गरेर, यसलाई छोइदिए, वा चलाईदिएमा, चाँडो-चाँडो बढ़ेर आउँछ। यसको उमेर अनुसार बढ्ने क्रमलाई हामी, कागती-देखि सुन्तला, सुन्तलादेखि मोसम, र मोसमदेखि भोगटेको रूपमा कल्पना गर्नसक्छौं।

नारी-स्तन, जस्तो बालकको निमित्त, उत्तम खाद्यभण्डार हो, त्यस्तै नारी-रूप-सौन्दर्यको निम्ति एउटा महत्त्वपूर्ण आभूषण र शोभा पनि हो। त्यसैले, पुरुषको निमित्त एउटा

आकर्षणको केन्द्र पनि हो। यसको आकार –प्रकार र साइजमा माथि भनिए अनुसारका तथ्यहरूका आधारमा भिन्नता हुन्छ। विशेष गरेर विभिन्न देश र जलवायुका स्त्रीहरूका स्तन एकदम भिन्न-भिन्न आकार-प्रकार र साइजका हुन्छन्। धेरै आदिम कालदेखिनै नारी–स्तनको महिमा गाइएको, संसारका प्रायः सबै पुराना साहित्य र संस्कृतिमा, पाइन्छ। ठूला–ठला कवि र साहित्यकारहरूले यसको विचित्र सौन्दर्यमाथि आफ्नो भाव पोखेका छन्। महाकवि कालीदासले भोज राजाकी गर्भवती रानीको स्तनलाई देखेर उनले त्यसलाई कमलको फूल र भँवरासंग तुलना गरेकाछन्; अर्थात् पहेंलिएको गोरो, सेतो स्तनलाई, कमलको फूल, र कालो मन्टालाई, भँवरा बनाएर मधुर कवितात्मक कल्पना गरेका छन्।

अफ्रिकाका ग्रामीण स्वास्नीमानिसहरूमा, स्तनमा चित्र बनाएर सुन्दर गराउने चलन भएको थाहा पाइन्छ। केही·अघि यूरोपका फ्रान्स आदि देशहरूमा स्तनको मुन्टोमा छेड पारी हीरा-मोती आदि जवाहरातहरूले जडित् सुन्द्रीहरू लगाउने चलन भएको पनि थाहा पाइन्छ। यस्तै, नारी–स्तन सम्बन्धी, कति धार्मिक र सांस्कृतिक अन्धविश्वासहरु पनि संसारमा चलेको बुझिन्छ; जस्तै, पूरानो जमानामा, यूरोपका कुनै कुनै देशहरुमा, स्वास्नीमानिसको स्तन उम्रने बित्तिकै· त्यसको मुन्टोलाई, कुनै सांस्कृतिक, वा धार्मिक समारोहकासाथ, काटेर फ्याँकिदिने, वा देवताको नाउँमा काटेर चढाइदिने, इत्यादि

अद्भुत र अनौठा किसिमका चलनहरु पनि मानिसको सभ्यता र संस्कृतिको रूपमा चलेको बुझिन्छ।

जे होस, कुनै पनि विषय-वस्तुलाई हेर्ने मानिसको दृष्टिकोण, युग र जमाना अनुसार नै हुन्छ। त्यस्तै, उसको कुनै पनि दृष्टिकोण सँधै एकनास रहँदैन, परिवर्तन हुदै जान्छ; यो परिवर्तनशीलता प्रकृतिको अचूक नियम हो। त्यसकारण मानिसको कुनै पनि जमानाको, कुनै पनि चलन र व्यवहार-लाई घृणाको दृष्टिले हेर्ने केही आवश्यकता छैन। कुनै पनि कुरालाई त्यस युग र जमानाको ऐतिहासिक क्रमको आधारमा आलोचना गर्नु र मान्नु पर्दछ। मानिस कहिले खराव हुनसक्तैन, केवल उ अपूर्ण हुनसक्तछ। त्यसकारण मानव संस्कृतिको इतिहासमा, नारी-स्तनलाई, मानिसका विभिन्न समाजमा जुन दृष्टिले हेरिएको होस्, जस्तो रूपमा व्यवहार र आचरण गरिएको होस्, तर सबै युग र जमानाको मानिसको यसप्रतिको दृष्टिकोण र आचार-व्यवहारलाई एकै ठाउमा राखेर निचोर्दा त्यसको सार मतलब–कुनै पनि युगमा, कुनै पनि देश र समाजको सभ्यता र संस्कृतिमा मानिसले नारी-स्तनका महिमा र सौन्दयलाई मानेको हामी थाहा पाउँदछौं। त्यस्तै मुताबिक, नारी-स्तनको महिमा, चाहे कुनै रूपमा होस्, मानिसले गाइ नै रहनेछ—जबसम्म उ यस धर्तीमाथ टेकेर हिंड्दछ।

आजको युग र संसारमा पनि आजको सभ्यता र

संस्कृति अनुसार, नारी-स्तनको महिमा, संसारमा कुनै पनि देशमा, कुनै पनि जातिमा, गाउँदछन। संसारको कुनै पनि युवक हृदयलाई, अझ मात्र पुरुषको मनलाई यसको सौन्दर्य र आकर्षणले छोइदिन्छ, र एउटा अनिर्वचनीय अनुभूतिले हृदय भरिदिन्छ। तर पुरुष जातिले नारीको यस आकर्षणलाई केवल विलासको दृष्टिले हेर्नु गलत दृष्टिकोण हो। र साथै असभ्यता पनि। यसमा कुनै सौन्दर्य छ भने यसलाई हेर्ने र अनुभव गर्ने हाम्रो मन र दृष्टिकोण अत्यन्त पवित्र र निर्मल हुनुपर्दछ। नारी-स्तनलाई केवल सौन्दर्यको दृष्टिले मात्र हेर्नु पनि भूल हो, जस्तो कि संसारका धेरै जसो पुरुषहरु सम्झन्छन्। तर नारी-स्तनलाई प्रत्येक पुरुषले सौन्दर्यकोसाथै मातृ-महिमाको दृष्टिले पनि हेर्नपर्दछ, तब मात्र हामीले यसको वास्तविक सौन्दर्यको महिमालाई बुझ्न र अनुभव गर्नसक्तछौं।

हाम्री आमाहरू पनि स्वास्नीमानिस हुन्। त्यस्तै, प्रायः संसारका सबै पुरुषहरू आमाको स्तन चुसेर हुर्केका हुन्छन्। अतः मातृमहिमायुक्त नारीको यस अंगलाई देखेर भद्दा विचार र अनुभूति लिएर हिंडनु अत्यन्त अनुचित र कुत्सित् संस्कार हो। विपरीत, यसप्रति प्रत्येक युवक वा पुरुषको हृदयमा आदर र सच्चा, पवित्र प्रेम हुनुपर्दछ।

स्त्री र पुरुषको प्रेममा, नारीको यस आकर्षणले, महत्त्व-पूर्ण पाठ खेल्दछ। त्यसकारण, प्रत्येक युवक वा पुरुषले,

यसको वास्तविक महिमा र स्वभावलाई, बुझ्नु अत्यन्त आवश्यक र महत्त्वपूर्ण कुरा छ ।

जस्तो कि हामीले माथि भनिसकेका छौं, नारीशरीरका यी तीन अंगहरूः स्तन, गर्भाशय र योनिका बीच अत्यन्त निकट सम्बन्ध रहेको हुन्छ । त्यसो हुँदा, स्त्री–पुरुषका बीच हुने कामजनीत आकर्षण(sexual attraction) र काम-क्रीडा (sexual act) मा यसको अत्यन्त शक्तिशाली प्रभाव हुन्छ । पुरुषको हात, वा अरु कुनै अंगले, नारी-वक्षस्थललाई स्पर्श गरिदिंदा उसको हृदयमा एउटा विचित्र, अनिर्वचनीय सरस अनुभूतिको लहर कुद्दछ । नारीको यस अनुभूतिमा (धेरै जसो पुरुषहरूको जस्तो) विलासी अनुभूति हुँदैन, तर पवित्र, प्रगाढ़ मातृ-स्नेह घोलिएको प्रेमको गहन अनुभूति हुन्छ । लेडी डा० मेरी स्टोप्स भन्दछिन : 'जब पुरुषले आफ्नी स्त्रीको वक्षस्थलमा आफ्नो शिर राखिदिन्छ, तब उसको कोमल नारी–हृदयको, आफ्नो सन्तानमाथिको, अपार, अशेष स्नेह र मायाको धारा, त्यस पुरुषतिर बहेर जाँदछ । '

वास्तवमा नारी-स्तनको महिमा जति पुरुषको निमित्त छ, त्यो भन्दा कैयौं गुणा बढी स्वयं स्त्रीको निमित्त पनि छ । पुरुषको निमित्त जति काम-आकर्षण पैदा गरिदिन्छ, त्यो भन्दा बढी मात्रामा, स्त्रीका निमित्त आकर्षण पैदा गर्दछ । वास्तवमा नारीहरूका निमित्त, कामजागृति, अनुभूति र आकर्षणको मुख्य केन्द्र वक्षस्थल नै हो । गर्भाशय—जसमा नारीले

आमा बनेर आफ्नो बच्चालाई आफ्नो शरीरको रस-रक्तद्वारा पोषण दिएर हुर्काउँदछ—त्यस पवि जीवन-मन्दिर गर्भाशय, र त्यस्तै महिमायुक्त जीवन-मा योनिसंग सम्बन्धित र आफ्नो प्राणभन्दा प्यारो सन्तानलाई पोषण दिने अंग-वक्षस्थलमा नारी-हृदयले गर्ने अनुभूति कस्तो होला, त्यो स्वयं अनुभव गर्ने नारी-हृदयलेनै बुझ्नसक्ला।

योनि Vagina)

योनि, नारीहरूका एक विशेष यौनांग (sexual organ) हो। पहिले भनिएझैं, यसको विशेष सम्बन्ध गर्भाशय र स्तनसंग रहेको हुन्छ ; त्यसमा पनि, यसको अझ निकट सम्बन्ध गर्भाशय संगै हुन्छ । यो अंग, स्त्रीहरूका शरीरमा, पेटको तल्लो भागदेखि मनि, दुइ जाँघको माझमा त्रिकोण आकारमा रहेको हुन्छ। यसको आकार मलद्वारसम्म पुगेको हुन्छ।यसमा, माझमा चिरा परेर दुइपट्टि दुइ ओंठको आकार बनिएको हुन्छ। यी दुइ ओंठहरूलाई अंग्रेजी भाषामा (labia majora) भन्दछन् । योनिमा, पेशाव गर्ने एउटा ठाउँ र मासिक धर्म हुने, संयोग हुने, र बच्चा जन्माउने अर्को ठाउँ—गरी जम्मा दुइटा ठाउँ हुन्छन्। गजबको कुरा न यो छ, कि आजको वैज्ञानिक युगमा पनि कैयौं पढे—लेखेका शिक्षित र यहाँसम्म कि कुनै-कुनै डाक्टर कम्पाउन्डरहरूलाई पनि, नारीको योनिमा कतिवटा छिद्र हुन्छन्, र पेशाव कहाँबाट हुन्छ, भन्ने कुराको थाहा नभएको

देखिएको छ। आजको सभ्य र वैज्ञानिक युगमा मनुष्यको, आफ्नै शरीर प्रतिको, यतिसारो अज्ञानता देख्दा हाँसउठने कुरा मात्र होइन, एउटा घोर मूर्खता जस्तो पनि लाग्दछ। स्त्री–योनिमा जुन दुइटा छिद्र हुन्छन्, ती, एउटा माथि र अर्को मनि हुन्छ। माथिल्लोबाट पेशाब गरिन्छ, र तल्लोबाट मासिक धर्म, वा रजस्वला हुन्छ; र यहीँबाट संयोग हुन्छ, र बच्चा पनि जन्माइन्छ। तल्लो छिद्र जहाँबाट संयोग हुन्छ, त्यसभित्र एउटा सानो यन्त्र हुन्छ, जसलाई अंग्रेजीमा 'ल्किटरिस' (clitoris) भन्दछन्। यौन शरीरविज्ञानका विन्दान्हरूले यसलाई पुरुष–लिंगको प्राथमिक र आधाररूपको प्रतिक (rudimentary form) मानेका छन्; जस्तै कि पुरुषको स्तनलाई नारी–स्तनको प्राथमिक र आधाररूपको प्रतीक अथवा अनुन्नत स्तन (undeveloped breast) को रूपमा मान्दछन। स्त्रीको योनिको यो यन्त्र ल्किटरिस पनि काम–आकर्षण वा उत्तेजनाको एउटा विशेष अंग हो। पुरुषको लिंग झैं यो पनि कामोत्तेजनाले उत्तेजित भएर कडा हुन्छ। भनिन्छ, स्त्रीको यो यन्त्र अत्यन्त चेतनशील, वा अनुभूतिशील (sensitive) हुन्छ। काम–आकर्षण, वा काम–क्रीडामा यसको पनि बिशेष प्रभाव हुन्छ। यसलाई पुरुषका लिंगले स्पर्श गर्दा नारीमा अत्यन्य शक्तिशाली कामानुभूति जाग्रत हुन्छ, भन्ने कतिपय यौन-विज्ञानको विन्दानहरूको मत छ। अर्को तल्लो छिद्रबाट मासिक धर्म

हुन्छ, र संयोग र बच्चा पैदा पनि यहींबाट हुन्छ, जो माथिनै भनिसकिएको छ। यसको यौन-नाली (vaginal canal) जवान स्त्रीहरूमा करीब ५ १/२ इन्चदेखि ६ इंचसम्म गहिरो हुनसक्छ। यो, स्त्रीहरूका शारीरिक बनावटमा, निर्भर गर्छ।

यौन-जाली (Hymen)

स्त्रीहरूका योनिभित्र एक प्रकारको जाली हुन्छ, जसलाई अंग्रेजीमा 'hymen' (हाइमेन्) भन्दछन्। यसले योनमार्गमा पर्दा लगाएको हुन्छ। कसै-कसैमा केही बाक्लो र मजबूत भएर हतपत फाटेर जानसक्तैन, र डाक्टरलाई अपरेशन गर्न लाउने आवश्यकता पर्नजान्छ। कहिले संभोग नभएको स्त्रीमा यो जाली हुन्छ। तर यो जाली नहुन सित्तिकै पहिले कसैसंग संभोग भएको प्रमाणीत गर्नु उचित होइन। कारण अरु कति कारणहरूबाट पनि यो जाली फाटेर जानसक्तछ। यूरोपतिर, केही पुरानो जमानामा, नवविवाहित दुलाहा-दुलहीका कोठा अगाडि, सुहाग रात (bridal night) को भोलिपल्ट, ढोकामा रगत लागेको च्यादर टाँगिराख्ने; अनि हेर्न उत्सुकता हुनेहरूले आएर हेर्ने चलन भएको थाहापाइन्छ। यसको मतलब हो कि 'दुलही चोखी छ' अथवा 'पहिले कसैसंग सतीत्व गुमाएकी छैन'। तर यो विचार बिल्कुल गलत र अवैज्ञानिक थियो। पछिका यौन-शास्त्रका विद्वान्‌हरूले यस कुराको

विरोध गरे। अझै पनि यूरोप, अमेरिकातिर नवदुलहीको योनिबाट रगत नआएमा, वा रगतले सुतेको ओछ्यानको च्यादरमा दाग नलागेमा, उसलाई सतीत्वहीन भएको शंका गर्ने मनोवृत्ति छँदैछ। तर आजकालका आधुनिक यौन-विज्ञानका विव्दानहरूले यसको विरोधमा प्रशस्त लेखेका छन्।

वास्तवमा यस्तो विचार एकदम भूल हो र खतरनाक पनि। नवविवाहित स्त्रीको योनिबाट पहिलो संभोगमा केही रगत आयो भने, त्यसको मतलब हो कि अझै यौन-जाली फाटेको छैन, र यो कुरा खूब प्रमाणित हो कि उसले पहिले कसैसंग संभोग गरेकी छैन; र साथै यसरी रगत आएमा डराउने आवश्यकता पनि केही छैन। तर विवाहित जीवनको यस्तो पहीलो अवस्थामा अनुचित उत्तेजनामा आएर बलजफ्ती गर्नु नीचता हो। यौन-जाली फाटिसकेको भएमा शंका गर्ने आवश्यकता पनि छैन। किनभने, अघि भनिसकिएको छ, कि अरु कैयन् कारणहरूबाट पनि यो यौन-जाली (hymen) फाट्न सक्तछ, जस्तै— दगुर्दा, हामफाल्दा, व्यायाम गर्दा, र रजस्वला भएको बखतमा— त्यसै पनि फाटेर जानसक्तछ। त्यसकारण , पहिलो संभोगमा, वा पहिलो रातमा, ओछ्यानमा रगतको दाग लागेन भनेर (जस्तो कि यूरोप, अमेरिका आदि देशहरूमा सम्झिइन्छ) आफ्नी पत्नीलाई सतीत्वहीन संझनु ठूलो भूल हो, जसबाट नचाहिंदो शंकाले गर्दा, विवाहित जीवनको प्रेम, सुख र आनन्द नष्ट हुनजान्छ।

विवाहित जीवनको पहिलो रातमा जब नवपति वा पुरुषले आफ्नी पत्नीप्रति अभिलाषा अनुभव गर्दछ, उसले अत्यन्त होशियारी, विवेक, प्रेम र कोमलतापूर्वक अघाडि आउनु पर्दछ। कारण, यौन-जाली कुनै कारणले नफाटेको भएमा, स्वार्थपूर्ण जबरजस्तीले, त्यो जोडसंग फाट्नजान्छ, र त्यसो गर्दा उसलाई (स्त्रीलाई) कष्ट र वेदना हुन्छ। त्यसोहुँदा, प्रेमको पहिलो रातमै यस किसिमको असहानुभूतिपूर्ण, निर्दयी र असभ्य व्यवहारले नारीको कोमल हृदयमा ठूलो चोट् लाग्न जान्छ। सम्पूर्ण विवाहित जीवनमा, यसको नराम्रो असर पर्न सक्तछ। बॉल्जाक् भन्दछन्: 'Don't rape your marriage' अर्थात् 'तिमी आफ्नो विवाहलाई नलूट'। वास्तवमा सेक्ससम्बन्धी व्यवहारमा एकल्काँटे इच्छा र जबरजस्ती व्यवहार विवाहित जीवनको लूट हो—प्रेम होइन—त्यो नीच स्वार्थ र कामुकता हो; सुखद, सुन्दर यौन जीवन वा क्रीडाको वास्तविक सुख होइन।

गर्भाशय (Uturus)

गर्भाशय, स्त्रीहरूका पेटमा, कन्डयोला (pelvis) को कापमा, मूत्राशय (bladder) र रेक्टम (rectum)—गुदद्वारसंग जोडिने ठूलो आन्द्राको अन्तभाग को बीचमा बसेको हुन्छ। यसको आकार विजुलीको बल्व जस्तो हुन्छ। स्वाभाविक अवस्थामा यसको लमाई दुइदेखि तीन

इंच सम्म, र मोटाई, एक इंच हुन्छ। यसको वजन एक देखि डेढ़ आउन्ससम्म , यसको माथिल्लो भागलाई फन्डुस (fundus) भन्दछन् र तल्लो साँगुरिएको भागलाई सरविक्स (cervix) अथवा गर्भाशयको घाँटी भन्दछन् । गर्भाशयको मुख अथवा गर्भाशयको घाँटीको अन्तभाग (मुख) यौन–नाला (vaginal canal) मा निस्केको हुन्छ । गर्भाशयको यस मुखमा पनि दुइटा साना–साना ओंठहरू हुन्छन्, जो आवश्यक पर्दा खुल्ने र अनावश्यकतामा बन्द हुने गर्दछन्। यहींबाट पुरुषको वीर्य कीट गएर, गर्भाशयभित्र, स्त्रीको अण्डकोषसंग भेट गर्दछ, र गर्भ रहन्छ।

डिम्बकोष (Ovary)

गर्भाशयमा दुइपट्टि दुइटा नली (fallopian tube) हरू जोडिएका हुन्छन्, जसमा सानू थैला आकारका दुइटा यन्त्रहरू हुन्छन्। यसलाई अंग्रेजी भाषामा 'ओभॉरी' (ovary) भन्दछन्। यही सानू थैला आकारको यन्त्र ओभॉरीमा स्त्री–अण्डकोषहरू (female eggs) उत्पादन हुन्छन्, यसैसंग जोडिएका नली (fallopian tube) हरूद्वारा गर्भाशयमा पुग्दछन् । ओभॉरीमा उत्पन्न भएका अण्डकोषहरू गर्भाशयमा पुग्ने काम, मासिक धर्म हुनुको बाद, हुनजान्छ । यसरी, गर्भाशयमा आएका

अण्डकोषहरू, पुरुषको वीर्य-कीटाणुसंग भेटगर्नको लागि गर्भाशयमा पर्खेर बस्तछन्। पुरुषवीर्य कीटाणुसंग भेट हुन नसकेमा यी कोषहरू त्यहीं सडदछन् र मासिक धर्मको साथमा योनिबाट बाहिर निस्कन्छन्।

मासिक धर्म (Menses)

मासिक धर्म, स्त्रीहरूका, हरेक महीनामा हुने रक्त-स्रावलाई भन्दछन्। यसलाई नछुने हुनु, पर सर्नु, पाखा सर्नु, पाखा लाग्नु, रजस्वला हुनु, इत्यादि धेरै किसिमका नामले, ठाउँ र चलन अनुसार, नेपाली भाषाला पुकारि[illegible]। दुइ रजस्वला हुने समयका बीच, शरीर, स्वास्थ्य र उमेर अनुसार, र जलवाय अनुसार करीब २८ देखि ३५ दिनसम्म फरक हुन्छ। तर गर्भाशय सम्बन्धी र अरु पनि कुनै किसिमका रोगहरू लाग्न गएमा दुइ-तीन महीनाको फरकदेखि लिएर ६ महीना, वर्ष दिनको फरक पनि हुनसक्छ।

रजस्वला हुँदा, गर्भाशयबाट नारी-शरीरका विभिन्न किसिमका रासायनिक रसहरू मिलेको एक प्रकारको पुरानो रगत बग्दछ। स्वास्नीमानिसको रजस्वला धर्मले, उनीहरूमा, सन्तान पैदा गर्ने शक्ति आएको वा अवस्था भएको निर्देश गर्दछ। त्यस कारण, रजस्वला भएपछि, गर्भ रहन सकेन भने—गर्भ रहनगएमा, बच्चाको शरीरको पोषणको निमित्त, शरीरका विभिन्न नली र यन्त्रहरूबाट आउने जुन

चित्र नं. १



स्त्री-अण्डकोष

पुरुषको वीर्य-कीटाणु

[देखाइएको अण्डकोष र वीर्य-कीटाणु २०० गुना ठूलो पारिएको हो ।

चित्र नं. २



गर्भाशय र यसका अंगहरू

(भित्री भाग)

क. गर्भाशय । ख. गर्भाशयको घाँटी (cervix)। ग. गर्भाशयको माथिल्लो भाग (fundus)। घ. यौन–नालीमा पर्ने गर्भाशयको मुख वा भाग (vaginal part)। ङ. यौन–नालीको भित्री दृश्य interior of vaginal canal) । च. गर्भाशयको बन्धन–जाली (broad ligament)। छ. डिम्बकोष (ovary)। ज. डिम्बकोष-नली (fallopian tube)। झ. फिम्ब्रिया ।

रस-रक्त हुन— ती खेर जान्छन्, र गर्भाशयमा त्यसै जमेर बस्दछ, र मासिक धर्मको रूपमा बाहिर बगेर निस्कन्छ। यसरीनै जबसम्म गर्भ रहने काम हुँदैन तबसम्म यही नियम चल्दछ। गर्भ रहेपछि दश महिनाको लागि यो नियम बन्द हुन्छ, र फेरी शुरु हुन्छ। यो साधारणतः ४५ देखि ५० वर्ष सम्म शरीर र स्वास्थ्य अनुसार, नारी जीवनमा यो नियम चलिरहन्छ; त्यसपछि यो सधैंको निमित्त बन्दहुन्छ। नारी-जीवनको यस समयलाई अंग्रेजीमा menopause, change of life, golden period, इत्यादि नामले पुकारिन्छ। नेपाली समाजमा, नारीको यस अवस्थालाई के भनिन्छ, लेखकलाई त्यसको खास ज्ञान नभएको हुनाले यहाँ यसलाई 'नारी–जीवन–परिवर्तन' भन्ने नाम दिइन्छ।

रजस्वला हुँदा जुन रक्त–स्राव हुन्छ, त्यो चार दिनदेखि लिएर ५।६ दिनसम्म रहनसक्छ। हाम्रो नेपाली समाजमा, कति जातिहरूले यसलाई बार्दछन् र कतिले बार्दैनन्। तर रजस्वला भएको वेलामा बार्नु उचित हो। कारण, रजस्वला हुँदा गर्भाशयबाट जुन रक्त बाहिर निस्कन्छ, त्यो दुषित् हुन्छ, र त्यसमा खराबी हुन सक्तछ, र त्यसबाट रोग हुने सम्भावना हुन सक्छ। त्यसकारण, रजस्वला भएकी स्वास्नीमानिसले रक्त–स्राव हउन्जेलसम्म, घरका अरु मानिसहरूबाट फरक रहनु, यता उति लसपस नगर्नु, पानी र अरु चीजहरू

पनि नछुनु, र रक्त—स्राव रोकिएपछि सफासंग नुहाउनु—शरीर र स्वास्थ्यको दृष्टिले अत्यन्त फायदाजनक हो। हाम्रो नेपाली समाजमा, बार्ने चलन गरेकाहरूले बार्दछन्, तर धार्मिक दृष्टिले। वास्तवमा धर्म भन्ने कुरानै के हो? साँचो भन्ने हो भने, जुन कुराले मानिसलाई फायदा हुन्छ, त्यो धर्म हो; र जुन कुराले हानी गर्दछ, त्यही पाप हो। त्यस कारण, केवल बार्ने भनेर, रगत मुछिएको लुगा जहाँ तहीं घसर-पसर पार्ने, अथवा छिट्छिटै नफेर्ने, र केवल लोग्नेमानिसलाई मात्र छुन हुन्न भनेर अरु स्वास्नीमानिसहरूसंग चाहिं लस्पस् गर्ने; नुहाउँदा आँग मात्र भिजाएर सक्ने—यस्तो फोहोरी र अल्सी आदतले ता बारेको र नबारेकोमा केही मतलब हुँदैन। पानी छुँदा, वा लोग्नेमानिसलाई छोइँदा पाप लाग्ने—यो कुरा होइन। वास्तवमा दुषित रगत जथाभावी लतपत हुन गएमा, अवश्य पाप लाग्छ, किनकि त्यसको असर खराब हुन सक्दछ। त्यसकारण, प्रत्येक स्वास्नीमानिसले रजस्वला हुँदा, रक्त-स्राव हउञ्जेल, जहानपरिबारबाट अलग, शान्त चित्तले रहनुपर्दछ। रक्त-स्राव लुगामा, शरीरमा नपरोस्, यसको निमित्त, नरम र सुकिलो कपडामा सफा रुवा हालेर निकै मोटो गराई, पातलो किसिमसंग तकी, ठिक्क साइज मिलाएर बान्ने गर्नुपर्दछ। यसो गर्नाले रक्त-स्राव त्यसैमा सोसिएर बस्छ र जथाभावी बगेर शरीर र लुगा खराब र दुषित हुन पाउँदैन। पाउन

सकिएमा स्पन्ज लगाए पनि हुन्छ ।

बालिकाहरूलाई पहिला रजस्वला हुँदा, अज्ञानताको कारणले, उनीहरूलाई, आश्चर्य र डरलाग्न सक्तछ, र यसबाट उनीहरूका शरीर र मनमा नराम्रो अशर पर्नेजान्छ। त्यस कारण, आमा, दिदी, भाउज्यू, फुफू आदि जो घरकी ठूली–बढी स्वास्नीमानिसहरू हुन्छन्, उनीहरूले स्त्री-जीवनका यस्ता प्राकृतिक घटनाहरूका विषमा तिनलाई राम्रोसंग सम्झाई दिनुपर्दछ। र साथै बार्ने नियम र यस स्थितिमा आवश्यक रहन-सहनको बारेमा पनि उनाहरूलाई सम्झाईदिनु उचित हुन्छ ।

रजस्वला भएका बखतमा, ज्यादा परिश्रम पर्ने काम गर्नु; नचाहिंदो चिन्ता लिएर बस्नु; र पीरो, अमालो, ज्कादा तातो, निसा लाग्ने वस्तु प्रयाग गर्नु मनाही गर्नु पर्छ। सरस पौष्टिक हल्का चाजहरू खाएर सफा सुग्घर भएर शान्त चित्तले बस्नु फायदा जनक हुन्छ ।

पुरुष–यौनाङ्गहरू (Male Sexual Organs)

पुरूषका यौनांगहरूमा बाहिरी प्रकट रूपमा देखिने अङ्गहरू हुन् : लिङ्ग र अण्डकोषहरू (penis and teticles) पुरुषको लिङ्ग, कैयन् सूक्ष्म नसा (tissues) हरूले जडित् भएको हुन्छ। जब पुरुषको

मस्तिष्कमा कुनै काम-जन्य भावना उत्पन्न हुन्छ, वा कुनै युवती स्त्रीको विशेष शारीरिक अंगहरू देखिन्छ तब उसको मन र मिस्तष्कमा जुन प्रभाव पर्दछ, त्यसको प्रतिक्रिया स्वरूप पुरुषको मस्तिष्कदेखि, हृदयलाई छोएर, एउटा अद्‌भुत किसिमको बिजुली तरङ्ग शरीर भरमा दगुर्दछ, र त्यसको प्रभावबाट शरीरको रक्त-प्रवाह प्रणाली (blood circulation syfstem) बाट, लिङ्गको भित्री भाग युरेथ्रा (urethra) का रक्तबाहिनी नसा (vein) हरुबाट, लिङ्गका समस्त सूक्ष्म नसाहरू, रक्तले भरिन्छन् । यसरी ताजा रगत भरिंदा, यो यन्त्र अत्यन्त चेतनशील (sensitive) भएर, कड़ा, मोटो र लामो हुन जान्छ। स्वाभाविक अवस्थामा यो सानो, नरम र छोटो हुन्छ। सालाखाला हिसाबमा, पुरुषको लिङ्ग, स्वाभाविक अवस्थामा, डेढ, दुइ र तीन इञ्चसम्म लामो हुन्छ, र उत्तेजित भएको अवस्थामा पाँच-छः इञ्च देखि आठ-नौ इञ्चसम्म लामो हुन सक्तछ। तर कुनै कुनै पुरुष मानिसहरूका लिङ्ग अस्वाभाविक रूपले ठूलो, लामो, मोटो र कसैको साना र छोटो पनि हुन्छ। त्यस्तै, मोटाइमा, उत्तेजित अवस्थामा एक इञ्चदेखि दुइ घन इन्चसम्म मोटो हुन सक्तछ।

अण्डकोष (Testicle)

पुरुषको अर्को यौनांग अण्डकोषहरू हुन् । यी

लिङ्गको फेदमा, मन्तिरपट्टि, सानो थैलामा, दायाँ-बायाँ दुइपट्टि वसेका हुन्छन् । यिनलाई वांज-सूत्र (spermatic cord) हरूले, त्यस थैलामा झुण्ड्याइराखेको हुन्छ । यिनै कोषहरूमा वीर्य-कीटाणु उत्पन्न हुन्छन्, र संभोगको अवस्थामा केही शक्तिशाली, र पौष्टिक रासायनिक रस (chemical fluid) हरूका साथमा लिंगबाट बाहिर निस्कन्छन् । अण्डकोषमा उत्पन्न हुने रासायनिक रसहरूबाहेक अन्य यन्त्रहरूबाट पनि केही तरल रसहरू उत्पन्न भएर, संभोगको वेला, एकै साथ खिचोएर बाहिर निस्कन्छन् । यस्ता तरल रस उत्पन्न गर्ने अरू यन्त्रहरू हुन्ः प्रस्टेट् ग्ल्यॉण्ड (prostate gland) र काउपस ग्ल्यॉण्ड (cowpor's gland)। यी दुई ग्ल्यॉन्डहरू अथवा यन्त्रहरू, लिंगको अन्तर भाग युरेथ्रा (urethra) सग जोडिएका हुन्छन् ; अथवा अर्को शब्दमा, प्रस्टेट ग्ल्यॉण्ड, काउपर्स ग्ल्यॉण्ड र ब्लॉडर (सूत्राशय) युरेथ्रासंग, आफ्नो-आफ्नो ठाउँमा जडित रहेका हुन्छन् ।

पुरुष वीर्य (Sperm)

पुरुष-वीर्य एउटा अद्भुत वस्तु हो! वास्तवमा यसलाई पुरुष-जीवनको 'सार' भने अत्युक्ति नहोला । कट्टर आध्यात्मिक वैदिक कालदेखि लिएर आजको रहस्यवादी दृष्टिकोष राख्ने, वैज्ञानिक र आध्यात्मिक भौतिकवादको युगमा पनि,

पुरु-वीर्यलाई एउटा रहस्यमय आध्यात्मिक र भौतिकवादी दृष्टिकोणले बिचार गरिन्छ ।

वैदिककालमा ऋषिमुनिहरू, पुरुष-वीर्यलाई कति पनि शरीरबाट निकाल्न हुन्न भन्ने विचारका पक्षपाती थिए। पुरुषको वीर्यलाई शरीरबाट निकाल्न, वा नष्ट गर्नमा होइन, तर यस विचित्र अनमोल वस्तुलाई शरीरमा धारण गर्नाले, रक्षा गर्नाले, मनुष्यलाई सुख र आनन्द प्राप्त हुन्छ। क्षणिक स्त्री-संभोगको सुखको लालचामा यसलाई नष्ट गर्नु भन्दा, जीवनभरको सुखको निम्ति, अथवा आध्यात्मिक विकाश, उन्नति र मुक्तिको निमित्त यसलाई शरीरमा धारण गर्नु अति उत्तम हो भन्ने उनीहरूको विशेष आदर्श विचार थियो। पुरुषको वीर्यको विषयमा यो भावना, वैदिककालमा अत्यन्त प्रबल भएको बुझिन्छ। तिनताकका विद्वान्, मुनिजनहरू पुरुषको वीर्यलाई जीवनको सबभन्दा अनमोल वस्तु ठान्दथे। पुरुषको वीर्यलाई "मरणं विन्दु पातेन, जीवनं विन्दु धारणात्" भन्ने भावना र उक्तिहरूले मुल्यांकन गरेको पाइन्छ ।

पुरुषको वीर्यलाई शरीरमा राख्नाले अद्भुत शारीरिक, मानसिक र आध्यात्मिक शक्तिको विकाश गर्न सकिन्छ भन्ने तिनताकका मुनिजन र विद्वान्हरूका विचारलाई, आजको युगमा पनि, हामी मूल्यहीन सम्झन सक्तैनौं। तर पुरुषको शरीरको यस अनमोल वस्तुको सम्बन्धमा चलेका केही

तात्कालीन विचारहरूसंग आजका वैज्ञानिक अनुसन्धान र दृष्टिकोणहरू मेल ख तैपनि पुरुष-वीर्यको बहुमूल्यतालाई हामीले मान्नै पर्दछ, र आजको विज्ञानले पनि यस कुरालाई स्वीकार गर्दछ।

"योनि औ जीव-विज्ञान" शीर्षक खण्डमा हामीले, स्त्री-अण्डकोषको साथै पुरुष-वीर्य कीटाणुको चित्र पनि देख्यौं। यो वीर्य-कीटा गुलाई, शक्तिशाली सूक्ष्म-दर्शक यन्त्र (microscope) द्वारा हेरी, यसको स्वाभाविक आकारबाट प्रायः दुइ सय गुणा ठूलो पारिएकोछ। यसको दुइ सय गुणा सानो रूप कति सानो हुन सक्ला, पाठक आफै अनुमान गन सक्नु हुन्छ।

यी कीटाणुहरू जीवित प्राणी हुन्छन्। यद्यपि एक पटकको वीर्य पातमा यिनाहरूका संख्या करोडों हुन्छ, तापनि गर्भ रहनको निमित्त यो सबै कीटाणुहरूको आवश्यकता पर्दैन, यिनोहरूमध्ये केवल एउटा कीटाणुले, एउटा स्त्री-अण्डकोषसंग भेट गरेर गर्भ रहन्छ। एक पटकको वीर्य पातमा यी कीटाणुहरूका संख्या लगभग २० देखि ५० करोडसम्म हुन्छ। यी कीटाणुहरूमा एक पुरुषको जीवनमा रहेका अनगिन्ती परम्परागत स्वभाव र गुण रहेका हुन्छन्। र प्रत्येकमा प्रशस्त मात्रामा जीवित बीजमूल पदार्थ (neuclear plasm) रहेको हुन्छ, जुन हाम्रो शरीरको बहुमूल्य औ अत्यन्त शक्तिशाली तत्त्व हो। यसको अतिरिक्त, जुन तरल पदार्थको साथमा यी कीटाणुहरू बाहिर आउँछन्, यसमा अरू कैयन

किसिमका रासायनिक तत्वहरूकासाथ, विशेष रासायनिक परीक्षणबाट पत्ता लागे अनुसार, क्याल्सियस (calcium) र फस्फरिक एसिड (phosphoric acid) , जुन हाम्रो शरीरको निमित्त मल्यवान रासायनिक तत्वहरू हुन् , अत्यन्त बढ़ी मात्रामा पाइने पत्ता लगाइएको छ ।

स्वप्न दोष (Night Pollution)

पुरुष-जीवनमा स्वप्न-दोष एउटा स्वाभाविक वा प्राकृतिक घटना हो। जस्तो, स्त्रीहरूमा मासिक धर्म हुनु एउटा प्राकृतिक घटना हो । जस्तो मासिक धर्मले, स्त्रीहरूमा हुने परिपक्वतालाई निर्देश गर्दछ त्यस्तै स्वप्नदोषले पुरुषको परिपक्वता (maturity) लाई सूचित गर्दछ ।

लगभग १७।१८ वर्षको उमेरमा स्वप्नदोष आरम्भ हुन्छ। यस बखतमा हुने स्वप्नदोषलाई, 'आधुनिक यौन विज्ञान (modern sexology) ले स्वाभाविक मान्दछ। तर कुनै रोगवश धातु दुर्वल हुन गएमा धेरै स्वप्नदोष हुन सक्छ, र यसलाई चाहिं रोग मान्न पर्दछ। स्वस्थ र नीरोग अवस्थामा महीनामा २ । ३ पटकसम्म हुने स्वप्नदोषलाई आजको यौन-विज्ञानले रोग मान्दैन । यस किसिमको स्वाभाविक घटनाहरूबाट, हाम्रो शरीर र मस्तिष्कमा खराब प्रभाव पर्दछ भन्ने विचारलाई आजको यौन-शास्त्रवेत्ता (sexologist) हरूले झूट साबित गरेका छन्। तर यसको

मतलब यो होइन, कि हामी स्वप्नदोषको विषयमा केही वास्ता नगरौं। जहाँसम्म हुन्छ, हाम्रो स्वप्नदोषको समय टाढ़ा रहनु पर्दछ। यसको निमित्त हामीले आफ्नो रहन–हसन, आचार–विचारमाथि ख्याल राख्नु पर्दछ। यसरी यत्नपूवक रहँदा, महीनामा दुइ/तोन पटक हुने यस्ता घटनाहरूका विषयमा चिन्ता लिने र डर मान्ने कुनै कारण छैन।

स्वप्नदोषलाई कसरी टाढ़ा राख्ने ?

नजीक–नजीक हुने स्वप्नदोषलाई टाढ़ा पार्नको लागि शारीरिक र मानसिक दुबै स्थितिलाई ठीक राख्न आवश्यक छ। हाम्रो रहन–सहन र विचार–भावनाले हाम्रो शरीर र मनमा अत्यन्त ठूलो प्रभाव पादछ। त्यसकारण आफ्नो दैनिक रहन–सहनमा, जस्तै— खानूपिनू, हिंड्डूल, संगत–सोसाइटी र मनको स्थितिलाई स्वस्थ र निर्मल राख्न पर्दछ।

ज्यादा स्वप्नदोष हुने मानिसले खान्–पिन्मा पीरो, अमीलो, ज्यादा मसलादार चीज र ज्यादा गरिष्ठ वस्तुहरू, जस्तै— मासु, खारिएको घीऊ; माषको दाल आदि वस्तु, र निसा लाग्ने वस्तु-- रक्सी, गाँजा, अफीम, चूरट, तमाखु आदि सब चीजबाट टाढ़ा रहनु पर्दछ। डिम्मा, दूध, नौनी साग–सब्जी, फल–फूल र हल्का अन्नहरू खाने गर्नाले शरीरमा अनावश्यक उत्तेजना पैदा हुन पाउँदैन।

ज्यादा स्वप्नदोषबाट बच्नको निमित्त, हरेक दिन विहान,

वेलुकी खुला हावामा व्यायाम गर्नु पनि फाइदा हुन्छ। सक-भर नियमपूर्वक कुनै खास व्यायामहरू गर्नाले झन् वेश हुन्छ। नसके बिहान-बेलुकी खुला हावामा नियमितरूपमा एक-डेढ़ माइल सफ़र गर्ने गर्नाले पर्याप्त फायदा दिन्छ। त्यस्तै, कुनै किसिमको व्यायामको बाद प्रतिदिन ठण्डा पानीमा खूब मली-मली नुहाउने गर्नु पनि आवश्यक छ। नुहाउनु एउटा अत्यन्त फायदा दायक कुरा हो। यसले हामीलाई शारीरिक फायदाको साथै मानसिक फायदा पनि दिन्छ। निकै दिन ननुहाइकन बसेर एक दिन मजासंग नुहाउँदा हामीलाई उडन मन लाग्छ; मनमा अनिर्वचनीय प्र[illegible] र शरीरमा अद्भुत स्फूर्ति आउँदछ। र त्यस वखत दिनही नुहाउने संकल्प गर्न मन लाग्छ।

अस्वाभाविक स्वप्नदोषबाट बच्नको निमित्त मनको अवस्थालाई पनि ठीक र स्वस्थ राख्ने आवश्यकतालाई माथि-नै बताइसकिएको छ। यसको निमित्त, कामो-उत्तेजना हुने कुरा गर्नु, गफ-चर्चा गर्नु वन्द गर्नु पर्दछ। त्यस्तै, मनमा चन्चल-ता उत्पन्न गर्ने कथा, उपन्यास, कविता आदि पनि हेर्नहुन्न। यस किसिमका श्रृङ्गार रसका साहित्य पढ्नाले पनि हाम्रो मन र शरीरमा भयानक उत्तेजना उत्पन्न गर्दछ। साथै सेक्स सम्बन्धी भावना र विचारलाई, आफ्नो विचार-जगत्‌बाट सकेसम्म टाढ़ा राख्नु पर्दछ। र मनमा, आफूलाई चाख

लाग्ने, अरु कुनै किसिमका राम्रा, उत्तम, कुराहरूमाथि सोच्ने र विचार गर्ने आदत बसाउनु पर्दछ। यसो गर्नाले, हाम्रो शारीरिक र मानसिक शक्ति, धेरै अंशमा, अरू दिशातर्फ मोडिन जान्छ र, यसरी अस्वाभाविक र अति उत्तेजनाबाट बच्न सकिन्न।

—o—

खण्ड ६

सम्भोग (Copulation)

वास्तमवा सम्भोग, स्त्री र पुरुषको प्रेमको शिखर सम्मिलन हो। तर, यो, दुइटा शरीरको केवल मेशिनरी खेल पनि हुन सक्तछ, जसमा खालि शारीरिक सम्बन्ध भए पुग्छ, र आत्मा र हृदयसंग कुनै मतलब रहँदैन। यसको विपरीत 'सम्भोग' दुर शरीरको सम्मिलनको साथै, दुई हृदय र आत्माको अविछिन्न वन्धन र दुइ जीवनको महान्, मधुर 'एकरूपता' पनि हुन सक्तछ।

कुनै कुरालाई पनि अनुभव गर्ने शक्ति सबैमा एकनास हुँदैन। कविले ढकमक्क फुलेको जून देखेर जस्तो अनुभव गर्दछ, एउटा साधारण मानिसले त्यो अनुभव गर्न सक्तैन। त्यस्तै मुताबिक हरेक व्यक्तिले, आफ्नो शारीरिक, मानसिक र आध्यात्मिक योग्यता अनुसार कुनै पनि वस्तुलाई अनुभव गर्दछ। र त्यस्तै मुताबिक कुनै पनि कुरालाई हेर्ने दृष्टिकोण राख्तछ। त्यस्तै, स्त्री र पुरुषको यो सम्बन्ध पनि, बजारमा बेश्या बृत्ति गरेर बस्ने स्वास्नीमानिसको निम्ति

एउटा यान्त्रिक वस्तु अथवा व्यवसाय हुन सक्तछ। त्यस उसकहाँ जाने ग्राहकको निमित्त बजारको एउटा वस्तु हुन जान्छ, जो साधारण मोल तिरेर पाइन्छ। त्यस्तै एउटा विलासीको निमित्त केवल शरीरको वस्तु हुन सक्तछ। तर एउटा सच्चा प्रेमी र प्रेमिकाको निमित्त, स्त्री र पुरुषको यो सम्बन्ध दुइ शरीर, दुइ हृदय र आत्मालाई 'एकाकार' तुल्याउने प्रेमको महान्, स्वर्गीय अभिव्यक्ति हुन जान्छ।

यस विषयमा हामी विस्तारपूर्वक विचार गर्ने छौं। स्त्री र पुरुषको यस स्वाभाविक र प्राकृतिक सम्बन्धको विषयमा जस्तो अति लज्जाहीनता र खुला व्यवहार अशोभनीय र हानिकारक हुन सक्छ, त्यस्तै यसप्रति अज्ञानता, मौनता, अन्धो व्यवहार र अति लज्जाशीलता पनि अस्वाभाविक र हानिकारक हुन सक्तछ। हामी यहाँ खुला हृदयले यस विषयमाथि छलफल गर्ने छौं।

काम-क्रीड़ा वा सम्भोग त्यो क्रीडा हो, जसमा पुरुषले आफ्नो उत्तेजित यन्त्र— लिंग, स्त्रीको योनिभित्र प्रवेश गराएर, एक प्रकारको आनन्ददायक अनुभूतिकासाथ, वीर्यपात गरेर खेल समाप्त गर्दछ। यस काममा पुरुष हमेशा आक्रमणकारी (aggressive) र सक्रिय (active) हुन्छ, अर्थात् स्वभावैले उ अघाडि बढ्दछ, अथवा बढ्न पर्दछ। तर नारी हमेशा अनाक्रमणकारी (non-aggressive) र निष्क्रिय

(passive) रहन्छे, अर्थात् , यस व्यवहारमा नारी स्वभावैले पुरुष भन्दा पछि रहन्छे, र उ आफैं कहिल्यै अघाडि बढ्न सक्तिन। त्यसकारण, स्त्री र पुरुषको प्रेमको यस खेलमा पुरुषको पाठ हमेशा विशेष उत्तरदायित्वपूर्ण र प्रधान रहन्छ। अतः उसलाई, यस खेलको सम्बन्धमा धेरै कलात्मक र वैज्ञानिक जानकारी हुनु नितान्त आवश्यक छ।

स्त्री र पुरुषको प्रेमको यस खेलको विषयमा सर्वप्रथम पुरुषले ख्याल राख्नु पर्ने कुरा छ— नारी-जीवनको काम-तरंग वा काम-अभिलाषाको लहर (sexual wave)। स्त्री-जीवनको काम-तरंग र पुरुषको काम तरंगको बीच ठूलो अन्तर छ। पुरुष क्षणभरमा तैयार हुन सक्तछ भने, स्त्रीलाई घण्टौं समय लाग्दछ। अथवा स्त्री र पुरुषका काम तरंग वा काम-जागरणका सम्बन्धमा हामी विजुली-बत्ती र पेट्रोमेक्स्संग तुलना गर्न सक्तछौं। पावरहाउसबाट विजुली आइरहेको बखत तपाईं कुनै पनि बखत विजुली बत्ती बाल्न सक्नु हुन्छ। यसलाई बाल्न केही बेर लाग्दैन, 'खिटिक्क' स्वीच थिच्नु होस्, यो आफ्नो भएभरको ताकतकासाथ बल्दछ। तर तपाईं पेट्रोमेक्सलाई यसरी तुरुन्त बाल्न सक्नु हुन्न— यद्यपि त्यसमा बल्ने तेल प्रचूर मात्रामा छ। पेट्रोमेक्स बाल्नलाई पहिले तपाईं के गर्नु हुन्छ ?— तपाईं त्यसलाई स्पिरिट दिनु हुन्छ, र सलाई लगाएर त्यसबाट तपाईं आगो उब्जाउनु हुन्छ। आगोले यसको जाली (हृदय) लाई बाल्नको साथै

यसको टाउको (मस्तिष्क) लाई पनि तताइदिन्छ। जबसम्म यसको टाउको तात्दैन, तबसम्म, यसमा, नलीबाट आउने तेल गेस बन्न सक्तैन। त्यो तेल तातेर गेस नबनिकन यसको जाली (हृदय) बल्दैन। त्यसकारण, जब स्पिरिटको ज्वालाले यसको जाली बल्नका साथसाथै यसको टाउका (मस्तिष्क) पनि प्रशस्त तात्दछ; तपाईं, यसमा भएको तेललाई जालीमा पुऱ्याएर बाल्नको निमित्त दम दिन शुरू गर्नु हुन्छ, जब तपाईं यसलाई दम दिन थाल्नु हुन्छ, तब अत्यन्त गर्मी, सनसना, र तेज प्रकाशका साथ यो दनन्न बल्दछ, र क्षणभरमा झिलिक्क बलि हाल्ने बिजुली-बत्तीलाई यसले माथ दिन्छ। यिनै दुइ बत्ताका तुलनात्मक दृष्टिकोण र भिन्नतालाई तपाईंले याद राख्नु भया भने, तपाईं स्त्री-पुरुषको काम-जीवन (sexual life) लाई धेरै अंशमा बुझ्नु सक्नु हुन्छ।

पुरुषले ख्याल राख्नु पर्ने अर्को विशेष कुरा छ - नारी-जीवनको सामयिक काम-तरंग (periodical sexual waves of women)। जस्तो स्त्री र पुरुषको काम-जागरण (sexual excitement) लाई, हामीले दुइ किसिमका बत्तीलाई तुलना गरेर हेऱ्यौं, त्यस्तै हामी नारीमा अर्को भिन्न पाउँदछौं। पुरुषको काम-उत्तजना वा काम-जागरणको कुनै विशेष समय वा बखत हुँदैन। एउटा स्वस्थ, तन्दुरुस्त युवक पुरुष कुनै पनि बखत काम-क्रीडाको

निमित्त तैयार हुन सक्तछ। तर एउटी स्त्री चाहे उसमा जति सुकै योवन भरिएको होस् , उ, हर वखत, यस कुरामा इच्छावस, तैयार रहन सक्तिन। नारी-जीवनको काम-तरंग बिल्कुल नियमित र सामयिक हुन्छ। हॅवलक एलिस् , डा० मेरी स्टोप्स आदि यौन-विज्ञानका प्रसिद्ध विव्दान् औ विदुषी-हरूका खोज र परीक्षण अनुसार, स्वस्थ र स्वाभाविक नारी-हरूमा, महीनामा दुइ पटक काम-जागृतिको समय आउँदछ: एक समय, मासिक धर्म हुन भन्दा २।४ दिन अघि, र मासिक धर्मको बाद (अर्थात् मासिक धर्म रोकिएपछि)। खास गरेर, नारी-जीवनको यो सामयिक र नियमित काम-तरंगलाई, २८ दिनको महीना—चन्द्रमास (lunar month) को हिसाबले, महीनामा दुइ पटक उठने मानिएको छ। स्वस्थ र स्वाभाविक नारीहरूका काम-तरंग सँधैं यही स्थितिमा रहन सक्तछ। अस्वस्थ र अस्वाभाविकहरूका निमित्त स्थिति अर्कै पनि हुन सक्छ। यहाँ दिइएका लेखा-चित्रहरूबाट, तपाईंलाई यस सम्बन्धमा राम्रो जानकारी हुनेछ।

चित्र नं. ३

अस्वस्थ नारीको काम–तरंगको अवस्था



माथि देखाइएको रेखामा दुइ ठाउँमा अलि–अलि मात्र तरंग उठेको छ, र अन्तमा अस्वाभाविक रूपले ज्यादा उठेको छ। पहिले दुइ उठानमा उठन नसकेका तरंग तेस्रो उठानमा गएर एकै साथ उठेको छ।

चित्र नं. ४

स्वस्थ नारीको काम–तरंगको अवस्था



माथि देखाइएको रेखामा घुसेका चुचा कोणहरूले स्वस्थ स्त्रीहरूमा हुने स्वाभाविक काम-तरंग निर्देशन गर्छ। धेरै कारणहरूबाट चित्रमा देखाइए अनुसारको स्थितिमा केही तला-माथि र घट-बढ हुन सक्छ, तर यस चित्रबाट, स्त्रीहरूका काम–तरंगको साधारण, मोटामोटी अवस्था, स्पष्ट हुन्छ।

यहाँ जो काम-तरंगको लहर महीनामा दुइ पटक उठने चित्रमा देखाइएको छ, यसको मतलब महीनामा दुइ दिन वा दुइ रात होइन, तर महीनामा दुइ वखत, वा दुइ समय। अर्थात्, तपाईं चित्रमा देख्नुहुन्छ, कि एक समयमा उठने काम-तरंग जहाँ देखाइएको छ, त्यहाँ तपाईं काम-तरंगको रेखा धरै कोण बनेर उठेको देख्नुहुन्छ। यसको मतलब हो, कि जब नारीहरूको काम-तरंग उठने समय आउदछ, तब त्यो लगभग ३।४ दिनसम्म जारी रहन्छ। त्यसपछि फेरि विस्तार ओलिएर दव्दछ।

प्रत्येक पुरुष वा पतिले आफ्नी पत्नीको यस किसिमको काम-स्वभाव (sexual nature) लाई बुझ्नु, सुखी विवाहित जीवनको लागि, हदभन्दा वेसी आवश्यक छ।

जस्तो स्वस्थ नारीहरूका स्वाभाविक काम-तरंगलाई हामीले चित्र नं ३ मा देख्यौं, अब त्यो भन्दा केही अस्वस्थ र अस्वाभाविक अवस्था चित्र नं० ४ मा हामी देख्ने छौं।

कतिपय कारणहरूबाट नारीहरूका स्वाभाविक काम-तरंगमा बाधा पर्न जान्छ, र तरंग अस्वाभाविक रूपले दब्ने र उठने गर्दछ। जस्तो कि हामीले चित्र नं० ४ मा देख्यौं— तीन ठाउँमा स्वाभाविक तरंगहरू आफ्ना प्राकृतिक उचाइमा उठ्न नसकी, अलि-अलि उठ्न खोजेर त्यसै दवेर गएका छन्। अनि एक ठाउँमा फेरि अस्वाभाविक रूपले तेज भएर उठेको देखिन्छ। डा० मेरीको खोज र परीक्षण अनुसार यस्बो अस्वाभाविकताको कारण: ज्यादा परिश्रम, अथवा थकाई, रोग, चिन्ता, र शारीरिक र मानसिक कष्ट आदि मानिएको छ। यस्ता कारणहरूबाट स्वाभाविक काम-तरंगमा जब बाधा पर्दछ— काम-तरंग बिल्कुल विलीन ता अवश्व हुँदैन, त्यसो भएकोले, मौका पाउनासाथ अस्वाभाविक रूपले उठ्दछ। यस्तो अस्वाभाविक काम-तरंग महीना, डेढ़ महीना, दुइ महीनामा कतै एक पटक उठ्न सक्तछ। जब उठदछ, तब अत्यन्त तेज र तीव्र भएर, स्वाभाविक भन्दा ज्यादा समयसम्म, कायम रहन्छ।

डा० मेरीको खोज अनुसार नारी-जीवनको काम-स्वभाव (sexual nature) अत्यन्त नियमित र सामयिक हुन्छ। यदि अनियमितता र असामयिकता देखा पर्दछ भने, त्यसको पछाडि कुनै जबरजस्त कारण छ भन्ने मान्नु पर्दछ।

नारी-जीवनको यस्तो नियमित, जटील र रहस्यमय काम-स्वभावलाई, एउटा विवाहित पुरुष वा पतिले बुझ्न नसक्नु, वा उसलाई यस रहस्यको ज्ञान नहुनु, उसको जीवन-संगिनी नारीको निमित्त मात्र होइन, स्वयं उसकै निमित्त पनि भारी दुःख लाग्दो विषय हुन सक्छ ।

पहिल्यै भनि सकिएको छ, कि विवाहित जीवन एउटा "जुहारी गीत" हो । त्यसकारण, विवाहित जीवनको कुनै पनि व्यवहार एकलौटी, वा एकलकाँटे हुनु खराब मात्र होइन, अप्राकृतिक, अस्वाभाविक, र विवाहित जीवनको आशय र अभिप्रायको प्रतिकूल र विरोधात्मक पनि हो ।

आजको संसारमा, खास गरेर यूरोप, अमेरिकातिर, विवाहित जीवनको दुःख र असन्तोषका कारणहरू र समस्याहरूलाई हटाउन, यौन-विज्ञान र मनोविज्ञानका विद्वान्‌हरूले प्रशस्त मात्रामा ग्रन्थहरू लेखेका छन् । अरू निरन्तर लेख्दै जाँदैछन् । खोज र अनुसन्धान चलिरहेकै छ । त्यत्रो व्यवस्था भएका समाजहरूमा पनि अझ विवाहित जीवनका समस्याहरू हल हुन सकेका छैनन्; त्यहाँका विवाहित जीवनहरू अझै पूर्णरूपले सुखी र सन्तुष्ट हुनसकेका छैनन, भने, हाम्रो समाज, जुन समाजमा विज्ञान भन्ने कुरो बिल्कुल अपरिचित र नौलो वस्तु नै छ; जुन समाजको वास्तविक जीवनका व्यवहार र आचारमा शिल्पकारिता र कलात्मकताको नमूना पाइन्न (यद्यपि अन्धो धर्मको क्षेत्रमा हामी महान् कलाकार छौं),

यस्तो वास्तविक जीवनको व्यावहारिक विज्ञान र कलादेखि कोसौं टाढ़ा हाम्रो समाजका पारिवारिक जीवन, वा गुप्त-जीवन (private life) कस्तो होला, त्यसै अनुमान गर्न सकिने कुरा छ ।

माथि उल्लेख गरिए अनुसार, काम-जीवनको क्षेत्र (sexual field) मा मात्र होइन, तर विवाहित जीवनको मैदानमा, हरेक विषयमा, हरेक व्यवहारमा, पुरुष अघाड़ि हुन्छ— यो प्राकृतिक हो; नारीलाई उछिन्ने पुरुषको व्यक्तिगत, वा जातिगत भावना होइन । त्यसैले विवाहित जीवनको समस्या, गड़बड़ी, र असन्तोषको कारण पनि स्त्रीभन्दा अक्सर गरेर पुरुष नै हुन जान्छ ।

जुन नेतालाई, आफ्नो दल वा संस्थाको कसरी नेतृत्व गर्न पर्दछ, त्यो कुरा थाहा छैन भने, त्यस नेताको विश्वासमा पछाड़ि लाग्नेहरूको के गति हुन्छ ? त्यस्तै, विवाहित जीवनको त्यो अगुवा, त्यो नेता, जसलाई यस्तो उत्तरदायित्वपूर्ण र महत्त्वपूर्ण जीवनको नेतृत्वको ज्ञानै छैन भने, यस्तो नेताको नेतृत्वको छायामा, जीवन र जीवनको सर्वस्व स्वम्पिएर आउने एउटी कोमल नारीको के हाल होला ! यो कुरा यहाँ भनिरहन आवश्यक छैन ।

वास्तवमा दाम्पत्य जीवनको सबै किसिमका असन्तोष, अशान्ति र दुःखका कारणहरू यस जीवनको भित्री तहबाट

उत्पन्न हुन्छ, जसलाई प्रेम-जीवन (love life) भनिन्छ। जुन परिवारमा, जसको जीवनमा प्रेम हाँसेको छ, उसलाई कुनै सांसारिक समस्या र कष्टहरूले सताउन सक्तैन— यो ध्रुव सत्य कुरा हो। अतः विवाहित जीवनको भित्री तह— प्रेम-जवन स्वस्थ र सुन्दर गराइराख्नको निमित्त जतिको हार्दिक प्रमको आवश्यकता छ, उत्तिकै, पति र पत्नी दुवै थरि-लाई शारीरिक प्रेमको रहस्य र कलाको जानकारी हुनु पनि नितान्त आवश्यक छ। त्यसकारण, हदभन्दा आवश्यक छ कि, सुखी विवाहित जीवनको निमित्त (विशेष गरेर) प्रत्येक पुरुष वा पतिलाई काम-कला (sex-art) को पूर्ण ज्ञान अनिवार्यतः हुनु पर्दछ।

स्त्री र पुरुषको काम-जीवनमा कति भिन्नता र कति अन्तर रहेछ भन्ने कुरा हामीले बुझ्यौं। र नारीको काम-जीवन, पुरुषको भन्दा कति गम्भीर, कति गहन, र नियमित, र त्यस्तै, कति अभिप्रायमूलक र लक्ष्ययुक्त रहेछ भन्ने कुरा पनि हामीले थाहा पायौं। त्यसकारण, स्त्री र पुरुषका दुइ— भिन्न किसिमका स्वभाव राख्ने—जीवनहरूलाई एकाकार तुल्याएर, विवाहित जीवनको सच्चा, वास्तविक सुख र आनन्दको अनुभव गर्नको निमित्त, पुरुषकोभन्दा एकदम भिन्न, नारीको यस्तो जटील, गहन र अत्यन्त अभिप्राय-मूलक काम-जीवनलाई प्रत्येक पुरुष वा पतिले सम्झनु, बुझ्नु

कति आवश्यक छ— यो कुरा पाठक आफैं बुझ्न सक्नुहुन्छ।

निश्चय र विश्वासकासाथ भन्न सकिन्छ, कि आजको हाम्रो नेपाली समाजमा, सयकडा के भनौं हजारमा एक पति वा पुरुषलाई पनि नारी-जीवनको यस्तो विलक्षण काम-स्वभावको बारेमा ज्ञान हुनु सम्भव छैन। विवाहित जीवनमा यो भन्दा अपशोच र दुःखको कुरा के हुन सक्छ! जुन पति वा पुरुषलाई, आफ्नी पत्नीको जीवनको स्वभाव नै थाहा छैन, उसलाई, विवाहित जीवनले के दिन सक्छ? त्यस्तै उसकी पत्नीले जीवनमा उसबाट के आशा गर्न सक्तछे? त्यसकारण हरेक विवाहित पुरुषले आफ्नी पत्नीको जीवनको स्वभावलाई हरतरहले राम्रोसंग बुझ्ने प्रयास गर्नु, सुखी विवाहित जीवनको निमित्त पहिलो आवश्यक र अनिवार्य शर्त छ।

+

सुखी विवाहित जीवनको लागि, पुरुषको निमित्त काम-जन्य सन्तोष (sexual satisfaction) को जत्तिको आवश्यकता छ, त्यतिकै आवश्यक नारीको निमित्त पनि छ। विवाहित जीवनमा अरू सबै किसिमको सन्तोष पाउन सके तापनि, काम जनित सन्तोष हुन नसकेमा, विवाहित जीवन सुखी हुन सक्तैन। त्यस्तै अक्सर गरेर कैयन् विवाहित जीवनमा पति-पत्नीको नाता तोडिने कारण पनि यही कामजन्य

असन्तोष (sexual dissatisfaction) हुन जान्छ ।

यस विषयमा डा० हॅामिल्टन्, एक प्रसिद्ध अमेरिकी यौन-वैज्ञानिक, भन्दछन् , "यदि मनोवैज्ञानिक चिकित्सकहरू, विवाहित जीवनको असन्तोष र गड़बड़ीहरू, स्वार्थी यौन व्यवहार र असन्तोषबाट उत्पन्न हुन सक्छ न भन्छन् भने त्यो सोऱ्हैआना गलत र कुसंस्कारपूर्ण धारणा हो। वास्तवमा, यदि यौन व्यवहारमा सन्तुष्टि पाउन सकेमा, कुनै पनि तरहले, जीवनका अरू किसिमका कठीनाइहरूलाई बेवास्ता गर्न सकिन्छ ।"

अर्को एकजना प्रसिद्ध अमेरिकी मनोवैज्ञानिक जॉन बी. वाटसन् भन्दछन्, "योनि (sex) जीवनमा सबभन्दा महत्त्वपूर्ण विषय हो ! धेरै स्त्री- पुरुषका जीवनको सुख नष्ट हुने कारण यहींबाट उत्पन्न हुन्छ ।"

वास्तवमा जीवनको वास्तविक सुख केवल मीठो खानु, राम्रो लगाउनु, अग्लो महलमा बस्नु, मोटरमा हावा खानु, इत्यादि कुराहरूमा निहित छैन; तर जीवनका यस्तै स्वाभाविक माग र त्यसको सन्तुष्टिमानै जीवनको वास्तविक सुख र आनन्द निहित छ । त्यसकारण, विवाहित जीवनमा, सुखी हुन चाहाने प्रत्येक युवक पुरुषले आफ्नो प्रिय पत्नीको जीवनका यस्ता स्वाभाविक माग, इच्छा र अभिलासाहरूलाई पूर्ति गर्नमा उसको हमेशा ध्यान रहनु पर्दछ । जीवनका यस्ता

स्वाभाविक तथा पारस्परिक इच्छा, आशा र अभिलासाहरूका सन्तुष्टिमानै विवाहित जीवनको सौन्दर्य फूल्दछ; सुखको अनन्त सागर लहराउँछ, जसको लहरमनि बहेर जीवन विह्वल बन्दछ; आफूलाई भूल्दछ; औ जीवन-मार्गका समस्त रोड़ा-काँडाहरू कलीला फूल बन्दछन् ।

अतः यो वेश हो, कि प्रत्येक पुरुष वा पतिले, आफ्नी पत्नीका— आफ्नो भन्दा भिन्न— काम-स्वभाव र आफ्नो स्वभावको बीच सुन्दर सन्तुलन (balance) र सामञ्जस्य (मेल) राख्न पर्दछ । यसो नगर्नु स्वार्थीपना हो । विवाहित जीवनको कुनै पनि क्षेत्रमा हुने स्वार्थी व्यवहार नै विवाहित जीवनको असन्तोष, दुःख र ग्लानिको कारण हो । त्यसकारण, न पुरुषले न स्त्रीले— कुनै पनि थरिले स्वार्थी मनोवृत्तिलाई पन्छाउन पर्दछ । विवाहित जीवनको प्रत्येक व्यवहार, प्रत्येक विषय-वस्तु पारस्परिक (mutual) र जुहारी (duet) को रूपमा चल्न पर्छ । वास्तवमा 'विवाह' भन्ने विषय नै 'जुहारी' हो । यदि यो जुहारी नहुँदो हो त जीवनमा, यस किसिमका दुइ थरिका जीवनको संयोग र मिलनको आवश्यकता नै पर्ने थिएन, एक्लै रहे पुग्दथ्यो । त्यसकारण, यी दुइ थरिका जीवनको संयोग र मिलन नै दुइ थरिका जीवनको आवश्यकता, इच्छा, आशा र अभिलासाको प्रतीक (symbol) हो; साथै जीबनको गतिलाई धारावाहिक रूपले चलाई राख्ने र

जीवनलाई प्रेम र सौन्दर्यको अनुभूतिले सार्थक गराउने प्रकृतिको महान् अभिप्रायको प्रत्यक्ष प्रमाण हो ।

विवाहित जीवनको क्षेत्रमा अक्सर गरेर यौन-व्यवहारमा पुरुष स्वार्थी बन्दछ । यसका मुख्य तीन कारणहरू देखिन्छन्: एक, उसको चन्चल र हमेशा तत्पर काम-स्वभाव (sexual nature); दुइ, पुरुषका भन्दा एकदम भिन्न नारी-जीवनको गंभीर, गहन, नियमित तथा सामयिक काम स्वभावप्रति उसको अज्ञानता; तेस्रो, नारीप्रति उसको प्रभुत्वको भावना । यी तीनै कारणहरूलाई, एक दृष्टिले हामी स्वाभाविक ठान्दछौं, तर मानव-सभ्यता र संस्कृतिको तहमा होइन, असभ्य र असंस्कृत (uncivilised and uncultured) को रूपमा ।

हाम्रो जस्तो समाजमा, जहाँ अशिक्षाको भयंकर राज छ; जहाँ जीवनलाई विज्ञान र कलाको दृष्टिले हेर्ने योग्यताको अत्यन्त कमी छ, यस्तो समाजमा विवाहित जीवन-हरू, यसको वास्तविक अर्थमा, सुखी हुन सक्लान् भनेर कसरी भन्न सकिन्छ ? हाम्रो समाजमा, कति विवाहित स्वास्नीमानिसहरूलाई कामजनित आनन्द (sexual delight) भन्ने कुरानै थाहा नहुन सक्छ । किनभने, यूरोप र अमेरिका जस्ता देशहरू, जहाँका समाजहरूमा यौन-विज्ञान माथि खुला चर्चा गरिन्छ, र यस विज्ञानमाथि

अनगिन्ती ग्रन्थहरू लेखिएका छन्। हरेक जवान स्त्री-पुरुष यस विषयलाई खुला हृदयले अध्ययन गर्दछन्। त्यस्ता समाजहरूमा पनि कति स्वास्नीमानिसहरू ; नभ्ति यौन व्यवहार निरर्थक हुन सक्तछ, र यस व्यवहारमा उनीहरूलाई कुनै आनन्दको अनुभव हुँदैन, केही चाख पाउँदैनन् भने, हाम्रो जस्तो समाजमा, सयकडा- सय नभए तापनि, सयकडा उनान्सय स्वास्नीमानिसहरूलाई, स्त्री र पुरुषको यो व्यवहार, वेमतलब र आनन्दरहित जड़ विषय हुन सक्ला भन्नुमा कुनै असम्भव र आश्चर्यको कुरा छैन। कति स्वास्नीमानिसहरूका निमित्त, स्त्री र पुरुषको यो सम्बन्ध खालि छोरा-छोरी जन्माउने मिशिनको जस्तो काम सिवाय अरु केही नभइकन, जीवन बितेर ज सक्तछ कतिक मत्त यो व्यवहार केवल एउटा घृणा र लज्जाको विषय सिवाय केही पनि नहोला! नारीको जीवनमा यो भन्दा अपशोचको कुरा के हुन स यसको दोष कसलाई? यो प्रश्नको जवाफदेही हामी अक्सर गरेर पुरुषलाई नै देख्तछौं। पुरुषको स्वार्थी व्यवहार, र नारीको गहीरो, दबिएको सुप्त काम-स्वभावलाई बुझेर त्यसलाई कलात्मक ढंगले जगाउने उसको योग्यताको कमीनै यसको मूल कारण हो।

पुरुषले आफ्नी ठंडा, उदासीन पत्नीलाई, उसको अवस्था, इच्छा र अभिलाषाको वास्तै नगरिकन, केवल आफ्नै मात्र स्वार्थ हेरेर असभ्यतापूर्ण आक्रमण गर्नु अत्यन्त

अन्याय र अनुचित हो। यसो गर्दा उसले आफ्नी जीवन-सुख-दुःखकी संगिनीको कोमल हृदयमा चोट मात्र लगाउँदैन— जुन चोट्ले पुरुषको निर्दयी र स्वार्थी व्यवहारको याद, उसलाई जिन्दगीभर भइरहन्छ— तर उसले स्वयं आफ्नै निमित्त पनि आनन्दको महान् अवशर गुमाउँदछ। किनभने, स्त्री र पुरुष दुवैको हृदयमा उत्तिकै भरपूर अभिलाषा भएर, दुवै थरि बरावरी जाग्रत भएको अवस्थामा, जुन महान् आनन्दको अनुभव हुन सक्तछ, एकलकाँटे स्वार्थी व्यवहारमा त्यो आनन्दको अनभूति अवश्य हुनसक्तन।

महात्मा कबीर भन्दछन्: 'अरुका सुखमा आफ्नो सुख निहित रहन्छ।' कबीरको यो भावना जति सार्वजनिक जीवनको निमित्त एउटा अमर, महान् र आदर्श भावना हो, अझ त्यो भन्दा बढी मात्रामा अमर, महान् र आदर्श भावना विवाहित जीवनको निमित्त हुन सक्छ। प्रत्येक विवाहित स्त्री र पुरुषले यस अमर भावनालाई हृदयमा लिएर, परस्परका जीवनको स्वभाव र रहस्यहरूलाई बुझेर, सच्चा प्रेम, त्याग र सहानुभूतिकासाथ विवाहित जीवनलाई सञ्चालन गर्ने प्रयत्न गरेमा अवश्य पनि विवाहित जीवन महान् सुख-सौन्दर्यमय जीवन हुनसक्तछ।

प्रेम-क्रीड़ा (Love-play)

कुनै पनि पुरूषले खालि आफ्नै एकलौटी अभिलाषाको आधारमा कहिले पनि आफ्नी स्त्रीलाई सताउन हुँदैन, त्यसो गर्नु भारी असभ्यता, नीचता र अन्याय हो। हरेक पुरुषले आफ्नी पत्नीको काम-तरंग (sexual wave) उठ्ने वा जाग्रत हुने समयलाई ख्याल गर्नपर्दछ, र ठीक त्यही अवशर छोपेर, उसको शारीरिक र मानसिक स्वभावलाई लक्ष्यमा राखेर, साहस, धैर्य, कोमलता, प्रेम र स्नेहपूर्वक विस्तार अघाडि आउन पर्दछ। यसरी अघाडि आउँदा पहिले पुरुषले, स्नेह र प्रेमपूर्ण चुम्बन, आलिङ्गन, मधुर ठट्टा, अथवा कुराकानीबाट आरम्भ गर्न पर्छ। यस्तो प्रेमको पहिलो खेललाई अंग्रेजीमा foreplay, love-play, इत्यादि भन्दछन्। नेपालीमा पनि हामी यसलाई 'प्रेम-क्रीड़ा' 'पूर्वराग' आदि भन्न सक्तछौं। 'love-play' अर्थात् प्रेम-क्रीड़ाको मुख्य उद्देश्य हो नारीको गहिरो, सुप्त काम-अभिलाषा (sexual desire) लाई जगाउनु। नारीको यस सुप्त इच्छालाई जगाउनमा स्पर्शले ठूलो काम गर्दछ। नारी-शरीरका विशेष अंगहरूमा स्पर्श गर्नाले, वा छोइदिनाले नारीलाई विशेषतौरबाट काम-अभिलाषा हुन सक्तछ। नारीका यस्ता विशेष अङ्गहरूलाई अंग्रेजीमा 'erogenous zone' अर्थात् 'प्रेम जागृतिको स्थान' भन्दछन्। विशेष स्थान

वा अंगहरू हुन् : स्तन व क्षस्थल, ओंठ, आँखा, कानको लोती, जाँघ, योनि र योनिमा हुने एक विशेष यन्त्र—क्लिटरिस । यी मध्ये अझ विशेष गरेर स्तन, ओंठ र योनिलाई अत्यन्त प्रबल र चेतनशील (erogenous zone) काम-जागृतिको स्थान मानिन्छन् ।

जस्तो स्पर्शले स्त्री र पुरुषको शारीरिक प्रेममा महत्त्वपूर्ण पाठ खेल्दछ, त्यस्तै अरु-अरु इन्द्रियजन्य क्रियाहरूले पनि त्यस्तै महत्त्वपूर्ण काम गर्दछन्, जस्तै—घ्राण (सुँघ्ने शक्ति), दृष्टि (हेर्ने शक्ति) र श्रुति (सुन्ने शक्ति)— यी सबै इन्द्रियजनित प्रभावहरूका विषयमा हामी वेग्ला-वेग्लै रूपमा यहाँ विश्लेषण गर्ने छौं ।

स्पर्श (Touch)

जस्तो कि माथिनै भनियो— स्पर्शले प्रेम-क्रीडामा महत्त्वपूर्ण पाठ खेल्दछ । स्त्री र पुरुषको प्रेम-क्रीडामा आउने यो स्वाभाविक शारीरिक क्रिया अत्यन्त मौलिक, प्राकृतिक र प्राचीन बुझिन्छ । स्त्री र पुरुषका बीच छुने, समाउने, चुम्बन गर्ने जस्ता स्वभाव वा व्यवहार केवल मानिसमा मात्र हुँदैन, तर पशु-पंछीहरूमा पनि यस्ता व्यवहारहरू चलेको प्रत्यक्ष देखिन्छन् । परेवाहरूमा, भालेले आफ्नी पोथीलाई चुम्बन गरेको कसले देखेको छैन? त्यस्तै, सबै जातका पंछीहरूमा भाले र पोथीमा, वा माउ र बच्चाहरूमा आफ्ना चुच्चाले

म्वाइ खाने, कन्याइदिने, छुने, चल्ने गरेका जतातते देख्न-पाइन्छन्। यसबाट, स्त्री र पुरुषको सम्बन्धमा, हातले, मुखले स्पर्श गर्ने व्यवहार अत्यन्त प्राकृतिक र प्राचीन रहेछ भन्ने कुरा सिद्ध हुन्छ।

यस्तै किसिमको व्यवहार हामी चौपाया पशु-प्राणी-हरूमा पनि देख्तछौं। हात्तीले आफ्नी पोथीलाई र पोथीले भालेलाई परस्परको सूँढ़ जुधाएर म्वाइ गर्दछन्। यस्तै किसिमको व्यवहार घोड़ाहरूमा पनि देखिन्छ। घोड़ा र घोड़ीको बीचमा एक अर्काको गर्धनमा दाँतले कन्याएर, वा टोकेर खेल्दछन्। यद्यपि यस्तो व्यवहार घोड़ा र घोड़ीको बीचमा मात्र नभएर, घोडा-घोड़ाकै बीचमा पनि भएको देखिन्छ, तापनि यिनीहरूका व्यवहार, स्पर्शबाट पाइने आनन्दको लालचालेनै, गर्दछन् भन्न सकिन्छ। यस्तै किसिम-को व्यवहार समस्त पशु-पंछी-जगत्मा भएको देखिन्छ। त्यसकारण, मनुष्य-समाजमा, प्रेमी र प्रेमिकाका बीचमा हुने चुम्बन, आलिङ्गन जस्ता व्यवहारलाई हामी मानिसको नौलो आविष्कार, वा सभ्यता भन्न सक्तनौं। यो त मनुष्य-जीवनको विकास हुन भन्दा अगाडि, वा जीवन, मनुष्य-जीवनको तहमा, आइपुग्न भन्दा अगाडि नै साधारण पशु-पंछी र कीट-पतंगहरूमा, स्त्री र पुरुष वा भाले र पोथी र त्यस्तै आमा र सन्तानका बीच, एक-अर्काप्रति प्रेम र स्नेह प्रकट गर्ने, एउटा शारीरिक साधन भएर चलेको हामी बुझ्द

छौं। त्यसकारण, मानिसको चुम्बन, आलिंगन र यस्तै अरू किसिमका स्पर्शहरू पनि मानवको कुनै नौलो आविष्कार होइन। यो त रहो, मात्र प्राणी-गजत्को अत्यन्त प्राचीन र प्राकृतिक— प्रेम र स्नेहको पारस्परिक अभिव्यक्ति हो ।

खास गरेर प्रेमको खेलमा, सबै किसिमका स्पर्शहरूमा चुम्बनको विशेष स्थान छ। संसारका सबै मनुष्य-समाजहरूमा आमा-बाबुले आफ्ना छोरा-छोरीलाई, र प्रेमीले आफ्नी प्रेमिकालाई चुम्बन गर्ने मनोवृत्ति छ। चुम्बन प्रेमलाई व्यक्त गर्ने र अनुभव गर्ने, सबभन्दा उम्दा र अत्यन्त स्वाभाविक साधन हो। त्यसकारण, विवाहित जीवनको प्रेमको खेलमा पनि 'चुम्बन' विशेष महत्त्वपूर्ण स्थान राख्त छ।

डा० केनेथ वाकर भन्दछन् : 'चुम्बन, प्रेमको उम्[illegible]-थालनी हो। यसमा जिब्रोको पाठ महत्त्वपूर्ण हुन्छ। जि[illegible]-लाई (प्रेमी, वा प्रेमिकाको) मुखभित्र राखेर चुम्बन गर्दा, त्यसमा केवल स्पर्शको अनुभूति मात्र हुँदैन, तर स्पर्शको साथ-साथै वास्ना र स्वाद (taste) को अनुभूति पनि हुन्छ।'

त्यसकारण, विवाहित जीवनका प्रत्येक प्रेमी-प्रेमिकाले आफ्नो प्रेमको खेलमा यस उम्दा प्रेम-अभिव्यक्ति (expression of love) को साधन— 'चुम्बन' लाई प्रशस्त

मात्रामा प्रयोग गर्न पर्दछ। हार्दिक प्रेम र स्नेहले भिजेको चुम्बनले केवल शारीरिक काम-आकर्षण र उत्तजना मात्र उत्पन्न गर्ने होइन, तर यसले दुइ प्रेमी र प्रेमिकाका दुइ भिन्न हृदय र आत्मालाई एकै ठाउँमा गाँस्ने काम पनि गर्दछ।

वासना (Smell)

प्रेमको खेलमा जस्तो स्पर्शको महत्त्व छ, त्यस्तै वास्नाको पनि महत्त्वपूर्ण प्रभाव छ। विशेष गरेर स्त्री जातिलाई सुगन्धले आकर्षित गर्दछ। भनिन्छ, अमेरिकाका स्वास्नीमानिसहरू सुगन्धका अत्यन्त सौखिन छन्। त्यस्तै यूरोपका स्वास्नी-मानिसहरू पनि कम सौखिन हुन सक्तैनन; र यूरोप र अमेरिकाका मात्र होइनन्, अरू-अरू देशका स्वास्नीमानिस-हरू पनि सुगन्धका बेश सौखिन हुन सक्तछन्।

[illegible] धारणा, जस्तो लोग्ने मानिसमा केही बढ़ा मात्रा-मा सोच्ने शक्ति हुन्छ भने, स्वास्नीमानिसहरूमा कुनै पनि कुरालाई, बुद्धि र प्रतिभा अनुसार अनुभव गर्ने शक्ति (feeling capacity) लोग्ने मानिसहरूमा भन्दा बढ़ी मात्रामा हुन सक्तछ। किनभने, कुनै पनि इन्द्रियजन्य अनु-भवद्वारा विचार गरिने कुरामा स्वास्नीमानिसहरू अघाड़ि देखिन्छन्। खाने कुरा चाखेर विचार गर्नमा स्वास्नीमानिसहरू, लोग्नेमानिसहरू भन्दा, धेरै ठीक विचार गर्न सक्तछन्—

जस्तो उनीहरू बनाउन र तुल्याउनमा सिपालु हुन्छन् । यसबाट जिब्रोको अनुभूतिशक्ति लोग्नेमानिसकोभन्दा स्वास्नीमानिसको तेज भएको बुझिन्छ । त्यस्तै, लुगा मिलेको, नमिलेको, शृङ्गार ठीक भएको, नभएको हेर्नमा पनि लोग्नेमानिसका भन्दा स्वास्नीमानिसका आँखा चतुर हुन्छन् । अर्थात्, छोटकरीमा, सौन्दर्यलाई अनुभव गर्ने र पारख गर्ने शक्ति एउटा कविमा जत्तिको हुन्छ, त्यत्तिकै एउटी साधारण बुद्धि भएकी स्वास्नीमानिसमा हुन सक्छ । त्यस्तै, जीवनको दुःख र सुखले लोग्नेमानिसको हृदयलाई भन्दा स्वास्नीमानिसको हृदयलाई धेरै गहीरो छुन सक्तछ । तर एउटा स्वास्नीमानिसको हृदय जति अनुभूतिशील हुन्छ, त्यत्तिकै सहनशील पनि हुन सक्तछ । सहनशीलता स्वास्नीमानिसको अनुभूतिशील हृदयको निमित्त एउटा आवश्यक गुण पनि हो । हुनसक्छ, नारी-हृदय त्यस्तै अनुभूतिशील भएको हुनाले, जस्तो मीठो, कोमल वचन र मधुर संगीतले उसको हृदयलाई छोइदिन्छ त्यस्तै मुताबिक सुगन्ध, वा मीठो वास्नाले पनि उसको अनुभूतिशील कोमल हृदयलाई छोइदिंदो हो । त्यसैले, हामी देख्तछौं, वास्नादार फूलको चाहना लोग्नेमानिसलाईभन्दा स्वास्नीमानिसलाई बढ्ता हुन्छ । त्यस्तै, अत्तर, सेन्टहरू पनि पुरुषहरूभन्दा बेशी नारीहरूनै चाहना गर्दछन्, र नारीहरूलेनै बढ्ता प्रयोग गरेको पनि देखिन्छ । यही सुगन्ध-प्रेम, फूलको प्रेम, शृंगारको प्रेम इत्यादिले स्वास्नीमानिसहरू,

बौद्धिक योग्यता अनुसार, लोग्नेभ्रानिसभन्दा, बढता सौंदर्य-प्रेमी हुन्छन् भन्ने कुरा सिद्ध गर्दछ।

त्यसकारण, जस्तो शारीरिक स्पर्शले नारीको मर्म छुन सक्तछ, त्यस्तै सुगन्ध, वा मधुर वास्नाले उसको कोमल हृदयलाई छोइदिदछ। त्यसैले स्त्री र पुरुषको प्रेमक्रीड़ा, वा काम-क्रीडामा सुगन्धले पनि ठूलो प्रभाव पार्दछ। स्त्रीलाई मात्र होइन, सुगन्धले, पुरुषको मनमाथि पनि प्रायः उस्तै प्रभाव पार्दछ, र यसको प्रभावले दुवै थरिलाई उत्तिकै मस्त आनन्द दिन सक्तछ।

श्रुति (Audition)

जस्तो स्पर्शले, सुगन्धले हाम्रो हृदयमा प्रेमको अनुभूति, वा कामानुभूति जगाइदिन्छ, त्यस्तै श्रुतिशक्ति अथवा सुन्ने क्रियाले पनि हाम्रो हृदयमा काम-मोह अथवा प्रेमको अनुभूति जगाइदिन्छ। कोइलीको मधुर, सुरिलो "को हौ ?" को आवाज सुनेर कसको मन नाच्तैन ? कसको हृदयमा मधुर प्यारको भावना जाग्रत हुँदैन ? त्यस्तै मुताविक संगीतको मधुर ध्वनिले नछोइने हृदय संसारमा कहाँ पाउन सकिएला ? जसको हृदयलाई संगीतले छुँदैन, त्यो हृदय, हृदय होइन, त्यो त जड़-पत्थर हो। संसारमा विद्या मन नपराउने मानिस पाउन सकिन्छ, तर संगीत मन नपराउने मानिस पाउन सकिन्न। यसैबाट थाहा हुन्छ, कि हाम्रो हृदयमा ध्वनिको

कस्तो प्रभाव पर्दोरहेछ ।

त्यस्तै मुताविक स्त्री र पुरुषको सम्बन्धमा पनि ध्वनिको प्रभाव त्यस्तै पाइन्छ । पशु-पंछीको जगत्‌मा पनि भाले-पोथीको बीच ध्वनिको प्रशस्त प्रभाव परेको देखिन्छ । परेवाले आफ्नी पोथीलाई प्रेम गर्दा, वा उसलाई फकाउँदा, पोथीको छेउमा 'माकुमाक घुर' गर्दै नाचेको कसले देखेको छैन र ? जंगली चरा-पंछीहरूमा कोयली, काफल-पाक्यो, ढुक्कुर, न्याहुली, इत्यादि पंछीहरूका गलाबाट निस्कने मधुर आवाज सबैले सुनेकै हुन्छ, र सबैका हृदयलाई यी पंछीहरूका आवाजले मोहित पार्दछ । जस्तो हामीलाई प्रभाव पार्दछन्, त्यस्तै यी पंछीहरूका मोहक, मधुर आवाजले तिनका दाम्पत्य जीवनमा पनि अवश्य ठूलो प्रभाव पर्दो हो ।

त्यस्तै, हामी मानिसमा पनि केटाकेटीको तोते बोली कसलाई मनपर्दैन ? प्रेमपूर्वक बोलिएको मीठो वचन कसलाई प्यारो लाग्दैन ? त्यस्तै, आफ्नी प्रियतमाको कोमल, मधुर बोली सुनेर कसको हृदय नाच्तैन ? अझ प्रियतमाको हृदय-देखि फुटेको मधुर संगीतको ध्वनि सुन्न पाए कुन मायालुको हृदय पानी भएर बग्दैन ? त्यसकारण, दृष्टि, घ्राण, स्पर्श र स्वादबाट हाम्रो हृदय वा आत्मामा जस्तो प्रभाव पर्दछ, त्यस्तै प्रभाव हाम्रो हृदयमा हाम्रो श्रुतिशक्ति (सुन्ने शक्ति) बाट पनि पर्दछ । अतः विवाहित जीवनको प्रेममा ध्वनिको प्रभाव पनि शक्तिशाली हुन्छ भन्ने कुरा स्पष्ट छ ।

विवाहित जीवनमा जस्तो पति-पत्नीको पारस्परिक बोली-वचनको प्रभाव हुन्छ, त्यस्तै पति र पत्नीमा कुनैलाई वा दुवैलाई संगीतको ज्ञान भएमा उनीहरूका प्रेम-जीवनमा त्यसको अत्यन्त सुन्दर असर पर्दछ। उनीहरूका जीवन नै साँच्चै संगीतमय बन्दछ। जीवनमा आनन्दको अशेष प्रवाह बहेर प्राण मस्त भएर झुल्दछ।

जब कुनै प्रेमी पतिले आफ्नी पत्नीलाई स्नेह र प्रेमले आफूतिर खिच्न खोज्दछ, तब उसले आफ्नो पुरुषत्वपूर्ण आवाजमा बोलेका 'प्राण!', 'प्रिय!' जस्ता प्यारका मधुर वचनहरू नारीको कोमल हृदयको अन्तर तहसम्म गएर गढ्दछन्, र उसको सारा नारी-आत्मा नै हिल्दछ। त्यस्तै मुताबिक, नारीको क्षीण, मिहिन र प्रेमको अनुभतिले हिलेको कोमल आवाजले पत्थरको पुरुष पनि पग्लन्छ, र उसको शरीरको परमाणु-परमाणुमा नारी-हृदय र आत्माको कोमलता गएर भिज्दछ, र उसको समस्त पुरुष प्राण अनिर्वचनीय माधुर्य, मृदुलता र रस्निग्धताको अनुभूतिले विह्वल भएर काँप्दछ!

यस दृष्टिले विवाहित जीवनको प्रेममा ध्वनि वा श्रुतिशक्तिलाई पनि हामी उत्तिकै प्रभावशाली देख्नछौं, जत्तिको अरू इन्द्रियजन्य क्रियाहरू देखा पर्दछन्। यी सबै इन्द्रियजन्य प्रभाव वा क्रियाहरूलाई, प्रत्येक विवाहित प्रेमी-प्रेमीकाले आफ्नो प्रेमको खेलमा कलात्मक र वैज्ञानिक ढंगले प्रयोग

गर्न जान्न पर्दछ ।

कसैले भन्लान् कि स्त्री र पुरुषको जस्तो व्यवहार पनि कसैले सिकाउन पर्छ र ? अथवा प्रेम गर्न कसैले सिकाउन पर्ने कुरा होइन, त्यो आफै-आफ जानिने कुरा हो । तर त्यो विचार बिल्कुल गलत हो । 'प्रेम' जस्तो कुरालाई परै राखौं, हिंडन, खान, बोल्न, हाँस्न जस्ता साधारण कुराहरू पनि मानिसले सिकेर तिनलाई कलात्मक र वैज्ञानिक ढंगले गर्न जान्न आवश्यक छ । अतः चेतनको समष्टि सार 'प्रेम' जस्तो आत्माको भाव—जसका कैयन् तहहरू छन्, र ती तहभित्र कयन् रहस्यहरू छिपेका हुन्छन्— यस्तो आत्माको सर्वश्रेष्ठ र सर्वोत्तम मिहिन भावाअनुभूति— 'प्रेम' जस्तो तत्त्वलाई बुझ्न र अनुभव गर्न सिक्न पर्दैन, अथवा यस सम्बन्धी कुनै कलात्मक र वैज्ञानिक शिक्षाको आवश्यकता छैन भन्नु, मानव-सभ्यता र संस्कृति र त्यसको विकासको आवश्यकता छैन भन्नु हो ।

वास्तवमा प्रेम गर्न जान्नै पर्दछ । प्रेमका धेरै प्रकार हुन्छन् । यसका प्रत्येक प्रकारका निमित्त प्रत्येक किसिमका कलात्मक र वैज्ञानिक सञ्चालनको आवश्यकता पर्दछ । अझ यसका धेरै प्रकारहरू मध्ये, स्त्री र पुरुषको प्रेम, वा विवाहित जीवनको प्रेमको सफल सञ्चालनको निमित्त ता, निस्सन्देह विशेष शिक्षाको आवश्यकता पर्दछ । त्यसकारण पूर्णविश्वास र निश्चयका साथ भन्न सकिन्छ, कि स्त्रीले पुरुषलाई, वा

पुरुषले स्त्रीलाई प्रेम गर्न साँच्चँनै सिक्नपर्दछ । केवल जन्मदै जानेको वा प्रकृतिले मात्र सिकाएको भरमा कुनै पनि स्त्री वा पुरुषले सफल र सुखी विवाहित जीवनको आनन्द अनुभव गर्न सक्तैनन्— यो प्रमाणित र व्यावहारिक सत्य हो । यसका लाखौं-करोडौं ज्यूँदा प्रमाण र उदाहरणहरू संसारमा भरमार पाइन सक्छन् ।

हामी जान्दछौं, आमाको प्रेम संसारमा सबै भन्दा महान र स्वाभाविक हो । तर आमाले पनि आफ्ना सन्तानलाई प्रेम गर्न जान्न पर्ने, वा आमाको जस्तो स्वाभाविक र प्राकृतिक प्रेम पनि कलात्मक र वैज्ञानिक हुन आवश्यक परेको हामी महसूस गर्दछौं ।

जस्तो आमाले आफ्ना छोरा-छोरीलाई तरिकासंग कलात्मक र वैज्ञानिक ढंगले प्यार गरिन् भने, छोरा-छोरीका भविष्य जीवन सफल र महान् बन्न सक्तछ । त्यस्तै बेढङ्ग र अवैज्ञानिक तरिकाले माया गरिन् भने, उनको माया र ममताको प्रतिफल उनका सन्तानको जीवन बिग्रनजान्छ, र तिनले संसारमा केही गर्न सक्तैनन् ; र तिनको जीवन कहिले पनि महान् र सुख-सौन्दयमय हुन सक्तैन । यसरी, आमाको जस्तो निस्वार्थ प्रेमभित्र पनि हामी केही जान्ने र सिक्ने कुराहरू देख्तछौं भने, स्त्री र पुरुष, जसका शारीरिक र मानसिक स्वभावमा आकाश र जमीनको अन्तर हुन्छ; जो

हृदयमा अनगिन्ती आशा, अभिलासा र इच्छाहरू लिएर परस्परमा मिल्दछन ; जसका शारीरिक र मानसिक स्वभावहरूभित्र अनगिन्ती रहस्यहरू लुकेका हुन्छन्— यस्ता, अत्यन्त भिन्न स्वभाव भएका, दुइ थरिका जीवनलाई एकै ठाउँमा राखेर निर्वाह गर्न र सुख-सौन्दर्यमय तुल्याउन भन्ने कुरा, कत्तिको गाऱ्हो पर्दो हो र यसको निम्ति कति कुरा जान्न र सिक्न आवश्यक पर्न सक्तछ— यो अनुमान गर्न गाऱ्हो छैन ।

त्यसकारण विवाहित जीवनको प्रत्येक व्यवहारमा कलात्मकता र वैज्ञानिकता हुनु पर्दछ । जस्तो कि— स्त्री र पुरुषको दिन-दिनहीको जीवनको सुख-दुःख, भनौं छिन-छिनको सुख-दुःख, जस्तै— मानसिक अवस्था, सञ्चो-बिसञ्चो, शान्ति-अशान्ति, खुशी-बेखुशी, हर्ष-विमर्ष, इत्यादि जीवनका मिहीन अन्तरभाव र अवस्थाहरूलाई हेर्न वैज्ञानिक दृष्टिकोण र, यस्ता स्थितिहरूलाई सञ्चालन गर्न स्त्री-पुरुष दुवैलाई कलात्मक योग्यताको आवश्यकता पर्दछ; त्यस्तै, सफल र आनन्ददायक स्त्री र पुरुषको सम्बन्ध अथवा सम्भोग-क्रीड़ाको निमित्त पनि उच्चस्तरीय कलात्मक र वैज्ञानिक योग्यताको ठूलो खाँचो पर्दछ ।

जस्तो कि माथिनै भनियो, कि विवाहित जीवनको हरेक व्यवहार 'जुहारी' को रूपमा चल्न पर्दछ । भन्नुको

मतलब, स्त्री र पुरुषले परस्परमा जे गर्दछन्, त्यसमा दुबै थरिका शारीरिक, मानसिक, र आध्यात्मिक एकता र सामञ्जस्य हुनु पर्दछ। दुइ जीवनको यही मधुर एकरूपता र मेलमा विवाहित जीवनको प्रत्येक व्यवहार सफल र सुख-दायक हुन्छ।

त्यसकारण, स्त्री र पुरुषको सम्भोग क्रीड़ामा दुइ थरिकै बराबरी इच्छा र अभिलासा हुन पर्दछ; अर्थात् पुरुषको सक्रियता (activeness) प्रति स्त्रीको तुरन्त जवाफ (response) हुनु पर्दछ। यसो नभएर पुरुष मात्र सक्रिय र स्त्री निष्क्रिय र ठण्डा भएको अवस्थामा गरिने सम्भोग— पुरुषको निमित्त केही मतलबको हुनसके तापनि— स्त्रीको निमित्त दुनियाभरमा यो भन्दा अन्याय, असभ्यता र घिनलाग्दो व्यवहार केही पनि हुन सक्तैन। अतः सावधान! कुनै पनि प्रेमी, बुद्धिमान र सभ्य पुरुषले आफ्नी निष्क्रिय, ठण्डा र अनिच्छुक पत्नी-माथि आफ्नो एकलौटी स्वार्थलाई पूरा गर्ने चेष्टा गर्नु बिल्कुल अमानुषिक, मानव-सभ्यता र संस्कृतिको विरोधी व्यवहार हो। विवाहित जीवनको असली सुख र सौन्दर्यलाई नष्ट गर्ने काम हो!

अतः आफ्नो विवाहित जीवनलाई सुख-सौन्दर्यमय तुल्याउन चाहाने पुरुषले, यस किसिमको एकलौटी स्वार्थी व्यवहारबाट सावधान रहनु पर्दछ। आफूलाई कड़ा नियन्त्रण (control) र संयममा राखेर आफ्नी प्रिय पत्नीको इच्छा

र अभिलासा अनुसार अथवा उसको काम-तरङ्ग (sexual wave) उठ्ने ठीक समयमा उसको इच्छा र अभिलाषालाई पूर्णरूपले जाग्रत गरेर, दुवै थरीलाई बराबरी आनन्द र सन्तोष हुने किसिमले, सम्भोग-क्रीड़ाको मैदानमा उत्रन जान्न पर्दछ। यसको निमित्त पुरुषले ठूलो धैर्य राख्न सक्नु पर्छ। उसले आफ्नो उत्तेजना र चञ्चलतालाई केही समयको निमित्त रोक्न आवश्यक छ। रोक्ने इच्छा अथवा मनोबल र अभ्यासबाट यो सम्भव हुन सक्छ।

जस्तो कि माथि नै उदाहरणकोसाथ भनिएको छ, कि काम-क्रीड़ाको निमित्त तैयार हुन, वा जाग्रत हुन निमित्त पुरुषलाई भन्दा स्त्रीलाई धेरै बढ़ता समय लाग्छ। अतः पुरुषले आफूलाई त्यस टायमसम्म रोक्न सक्नु पर्दछ कि जबसम्म स्त्रीमा पूरा काम-जागृति अथवा गर्मी उत्पन्न भएर, उ अन्तिम खेलको निमित्त पूर्णरूपले तैयार हुन सक्तिन। त्यसकारण, पुरुषले, दुवं थरिका निमित्त आनन्द र सन्तोष-दायक काम-क्रीड़ाको निमित्त आफ्नी पत्नीलाई हरतरले जाग्रत गर्न उसले प्रयत्न गर्न पर्छ। स्त्रीको ठीक काम-जागृतिको समयमा, वा काम-तरङ्ग उठेको समयमा, पुरुषले आफ्नी पत्नीको काम-अभिलाषालाई जगाउन निमित्त गरेको कुनै पनि किसिमको व्यवहार— यदि त्यो व्यवहारले उसको सुप्त अभिलाषालाई जगाउन सक्तछ भने— त्यो व्यवहार कुनै पनि किसिमको होस्, उसलाई मञ्जूर हुन सक्तछ, र यो

भन्दा बढी, यस्ता व्यवहारमा पुरुषलाई मदत गर्न उ हमेशा अघाडि सर्दछे। त्यसकारण, पुरुषले त्यस शर्तमा जसबाट कि उसले आफ्नी पत्नीको दबिएको अभिलाषालाई जगाउन सक्तछ, र दुबैलाई उच्चस्तरीय आनन्द र सुखको अनुभव हुन सक्तछ भने, उसले कुनै पनि किसिमको व्यबहारलाई प्रयोगमा ल्याउन सक्तछ।

यौन-विज्ञानका प्रसिद्ध विद्वान् हॅव्लक एलिस् भन्दछन्: 'स्त्री र पुरुषको प्रेममा केवल सुन्दर, असुन्दर (aesthetic and inaesthetic) का बीच भेद हुनुपर्छ, नैतिक र अनैतिक (moral and immoral) भन्ने कुरामा होइन। के ठीक हो औ के ठीक होइन भन्ने कुरा प्रेमी र प्रेमिकाका हातमा छोडिनु पर्छ, कारण प्रेमले आफ्नो निमित्त आफैंले सौन्दर्यको आफ्नो नयाँ स्तर खडा गर्दछ। ती स्त्री-पुरुष, जो प्रेममा फसेका छैनन्, तिनका निमित्त जुन कुरा असुन्दर अथवा नराम्रो लाग्न सक्तछ— प्रेममा डुबेकाहरूका निमित्त त्यो कुरा अत्यन्त सुन्दर र रमाइलो लाग्न सक्छ। त्यस्तै बाहिरिया मानिसले विचार गर्दा प्रेमी र प्रेमिकाको तमाम खेल नराम्रा र अशोभनीय लाग्दछ। त्यसकारण, प्रेमीहरूका लागि कुन कुरा राम्रो, नराम्रो, सुन्दर, असुन्दर हो, त्यो कुरा उनीहरूनै निर्णय गर्न सक्तछन्। प्रेमले कुनै बाहिरी शक्तिको आदेश मान्दैन। यसले आफ्नै प्रकाशमा, आफ्नै अभिप्राय अनुसार, आफैं नियमहरू बनाउँदछ'।

हॅव्लक् एलिसको यो विचारसंग आजका सबै यौन-शास्त्रका विद्वान्हरू सहमत छन्। हामी पनि यस कुरामा सहमत छौं। वास्तवमा सुन्दर, असुन्दर भन्ने कुरा एउटा गतिशील (dynamic) तत्त्व हो। यसकारणले— कि यस-लाई अनुभव गर्ने मानवको अनुभूति-शक्ति र विचार गर्ने मनोवृत्ति नै गतिशील छ। त्यसकारण, प्रेमी र प्रेमिकालाई जुन कुरा राम्रो लाग्न सक्छ, त्यो कुरा अरूलाई नराम्रो लाग्नु केवल दुइ थरिका व्यक्तिहरूका तात्कालीन अनुभूति-शक्ति र मनोवृत्तिको भेद मात्र हो, वास्तविक वस्तु-स्थितिको भेद होइन। त्यसकारण पुरुषले आफ्नी पत्नीलाई जाग्रत गराउन कुनै पनि किसिमको व्यवहार गर्न सक्तछ— यसमा कुनै नैतिक र अनैतिक (moral and immoral) को प्रश्न उठ्न सक्तैन।

यसै दृष्टिले, जुन प्रेम-क्रीड़ा (love-play) अथवा सम्भोग-क्रीड़ा भन्दा अघाड़िको खेलको विषयमा हामीले-माथि जो चर्चा गर्‍यौं— जसमा हामीले दृष्टि, घ्राण, स्पर्श र श्रुति-शक्तिका प्रभावका बारेमा बेग्ला-बेग्लै विश्लेषण गरेका छौं— यी सबै इन्द्रियजन्य क्रिया वा प्रभावहरूलाई विवाहित जीवनका प्रेमी-प्रेमिकाले आफ्नो पारस्परिक सन्तोषपूर्ण प्रेमका आकर्षण र जागरणको निमित्त प्रयोग गर्न सक्छन्।

यी चार प्रकारका इन्द्रियजन्य प्रभावहरू प्रेम-जीवनमा उक्तिकै शक्तिशाली देखा पर्दछन् तापनि, सम्भोग र सम्भोग भन्दा पहिले हुनु पर्ने आवश्यक प्रेम-क्रीडा (love-play) मा हामी स्पर्शलाई विशेष प्रभावशाली र मुख्य मान्दछौं। जब पुरुषले आफ्नी पत्नीको ठीक काम-लहरको समयमा काम-भोगको निमित्त खेल आरम्भ गर्न चाहान्छ तब उसले आफ्नी पत्नीको हात समाउने, अंगालो हाल्ने, गाला, ओंठ र आँखामा चुम्बन गर्ने; त्यस्तै, शरीरका प्रायः समस्त अङ्ग-हरूलाई हातले दबाउने, चोट् नलाग्ने गरी टोक्ने जसबाट उसलाई केवल पुरुषको दाँत र मुखको स्पर्शको अनुभूतिमात्र होस्। यसो गर्नाले स्त्रीमा अत्यन्त मर्मस्पर्शी काम-अभिलासा (sexual desire) जगाउन सकिन्छ।

हॅव्लक् एलिस्, डा० मेरी स्टोप्स् आदि प्रसिद्ध यौन-विज्ञानी (sexologist) हरूका परीक्षण र खोज अनुसार, नारीको स्तनमा गाढ़ा चुम्बन दिनाले, र स्तनको मुनालाई चुसिदिनाले, नारीमा अत्यन्त शक्तिशाली काम-अभिलाषा उत्पन्न हुन सक्तछ भन्ने बताएका छन्। यसो गर्नमा कतिलाई अनैतिक जस्तो लाग्न सक्ला, तर— जो अघि नै भनियो— कि यस्ता कुनै व्यवहार, अनैतिक र बेठीक हुन सक्तैन, जब यसबाट साँच्चिनै वास्तविक सौन्दर्यको अनुभूति र आकर्षण उत्पन्न हुन सक्तछ। प्रेमी र प्रेमिका र सौन्दर्यको अघाडि कुनै वार र बाधा रहन सक्तैन।

त्यसकारण, प्रत्येक विवाहित प्रेमीले जसरी आफ्नी पत्नीलाई गाला, ओंठ, आँखामा चुम्बन गरेर, आफ्नो प्रेम प्रकट गर्नको साथ-साथै पत्नीको अभिलाषालाई जगाउन सक्तछ, त्यसरी नै उसले आफ्नी पत्नीको स्तनलाई दिलभर चुम्बन गरेर, उसले प्रेमिकाको हृदयमा अद्‌भुत शारीरिक र आध्यात्मिक प्रेम, तथा आकर्षण उत्पन्न गर्न सक्तछ। यसरी आफ्नी प्रियतमालाई अभिलषित सम्भोग क्रीड़ाको निमित्त ह्र प्रकारबाट तयार तुल्याउन पर्दछ। यस प्रकारको प्रेमको खेल, त्यतिञ्जेलसम्म खेलिनु पर्दछ, जबसम्म स्त्रीले अन्तिम खेलको निमित्त, आफ्नो पूर्ण तैयारीको सूचना गर्दिन। स्त्रीलाई तैयार तुल्याउन निमित्त, कमसेकम एक घण्टा, डेढ घण्टा-सम्म यस प्रकारका खेल खेलिनु पर्छ। एक-डेढ घण्टाको खेलकोबाद, नारीको दबिएको सुप्त काम-अभिलाषा, आफ्नो उचाइमा उठेर, नारी-जीवनको सारा अस्तित्व, उसको शरीर, मन, प्राण र आत्मालाई छोपेर, उसलाई बेहास् गराउन लागिरहेको पुरुषले स्पष्ट देख्न र अनुभव गर्न सक्छ।

यसरी पारस्परिक प्रेमाकर्षणको पूर्ण विकसित र उन्नत अवस्थामा, पुरुषले जति साहस, धैर्य र खुला हृदयकासाथ अघाडि बढन सक्छ, उति उसको व्यवहार पत्नीको निमित्त प्रिय, सुन्दर र सुखपूर्ण हुन जान्छ। .. .. जब दुइ प्रेमी र प्रेमिका पारस्परिक प्रेमको अनुभूति र आकर्षणको यति अगलो उचाइमा उठ्त छन् तब उनी-

हरूका समस्त चेतनालाई एक प्रकारको अद्भुत र अनिर्वचनीय बेहोशी र विव्हलताले ढाक्त छ... ... उनीहरूका वरिपरिका सारा विश्वको दृश्य शून्यमा बिलाउँदछ.... केवल दुइ तत्त्व— प्रेमी र प्रेमिका (स्त्री र पुरुष) को अस्तित्वले सारा ब्रह्माण्ड, यो विशाल, अनन्त आकाश ढाक्त छ... ... ... जीवन र प्रेमको यही महान्, विचित्र र अद्भुत क्षणहरूमा— जीवनको रहस्यमय चमत्कारी, महिमा र जीवनभित्रको कुनै अद्भुत सौन्दर्यमय, प्रेममय, शक्तिको अनन्त गहीरो अनुभूतिले जीवनको सम्पूर्ण महिमा, असीम व्यापकता, विशालता र अमरताको अनुभव दिलाउँछ. ... ... र [१] 'अहं ब्रह्मास्मि !' [२] 'तत् त्वम् असि' भन्ने उपनिषदको महान यथार्थ दार्शनिक बचनको मतलब र सार्थकताको अनुभव हुन लाग्छ !... दुइ हृदय र आत्माको अशेष, अनन्त प्रेम, माया र स्नेहको प्रबल प्रवाहमा जीवन बहेर जाँदछ ... ... दुइ जावन, दुइ हृदय र आत्माको अखण्डता र एक आत्मायताको हृदय निचोर्ने अनुभूतिले प्राण बेहोस् हुन पुग्छ। ... ... जीवनको यही क्षण सबभन्दा सार्थक, महान र सुखदायक हो। या भन्दा सुन्दर र सुखदायक क्षण जावनको अरू कुनै समयमा आउन सक्तन।

जीवन र प्रेमको यस्तो अमर, महान सुखदायक अनुभूति केवल तीनै स्त्री र पुरुषलाई हुन सक्तछ, जसले नारी र पुरुषको सम्बन्धको महिमा र रहस्यहरूलाई बुझेका छन्; जसले, विवाहित जीवनमा, परस्परलाई सच्चा प्रेम गर्न

१ म इश्वर हुँ, २ तिमी त्यही (ईश्वर) हौ.

जानेका छन् ; जसले परस्परको हित, सुख र आनन्दको निमित्त आफूलाई बलिदान गर्न सिकेका छन् ; जसले विवाहित जीवनलाई सफलतापूर्वक सञ्चालन गरेर, सुख र सौन्दर्यमय तुल्याउन, पूर्ण कलात्मक र वैज्ञानिक ज्ञान हासिल गरेका छन् ; अन्तमा, जसले जीवनमा सेवा, त्याग, प्रेम र सौन्दर्यको महिमालाई बुझेका छन्— यिनै समझदार, उदार र सचेत विवाहित जीवनका प्रेमी र प्रेमिकाले स्त्री र पुरुषको प्रेमको यस्तो अनिर्वचनीय महिमा र सौन्दर्यलाई अनुभव गर्ने सौभाग्य पाउँछन् ।.. ... ... यसको विपरीत, दाम्पत्य जीवनको प्रेम, महिमा र रहस्यहरू, र यसलाई सञ्चालन गर्ने कला र विज्ञानको ज्ञान नभएका, र जीवनमा त्याग, सेवा, प्रेम र सौन्दर्यको मूल्य नबुझेका अज्ञान स्त्री-पुरुषहरूका निमित्त विवाहित जीवन एउटा साधारण, मामुली खेल हो। कतिका निमित्त यो जीवन एउटा सामाजिक चलन मात्र भान हुन्छ। कतिका निमित्त अनावश्यक बन्धन र बोझा बन्दछ। कतिका निमित्त जीवनमा नचाहिंदो झमेला, दुःख, ग्लानी र अशान्तिको कारण बन्न जान्छ। जीवनको यस्तो स्थितिमा विवाहित जीवनको तमाम खेल नीरस, यान्त्रिक (mechanic), र जड़ बन्दछ। जुन वस्तु जीवनको प्रकाशमा स्वर्गीय बन्न सक्तछ, उही वस्तु जीवनको कालो अन्धकारमा नारकीय बन्न जान्छ। जीवनको उही वस्तु ज्ञानको ज्योतिमा उद्भासित भएर, आत्मा र हृदयलाई

बाल्दछ भने, उही वस्तुले जीवनको ज्योति मार्दछ— अनि जीवन ज्यूँदै लास बन्दछ ।

अक्सर गरेर स्त्रीजातिका निमित्त स्त्री र पुरुषको सम्बन्ध केवल छोरा-छोरी जन्माउने मिसिनको काम जस्तो मात्र अनुभव हुनुको कारण, पुरुषको स्वार्थी स्वभाव, हड़बडी र हतार हो। कति स्त्रीहरूलाई यस्तो पनि हुन्छ, कि जब पुरुषले आफ्नो मतलब साध्दै गरेर खेल समाप्त गर्दछ तब बिचरी नारीको सुतेको अभिलाषा ब्युँझिँदै जान्छ । आफ्ना यस्ता स्थितिको विषयमा, पुरुषलाई केही भन्न सक्तिन। उता पुरुष आफ्नो तमाम गर्मी ठण्डा गरेर चैनसंग निदाउँछ; यता बिचरी नारी, पुरुषको स्वार्थी व्यवहारले जगाएर छाड़ेको अभिलाषाको आगोमा सल्केर रातभरि निदाउन सक्तिन । पुरुषको यस्तो गलत र स्वार्थी व्यवहारले स्त्रीको हृदयमा असन्तोष, दुःख र ग्लानि मात्र हुने होइन, तर स्वयं पुरुषको सुख, सन्तोष र आनन्दको सबभन्दा सुन्दर, मनमोहक र मर्मस्पर्शी अंश पनि स्त्रीका यही दुःख र ग्लानिको भेलसंग बहेर गुम्दछ । यसभन्दा बाहेक, पुरुषको यस प्रकारको स्वार्थी, एकल्काँटे व्यवहारले, नारीको शारीरिक र मानसिक अवस्था, खराब हुन्छ; र यसरी उसको जीवन अनेकन किसिमका रोग-हरूको घर बन्न जान्छ ।

त्यसै पनि राति निदाउन नसक्नु ठूलो रोग हो। त्यसमा पनि असन्तुष्ट र अधूरो अवस्थामा फ्याँकिएकी नारी निदाउन

नसक्नु झन महा रोग हो। जसरी पुरुषले आफ्नो इच्छा पूर्ति गरेर शान्तिपूर्वक निदाएर स्वास्थ्य लाभ गर्दछ, त्यसरी नै स्त्रीले पनि आफ्नो अभिलाषा तृप्त गरेर शान्तिपूर्वक निदाएर स्वास्थ्य लाभ गर्न पाउनु पर्दछ।

लेडी डा० मेरी स्टोप्स् भन्छिन् : 'जब पुरुषले स्त्रीलाई अवहेला र बेवास्ता गरेर जागा अवस्थामा छाड़ेर आफूचाहिं उसको छेउमा मस्त फ्वाँ-फ्वाँ निदाउदछ त्यस बखत उस-लाई (पुरुषलाई) के वास्ता, कि त्यो बिचरी नारीको के हाल भैरहेछ! त्यस्तो स्थितिमा त्यो विचरी नारीलाई के को सन्ताप मिल्न सक्छ? सम्भोगको शारीरिक आनन्द र पार-स्परिक 'स्खलन'— 'orgasm' (अर्थात्, सम्भोग-क्रीडाको आखिरी अवस्था र उचाइमा हुने पूर्ण शारीरिक समाप्ति वा खलास) देखि विच्युत् नारीले— (जस्तो कि कैयन् स्त्रीहरूलाई सम्भोगको बखतमा हुने स्त्रीको शारीरिक समाप्ति वा खलास (orgasm) को विषयमा थाहा नै हुँदैन, त्यस्तै)— सम्भोग-क्रीडामा उसले यस्तो एउटा व्यवस्था देख्तछे जसमा आनन्द, सन्तोष र त्यसको परिणामस्वरूप आराम र स्वास्थ्यदायक निन्द्रा भन्ने कुरा केवल पुरुष कै निमित्तमात्र भएर स्त्रीचाहिं केवल लोग्नेमानिसको आनन्दको एउटा निष्क्रिय (passive) यन्त्र मात्र हुन्छे।'

डा० मेरीको यो भनाइमा सोह्रै आना सत्यता छ।

कति विवाहित नारीहरूका जीवन तेही हालतमा बित्दो हो। यो संझदा दुःख लाग्नु स्वाभाविक कुरा छ। विवाहित जीवनको अज्ञानता (marriage illiteracy) नै यसको मूल कारण हो। अतः हरेक युवक-युवती अथवा स्त्री-पुरुषले, त्यसमा पनि अझ खास गरेर, पुरुषहरूले विवाहित जीवनको यस प्रकारको अज्ञानतालाई हटाउने प्रयास गरेमा, पुरुषको आफ्नै आनन्दको असीम वृद्धिको साथसाथै, नारीलाई यस प्रकारको असन्तोष र कष्टदायक हालतबाट बचाएर विवाहित जीवनलाई सुखी र सन्तोषपूर्ण तुल्याउन सकिन्छ। विशेष, बढ्दो पारस्परिक समझदारी, र समानताको भाव र व्यबहार, एवं बढ्दो पारस्परिक प्रेम, माया, समता र स्नेहको भावले, वास्तवमा, विवाहित जीवन साच्चै नै महान् आनन्द र सौन्दर्यको साम्राज्य बन्न सक्छ।

शीघ्रपतन (Premature Ejaculation)

स्त्री र पुरुषको संयोगमा स्त्रीलाई हुने यस प्रकारको असन्तोषको कारण, पुरुषको हतारको साथसाथै अझ हतार गरेर झर्ने, उसको वीर्य अर्को असन्तोषको कारण हो। धेरै पुरुषहरूलाई या रोगले छोएको हुन्छ। कतिका हालत त यस्तोसम्म हुन्छ, कि उसले खेल आरम्भ गर्नै पाउँदैन। केही छिनको हाँस-खेल, छुने, चल्ने गर्दैमा उसको शरीरभित्र एक प्रकारको बिजुली-तरंग दौड़ेझैं अनुभव भएर, अघाडिने

जोश समाप्त हुन्छ । विवाहित जीवनमा यो भन्दा दुःखदायक र दुर्भाग्यको कुरा अरु केही हुन सक्तैन । यस्तो अवस्थामा, स्त्री मात्र असन्तुष्टा र दुःखिनी हुने होइन, पुरुषको पनि दुःख, ग्लानि र शर्मको सीमा रहँदैन । आफ्नो यस्तो कम्जोर, पुरुषत्वहीन हालत देखेर, उसको निमित्त 'विवाह' बेमतलब जस्तो लाग्छ, र जीवन अन्धकार भान पर्दछ ।

कतिलाईचाहिं यस्तो हुन्छ, कि जब खेल पनि आरम्भ भयो— बस समाप्त ! अथवा, पाँच/दश सेकेण्ड सिवाय वेशी अडन उसलाई मुश्किल पर्दछ । यस किसिमको फ्यातुलो हालतमा दुवै थरिको जीवनको कस्तो अवस्था हुन सक्छ— यो यहाँ भनिरहनु नपर्ला— अनुमान गरे पुग्छ । तर पुरुषको यस्तो अवस्थालाई, आजका यौन-विज्ञानी (sexologist) हरूका मत अनुसार सुधार्ने उपाय गर्न सकिन्छ । पुरुषको यस किसिमको शीघ्रपतन (premature ejaculation) लाई सो-है आना रोग भन्न हुँदैन । धेरै जसो पुरुषहरूमा यस्तो पतन हुने रोग, आफलाई रोक्ने प्रयास नगर्ने स्वभावबाट पनि हुन सक्छ । र कतिलाई वीर्य कम्जोर हुनुको कारणबाट पनि यस्तो हुन सक्छ । जसको शरीर, स्वास्थ्य ठीक छ, वीर्य सबल छ, उसले केवल रोक्ने इच्छा र अभ्यास गरेमा, केही दिनको अभ्यासले नै उसमा आवश्यक समयसम्म अडिने शक्ति आउँदछ । र जसको वीर्य नै कम्जोर छ, उसले

डाक्टर, वैद्यसंग सल्लाहा लिएर आवश्यक औषधि उपचार गर्नु वेश हुन्छ, र साथै शारीरिक व्यायामकोसाथ पौष्टिक, विटामिनदार चीजहरू व्यवहार गर्ने गर्नु पर्दछ। यसो गर्नाले शारीरिक स्वास्थ्य बन्छ, र वीर्य गाढ़ा र शक्तिशाली हुन सक्तछ। र सम्भोगको अवस्थामा हुने शीघ्रपतनलाई रोक्ने इच्छा र भावना मनमा राख्ने, र ठीक सम्भोगको बखतमा रोक्ने प्रयास, साहस र मनोबल राख्ने प्रयत्न गर्नाले, अवश्य पनि स्थिति सुधार्न सकिन्छ।

धेरै यौन-विज्ञानीहरूका भनाई अनुसार प्रेम-क्रीडा-देखि लिएर सम्भोगको अवस्थासम्म शीघ्रपतनलाई रोक्ने जबरजस्त भावना र त्यसका साथै मनलाई त्यसै विषयमा पूर्णरूपले नलगाइकन, वा ध्यान सर्व त्यसै विषयमा केन्द्रित नगरिकन, अर्कोतिर लैजाने र, अरू कुनै भावना, वा सोच मनमा राख्ने प्रयत्न गर्नाले, काम-तरंगको प्रवाहलाई आवश्यक समयसम्म खिच्न सकिन्छ। पहिलो प्रयासहरूमा असम्भव जस्तो देखिए तापनि, विश्वासका साथ प्रयास गर्दै गएमा, केही समयको बाद अवश्य पनि सफलता पाउन सकिन्छ। यदि पहिलो प्रयासहरूमा असफल भइएमा निराश हुने केही कुरा छैन। साधनाले कुनै पनि क्षेत्रमा आफ्नो चमत्कारी देखाउन सक्तछ। साधनाको अघाडि कुनै पनि कुरा असम्भव हुन सक्तैन— जुन कुरा सम्भवको

परिधिभित्र आउन सक्छ ।

सम्भोगको सीमा

स्त्री र पुरुषको सम्बन्धमा एउटा प्रश्न उठतछ, कि महीनामा कतिबार सम्भोग हुनु पर्छ, जसमा दुवै थरिका शारीरिक र मानसिक स्वास्थ्य कायम रहेर, स्वस्थ्य सम्भोगको उच्चस्तरीय पारस्परिक आनन्दमा बाधा नपरोस् । आजसम्म, पूराना र नयाँ जमानाका पूर्व र पश्चिमका सबै यौन-शास्त्रका विद्वान-हरूले, यस प्रश्नमाथि धेरै विचार गरिसकेका छन् । यी सबैका विचारहरूलाई एकै ठाउँमा जम्मा गरेर हेर्दा, कसैले जीवनमा एक बार भनेका छन् , त कसैले केवल पत्नीको गर्भाधानको निमित्त भनेका छन् । त्यस्तै, कसैले महीनामा तीन पटक, त कसैले हप्तामा तीन पटकसम्म हानिकारक हुन सक्तैन— यदि शारीरिक स्वास्थ्य ठीक राख्न सकेमा, भन्ने परामर्श गरेका छन् । यो सबै प्राचीन र अर्वाचीन विचारहरूमध्ये डा० मेरीको सल्लाहा सब भन्दा विवेकपूर्ण, र स्त्री र पुरुष दुवै थरिका अभिलाषाको सन्तोषजनक पूर्ति भएर, दुवै थरिका निमित्त महान् आनन्ददायक हुनुको साथै शारीरिक, मानसिक र आध्यात्मिक दृष्टिले पनि अत्यन्त स्वास्थ्यकर हुने बुझिन्छ ।

डा० मेरीको भनाइ अनुसार, प्रत्येक पुरुषले आफ्नो अभिलाषालाई आफ्नी पत्नीको अभिलाषाको सारमा राख्न

सक्नु पर्छ। जस्तो कि, माथि लेखा-चित्रमा देखाइएको छ, त्यस अनुसार २८ दिनको महीनाको हिसाबले प्रत्येक पक्षमा एक पटक स्वास्नीमानिसलाई काम-अभिलाषा हुन्छ। अर्थात्, जस्तो कि माथि नै भनिसकिएको छ— प्रत्येक मासिक धर्मको अघि र पछि यस्तो अभिलाषा हुन्छ। यसरी प्रत्येक पक्ष वा करीब १५ दिनमा एक पटक उठने नारीको काम-अभिलाषाको लहर जब उठतछ, तब लगभग ३/४ दिनसम्म (शरीर, स्वास्थ्य र स्वभाव अनुसार) जारी रहन्छ। यस बखत पुरुषले आफ्नो अभिलाषालाई आफ्नी पत्नीको अभिलाषासंग सन्तुलित (बराबर) गराउन सक्तछ। यस समयमा उसले आफ्नी पत्नीको अभिलाषा जारी रहेसम्म, अर्थात् ३/४ दिनसम्म लगातार प्रत्येक दिन उसले सम्भोग गर्न सक्छ। यदि उसको शरीर स्वास्थ्य ठीक छ, र कुनै बाधा पर्दैन भने, प्रत्येक दिन २/३ पटकसम्म पनि आफ्नो अभिलाषाको साथ-साथै आफ्नी पत्नीको अभिलाषालाई उसले पूरा गर्न सक्छ। तर जब पत्नीको अभिलाषा दब्दछ, तब पुरुषले आफ्नो अभिलाषालाई त्यतिञ्जेलको लागि रोक्न सक्नु पर्छ, जबसम्म फेरि पत्नीको दोस्रो अभिलाषा जाग्रत हुने बखत आउँदैन, अर्थात्, करीब ६/१० दिनसम्म उसले कड़ा नियन्त्रण राख्न सक्नु पर्छ। यसो गर्नाले दुवै थरिका पारस्परिक सन्तुष्टि हुनुको साथसाथै, सम्भोगको उच्चस्तरीय आनन्द मिल्न सक्छ। शारीरिक दृष्टिले पनि कुनै हानिकारक

नभैकन— वरु दुवै थरिका निमित्त स्वास्थ्यदायक पनि हुन्छ ।

एउटा अर्को प्रश्न छ—के स्त्री गर्भवती भएकी अवस्थामा सम्भोग गर्नु हानिकारक हो ? यस प्रश्नको उत्तर पनि धेरै यौन-विज्ञानीहरूले धेरै किसिमसंग दिएका छन । ती मध्ये म डा० मेरीको विचारसंग सहमत छु, र यस प्रश्नको उत्तरमा म डा० मेरीको विचारलाई यहाँ प्रस्तुत गर्दछु ।

डा० मेरीको खोज अनुसार, धेरै स्त्रीहरूलाई गर्भवती भएको अवस्थामा काम-अभिलाषा हुन सक्छ । र यदि अभिलाषा भएमा अभिलाषाको पूर्ति अवश्य हुन पर्दछ । डा० मेरीको खोजमा आएको एउटा घट्ना अनुसार स्वास्नीमानिसलाई यस अवस्थामा हुने अभिलाषाको पूर्ति हुनुपर्छ भन्ने बुझिन्छ । डा० मेरी स्टोप्स् उक्त घटनाको विषयमा भन्दछिन् :—

" विवाहित स्त्री-पुरुषहरूलाई सल्लाहा दिने एक जना डाक्टर कहाँ एउटा यस्तो मामला आएको थियो, जुन मामलामा गर्भवती भएकी अवस्थामा पत्नीले सम्भोगको इच्छा गर्दा पुरुषले उसको इच्छालाई बेवास्ता गरेका थिए । पछि ती स्त्री-पुरुषबाट भएका केटाकेटीहरू अत्यन्त चञ्चल र नियन्त्रणमा नआउने किसिमका भएर निस्के । यस भन्दा बाहेक, ती केटाकेटीहरूमा कृत्रिम तरिकाले आफ्ना यौनाङ्ग सञ्चालन

गरेर आत्मा-सन्तुष्टि गर्ने स्वभाव (self-abuse) देखा पर्‍यो । डाक्टरको भनाई अनुसार ती केटाकेटीहरूमा आएको यस किसिमको स्वभावको कारण थियो आमाको गर्भवती भएको अवस्थामा उसको काम-अभिलाषा तृप्त नहुनु । ”

यस कुरालाई विश्वास गन सकिन्छ । किनभने, सन्तान आमा-बाबुका प्रतिबिम्ब (छाया) हुन् । अतः गर्भमा रहेको बालकमाथि आमाको शारीरिक र मानसिक स्थितिको प्रभाव पर्न सक्तैन भनेर कोही भन्न सक्तैन । यस दृष्टिले, आमाको अतृप्त तीव्र काम-अभिलाषाको असर गर्भको बालकमाथि पर्न सक्तछ भन्ने कुरामा कुनै शंका छैन । त्यसकारण, डा० सेरीको मत अनुसार, यदि गर्भवती पत्नीले काम-अभिलाषा गर्दछे भने, आमा, बाबु र सन्तान तीनै थरिका भलाईका लागि अभिलाषा तृप्त गरिनु पर्दछ । तर एउटा याद राख्ने कुरा यो छ, यस अवस्थामा सम्भोग-क्रीडा गर्दा, गर्भवतीको शरीरमा, खास गरेर पेटमा, बाधा नपर्ने किसिमसंग हल्का र सजिलो तरिकाबाट हुनु पर्दछ; नत्र गर्भको बच्चालाई बाधा पर्न गएर, गर्भपात हुने सम्भावना हुनसक्छ। त्यसकारण, पति-पत्नी दुवैले यस कुरामा ठूलो सावधानी राख्नु पर्दछ ।

यसको अतिरिक्त, प्रत्येक गर्भवती नारीलाई आफ्नो जन्मने सन्तानको बाबु, अथवा आफ्नो पतिलाई

आफ्नो छेउमा देख्ने, अथवा पाउने अभिलाषा अत्यन्त प्रबल हुन्छ। त्यसकारण यस अवस्थामा हुन सक्ने काम-अभिलाषाले, आमा, बाबु र सन्तान तीनै थरिका निमित्त ठूलो शारीरिक, मानसिक र आध्यात्मिक महत्त्व राख्न सक्छ भन्ने कुरा अनुमान हुन्छ। एउटा ध्यान दिन योग्य कुरा छ : गर्भ रहेको तीन महीनासम्म र बच्चा जन्मनु भन्दा अघाडि एक महीना— यति चार महीना चाहिं सम्भोग बन्द गर्नु पर्दछ।

पोजशन

अर्को आखिरी प्रश्न छ— सम्भोग- क्रीडाको ठीक पोजिशन। यस विषयमा आजका आधुनिक यौन-विज्ञानवेत्ताहरूले त्यति विचार र खोज गर्ने आवश्यकता नदेखेको बुझिन्छ।

घेरै आधुनिक यौन-विज्ञानीहरूले पोजिशनको विषयमा, स्त्री र पुरुषको पारस्परिक शारीरिक अवस्था र इच्छा अनुसार, सजिलो, सुगम र परस्परलाई पूर्ण आनन्द मिल्ने किसिमबाट आफैले पोजिशन ठीक गर्नु पर्दछ, भन्ने सल्लाहा दिएको पाइन्छ। तर एउटा कुरामाथि आधुनिक यौन-विज्ञानमा जोड दिइन्छ, कि कुनै पनि किसिमको पोजिशन होस, तर स्त्री र पुरुष मुखामुख (face to face) हुन पर्दछ। यसो गर्दा दुबै थरिलाई आलिङ्गन गर्ने र चुम्बन गर्ने बेश

मौका रहन्छ । यसको अतिरिक्त, सम्भोगको बखत दुवै प्रेमी र प्रेमिकाले परस्परलाई प्रेम र स्नेहले भिजेको नजरले हेर्न पाउनु पर्दछ, यसो गर्नाले दुवै थरिमा पारस्परिक हार्दिक र आध्यात्मिक प्रेम-भावको आदान-प्रदान हुन्छ, र यस बखतको तीव्र हार्दिक वा आध्यात्मिक प्रेमको अनुभूतिले शारीरिक प्रेम आफ्नो सम्पूर्ण उचाइमा उठतछ, र पारस्परिक आध्यात्मिक र शारीरिक प्रेमको अनुभूतिको यति अग्लो उचाइमा उठेर दुवै प्राणी बेहोश हुन जान्छन् ... ... र आफूलाई एक- अर्काको जीवनभित्र हराएको अनुभव गर्दछन्।

—०—

खण्ड ७

सेक्स र मनोविज्ञान (Sex and Psychology)

मनुष्यको मनोविज्ञान वा मनोभावको सेक्समाथि पर्ने प्रवाभ, यसप्रतिको मनुष्यको भाव, र सेक्स र मानव-मनोविज्ञानका बीच हुन पर्ने आवश्यक तथा स्वाभाविक सामञ्जस्य (मेल) नै यस खण्डको हाम्रो चर्चाको विषय हुनेछ ।

प्रत्येक मनुष्य— स्त्री होस् वा पुरुष—को मनको ठूलो भाग यौन-प्रवृत्ति (sex-instinct) ले ओगटेको हुन्छ । प्रसिद्ध मनोवैज्ञानिक फ्रयड्का खोजबाट, साना-साना केटा-केटीहरूका मनोभावमा समेत यौन-प्रवृत्ति (sex-instinct) भएको प्रमाणित हुन आएको छ । फ्रयड्को यो खोजले तात्कालीन यूरोपिय समाजहरूमा र मनोवैज्ञानिकहरूमा ठूलो खुल्दुली मचाइदियो । कति मनोवैज्ञानिकहरू यस सिद्धान्तलाई मान्न तैयार भएनन्। तर आखिर ती विरोधी पक्षका मनोवैज्ञानिकहरूका खोजबाट पनि यो कुरा सिद्ध हुन आयो ।

फ्रयडका सिद्धान्त अनुसार, मानवको मनोविज्ञान, वा मनोभावको प्रत्येक तहमा, यौन-प्रवृत्ति (sex-instinct) को प्रभाव पर्दछ; अथवा मानवको मनोभावको अत्यन्त सूक्ष्म क्रियाहरूदेखिन लिएर, उसको विभिन्न विचार-क्षेत्रहरूमा समेत सेक्सले असर गर्दछ। उनका मतानुसार, मानवको कला, संस्कृति र सभ्यताको विकाशमा सेक्सको ठूलो प्रभाव छ। फ्रयडले यतिसम्म भन्ने हिम्मत गरेका छन् , कि मानव-जीवनको प्रत्येक व्यवहार, चाहे खराब होस् या असल, उन्नत होस् वा पतित, त्यसको पछाडि सेक्सको प्रभावले काम गरेको हुन्छ। उनको यो सिद्धान्तलाई पछिका मनोवैज्ञानिकहरूले मान्न स्वीकार गरेनन्, र कतिपय फ्रयडियन् सिद्धान्तहरू खण्डन गरिए। तर पनि फ्रयडका कति यस्ता सिद्धान्तहरू अमर भए, जुन सिध्दान्तहरू आजका मनोवैज्ञानिक, यौन-मनोवैज्ञानिक र यौन-शास्त्रवेत्ताहरूका खोज र अनुसन्धानका आधार बने।

मनुष्यको प्रत्येक व्यवहार, प्रत्येक किसिमको मनोभाव र विचार-धारा सेक्सव्दारा प्रभावित छ, भन्ने फ्रयडको सिद्धान्तलाई खण्डन गर्ने मनोवैज्ञानिकहरूमध्ये, प्रसिद्ध मनो-वैज्ञानिक अल्फ्रेड् एड्लर, र कार्ल जी. युङ्ग हुन्। अल्फ्रेड् एड्लरको मतानुसार, मनुष्यको मनोवृत्तिको उत्थान र पतनको कारण 'सेक्स' होइन, जस्तो फ्रयड्ले भनेका छन् , तर 'शक्तिको आकांक्षा' (The Will to Power) हो।

यस्तै मुताबिक, कार्ल जी. युङ्गले पनि मानवको मनोविज्ञानमा व्यापकरूपले पर्ने सेक्सको प्रभावलाई खण्डन गरेका छन्। युङ्गको विचार अनुसार, फ्रयड्को ‘ libido ‘ (emotional craving) अर्थात् , ‘संवेगात्मक अभिलाषा’ वा ‘ईहा’ सम्पूर्ण काममय (sexual) हुन सक्तैन। तर अल्फ्रेड् एड्लरकाझैं युङ्गले व्यक्तिवादी मनोवैज्ञानिक सिद्धान्तलाई मान्दैनन् , र उनको मनोवैज्ञानिक सिद्धान्तको आधार सार्वजनिक वा विश्वव्यापी छ। युङ्ग भन्दछन्, कि फ्रयड्का सिद्धान्त अनुसार मानव-मनोविज्ञानको अर्धचेतन (subconscious) केवल व्यक्तिगत अनुभवहरूको भकारी हुन सक्तैन । यसभित्र त हाम्रा कैयन् पुस्ता र पुरुखाहरूका मनोवृत्तिका परम्परागत संस्कारहरू लुकेका हुन्छन्। यसरी युंगले फ्रयड्का समस्त काम-प्रभावित (sex-driven) मानवको व्यक्तिगत चेतन, अर्धचेतन (conscious, subconscious) बाट उत्पन्न हुने मानिसको व्यावहारिक मनोवृत्तिलाई, व्यक्तिगत कामजन्य प्रभावबाट हुने नमानिकन, कैयन् पुस्ता र पुरुखाहरूका व्यावहारिक मनोवृत्तिका संस्कार मानेका छन्।

यसरी, फ्रयड्को, मानवको मनोविज्ञान, वा मानसिक जगतमा पर्ने सेक्सको व्यापक प्रभावलाई, पछिका मनोवैज्ञानिकहरूले खण्डन गरेका छन्, तापनि मानवको मानसपटमा सेक्सले प्रहार गर्ने चोट्लाई हामी कम दर्दिलो र कम गहीरो

संझन सक्तैनौं। हुन सक्तछ, फ्रयड्ले भनेझैं, मनुष्यको समस्त मन एकोहोरिएर सेक्सतिर मात्र नजान सक्ला; या मनुष्यको व्यवहारको नीचता र महानताको कारण केवल सेक्स मात्र नहुन सक्ला; तर यो निर्विवाद सत्य हो, कि प्रत्येक मनुष्यको मनोवृत्तिको एउटा ठूलो धारा हमेशा सेक्सतिर बगिरहन्छ।

यसको अतिरिक्त, सेक्स जस्तो जीवनको एउटा शक्तिशाली स्वभावको— मनुष्यको उत्थान र पतन, विकास र बिनाश, तथा सुख र दुःखमा— सम्पूर्ण र एकलौटी प्रभाव हुन नसकेतापनि, यसको असर शक्तिशाली हुन सक्छ भन्नुमा अत्युक्ति हुन सक्तैन।

अपशोचको कुरा त यो छ कि जीवनमा सेक्स अत्यन्त महत्त्वपूर्ण र प्रभावशाली भएर पनि मानवको मनोविज्ञान र सेक्सका बीच हमेशा अस्वाभाविक, अकल्याणकारी र असुन्दर सम्बन्ध रहेर आएको छ। मनुष्यको सेक्सप्रतिको व्यवहार सदैव अनैतिक र मैलो छ। सेक्सप्रतिको मानसको यस्तो अप्राकृतिक, मैलो र नकली दृष्टिकोणले उसको जीवनमा दुःख, कष्ट र अल्पायुको कोशेली मात्र लिएर आएको छैन, तर उसको जीवनको असली सौन्दर्य र सुखमा पनि ठूलो आघात पर्न गएको छ।

जस्तो कि हामीले माथि भन्यौं, यद्यपि सेक्स नै जीवन-

मा सर्वेसर्वा हो भन्ने, फ्रयड्को सिद्धान्तलाई हामी नमानौं तापनि, सेक्सको मानव-मनोविज्ञानमाथि पर्ने प्रभाव र मानव-मनोविज्ञानको सेक्समाथि पर्ने प्रभावलाई हामी नमानिकन रहन सक्तैनौं। यदि गहीरिएर विचार गरेको खण्डमा, हामी सेक्सलाई जीवनभित्र अर्को जीवनको रूपमा बाँचेको देख्तछौं। शायद सेक्सको यस्तै स्वभावलाई पत्ता लगाउँदा, फ्रयड्ले यसलाई जीवनको सर्वेसर्वा शक्तिको रूपमा घोषणा गर्ने साहस गरेका थिए। हामी फ्रयड् झैं त्यति टाढ़ा नपुगौं, तापनि सेक्सको जीवनमाथि पर्ने शक्तिशाली प्रभावलाई नमानिकन धर पाउँदैनौं।

खेदको कुरा छ, कि यद्यपि मनुष्य-समाज कतिपय दृष्टिहरूबाट धेरै सभ्य भैसकेको छ, तापनि सेक्सको सम्बन्धमा अझ बिल्कुल असभ्य र असंस्कृत नै छ। समाजमा मानिसले आफ्नो गुप्त अंगहरूलाई कपडाले ढाक्न जान्नु, र स्त्री र पुरुषको सम्बन्धलाई 'विवाह' भन्ने नाम दिएर अनेकन किसिमका सांस्कृतिक र धार्मिक अनुष्ठान-हरूद्वारा सम्बन्ध गराउन र गर्नलाई नै हामी सेक्सप्रतिको मानिसको सम्पूर्ण सभ्य व्यवहार भनेर भन्न सक्तैनौं। बाहिरी जीवन र समाजमा सभ्य, संस्कृत र शिष्ट देखिने मानिसहरू पनि विवाहित जीवनमा, वा गुप्त जीवन (private life) मा असभ्य, असंस्कृत र अज्ञानी सिद्ध हुन सक्तछन्।

जस्तो बाहिरी विकासको निमित्त हरेक व्यक्तिले आफ्नो आत्माको विकास गर्न जरुरत पर्दछ, त्यस्तै मुताबिक हाम्रो बाहिरी जीवनको सुख-शान्ति, स्वच्छता र निर्मलताको निम्ति हाम्रो भित्री जीवन (private life) स्वच्छ र सुख-शान्ति-मय र निर्मल हुन आवश्यक छ।

विवाहित जीवन नै प्रत्येक स्त्री, पुरुषको भित्री जीवन हो। त्यस्तै, विवाहित जीवनसंग विशेष सम्बन्ध राख्ने 'सेक्स' प्रत्येकको भित्री जीवनसंग सम्बन्ध राख्ने एउटा अत्यन्त महत्त्वपूर्ण विषय हो। प्रत्येक युवक, युवती वा स्त्री, पुरुषले आफ्नो यस भित्री जीवनलाई निर्मल, स्वच्छ र स्वस्थ राख्न, सुखी, स्वस्थ र निर्मल जीवनको निमित्त, अत्यन्त आवश्यक कुरा छ।

विश्वास र निश्चयकासाथ भन्न सकिन्छ, कि जसको भित्री जीवन मैलो, अस्वस्थ र असुखी रहन्छ, उसको बाहिरी जीवन कुनै पनि हालतमा स्वच्छ, सुखी र सफल हुन सक्तैन। संसारमा जति पनि ठूला-ठूला मानिसहरू भएका छन्, अथवा भएर गए, उनीहरूका बाहिरी जीवन जस्तो स्वच्छ, निर्मल र महान् देखिन्छन्, त्यस्तै उनीहरूका भित्री जीवन पनि धेरै अंशमा स्वच्छ र निर्मल थिए भन्न सकिन्छ।

कुनै समाजको बाहिरी जीवन स्वस्थ, सबल, सुखी र

उन्नत हुनको निमित्त, त्यस समाजको भित्री जीवन स्वस्थ, सुखी र निर्मल हुन त्यत्तिकै आवश्यक छ, जत्तिको स्वस्थ शरीरको निमित्त स्वस्थ आत्माको आवश्यकता पर्दछ। त्यसकारण, केवल व्यक्तिगत दृष्टिकोणले मात्र होइन, कि राष्ट्र र समाजगत दृष्टिले पनि, कुनै समाजभित्र रहने प्रत्येक व्यक्तिको भित्री जीवन स्वस्थ, सुखी र निर्मल रहन नितान्त आवश्यक देखिन्छ। यसमा ठूलो मनोवैज्ञानिक सत्यता छ। तर अपशोचको कुरा छ, कि हाम्रो अहिलेको समाज यस किसिमको भावना र विचारदेखि अत्यन्त टाढा रहेको देखिन्छ। हामी समाज र राष्ट्रलाई उठाउन चाहान्छौं, तर आफ्नो व्यक्तिगत जीवनलाई उठाउन, यसलाई स्वस्थ, सबल र निर्मल राख्नदेखि हामी कोसौं टाढ़ा भाग्दछौं। यही हाम्रो व्यक्तिगत जीवनको कम्जोरी नै आजको हाम्रो राष्ट्रिय कम्जोरी हो। जबसम्म व्यक्तिको चरित्र बन्दैन तबसम्म राष्ट्रको चरित्र बन्दैन; जबसम्म राष्ट्रको चरित्र बन्दैन, तबसम्म राष्ट्र शक्तिशाली हुन सक्तेन, औ विना शक्तिले राष्ट्रले कहिले विकास र उन्नति गर्न सक्तन। त्यसकारण, कुनै व्यक्तिले आफ्नो चरित्रको विकास गर्नु, विनाश गर्नु, राष्ट्रको चरित्रलाई विकास र विनाश गर्नु हो— किनभने प्रत्येक व्यक्तिको चरित्र नै राष्ट्रको चरित्रको एउटा अंग हो; प्रत्येक व्यक्तिको जीवननै राष्ट्रको जीवनको एउटा योग हो।

यसरी, जब हामी एक व्यक्तिको भित्री जीवन, वा चरित्रको सवाल उठाउँछौं, तब अरु पनि कैयन् विषयहरूका साथ, एक व्यक्तिको चरित्रको विकास र विनाश, अथवा उसको भित्री जीवनको निर्मलता र मैलोपन, र सुख र दुःखको एक प्रमुख र प्रधान कारण हामी 'सेक्स' लाई देख्तछौं। सेक्सको महिमाको समझदारी, सेक्सको सौन्दर्य, सत्यता र महत्ताको बोधले मनुष्यले सच्चा जीवन र त्यसको महान् सन्दौर्यको अनुभव गर्न सक्तछ भने, सेक्सको दुरुपयोग र अनादरले मानिसले जीवनमै मृत्यु अँगाल्दछ। मानिसले कुन पनि कुरालाई जुन दृष्टिले हेर्दछ, र जुन ढंगले, वा योग्यताले त्यसप्रति व्यवहार गर्दछ, ठीक त्यस्तै परिणाम उसले भोग्दछ। यो प्रकृतिको विधान हो। तर प्रकृतिको यो विधान सेक्सको राजमा अरु अचूक, अकाट्य र कठोर भएको हामी देख्छौं। संसारमा जसले सेक्सलाई विलासको सामग्री देख्यो, र यसमाथि विलास गर्‍यो, ठीक सेक्सले पनि उसको जीवनमाथि विलास गरेको छ। त्यस्तै, अझ संसारमा जसले सेक्सलाई विलासको सामग्री देख्तछन्, र यसमाथि विलास गर्न खोज्दछन् सेक्सले पनि तिनका जीवनमाथि विलास गरेर छाड्तछ। यसको विपरीत, जसले सेक्सलाई, जीवन र सौन्दर्य-प्रस्फुटनको स्रोत वा कारणको रूपमा, महिमान्वित देख्तछ, र यसप्रति आदर र सच्चा प्रेमको आदर्श दृष्टिकोण राख्तछ, अवश्य पनि सेक्सले उसको

जीवनलाई महान् महिमामय र सौन्दर्यमय गराउन सक्तछ।

वास्तवमा, सेक्स विलासको हेर्य साधन होइन। सेक्स त जीवन-स्रोतको वाहक हो। प्रत्येक व्यक्ति वा प्राणीको जीवनको महिमामय माध्यम हो। अपशोचको कुरा छ, कि संसारमा धेरै जसा मानिसहरू सेक्सलाई हँसी, ठट्टा र तुच्छ विलासको साधन संझन्छन्। मानिसको सेक्सप्रतिको यस-किसिमको भावना र मनोवृत्ति, मानिस जस्तो चेतनशील र विचारशील प्राणीको निमित्त अशोभनीय मात्र होइन, कि एउटा अत्यन्त दुःख लाग्दो विषय पनि हो। यो कुरा हामी कसले पनि आंलकति गहीरिएर विचार गरेमा बुझ्न सक्तछौं।

कुनै पनि मानिसको सेक्सप्रतिको भावनालाई बुझेर उसको जीवनप्रतिको धारणा र दृष्टिकोणलाई सहजै बुझ्न सकिन्छ। यदि कुनै व्यक्ति शिक्षित भएर, सेक्सप्रति उसको भावना र विचार तुच्छ र मैलो छ भने, उसलाई वास्तविक अर्थमा शिक्षित भन्न सकिन्न। सेक्स र जीवन भिन्न छैनन्। वास्तवमा सेक्स र जीवनको आत्मा एउटै छ। त्यसकारण, जुन शिक्षित व्यक्तिले सेक्सको मूल्य र महिमालाई बुझेको छैन, अथवा सेक्सप्रति उसको विचार र भावना तुच्छ र मैलो छ भने. त्यसको अर्थ यो हुन्छ, कि उसलाई— उसले पाएको शिक्षाले— जीवनको वास्तविक अर्थ र महिमालाई

बुझाउन सकेको छैन। त्यसकारण, आफूलाई शिक्षित र सभ्य संझने प्रत्येक स्त्री, पुरुषले आफ्नो गुप्त जीवनलाई सुन्दर, स्वस्थ र स्वच्छ राख्न सक्नु पर्छ— नराखेमा उसको शिक्षा र सभ्यपना केवल ढोंग हुन्छ ! गुदीको साम्ने बोक्राको केही मोल हुँदैन। अतः प्रत्येक व्यक्तिको भित्री जीवन वा चरित्र उसको जीवनको गुदी हो;— बाहिरी जीवन-स्रोतको मुहान हो। मुहान धमिलिएमा स्रोत धमिलिनु स्वाभाविक हो; त्यस्तै निर्मल रहेमा स्रोत निर्मल रहने कुरा पनि प्रकृतिको एउटा अचूक नियम हो।

हाम्री आमाहरू पनि नारी हुन्

लज्जा र दुःखको विषय हो, कि संसारका अरु-अरु असभ्य समाजहरूमा सरह हाम्रो समाजमा पनि सेक्सप्रति हेय, तुच्छ र कुसंस्कारपूर्ण मनोभाव रहेको छ। कुनै एउटी युवतीलाई अघाड़ि देख्यौं भने हाम्रो मनमा विलासी मनोवृत्ति, ठट्टा, दिल्लगी र हँसीको भावना उठतछ। कयौं युवकहरू त यस्ता पनि हुन्छन्, कि कुनै युवतीलाई देख्नेबित्तिकै उसप्रति आपसमा असभ्यतापूर्ण हँस्यौली, ठट्टा, गफ, चर्चाकोसाथै, संकेत, इशारा आदि गर्नेसम्म पनि हिचकिचाउँदैनन्। त्यस बखत, हामी यो भुल्दछौं कि वास्तवमा 'हाम्री आमाहरू पनि नारी हुन्;— 'हाम्रो जीवनको माध्यम पनि यही सेक्स हो'। मानिसले यदि सेक्सप्रति यस्तो नीचता र असभ्यतापूर्ण

व्यवहार गर्दछ भने, तब मनुष्य-जीवनमा यो भन्दा ठूलो मूर्खता, अज्ञानता र असभ्यता अर्को कुन कुरा हुन सक्तछ !

सेक्स उपार्जनको साधन होइन

अर्को खेदको कुरा यो छ, कि संसारका सभ्य, असभ्य, उन्नत, अनुन्नत सबै देशहरूमा, सेक्स एउटा उपार्जनको साधन बनेर, एउटा बजारिया वस्तुको रूपमा पनि चलिरहेको छ । सभ्य र संस्कृत हुँ भनेर धाक लगाउने मानव-समाजको नाकमा यो भन्दा ठूलो कलङ्क र कालो दाग के हुन सक्छ ! मानिसलाई अलिकति पनि लज्जा र शरम हुँदैन, अलिकति पनि घृणा लाग्दैन, कि जुन शक्तिको माध्यमबाट आमाको गर्भबाट उसले आफ्नो जीवन पायो, त्यही महान् महत्त्वपूर्ण विषयलाई एउटा तुच्छ वस्तुको रूपमा, क्षणिक, नीच, अप्राकृतिक अभिलासाको निमित्त, बजारमा किन्न् ! मानिसलाई अलिकति पनि लज्जा र दुःख लाग्दैन, कि महान् महिमामय मातृत्वलाई बजारको गल्लीमा, तुच्छ, पतित अभिलासीहरूका हातमा बिक्री गर्न् ! पेट पाल्नको निमित्त मातृत्वको यसरी आत्रक लिनु भन्दा, बरु नखाइकन मर्नु धेरै बेश कुरा हो— यसबाट जीवनको महत्ता रहन्छ, मनुष्य-जीवन ो विशेषता र गौरव बच्तछ। होइन भने, कुनै पनि नारीले पेटको निमित्त आफ्नो अनमोल नारीत्व र मातृत्वलाई बजारमा

लैजाने कुनै पनि आवश्यकता छैन। उनीहरूमा केवल साहस र हिम्मत भए, कुनै पनि उपायले जीविका चलाउन सकिन्छ। त्यसको निमित्त केवल हृदयमा पवित्रता, जीवन र नारीत्व, र मातत्वको महिमाको अनुभूति, र समझदारी हुन पर्दछ। यति हुन सके कुनै पनि त्यस्ती नारीलाई, आफ्नू खुट्टामा उभिएर जीवन निर्वाह गर्ने, शक्ति प्राप्त हुन सक्तछ। लोग्ने मानिस केही-न-केही गरेर समाजमा बाँच्न सक्तछ भने, स्वास्नीमानिस बाँच्न नसक्नुमा कुनै कारण छैन। यसको साथै, एउटी नारीको निमित्त मातृत्वको महिमाले युक्त जीवनमा, जुन सौन्दर्य हुन्छ, जुन आनन्दको सागर लहराउँदछ, यसको विपरीत, एउटा विलासी वा वेश्याको जीवनमा, त्यस आनन्द र सौन्दर्य-सागरको, एक बिन्दु मात्र पनि पाउन सकिन्न।

मानिस केवल खान र लाउनको निमित्त जन्मदैन, तर मनुष्य-जीवनको वास्तविक सौन्दर्य र महिमालाई बुझ्न र अनुभव गर्न जन्मन्छ। जीवनको यही सत्यतालाई बुझ्नु नै मनुष्य-जीवनको विशेषता हो। यही समझदारीमा नै उसको जीवनको असली सौन्दर्य फुर्दछ।

यसरी विचार गर्दा, जीवनप्रति हाम्रो मनोभाव अझै असंस्कृत, अपूर्ण र मैलो देखिन्छ। यस मैलोपनको एउटा ठूलो कारण— जस्तो कि माथि नै भनिसकिएको छ— सेक्स-प्रतिको हाम्रो गलत, अनुचित र मैलो भावना हो। यही सेक्स र मानव-मनोभावको बीचको अँध्यारो खाल्टोमा नै

मनुष्य-जीवनको महिमा र वास्तविक सौन्दर्य पुरिंदो छ ।

सेक्स तुच्छ विलासको साधन होइन

अर्को अपशोच लाग्दो कुरा, कि संसारको कुनै पनि देशमा, कुनै पनि समाजमा सेक्सलाई साधारण विलासको साधनको रूपमा हेर्ने मानिसको मनोवृत्ति रहेको छ। तर वास्तवमा सेक्स बजारको मिठाई होइन; न नारीनै मनोरञ्जनकी पुतली हो। पुरुष-समाजको सेक्स र नारीप्रतिको, यस किसिमको भावनाले मनुष्य-समाजको सभ्यता, संस्कृति र ज्ञानमा अझै एउटा ठूलो कमी भैरहेको सिद्ध गर्दछ। धेरै अशमा पुरुष-समाजको यही मनोवृत्तिले नारीलाई पनि यस-क्षेत्रमा बहका-एको छ।

सेक्स संसारमा सबलाई मुफ्त बाँडिने बगैंचाको फल होइन, न 'जसलाई भेट्यो उसलाई दियो' गर्ने यो सस्तो उपहार हो। तर 'सेक्स' जीवनमा कुनै एक व्यक्तिको बहुमूल्य नासो हो; अथवा, एक व्यक्तिको निमित्त एउटा अनमोल उपहार हो— जो जीवनमा दुःख र सुख, हाँसो र आँसु मिलाउन आउँदछ। सेक्स विवाहित जीवनको प्रेम वा स्त्री र पुरुषको प्रेमको एउटा मजबूत आधार हो। त्यसकारण जहाँ प्रेम छैन, त्यहाँ सेक्सको कुनै अर्थ छैन। कसैले अर्थ निकाल्छ भने, त्यस अर्थभित्र वास्तविक सार्थकता छैन। त्यो अर्थ

सेक्सको असली र वास्तविक अर्थको अघाडि केवल मृगतृष्णा (mirage) मात्र हो। त्यो त्यत्तिकै निर्थक छ, जत्तिको आत्महीन शरीर निरर्थक हुन्छ। जस्तो विवाहित जीवनको प्रेमको आधार 'सेक्स' हो; त्यस्तै सेक्सको प्राण वा आत्मा 'प्रेम' हो। प्राण, वा आत्मस्वरूप 'प्रेम'विहीन सेक्स लास हो। सेक्स र प्रेमको सुन्दर सामञ्जस्य र एकीकरण, प्रकृति, मानव-सभ्यता र संस्कृतिको, एउटा ठूलो माग हो। मनुष्यले जीवनको यस पक्षतिर विचार एवं विकासको साधना गर्नु, उसको जीवनको सुख, सौन्दर्य र असली मानवीय संस्कृतिको विकासको निम्ति एउटा अनिवार्य र महत्त्वपूर्ण कुरा छ।

हाम्रो मनोविज्ञान र सेक्सका बीच कुनै विरोध छ भने, यही प्रेम र सेक्सको बीचको अनमेल र असामञ्जस्य नै हो। यस विषयमा डा० ओसवाल्ड भन्दछन्: 'यद्यपि सेक्स-प्रवृत्ति र प्रेम दुइ अत्यन्त भिन्न स्वभाव वा शक्ति हुन् तापनि, यी आपसमा निर्भरशील छन्, र एक-अर्काका पूरक हुन्। विकसित र परिपक्व व्यक्तिमा, प्रेम र सेक्सको यस प्रकारको एकीकरण वा सामञ्जस्य, स्थापित हुन सक्तछ। यही नै सेक्स-मनोविज्ञानको मौलिक सिद्धान्त हो। †

---

† 'The Psychology of Sex' by Dr. Oswald Schwarz

मनोविज्ञानको सेक्समाथि प्रभाव

जस्तो सेक्सद्वारा मानव-मन प्रभावित हुन्छ, त्यस्तै सेक्स पनि मानव-मनका क्रियाहरूद्वारा प्रभावित भएको बुझिन्छ । केवल सेक्सको भावको दृष्टिले मात्र होइन, तर मानसिक क्रियाहरूका प्रभाव, यौनाङ्ग (sexual organ)-हरूमाथि पनि, स्पष्टरूपले परेको वैज्ञानिक परीक्षणद्वारा सिद्ध भैसकेको छ ।

फ्रयडका सिद्धान्त अनुसार, मानव-मन वा आत्माका तीन तह हुन्छन् : चेतन, अधचेतन, अचेतन (conscious, subconscious, unconscious) । फ्रयडका यही सिद्धान्त अनुसार, मानवको मानसिक चिन्तन र व्यवहारको अशर, वा संस्कार मानव-मनको अर्धचेतन (subconscious) मा गएर जम्दछ । स्वाभाविक अवस्थामा चेतन र अधचेतन मनका बीच सहयोग रहन्छ । तर अस्वाभाविक अवस्थामा परस्परमा विरोध चल्दछ । जब चेतन मनले अधचेतन मनको चेतावनी मान्दैन, तब चेतन मनले खतराको सामना गर्नु पर्दछ— कारण जब, जुन कुरामा चेतन मनले अर्धचेतन मनको आशय र चेतावनीलाई नामंजूर गर्दछ, ठीक त्यसै कुरामा, जब चेतन मनले आफ्नो आशय प्रकट गर्दछ, र त्यस विषयलाई व्यावहारिकता दिन खोज्दछ, तब पहिलेको पलिसास्वरूप अर्धचेतन मनले पनि, चेतन मनको आशय र अभि-

प्रायलाई, नामंजूर गरिदिंदछ । यसरी चेतन मनको अभिप्राय र व्यवहारमा सिधा हस्तक्षेप गर्दछ। चेतन र अर्धचेतन मनका बीचको यही विरोध-भावलाई नै, फ्रयडका सिद्धान्त अनुसार, मानसिक विकृति (neurosis) भन्दछन् । यही मानसिक विकृति-दोषबाट, यौनाङ्ग (sex-organ) वा शरीरका अरू यन्त्रहरूका क्रिया (function) मा पर्ने बाधा, वा रुकावटलाई 'neurotic symptom' अर्थात 'मानसिक विकृति-लक्षण' भन्दछन्। जति पनि किसिमका बाधा, रुकावट र अस्वाभाविकता, स्त्री वा पुरुषका यौनाङ्गहरूमा, वा तिनका क्रियामा, देखा पर्दछन्, ती साधारण होऊन्, वा गम्भीर, तिनलाई मानसिक विकारका लक्षण (neurotic symptom) मान्न पर्दछ। अर्थात् यस प्रकारका विकृतिहरूका उत्पत्ति मनोवैज्ञानिक कारणहरूबाट हुन जान्छ ।

हाम्रो मनको क्रियामा चेतन र अर्धचेतन दुवै अभिप्राय-शील हुन्छन् । यसै कारणले गर्दा, मानसिक विकारहरू उत्पन्न हुन जान्छन् । मानसिक विकार त्यसै हुँदैन, जसरी हामालाई न्यूमोनिया हुन्छ, अथवा कुनै रोग लाग्छ, तर मानसिक विकार हाम्रो इच्छाबाट उत्पन्न हुन्छ; हाम्रै विचार, भावना, रहन-सहन; जीवनको परिस्थिति, र वातावरण, इत्यादि नै यसका व्युत्पत्तिका स्थान हुन्। यसमा खासगरेर आत्मरक्षाको प्रबल भावना, कुनै खास परिस्थितिबाट बच्ने

इच्छा, उत्तरदायित्व नचाहानु, अति स्वतन्त्रताको चाहना— यी तथ्यहरू नै मानसिक विकारका कारणहरू मानिन्छन्। यी तथ्यहरूका पनि अर्को मूल कारण— आफूलाई अयोग्य संझनु, र आत्महीनता (inferiority complex) को अनुभव गर्नु मानिएको छ।

मानसिक विकार एउटा कठोर समस्या हो। पारिवारिक वातावरणका विभिद स्वभाव र संस्कारहरूका संगममा हुर्कंदा बालक-बालिकाहरू यस रोगका शिकार बन्दछन्। परिवार नै एउटा बालकको सुन्दर व्यक्तित्व-गठनको निमित्त सबभन्दा उत्तम र आवश्यक स्थान हो, जहाँ एउटा बालकले आफ्नो मनोवृत्ति, अनुभूति-शक्ति, विचार, भावना, आत्मसम्मान, र आत्मविश्वासको विकाश गर्दछ। अशुद्ध र हीन पारिवारिक वातावरणमा एउटा बालकले परिवारका सदस्यहरूका खराब मनोवृत्ति: र चाल-चलनबाट प्रभावित भएर त्यस्तै खराब व्यक्तित्वको साँचामा आफूलाई ढाल्दछ। र उसको जीवनभित्र अनेकन किसिमका अस्वाभाविकताहरूले विकाश गर्ने मौका पाउँदछन्। यसरी जीवनमा नाना किसिमका भयहरू उत्पन्न हुन्छन्, र यी भयहरू भविष्य जीवनमा गएर यति प्रबल हुन्छन्, कि मानिस जीवन-क्षेत्रबाट टाढ़ा भाग्न खोज्दछ; आफूलाई जीवनका परिस्थितिहरूबाट अत्यन्त सुरक्षित राख्ने प्रयास गर्दछ। यस्ता कष्टकारक र हानिकारक अप्राकृतिक स्वभावहरूलाई नै मानसिक विकारका लक्षण

मानिन्छन् ।

यसै शिलशिलामा, उदाहरणको लागि, ख्यातिप्राप्त मनोवैज्ञानिक डा० ओसवाल्डका मानसिक विकारग्रस्त रोगी-हरूमध्ये एउटी महिलाको कहांनी यहाँ दिइन्छ । डा० ओस्वाल्ड भन्दछन् :—

"एउटी २३ वर्षकी महिला थिइन् । उनी सानी बालिका छँदै उनका मातापिताले आफूसमा पाचुकी (divorce) गरेका थिए । उनो पिताकासाथमा रहेकी थिइन् । पिताले उनलाई, छोरीको रूपमा होइन, तर एउटा छोरा, वा साथीको रूपमा व्यवहार गर्दथे, र पिताका हरेक खेलबाडहरूमा उन-लाई सामेल गराइन्थ्यो । पिताको यस प्रकारको व्यवहारले उनलाई छोरीको जीवन भन्दा छोराको जीवन राम्रो लाग्यो । उनले 'म छोरा-मानस हुन्छु' भन्ने मनमनै निश्चय गरिन् । उनका पिता स्वास्नामानसहरूसंग यताउता लपनछपन प्रेम पनि गरी हिड्दथे । पिताको यस्तो व्यवहार कति चोटि आफ्नै आँखाले पनि देखेकी थिइन् । पछि उनलाई पिताप्रति घृणा हुन थाल्यो; किनभने, आफ्ना साथीहरूलाई तिनका पिता-हरूले जस्तो व्यवहार गर्दथे, त्यस्तो व्यवहार उनले पिताबाट पाएकी थिइनन् । उनको भनाई अनुसार, १६ वषको उमेर-सम्म उनलाई सेक्सको केही मतलब थाहा थिएन । उनी कहिलेकाहीं आफ्ना लडका साथोहरूलाई चुम्बन गर्ने इजाजत दिन्थिन, तर यस्तो चुम्बनले उनलाई केही असर पर्दैनथ्यो ।

१७ वर्षको उमेर पुगेपछि यस प्रकारको चुम्बनबाट उनलाई केही उत्तेजनाको अनुभव भयो।

"उनी यो भन्दा पनि केही सानू उमेरकी छँदा, उनले एक प्रकारको अनौंठो आत्मसंतोषको उपाय निकालेकी थिइन्। जब उनी आफ्नो ओछ्यानमा जान्थिन्, तब आत्मसन्तोषको यो अभ्यास उनी गर्दथिइन्। यो अभ्यास गर्दा उनी घोप्टो परेर केही गर्दथिइन् र त्यस बखत उनी यति सारो आँखा चिम्म गर्दथिइन् कि जसमा मनभित्र अँध्यारो भएर त्यो अन्धकारभित्र ताराहरू देखिन्थे, त्यसै बखत उनलाई कुनै विचित्र किसिमको अनुभूति हुन्थ्यो, र उनी त्यो कल्पनाको अँध्यारो, ताराहरू झिलिमिल् गर्ने आकाशबाट अकस्मात तल कता-कता खस्न पुग्दथिइन्। त्यसपछि उनी थकित भएर शान्तिपूर्वक निदाउँदथिइन्। निस्सन्देह, उनले आत्मसन्तोषको यो जुन तरिका निकालेकी थिइन्, र त्यसमा उनलाई जस्तो कल्पना हुन गएको थियो, त्यो अत्यन्त गलत, खतरनाक र हानिकारक थियो, जसमा उनले यही अन्धकार शून्य आकाशबाट तल खस्ने अनौठो, रोमाञ्चकारी अस्वाभाविक अनुभूतिलाई नै नारी-जातिको सेक्स सम्बन्धी अनुभूति रहेछ भन्ने ठानेकी थिइन्।

"उनका पिताले दोस्रो विवाह गरे। परिवारको वातावरणमा अलि केही गड़बड़ी आउनको कारणले गर्दा, यिनलाई इङ्गलॉण्डमा पढ्न पठाइयो।

इंग्लॉण्डमा आएर कुनै लडकासंग उनले प्रेम गरिन , र उसंग सेक्स सम्बन्धी व्यवहार गरिन् , तर त्यस व्यवहारमा उनी बिल्कुल जड र अनुभूतिहीन रहिन् । उनलाई केही थाहा भएन । यो भन्दा अघि पनि उनले अरु दुइ पटक यस्तो व्यवहार गरेकी थिइन् । त्यस बखत पनि उनी बिल्कुल जड जस्ती नै थिइन् । यस प्रकारको जड़ता र ठण्डापनाले उन-लाई लाग्यो, कि अवश्य पनि जीवनको यस क्षेत्रमा अनुभव गर्नको निमित्त, मैले कुनै पुरुषको हातमा आफूलाई बिल्कुल स्वम्पिनु पर्दछ । तर यहाँ 'कुनै पुरुषको हातमा आफ्नो जिन्दगीलाई सधैंको लागि स्वम्पिने' कुरानै उसको जिन्दगीमा सबैभन्दा ठूलो आपत्ति र डरको विषय थियो ।

जब उनी कुनै लड़का साथीसंग सेक्स सम्बन्धी व्यवहार गर्दथिइन , त्यस बखतको उत्तेजना र आवेशमा, उनलाई निर्दयीतापूर्वक कसैले शून्य आकाशबाट एक्लै उँधो घचेटी दिएझैं डरलाग्दो अनुभव हुन्थ्यो । कहिलेकाहीं, जब उनी आफ्नो कल्पनाको आकाशबाट यसरी उँधो खस्ने अन्तिम धारमा पुग्दथिइन् , तब उनी पछाडि हट्र्थिइन् । यसरी उनले जानिन् , कि आखिर यही उँधो खस्ने रोमा-ञ्चकारी अनुभूनै नारी-जीवनको सेक्ससम्बन्धी अनुभूति हो। एक दिन मैले यस्तो अनुभव गर्नै पर्छ, तर अहिले होइन । उनी मनमनै भन्दथिइन्— 'मलाई आफूमाथि पनि विश्वास

छैन, कुनै पुरुषमाथि पनि विश्वास छैन।' — उनको यही भय, यही भावना नै उनको मानसिक विकारको मूल कारण थियो। एक दिन उनले भनेकी थिइन्— 'मलाई थाहा छ, मैले आफ्नो पुरुष-साथीलाई यस्तो अविश्वास गर्न पर्ने कारण केही पनि छैन, तर आखिर मलाई अविश्वास भैहाल्छ।'

"उनको यही आफ्नो पुरुष-प्रेमीप्रतिको अविश्वास र डरले गर्दा, यी महिलाले जीवनमा कहिले पनि सेक्सको सच्चा स्वभावलाई बुझ्न, र यसको सौन्दर्य र आनन्दलाई अनुभव गर्न सकिनन्। यिनको यस प्रकारको मानसिक विकारको मूल कारण थियो— उनका पिता। यिनी बालिका छँदा पिताले यिनीप्रति, एउटा पुरुष-साथीको हैसियतमा गरेको रुखो, अस्वाभाविक व्यवहार, र यस्तो व्यवहारको प्रतिक्रियास्वरूप उनलाई आफ्ना स्त्री-जीवनप्रति उदासीनता, घृणा र अविश्वास हुन जानू; त्यसकोसाथै पिताप्रति पनि घृणा र अविश्वास हुनू; अनि बिस्तार यो अविश्वास र घृणा-भाव आफ्ना पुरुष-साथीहरूप्रति सर्दै जानू; र यहाँबाट पनि विस्तार सर्दै संसारका सारा लोग्नेमानिसहरू-प्रतिनै यस प्रकारको भावना र अनुभूति हुनू— यी सब कुरा-हरूनै यी महिलाको सेक्स-जीवनको बरबादी र अस्वाभाविक अनुभूतिहरूका कारणहरू बन्न गए।"†

† 'The Psychology of Sex' by Dr. Oswald Schwarz.

यसरी हाम्रो शारीरिकता, वा शरीरका अरु यन्त्र-हरू र यौनाङ्ग (sex-organ) हरूमाथि समेत पर्न जाने यही मानसिक क्रियाको प्रभावको परिणामलाई नै, फ्रयडका सिद्धान्त अनुसार, 'मानसिक विकृति-लक्षण' (neurotic symptom)भनिन्छ ।

——

खण्ड ८

सौन्दर्यको परिभाषा (*Definition of Beauty*)

वास्तवमा सौन्दर्यको कुनै खास परिभाषा हुनसक्तेन। सौन्दर्य यही वस्तु हो भनेर, आजसम्म कुनै कवि, कुनै विद्वान्ले निश्चित र स्पष्टरूपले, देखाउन सकेका छैनन्। एमसंन भन्दछन्—'दुर्भाग्यवस मलाई धेरै दार्शनिक विद्वानहरूले भनेका छन्, कि मैले सौन्दर्यको परिभाषा गर्न हुँदैन।' वास्तवमा सही कुरा हो कि सौन्दर्यको कुनै अचल र निश्चित रूप हुन सक्तैन। यदि कुनै सौन्दर्यप्रेमी सौन्दर्यलाई कुनै अचल र निश्चित वस्तु देख्तछ भने, त्यो सोह्रै आना गलत र भ्रम हो।

जस्तो प्रकृतिमा कुनै कुरा अचल छैन, प्रत्येक कुरा चलायमान छ, गतिशील छ, त्यस्तै सौन्दर्य पनि गतिशील छ। सौन्दर्य कुनै एक खास निश्चित तत्त्व होइन, तर जीवनका अगणित मिहीन भाव र तत्त्वहरूका 'गतिशील

संघटन' हो। सौन्दर्य न केवल शारीरिक वस्तु हो, न केवल आध्यात्मिक, तर दुवै शारीरिक र आध्यात्मिक विषयक तत्त्वहरूका सुन्दर सामञ्जस्य र मेलमा सौन्दर्यको गति अनुभव हुन्छ।

कुनै युवक वा युवतीको रूप सुन्दर हुनबित्तिकै उ सुन्दर वा सुन्दरी हुन सक्तैन। केवल गोन्हो अनुहार, मिलेको नाक, राम्रा आँखा, राम्रा ओंठ-मुखनै सौन्दर्यको अन्तिम कसी होइन। कसैले रूपको सुन्दरता पाउन बित्तिकै आफूलाई सम्पूर्ण सुन्दर संझन्छ भने, त्यो समझ बिल्कुल गलत र असत्य हो। त्यस्तै, यदि रूपका कमीमा कोही आफूलाई संसारमा सबैभन्दा नराम्रो संझन्छन् भने, त्यो पनि त्यत्तिकै गलत र भ्रम हो।

जस्तो कि माथिनै भनियो, सौन्दर्य न कसैको हृदयभित्र राशि बनेर बस्तछ, न कसैका चेहेरामा त्यो अचल भएर जम्दछ। सौन्दर्य वास्तवमा एक गति हो; यसको कुनै अचल र निश्चित रूप छैन।

स्वस्थ्य औ सुखी प्रेमी र प्रेमिकाका निम्ति जूनेली रात एउटा अपार सौन्दर्य हुन सक्तछ भने, एउटा भोकाएको गरीब र लाञ्छित व्यक्ति, वा एउटा रोगग्रस्त व्यक्तिको निमित्त, त्यसमा कुनै किसिमको सौन्दर्य हुन सक्तैन। त्यस्तै, जूनेली रातमा एउटा साधारण व्यक्तिले जति सुन्दरताको अनुभव

गर्दछ, त्यो भन्दा कैयौं गुणा बढ़ी मात्रामा एउटा भावुक कवि, वा दार्शनिक अनुभव गर्न सक्दछ। त्यस्तै, न कसैका सुन्दर, राम्रा आँखाको तिरस्कारपूर्ण हेराई हामीलाई प्यारो लाग्दछ, न कसैका राम्रा ओंठहरूबाट निक्लेका तिरस्कारका बचनहरू हामीलाई मन पर्छ। कसैको रूप राम्रो हुनबित्तिकै त्यो व्यक्ति हामीलाई प्रिय लाग्न सक्छ भन्ने संझनु बिल्कुल भ्रम हो। बरु राम्रो रूपकोभित्र नराम्रो स्वभाव भन्दा, नराम्रो रूपभित्र राम्रो शील संसारमा सबैलाई मन पर्छ। यस दृष्टिले शारीरिकतामाथि आध्यात्मिकताको विजय भएको हामी स्पष्टरूपले अनुभव गर्दछौं। तर यसो भन्नुको मतलब शारीरिक सौन्दर्यको कुनै मोल हुन सक्तैन भन्ने होइन, तर शारीरिकताको अपेक्षा आध्यात्मिकता वा हार्दिकतालाई हामीले सौन्दर्यको कसी मान्यौं भने, हामी धेरै सत्यको नजिक आइपुग्दछौं भन्ने यस तर्कको आधार हो।

लला र मजनूको कहानी संसारमा धेरै मानिसहरू जान्दछन्। मजनू लैलामाथि पागल थिए। मजनूको निमित्त लैला संसारमा सबै भन्दा राम्री थिई। तर वास्तवमा लैला सबैको निमित्त राम्री थिइन। एक दिन कसैले मजनूलाई सोधे—'मजनू! तिमी लैलामाथि किन यस्तो पागल छौ? लैला के राम्री छ? लैला भन्दा कैयौं गुना बढी राम्री, सुन्दरी तिमी पाउन सक्तछौ।' यसको उत्तरमा मजनूले भने—'लैलाको सुन्दरता तिम्रो आँखाले होइन, मेरो आँखाले यदि

तिमीले हेर्न सके, तिमी जान्ने थियौ कि लैला कति सुन्दरी छ !'

मजनूको यस भनाई र अनुभूतिमा ठूलो मनोवैज्ञानिक सत्यता छ। यद्यपि लैला त्यति राम्री नहुन सक्तछे। तर मजनूको निमित्त लैला संसारमा सबैभन्दा राम्री भएकीमा, हामीले आश्चर्य मान्ने कुरा केही छैन । मजनूको निमित्त लैला जस्ती सुन्दरी देखा परी, त्यसको पछाडि ठूलो मनोवैज्ञानिक कारण छ । त्यो कारण हो, लैलाको मजनूप्रतिको सच्चा प्रेम, अपार त्याग र भक्ति ।

राम्रो स्वभाव र रसीलो हिस्सी भएको मानिस हामी सबैलाई राम्रो लाग्छ, चाहे रूपमा उ कम नै होस्। त्यसमा पनि आफ्नो निमित्त कोही ज्यान दिन सक्तछ, आफूलाई लूटाउन सक्तछ भने, उ कसलाई प्रिय नलाग्ना ?— सबैलाई प्रिय लाग्दछ;— यो व्यावहारिक सत्य हो। त्यसकारण, मजनूलाई हामी अन्धो भावुक प्रेमीको पदवी दिन सक्तैनौं । लैला र मजनूका जस्तो प्रेम, नल, दमयन्ती, सत्यवान र सावित्रीका जस्तो प्रेम, स्त्री र पुरुषको असली प्रेमका ज्यूँदा उदाहरण हुन्। वास्तवमा स्त्री र पुरुषको जीवनमा, वा विवाहित जीवनमा, यस्तै त्याग र तपस्यामय प्रेम जीवनको माग हो, हृदयको आशा हो ।

त्यसकारण सौन्दर्यको धेरै ठूलो अंश हाम्रो मानसिक

प्रवृत्ति, विचार, भावना, वा आध्यात्मिक परिस्थितिमाथि निर्भर रहेको हाम्रो अनुभव गर्दछौं। जुन कुरा जति हाम्रो मानसिक, वा आध्यात्मिक परिस्थितिमाथि निर्भर गर्दछ, उति त्यो कुरा हाम्रो मानसिक, वा आध्यात्मिक गतिसंग गतिशील रहन्छ। त्यसकारण, जीवनमा सौन्दर्यको अनुभूतिको निमित्त, जतिको भौतिक परिस्थिति अनुकूल हुन आवश्यक छ, त्यत्तिकै, अझ त्यो भन्दा बढ़ी मात्रामा, हाम्रो भौतिक परिस्थितिभित्र, हाम्रो मानसिक र आध्यात्मिक स्थिति उन्नत र अनुकूल हुन आवश्यक देखिन्छ।

अतः कुनै पनि युवक, युवतीले विवाहित क्षेत्रमा उत्रंदा सुन्दर वा सुन्दरी साथी खोज्नु नराम्रो कुरा होइन, तर साथीको सुन्दर चेहेरामा नै आफ्नो सौन्दर्यको प्यास तृप्त होला भन्ने सोच्नु बिल्कुल भ्रम हो। उदाहरणको लागि, कुनै एउटी सुन्दरी पत्नीले आफ्नो पतिलाई, प्रत्येक कुरामा, उसको मान-अपमानको ख्याल नगरिकन, व्यवहार गर्नाले, उसको इच्छा, अभिलाषा र चाखलाई लत्याएर हिडने स्वभावले, अथवा हरेक व्यवहारमा उसलाई उछिन्ने, होच्याउने र वास्ता नगर्ने मनोवृत्तिले र विवाहित जीवनमा धोखा दिने काम गर्नाले, भन्न सकिन्छ, कुनै [१]ऊर्वशी, कुनै [२]हेलेन, पतिको निमित्त वास्तवमा सुन्दरी हुन सक्तिन। त्यस्तै मुताबिक, कुनै सुन्दर पतिले आफ्नी पत्नीप्रति त्यस्तै व्यवहार गरेमा त्यो सुन्दर

१. ऊर्वशी अप्सरा. २. यूनान (ग्रीस) की विश्व-सुन्दरी।

पति पत्नीको निमित्त कहिले सुन्दर हुन सक्दैन— यो व्याव-हारिक:अथवा मनोवैज्ञानिक सत्य हो ।

संसारकी सबैभन्दा राम्री स्वास्नीमानिसले एउटा पुरुषको हृदय समाउन नसकेको कुराको प्रमाण दिन इतिहास साक्षी छ । नेपोलियन बोनापार्टका भतिजा तृतीय नेपोलियनले मेरी यूजेनी, तिनताककी विश्व-सुन्दरी, संग प्रेम-विवाह गरेका थिए। मेरी यूजेनी त्यस बखत साच्चैनै संसारमा सबैभन्दा राम्री स्वास्नीमानिस थिई। तर यूजेनीको कचकचे, शंकालु र पतिको मान-अपमानको ख्याल नगर्ने, र आफ्नो रूपको अभिमान गर्ने स्वभावले, पछि तृतीय नेपोलियनले यूजेनीसंग प्रेमको सम्बन्ध तोडिदिए। यसरी संसारकी सबैभन्दा राम्री नारीको रूप-शोभा, एउटा पुरुषको निम्ति बेकारको जड चीज बन्न गएको थियो ।

यस्तै किसिमको अर्को घटना, संसारका सर्वश्रेष्ठ उपन्यासकार लियो काउन्ट टल्सटायका जीवनमा पनि घट्न गएको छ । टल्सटायका विवाह त्यस बखतको एउटा संभ्रान्त रूसी परिवारकी एउटी सुन्दरीसंग भएको थियो। उनीहरूका जीवनको निकै लामो समय अत्यन्त सुखमय भएर, जीवन वास्तवमा अत्यन्त सुन्दर प्रतीत भएको थियो। तर पछि दुर्भाग्यवस टल्सटायका विचार, भावना पत्नीको विचार-संग मेल खान सकेन; अथवा टल्सटाय जब ऐसी र विलासी जीवनलाई तिलाञ्जलि दिएर, देश, समाज र मानवजातिको

कल्याणको निमित्त, विलास र ऐस-आराम लाई अगेनामा हालेर, सरल जीवन र उच्च विचार लिएर कर्म-क्षेत्रमा उत्रिए, त्यस बखत श्रीमती टल्सटायलाई पतिको विचार मन परेन; र, सहयोग दिनको बदलामा, उनले प्रत्येक कुरामा पतिको विरोध गर्न थालिन्। उनका कार्य र विचारधारामा, अनेक किसिमका कचकच र झगड़ा गरेर, बाधा दिन थालिन्। आखिर टल्सटायले पत्नीको यस्तो स्वभावलाई कुनै तरहले पनि सुधार्न सकेनन्; र जीवनको आखिरी अवस्थामा उनले विवस भएर पत्नीसंगको सम्बन्धबाट टाढ़ा रहने कोशिश गर्न थाले। अन्तमा मर्ने बेलामा उनले पत्नीको मुख नहेर्ने प्रतिज्ञा गरे। एकदिन आँधिब्यारी चलेको बखत आधा रातको समयमा बिरामी हालतमा घरमा कसैलाई थाहा नदिकन बाहिर निस्के। साताादिन पछि केही टाढ़ा गाउँको एउटा रेल्वे स्टेशनमा संसारको एउटा महान् कलाकार, समस्त मानव-जातिको एउटा पथ-प्रदर्शक, प्रेमको साकार मूर्ति, न्यूमोनिया भएर, मृत अवस्थामा लड़िरहेको पाइयो।

यी घटनाहरू— विवाहित जीवनमा पति र पत्नीका बीचको हार्दिक वा आध्यात्मिक प्रेम, अथवा सौन्दर्यको, अभावका— परिणाम हुन्। यस्ता अरू पनि कैयन घटनाहरू इतिहासमा खोजे पाउन सकिन्छ। यस्ता घटनाहरूबाट, जीवनमा, हार्दि प्रेम वा सौन्दर्यको कति ठूलो महत्त्व रहेछ भन्ने कुरा थाहा हुन्छ। तर हार्दिक सौन्दर्यको साथसाथै

शारीरिक सौन्दर्य पनि मिल्न सके निस्सन्देह सुनमा सुगन्ध हुन सक्तछ । नत्रभने, सुगन्धविनाको सुनभन्दा, सुगन्ध भएको चाँदी सबैलाई प्यारो लाग्न सक्छ । अथवा वास्ना-विनाको फूलभन्दा वास्नादार केही नराम्रो फूल प्रिय हुन सक्तछ । किनभने, शारीरिक सौन्दर्य सीमित छ भने हार्दिक वा आध्यात्मिक सौन्दर्य असीमित छ । हार्दिक सौन्दर्यको गतिशीलताबाट नै शारीरिक सौन्दर्यले गति पाउँदछ । हार्दिक सौन्दर्यको अभावमा शारीरिक सौन्दर्य गतिहीन रहन्छ; र यसको गति उँभोतिर बढ्नको बदला उँधोतिर खस्तछ ।

सौन्दर्य वस्तु होइन भाव हो

मेरो विचार छ, सौन्दर्य कुनै वास्तविक वस्तु होइन, सौन्दर्य भाव हो । त्यसकारण, सौन्दर्यको विशेष सम्बन्ध वस्तुसंग होइन, भावसंग हुन्छ । जो मानिस जति भावुक हुन्छ, अथवा जीवन र प्रकृतिका विषय-वस्तुहरूमाथि विचार गरेर, जति गहीरो उसले बुझ्न सक्तछ, उतिनै गहीरो उसले ती विषय-वस्तुहरूलाई अनुभव पनि गर्न सक्तछ । जस्तो हामीले माथि जूनेली रातको विषयमा एउटा भावुक कवि वा दार्शनिक र, एउटा साधारण व्यक्तिका बीच भावात्मक तुलना गरी हेर्‍यौं, त्यही उदाहरण यहाँ पनि प्रयुक्त हुन सक्तछ । एउटा साधा-रण मानिसलाई भन्दा एउटा भावुक कवि वा दार्शनिकलाई

जूनेली रात ज्यादा राम्रो लाग्नुमा विषय-वस्तुको कुनै भिन्नता छैन— उही जूनेली रात हो; तैपनि यी दुइ थरिका व्यक्तिहरू-का अनुभवमा ठूलो अन्तर छ। यस अन्तरलाई हामी केवल भावात्मक अन्तर भन्दछौं। यस दृष्टिबाट जीवनमा सौन्दर्यको अनुभूतिको निमित्त वस्तुभन्दा भावको आवश्यकता पर्दछ भन्ने कुरा प्रष्ट हुन्छ।

त्यसकारण, जीवनको असली सौन्दर्यलाई अनुभव गर्न चाहाने प्रत्येक विवाहित प्रेमी, प्रेमिकाले सौन्दर्यको निमित्त वा आनन्दको निमित्त केवल भौतिक वस्तुहरूका संग्रह, तिनका खोज र चाहनाले मात्र तिनलाई जीवनको असली सौन्दर्यको अनुभूति दिन सक्तैन। अतः जहाँसम्म भौतिक वस्तुहरूको प्रश्न छ, मानिसले आवश्यकता भन्दा बढ़ी लोभ र लालचा गर्नु, अथवा आफ्नो क्षमतादेखि बाहिरको वस्तुउरूका लोभ-लालचा लिएर त्यसैको फिक्रीमा डुब्नु, कुनै उचित र बुद्धिमानी कुरा होइन। यस किसिमको असम्भव र शक्तिदेखि बाहिरको लोभ-लालचले कसैलाई पनि जीवनको सौन्दर्य र आनन्दको अनुभूति दिलाउन सक्तैन। बरू जीवनमा अनुभव भइरहेको, वा हुन सक्ने आनन्द र सौन्दर्यको अनुभूति पनि मर्दछ। यसो भन्नुको मतलब त्यो होइन, कि हामी जीवनमा ठूलो-ठूलो आकांक्षा नराखौं; संसारका अरू उन्नत देशहरू सरह समृद्धिशाली हुने कोशिश नगरौं— अवश्य कोशिश गरौं— त्यसको निम्ति

मरौं-मिटौं; तर जीवनमा जुन बखत जति पाइन सक्छ त्यतिमा सन्तुष्ट र आनन्दित रहन पनि सिकौं।

जीवनको सौन्दर्य र आन्दलाई अनुभव गर्नको निमित्त आवश्यक र सम्भवभन्दा बढ़ना भौतिक वस्तुहरूका पछाडि दौड-धूप गर्नु भन्दा, र त्यसको चिन्तामा डुबेर जीवनमा अशान्ति ल्याउनुभन्दा जीवनको आध्यात्मिकता वा भाव-पक्ष-लाई विकाश गरेर भावको दृष्टिले जीवनको सौन्दर्य र आनन्दलाई अनुभव गर्न खोजे निस्सन्देह प्रत्येक स्त्री, पुरुषले जीवनको सच्चा सौन्दयलाई अनुभव गरेर, जीवनमा सुखी रहन सक्तछन्।

जीवनमा भावको विकाशको निमित्त हामीलाई सर्व-प्रथम शिक्षाको आवश्यकता पर्दछ। विना शिक्षाको घच्घ-च्याइले हाम्रो हृदयको दैलो उघ्रँदैन; न हाम्रो मगजको पर्दा खुल्दछ। जीवनमा भावको विकाश हुनु, हाम्रो मगजको पर्दा खुल्नु र हृदयको दैलो उघ्रनु हो। जसको जीवनमा जति भावको विकाश हुन्छ, उति उसले जीवन, सृष्टि र प्रकृति-लाई बुझ्ने क्षमता प्राप्त गर्दछ; जीवनलाई गहीरिएर अनुभव गर्न सक्तछ। अनि जति उसको यो क्षमता बढ्दै जान्छ, उति उति जीवन, प्रकृति र सिर्जनालाई गहीरिएर अनुभव गर्ने शक्ति उसमा आउँदछ। यसरी उसको भावको जगत् विशाल, व्यापक भएर खुल्दछ। अनि यही भावको जगत्भित्र

उसको सौन्दर्य र आनन्दको राज पनि खुल्दछ।

जीवनमा भावको विकाशको निमित्त केवल स्कूल र कालेजमा पाइने शिक्षा पर्याप्त हुन सक्तैन। जीवनमा सच्चा भावको विकाशको निमित्त स्कूल र कलेजको शिक्षाको अतिरिक्त हामीलाई अर्को विशेष किसिमको शिक्षाको आवश्यकता पर्दछ— त्यो शिक्षा हो साहित्य-शिक्षा। साहित्यमा काव्य, दर्शन, मनोविज्ञान, इतिहास, आदि विषयहरुका अध्ययन र मनन, र साथै यस क्षेत्रमा केही आफ्नो पनि भावना दिने प्रयास गर्नाले हाम्रो हृदय उच्चतम् भाव र भावनाहरुले भरिंदछ। जसले जति यस भावको जगत्मा अध्ययन, मनन र चिन्तन गर्दछ, उति उसको भावानुभूति-शक्ति जाग्रत हुन्छ; अनि जति उसको भावानुभूति-शक्ति जाग्रत हुन्छ, उति उसको निमित्त जीवन र जगत्का सुन्दर वस्तुहरू झन्झन् सुन्दर र मोहक प्रतीत हुन्छन्।

त्यसकारण, विवाहित जीवनको असली सौन्दर्यको अनुभवको निमित्त प्रत्येक युवक, युवती अथवा स्त्री, पुरुष शिक्षित हुनै पर्दछ। उनीहरूका भावको जगत् खुल्नै पर्दछ। मनुष्य केवल हाड़-मासुको पिण्ड होइन; तर मनुष्य खास-गरेर आत्मा, चेतन र भाव हो। मनुष्य-जीवनको असली सौन्दर्य र सुख उसको भावको जगत्मा हुन्छ, यद्यपि उ भौतिक शरीरभित्र बाँच्तछ। भौतिक जगत् केवल उसको सहारा हो। अतः प्रत्येक विवाहित युवक, युवती वा स्त्री,

पुरुषले परस्परको जीवनको विशेषता र महिमा, अथवा स्त्रीत्व र पुरुषत्वको विशेषता, महिमा र सौन्दर्यलाई गहीरो भावात्मक दृष्टिले बुझ्ने र अनुभव गर्ने प्रयास गर्नुमा नै विवाहित जीवनको असली र उच्चतम सौन्दर्य निहित रहन्छ। यही प्रयासमा हामीलाई जीवनको सच्चा सौन्दर्यको अनुभूतिद्वारा उच्चस्तरीय आनन्दको अनुभव हुन सक्छ।

जीवनको सौन्दर्य हाम्रो चेहेरामा होइन, तर खासगरेर हाम्रो बौद्धिकता, हाम्रो हृदय, वा आत्माको भावमाथि निर्भर गर्दछ। यसो भन्नुको मतलब यो होइन, कि शारीरिक सौन्दर्यमा कुनै आकर्षण छैन। कुनै एउटी सुन्दरीले एउटा पुरुषसंगै विवाह गरोस्; या एउटा सुन्दर युवकले एउटी कुरूपा नारीलाई नै आफ्नी जीवनभरकी संगिनीको रूपमा ग्रहण गरोस्। तर भनाइको तात्पर्य हो, कि हाम्रो शारीरिक सुन्दरता र असुन्दरताको स्तरलाई नजिकै राख्नु गलत हो। अथवा भन्नको मतलव, हाम्रो शारीरिक सुन्दरता र असुन्दरताका दुइ स्तर प्रशस्त फराक रहनु पर्दछ। हामीले शारीरिक सौन्दर्यलाई कुनै खास मोडेल- अथवा हेलेनको जस्तो शारीरिक सौन्दर्य, वा सावित्री र दमयन्तीको जस्तो रूप-माधुर्यको कल्पना गरेर, त्यसैको आधारमा सौन्दर्यमाथि विचार गर्नु कुनै सत्य र वैज्ञानिक विवेचना हुन सक्तैन। यो त एकल्काँटे तौल हो। अलिकति गाला, नाक र मुख अथवा

दाँत, ओंठ र केश भने जस्तो नमिल्दैमा, वा अनुहार अलि-कति कालो हुँदैमा, र अलिकति उमेर ढल्दैमा संसारमा कोही पनि नराम्रो र आकर्षणरहित हुँदैन, यदि कि, यस्तो व्यक्ति-भित्र सुन्दर व्यक्तित्वको समावेश भएको छ भने; यदि कि उसले आफ्नो हृदयको सौन्दर्य खोल्न जानेको छ भने। त्यस-कारण मेरो सिद्धान्त छ— शारीरिक सुन्दरता र कुरूपताका दुइ स्तरका बीच प्रशस्त ठाउँ रहनु पर्दछ, र सौन्दर्यलाई आँखाले मात्र होइन; हृदयले पनि, अथवा भावको दृष्टिले पनि, विवेचना गरिनु पर्दछ।

कुनै एउटा सुन्दर युवकले जीवनमा उ जस्तै सुन्दरी संगिनी पाए मात्र उ सुखी हुन सक्तछ भन्ने संझनु कुनै निश्चित र पक्का कुरा होइन। विवाहित जीवनमा आवश्यक आत्मा र हृदयको सामञ्जस्य, अथवा त्याग र तपस्यामय प्रेमको स्थापना हुन नसके, आफू सरह मात्र होइन, आफूभन्दा हजार गुणा राम्री पत्नी, वा राम्रो पति पाउन सके तापनि, विवाहित जीवनमा कोही सुखी हुन सक्तैन। यसको ठीक विपरीत, जीवनमा आफूभन्दा कम राम्रो पति, वा कम राम्री पत्नी, पाएर पनि दुइ जीवनलाई त्याग र तपस्यामय प्रेमको बन्धनले बाँध्न सके, अथवा बाँध्न जाने निश्चय पनि आफू-भन्दा कम राम्रो साथी, वा कम राम्री संगिनीको अनुहारमा पनि सौन्दर्यको एउटा अद्भुत चमक देखिन सक्तछ— जुन चमकलाई अरुले देख्न सक्तैन।

वास्तवमा जहाँसम्म स्त्री र पुरुषको सम्बन्धको प्रश्न छ, हामी टाढ़ाबाट कसैको रूप हेर्दछौं, तर नजिकबाट हामी उसको हृदय छाम्दछौं। जब हामी कसैको नजिक हुन्छौं, हामीलाई उसको रूप वा शारीरिकताको भन्दा, उसको शील र स्वभावको, उसको हृदयको, उसको आन्तरिक व्यक्तित्वको बढ़्ता ख्याल हुन्छ, र कुनै व्यक्तिको यही आन्तरिक व्यक्तित्वप्रति हाम्रो ध्यान जान्छ; हामी चाख लिन्छौं, र ज्यादा प्रभावित पनि हुन्छौं।

त्यसकारण, सौन्दर्यको विषयमा म एमर्सनको विचारसंग सहमती राख्तछु। वास्तवमा सौन्दर्यको कुनै निश्चित आदर्श वा मोडेल अथवा स्तर खडा गर्न सकिन्न, किनभने, जस्तो कि माथिनै भनियो, सौन्दर्य विशेष भावात्मक तत्त्व हो। यसको गति हाम्रो मानसिक, हार्दिक र आध्यात्मिक गतिमाथि निर्भर गर्दछ। त्यसकारण कुनै भावात्मक अथवा हृदय, मन र आत्मामाथि निर्भर गर्ने वस्तुको कुनै खास निश्चित आदर्श वा स्तर खड़ा गर्नु, र त्यसको ठीकुवा परिभाषा गर्नु एउटा अनिश्चित र विवेकरहित कुरा हुन जान्छ।

आखिर जहाँसम्म स्त्री–पुरुषको सम्बन्ध, सौन्दर्य र सुखी विवाहित जीवनको प्रश्न छ, शारीरिक सौन्दर्यभन्दा हार्दिक सौन्दर्यको बढ्ता महत्त्व र माग भएको बुझिन्छ। त्यसकारण विवाहित जीवनमा प्रत्येक युवक, युवती वा स्त्री,

पुरुषले आफ्नो हृदयलाई हरेक तरहले सुन्दर गराउन सकेमा, अर्थात् हृदयलाई प्रेम, क्षमा, करुणा, दया, सहानुभूति र सहयोग, औ त्याग र भक्तिको भावनाले श्रृंगार्न सकेमा आफ्नो पति, वा पत्नीलाई भरजिन्दगी अद्भुत सौन्दर्यको आकर्षणले मोहित पारिराख्न कुनै पनि व्यक्ति समर्थ हुन सक्छ— यसमा शंका छैन। वास्तवमा सौन्दर्य शरीरको भन्दा हृदयको वस्तु हो। हृदय नै सौन्दर्यको मुहान हो। बाहिर देखिने रूप केवल भित्रको छिटफुट प्रकाश मात्र हो।

—०—

खण्ड ६

तपाइकी पत्नी

तपाइकी पत्नी तपाइको जीवन हो; तपाइको जीवनको उत्थान हो; तपाइको सौन्दर्य तथा सुख हो; तपाइको आनन्द हो; छोटकरीमा तपाइको सबस्व हो। त्यस्तै तपाईं पनि तपाइकी पत्नीको सर्बस्व हुनुहुन्छ। तर यहाँ केवल तपाइकी पत्नीको विषयमा मलाई केही भन्नु छ, त्यसकारण म यसै विषयमाथि यहाँ चर्चा गर्नेछु।

तपाइको पत्नीको विषयमा तपाईं के सोच्नु हुन्छ; म त उनलाई धरती जस्ती सहनशीला, जूनेली जस्ती निर्मला, शीतल र आमा जस्ती स्नेहशीला अनुभव गर्दछु। यद्यपि संसारमा आमाको प्रेम सबभन्दा महिमामय प्रेम हो; त्यस्तै यद्यपि संसारमा हामी सबैसंग प्रेम गर्दछौं; तरपनि एउटा पुरुषको जीवनको प्रेमको पूर्णता, उसको प्रेमको अनुभूतिको तृप्ति, सौन्दर्यको रूपमा प्रेमको अनुभव— यी सबकुरा एउटा पुरुषले केवल आफ्नी पत्नीको प्रेममा मात्र अनुभव गर्न सक्तछ।

याद राख्नोस्, तपाइँकी पत्नी एउटी नारी हुन्। एउटी नारीको निमित्त विवाहित जीवन, पुरुषको निमित्तभन्दा, धेरै बढ्ता महत्त्व राख्तछ। र एउटी नारीले विवाहित जीवनको महत्त्व र सौन्दर्यलाई, पुरुषले भन्दा, धेरै गहीरिएर अनुभव गर्न सक्तछिन्। एउटी नारीको निमित्त विवाह उसको जीवन-को एउटा ठूलो ध्येय र लक्ष्यको रूपमा देखा पर्दछ; उसको जीवनको एउटा महान धर्म र उत्तरदायित्वको रूपमा उसले अनुभव गर्दछे। विवाहभित्रनै उसले आफ्नो सुख-सौन्दर्य र आनन्दको जगत् देख्तछे। तर प्रायः गरेर संसारमा उउटी नारीको हृदयको यो आशा, अभिलाषा निराशामा बदलिन्छ। उसले अक्सर आफ्नो सपनालाई विफल भएको देख्तछे, र उसलाई जीवन मिथ्या र बोझा प्रतीत हुन्छ।

विवाहको भावना र विचारले एउटी नारीको हृदय-लाई जसरी समाउँदछ, जसरी स्पर्श गर्दछ, त्यसरी अथवा त्यत्तिकै एउटा पुरुषको हृदयलाई स्पर्श गर्दैन— चाहे त्यो पुरुष जतिसुकै भावुक होस्। एउटी नारीको अघाड़ि जब विवाहको प्रश्न आउँदछ, अथवा जब उसको मनमा यस्तो विचार, भावना उठ्तछ, तब पतिको प्रेमको साथसाथै उसलाई आफ्नो भावी सन्तानको याद पनि आउँदछ। अरु याद मात्र होइन, विवाहित जीवनको प्रेमको फलस्वरूप, आफ्नो गर्भबाट जन्मने फूलझैं निर्मल र सुन्दर बालखलाई काखमा खेलिरहेको

कल्पना गरेर, अपार प्रेम र मातृ-स्नेहले रसाएको उसको कोमल हृदय कुनै दिव्य माया-ममता र प्रेमको अनुभूतिले पुलकित र कम्पित भएर हिल्दछ। तर पुरुषको निमित्त, कतिले त हुने भावी सन्तानको विषयमा केही सोच्दैनन्; कतै सोचे तापनि त्यस सोचाइमा कुनै मर्मस्पर्शी अनुभूति तिनलाई हुँदैन। तर कुनै-कुनै भावुक र कोमल-हृदय पुरुषलाई आफ्नो सन्तानको संझना र उनीहरूप्रतिको आफ्नो जिम्मेदारीकोसाथै ठूलो स्नेहको पनि अनुभव हुन सक्तछ।

पतिको प्रेम नै नारीको सर्वस्व

विवाहित जीवनमा एउटी नारी पतिको प्रेम सिवाय अरु केही चाहँदिन। तपाईं यदि गरीब हुनुहुन्छ भने, संसारको निमित्त तपाईं गरीब हुनुहोला; तर तपाइँकी पत्नीको निमित्त तपाईं गरीब हुनुहुन्न। तपाइकी पत्नी तपाइसंग जे चाहान्छिन्, त्यो तपाइको धन-सम्पत्ति होइन, न तपाइको गोह्रो अनुहार र पच्चीस वर्षीय जवानी मात्र हो। तर खासमा तपाइको पत्नी तपाइसंग जे चाहान्छिन् त्यो हो केवल तपाइको हृदयको सच्चा प्रेम— प्रेम जुन शारीरिक र हार्दिक दुवै दृष्टिले परि-पूर्ण छ।

वास्तवमा तपाइकी पत्नी तपाइसंग नभएको दुनियाको दौलत माग्दिनन्, यदि कि उनले तपाइबाट आशा गर्ने शारीरिक र हार्दिक प्रेमलाई तृप्ति दिनसक्नु भो भने। तपाइ-

की पत्नी केवल हाड़-मासुकी पुतली होइनन। तपाईं उनको छातीभित्र नील गगन जस्ता हृदय पाउनु हुन्छ, जुन हृदयको माया, ममता, प्रेम र स्नेह असीमित छ, अथाहा छ, अशेष र अनन्त छ। केवल तपाइसंग त्यो प्रेमको, त्यो स्नेहको, त्यो ममताको भण्डार खोल्ने बुद्धि र कलाको कुञ्जी हुनु पर्दछ। नारीको हृदयभित्र विश्व अटतछ, जस्तो नीलग गनभित्र विश्य अटेको छ। केवल तपाइले नारीको यस्तो हृदयलाई बुझ्न पर्दछ। केवल नारी-हृदयको संसारभित्र पस्ने प्रयास गर्नुपर्दछ। जब तपाईं मानव-हृदयको यस संसारभित्र पस्नु हुन्छ, तपाइलाई सुखी हुनुको निमित्त दुनियाको कुनै दौलत र ऐश्वर्यको आवश्यकता पर्दैन। परन्तु यसो भन्नको मतलब यो होइन, की तपाईं जीवनमा धन-दौलत नचाहानु होस्— चाहानुहोस अवश्य, तर धन-दौलतलाई नै, जीवनमा, सुखको संसारभित्र प्रवेश गर्ने टिकट नसंझनोस।

एउटा पुरुषको निमित्त एउटी नारीको हृदय, उसको पुरुष-जीवनको सुखको निमित्त, एउटा महत्त्वपूर्ण र आवश्यक कुरा हो। त्यस्तै एउटी नारीको निमित्त पनि उसको जीवनको सुखको लागि एउटा पुरुषको हृदय त्यत्तिकै आवश्यक र महत्त्वपूर्ण हुन्छ। जस्तो कि माथिनै भनियो, तपाइकी पत्नी तपाइसंग नभएको वस्तु माग्दिन, तर तपाइँसंग भएको वस्तु नै उनी माग्दछिन— ती वस्तु हुन्: तपाइको जीवन, तपाइको आत्मा, तपाइको हृदय। यी वस्तुहरू तपाइका हातमा छन्;

तपाइका निजी कोषमा यी चीजहरू हमेशा मौजूदा रहन्छन्। तपाईं जहिले प्रयोग गर्नोस्, जति खर्च गर्नोस्, जीवन छँदासम्म यी वस्तुहरू कहिल्यै पनि कम हुँदैनन्, घट्तैनन्, बरू जीवनमा यी निधि, यी विभूतिहरू तपाईं जति दिन सक्नुहुन्छ, उति तपाईं जीवनमा सुख, शान्ति र आनन्दको अनुभव गर्नुहुन्छ; र उति नै तपाईं अरूलाई सुखी र आनन्दित तुल्याउन सक्नुहुन्छ। यसको अतिरिक्त अझै तपाइको जीवनपछि पनि, तपाइको जीवनको सुन्दर संस्कार, अमर भएर बाँच्तछ। त्यसकारण तपाइकी पत्नी तपाइबाट यिनै वस्तुहरू चाहान्छिन्, जो तपाइको हातमा संधै प्रयोगको निमित्त, तत्पर रहिरहन्छन; जो तपाईं उनलाई संधैभरि मुक्तहस्तले दिन सक्नुहुन्छ। फेरि एकचोटि यहाँ दोहोऱ्याऊँ: तपाइकी पत्नी तपाइसंग जे चाहान्छिन् त्यो हो— तपाइको जीवन, तपाइको आत्मा, तपाइको हृदय।

जब तपाईं उनको हातमा आफ्नो जीवन र जीवनको सर्वस्व दिनुहुन्छ, तब तपाईं सम्झनोस कि उनको हृदयको वास्तविक इच्छा र अभिलाषाको कुरा तपाइँले दिनुभयो। जब यसरी तपाईं आफूलाई, आफ्नी प्रिय पत्नीको अपार प्रेम, माया र ममतायुक्त अधिकारभित्र, सदा-सर्वदा, युग-युगान्तर र अशेष, अनन्त कालको निमित्त स्वाम्पिनु हुन्छ, अनि तपाईं आफ्नी पत्नीलाई यस कुराको विश्वास हर दृष्टिले

दिलाउन सक्नुहुन्छ, तब तपाइको जीबनको सुखमाथि उनी स्वर्गीय आनन्दको वर्षा मात्र गर्दिनन् . तर तपाइको जीवनको दुःख र समस्याको पाहाड़लाई पनि हाँसी-हाँसी शिरमाथि बोकेर हिड़्न उ हमेशा तयार रहन्छिन्। तपाइको सफलता र प्रगतिका बाटाका काँढ़ाहरूलाई आफ्ना कोमल पाउले कुल्चिएर हिड़नेछिन्। अनि यो भन्दा बढता, तपाइको प्रगतिको निमित्त आफ्नो प्राणलाई पनि भुइँमा ओछ्याइदिन उनी पछि हट्ने छैनन्।

विवातिह् जीवनको प्रेम, सौन्दर्य र सुखको निमित्त सबै-भन्दा ठूलो शर्त यही छ, कि जस्तो एउटा पुरुष आफ्नी पत्नी-लाई शारीरिक र हार्दिक दुवै दृष्टिले पूर्णरूपले आफ्नी गराउन चाहान्छ, अथवा आफ्नो एकलौटी अधिकार उस-माथि स्थापित गर्न चाहान्छ, त्यस्तै अझ त्यो भन्दा बढी मात्रामा एउटी नारी आफ्नो पतिलाई आफ्नो एकलौटी अधि-कारभित्र लिन चाहान्छे। उसको प्यारा पतिको हृदय केवल उसको हो। उ संझिन्छे, संसारकी अर्की कुनै नारीलाई उसको यो अमर धन लुटेर लिने अधिकार छैन। यसैको निमित्त उ मर्दछे र बाँच्तछे। जीवनको यो धन उ संसारमा कसैलाई पनि दिन सक्तिन।

एउटी नारी आफ्नो पतिले सबै किसिमको गल्ती गरेको सहन सक्तछे; जस्तै, उसको पतिले रक्सी पिएर बदमासी गरी

हिंडोस् ; जूवाको खालमा आफ्नो सर्वस्व फ्याँकोस् ; त्यतिले पुग्दैन भने आफैमाथि लाठी र मुंग्री उचालोस्— यी सब कुरालाई उ धरती जस्तो सहनशीला भएर सहन सक्छे; तर उसको पतिले संसारको अर्को कुनै स्वास्नीमानिसलाई हेरेको, अथवा, उसले आफ्ना एकलौटी अधिकारभित्र पाउन चाहाने पतिका हृदय, अरु कसैलाई दिएको उ कहिले पनि सहन सक्तिन— सहन चाहेर पनि सहन सक्तिन। नारी-हृदयको यो स्वभाव संसारभरमा उस्तै छ। प्रत्येक विवाहित पुरुषले यस कुरालाई हृदयमा लेखिराख्न आवश्यक छ। तर यस किसिमको स्वभाव केवल नारीमा मात्र हुन्छ, त्यो कुरा होइन, पुरुषमा पनि यस्तो स्वभाव हुन्छ। पुरुष पनि आफ्नी पत्नीले अरु कुनै पुरुषलाई हेरेको सहन सक्तैन। उ पनि आफ्नी पत्नीको हृदयलाई सम्पूर्णरूपले आफ्नो गराउन चाहान्छ। तर भनाइको तात्पर्य यो हो, कि यस कुरामा नारीहरू अरु कट्टर र अनुभूतिशाल (sensitive) हुन्छन्।

पत्नीलाई संधै घरभित्र बन्द नराख्नोस्

तपाइको पत्नी पनि एउटी प्राणी हुन्। उसमा पनि गति छ, जस्तो तपाइमा छ। उसमा पनि हेर्ने आँखा, सुन्ने कान छन्; हिंड्ने गोडा छन्; अनुभव गर्ने हृदय छ, जस्तो तपाइमा छ। त्यसकारण, जस्तो तपाइलाई घुम्ने, हेर्ने, सुन्ने; कुनै कुरा अनुभव गर्ने इच्छा, अभिलाषा हुन्छ, त्यस्तै तपाइको पत्नी-

लाई पनि हुनु स्वाभाविक छ। त्यसकारण, जब तपाईं घुम्न निस्कनु हुन्छ, उ पनि तपाइसंग घुम्न चाहान्छिन्। उसलाई पनि घरभित्र बसिरहँदा दिक्क लाग्छ, जस्तो तपाइलाई लाग्छ। उ पनि बाहिर खुला हावामा सास फेर्न चाहान्छिन्। तपाइको घर तपाइका पत्नीको निमित्त झेलखाना नहोस, तर प्रेम, स्नेह र विश्वासको वातावरणले भरिएको एउटा सानो स्वर्ग बनोस्।

तपाईं यो कुरा संझना राख्नोस्, कि तपाइकी पत्नी संभवतः तपाइसग कहिल्यै घुम्न जाने आग्रह गर्दिनन्; अथवा तपाइलाई करबलमा पारेर उ कुनै रमाइलो गर्न चाहांदिनन्। किनभने करबलमा गरिएको कुनै कुरा रमाइलो पनि हुँदैन। जब तपाईं बाहिर घुम्न जाने तरखर गर्नु हुन्छ, तपाइकी पत्नी पनि तपाइसंग घुम्न जाने लालचा आँखामा लिएर तपाइको मुखमा टुलटुल हेर्दछिन्। उ वखत-बखतमा तपाइबाट घुम्न जाने निम्तो पाउने, अथवा तपाइले अनुरोध गर्न, आशा राख्तछिन्। अझ तपाइले उनलाई 'घुम्न जाऊँ' भन्नुभयो भन्ने घुम्ने इच्छा भएर पनि 'खै काम छ' भन्न सक्तछिन्, तर घुम्ने इच्छा नभएर होइन, कर लगाइयोस् भनेर। जब तपाइं, पत्नीको यस्तो मनोविज्ञान बुझेर, उसलाई अनुराध गर्नु हुन्छ; उसलाई लुगा फेर्न, केश कोर्न लगाउनुहुन्छ, उसको नारी-हृदयमा अपार आनन्दको लहर खेल्न थाल्दछ। तपाइको हृदयको साँचो प्रेम, सहानुभूति र

साहचर्य्यको अनुभूतिले उसको नारी-आत्मा विह्वल बन्दछ। जब तपाईं उनलाई लिएर निस्कनुहुन्छ— खुला हावामा, वास्तवमा जोवन उसलाई रमाइलो लाग्दछ। घरमा, वनमा, समाजमा अनि सडकमा जहीं पनि तपाइलाई नजिकमा पाएर उसको हृदय फूल फक्रेझैं फक्रन्छ; अनि उसप्रतिको तपाइको प्रमको वास्नाले, उसको निमित्त, अनि तपाइको निमित्त पनि, समस्त संसार, समस्त प्रकृति महकिन्छ।

जब तपाईं सिनेमा अथवा नाटक हेर्न जानुहुन्छ, वा कुनै सम्मेलनमा जानुहुन्छ, त्यस बखत तपाईं आफ्नी पत्नीलाई कहिल्यै नभुल्नुहोस्। तपाईं एक्लै हुँदा जति आनन्द अनुभव गर्न सक्नुहुन्छ, त्यो भन्दा धेरै गुणा बढ्ता आनन्द तपाईं आफ्नी पत्नीकोसाथमा अनुभव गर्नु हुनेछ। किनभने, तपाइकी पत्नीको आनन्द नै तपाइको आनन्द हो।

विवाहित जीवनमा पारस्परिक विश्वास र पूर्ण स्वतन्त्रता हुनु पर्दछ। पुरुषको निमित्त स्वतन्त्रताको जति अर्थ छ, त्यत्तिकै अर्थ नारीको निमित्त पनि छ। तर कुनै थरिले पनि पाएको स्वतन्त्रताको दुरूपयोग गर्नु हुन्न। जीवनको अधिकार

र स्वतन्त्रतालाई अनुचित रूपमा प्रयोग गरेर जीवनमा अविश्वास, दुःख, ग्लानि र विछोड़को अँधिब्यारी ल्याउने विश्वासघाती व्यवहार कुनै थरिले पनि गर्न हुँदैन। जसरी विश्वास गरिन्छ, त्यसरी नै विश्वासलाई राख्न पनि सक्नु पर्दछ। विश्वास, सुखी विवाहित जीवनको निमित्त, एउटा आवस्यक एवं अनिवार्य शर्त र आधार हो।

तपाइकी पत्नी तपाइको प्रशंसा चाहान्छिन्

जब तपाईं पत्नीको कुनै काम, कुनै व्यवहारबाट प्रसन्न हुनुहुन्छ, तब तपाईं हृदयदेखि उसको प्रशंसा गर्नुहोस्। उसको परिश्रमको, उसको कामको, उसको कला र सीपको सधैं कदर र तारीफ गर्नुहोस। तपाईं संसारको कदर र तारीफ चाहानु हुन्छ, तर तपाइकी पत्नीलाई संसारले कदर नगरोस्, तारीफ नगरोस्, त्यसको उ परवाह गर्दिन, तर उ सधैं तपाइको कदर र प्रशंसाकी भोकी रहन्छे।

तपाइकी पत्नीले तपाइको निमित्त गरेको सानू सहयोग, सानू कामको निमित्त पनि उसलाई धन्यवाद दिन नभुल्नुहोस्. तपाइको पाकेट-रूमाल धोइदिंदा तपाइले 'धन्यवाद!' भन्नुभयो भने त्यो तपाइको कृतज्ञताको परिचय हो। त्यसकारण, सानासाना कुराहरूमा पनि कृतज्ञता प्रकट गर्न

बानि राख्नोस् ; यसले तपाइकी पत्नीलाई तपाइको लागि दुःख र कष्ट उठाउँन बल प्राप्त हुनेछ । साथै तपाइको निमित्त दुःख र कष्ट उठाउँदा पनि उसलाई एक प्रकारको शान्ति र आनन्दको अनुभव हुनेछ। कृतघ्न र बेगुनीका लागि संसार-मा कोही पनि केही गर्न चाहाँदैनन् ।

खाने कुराहरू बनाउँदा कहिलेकाहीं तरकारीमा नून चर्को भयोभने त्यस्तै नूनीलो र चर्को आलोचना नगर्नु होस । कहिलेकाहीं कुनै कुरामा गल्ती हुन गएमा कराउने, गाली गर्ने, जथाभावी भन्ने बानि गर्नु ठीक होइन। तीतो आलोचनाले कसैको बानि सुध्रँदैन। भूल-चूक हुन गएमा राम्रोसंग, शांति-पूर्वक संझाउनु, सिकाउनु नै बुद्धिमानी हो । तपाइकी पत्नी-मा पनि सिक्ने, जान्ने औ आफूलाई सुधार्ने र विकाश गर्ने शक्ति उत्तिकैछ, जत्तिको तपाईंमा छ। तपाईं आफ्नी पत्नीलाई सानो दिमागको कहिल्यै नठान्नोस् । स्त्री र पुरुष दुवैं थरि आफ्ना-आफ्ना क्षेत्रमा, अथवा शारीरिक र मानसिक दृष्टिले स्वाहुँदो क्षेत्रमा बराबरी दिमागको विकाश गर्न सक्तछन् ।

विशेष, नारी-जाति स्वभावैले कलाप्रेमी हुन्छन्। तपाइले आफ्नी पत्नीलाई, उसको अभिरुचि र झुकाऊ अनुसार कुनै-न-कुनै कला-क्षेत्रमा प्रोत्साहन दिनु पर्दछ । खासगरेर नारी-हरू संगीतकला, साहित्यकला, चित्रकला आदिमा अभिरुचि राख्तछन्, र साथै यी क्षेत्रहरूमा विकाश गर्न सक्ने तिनमा

मस्तिष्क पनि हुन्छ ।

जब तपाईं देख्नु हुन्छ, कि तपाइँकी पत्नीमा केही गुण छ, कला छ भने, तपाईं त्यसको मुक्तकण्ठले प्रशंसा गर्नु होस्, र त्यसको विकाशको निमित्त हमेशा सहयोग दिनोस् , उनलाई उत्साहित गराउनु होस् । तपाइँकी पत्नीमा जति कलाको विकाश हुन सक्तछ, उतिनै तपाईंहरूका विवाहित जीवनको सुख वृद्धि हुनेछ ।

धेरै जसो अशिक्षित र असभ्य पुरुषहरू आफ्नी पत्नीको सहयोग र सेवाको निमत्त कृतज्ञता प्रकट गर्ने आवश्यकता देख्तैनन्; न पत्नीमा कुनै गुण वा कला भए त्यसको उचित कदर र प्रशंसा गर्न नै उनीहरू जान्दछन् । त्यसको सट्टा, अलिकति गल्ती भयो भने, अशान्ति मचाउन बाह्र हात अघाडि सर्दछन् । यस्ता नासमझ पुरुषहरु विवाहित जीवनमा कहिल्यै सुखी हुन सक्तनन् । न यस्ता पुरुषहरूका पन्जामा पर्ने दिदी-बहिनीहरू नै सुखी हुन सक्त छन् ।

नारीहरू स्वभावैले विशेष सौन्दर्य-प्रेमी हुन्छन् । वेश-भूषा र शृङ्गारमा पुरुषहरू भन्दा उनीहरू बढ्ता चाख राख्त छन् । प्रत्येक पुरुषले पत्नीको वेश-भूषा र शृंगारमा चाख लिदिनु पर्दछ । उसले लगाएको वस्त्र, र शृंगारको उचित प्रशंसा गर्न कहिल्यै भुल्न हुन्न । तपाईं आफ्नी

पत्नीलाई कस्तो वस्त्र लगाउँदा सुहाउँछ; कस्तो किसिमको शृङ्गार गर्दा उसको चेहेरा खुल्छ;— यस विषयमा उसलाई बराबर उचित सल्लाह दिन सक्नुहुन्छ। उ यस्तो सल्लाहा तपाइबाट चाहान्छिन् पनि।

तपाइको पत्नी र शिक्षा

शिक्षा, जीवनको विकाश र सुखको निमित्त, एउटा अनिवार्य शर्त हो। विना शिक्षा जीवन अन्धो बन्दछ। त्यसकारण, शिक्षाको क्षेत्रमा यदि तपाईं पत्नीभन्दा शिक्षित हुनुहुन्छ भन्ने, तपाइले पत्नीलाई आफ्नै सरहको बौद्धिक स्तरमा उठाउने प्रयत्न गर्नु तपाइको कर्त्तव्य हुन्छ। अझ, कर्त्तव्य मात्र नभएर, तपाइको दाम्पत्य जीवन र पारिवारिक जीवनको विकाश, प्रगति र सुखो जीवनको निमित्त एउटा आवश्यक र महत्त्वपूर्ण कुरा हुन जान्छ।

शिक्षाको मतलब केवल डिग्री हासिल गर्नु मात्र हुन-सक्तैन; न केवल सेक्रेटरी, मास्टर, प्रोफेसर बन्नु नै शिक्षाको अन्तिम लक्ष्य हो। तर वास्तवमा शिक्षाको प्राथमिक अथवा मूल लक्ष्य हो— जीवनलाई बुझ्नु। जबसम्म हामी जीवनलाई बुझ्दैनौं, तबसम्म हामी जीवनलाई सञ्चालन गर्ने ढ़ंग वा कला जान्दैनौं; हामीमा वैज्ञानिकता आउँदैन; छोटकरीमा हामी व्यवहारकुशल हुन सक्तैनौं। मेरो विचारमा,

यही पारिवारिक र सामाजिक जीवनलाई सफल तरिकाले सञ्चालन गर्ने व्यवहारकुशलता नै शिक्षाको उद्देश्य हो। यस दृष्टिले हेर्दा, हामीलाई जीवनको पल-पल शिक्षा अध्ययन र ज्ञान प्राप्ति गरिरहनु पर्ने आवश्यकताको बोध हुन्छ। त्यस-कारण विवाह भइसकेपछि 'अब पढ़ेर के गर्ने ? कहाँ पास दिन जाने ?' 'अब उमेर ढ़ल्कियो !' भनेर जो स्त्री-पुरुष-हरू भन्दछन्, यो भन्नु बिल्कुल गलत हो। यस्ता शब्दहरू निराशावादी भावना र अज्ञानताबाट उब्जन्छन्। कुनै पनि विवाहित स्त्री-पुरुषहरूले यस्तो भावना राख्न हुँदैन। सुखी र सफल जीवनको निमित्त मानिसले जीवनको अन्तिम दिन-सम्म पनि ज्ञान हासिल गर्दै रहनु पर्दछ। संसारका महान् व्यक्तिहरूले यसै गरेका छन्।

तपाईं आफ्नी पत्नीलाई उनको बौद्धिक र सांस्कृतिक स्तर अनुसार बस्ने-उठ्ने, खाने-लाउने, बोल्ने-हास्ने तरिका र काइदा देखिन् लिएर धार्मिक, सामाजिक, राजनीतिक र, त्यस्तै वैज्ञानिक, साहित्यिक, दार्शनिक इत्यादि विषयहरूमाथि, तपाइको आफ्नो विद्या-बुद्धि अनुसार, दिनहुँ केही-न-केही बोध दिलाउन सक्नुहुन्छ। जति तपाईं आफ्नी पत्नीको बौद्धिक विकाश गराउनुहुन्छ, उति नै तपाइको जीवनकी दुःख-सुखकी 'गिनी बनेर संघर्षमय जीवनको बाटामा तपाइलाई साथ दिन उनी 'अबला' नबनेर 'सबला' भएर

हिड्नेछिन् ।

छोरा-छोरीलाई माया गर्नुहोस्

तपाइका छोरा-छोरी तपाइकी पत्नीको लागि संसारमा सबैभन्दा प्यारा वस्तु हुन्। कहिलेकाहीं तपाईं छोरा-छोरीमाथि कठोर बन्न सक्नुहुन्छ; तिनलाई कुटन्-पीट्न र भोकै राख्न पनि सक्नुहुन्छ; तर तपाइकी पत्नी त्यसो गर्न सक्तिनन् ;— प्रकृतिले उसलाई यस्तै रूपमा गढ़ेकी छिन् ।

तपाईं छोरा-छोरीमाथि निर्दयी र कठोर बन्नुभयो भने, तपाइको छातीभित्रको कठोरता र निर्दयीताको आभासले, तपाइकी पत्नीलाई दुःख लाग्ने छ । अनि तपाइप्रति उसको हृदयमा घृणाको भाव उत्पन्न हुन सक्तछ। त्यसकारण छोरा-छोरीमाथि स्नेह राख्नोस् ; तिनलाई माया गर्नुहोस् ; तर अनुचित तरिकाले होइन्, उचित तरिकाले माया गर्नुहोस्। तिनको उज्ज्वल भविष्यको लागि शिक्षा-दीक्षाको व्यवस्था गरिदिनोस् । तिनलाई राम्रो मार्गमा लगाइदिनोस ; स्वस्थ र सुन्दर वातावरणमा हुर्कने मौका दिनोस्। यो तपाइको छोरा-छोरीमाथिको कर्त्तव्य हो । तपाइको यस्तो व्यवहारले तपाईं आफै पनि सुख र आनन्द अनुभव गर्नुहुन्छ । यसको अतिरिक्त, छोरा-छोरीप्रतिको तपाइको यस्तो सद्व्यवहार,

कोमल भावना, दया-माया र ममताले तपाइकी पत्नीको कोमल हृदयलाई छोइदिन्छ; अनि उसको हृदयमा तपाइप्रति त्यस्तै अपार स्नेह र माया भरिइरहन्छ।

पत्नीलाई संधै संझने गर्नुहोस्

जब तपाईं कहिलेकाहीं परदेश जानुहुन्छ, त्यस बखत तपाईं पत्नीको संझना राख्नोस्। बराबर उनलाई पत्र लेख्नोस्। परदेशबाट फर्कंदा उनको निम्ति केही उपहार लिएर आउनुहोस्। तपाइको यस्तो व्यवहारले उनलाई तपाइको प्रेमको परिचय दिइरहन्छ। यसको अतिरिक्त, तपाईं पत्नीको जन्म-दिवस, विवाह-दिवस आदि मनाएर पत्नीलाई खुशी र आनन्दित गराउनुको साथसाथै आफू पनि ठूलो आनन्द मनाउनु सक्नुहुन्छ।

त्यस्तै, जब तपाईं घरबाट बाहिर निस्कनुहुन्छ, बेलुकि घर फर्कंदा जसरी तपाईं छोरा-छोरीको निमित्त खेलौना र मिठाईहरू लिएर आउनुहुन्छ, त्यसरी नै पत्नीको निमित्त पनि उनको आवश्यकता र रुचि अनुसार, कहिले एक झुप्पा फूल, अथवा एउटा काइयों, एक बट्टा क्रीम, अथवा पाउडर, त्यस्तै कहिलेकाहीं दुइ-चारआनाको चक्लेट् पनि उनको निंति लिएर जान सक्नुहुन्छ। यस्ता चीजहरू भौतिक दृष्टिले मामूली हुन्छन् तापनि, यी चीजहरू तपाइको प्रेमका प्रतीक बनेर

उनको हृदय छुन पुग्दछन्। अर्को दृष्टिले, नारीहरूमा पनि एक प्रकारको केटाकेटीका झैं स्वभाव हुन्छ। उनीहरू पनि केटाकेटी झैं साना-साना कुराले खुशी हुन्छन्, र त्यस्तै साना-साना कुराले तिनका गह्मा आँसु भर्दछन्।

——

खण्ड १०

बिवाहमा विवेक

विवाह कुनै खेल होइन। विवाह जीवनको एउटा ठूलो प्रश्न हो— प्रत्येक स्त्री, पुरुषको भाग्यको निर्णायक हो। विवाह-लाई खेल संभनु जीबनलाई खेल संभनु हो। जीवन खेल होइन। जीवन एउटा महां संघर्ष हो। जीबनको संघर्षमा हामीलाई कस्तो साथीको साथको आवश्यकता पर्दछ— त्यो हामी सबै कल्पना गर्न-सक्तछौं।

आहान छ 'देखेको होइन, लेखेको पाइन्छ,' तर मेरो विचार छ, जीवनमा कुनै पनि कुरा सोचेको र खोजेको जस्तो पाइन्छ— यो प्राकृतिक सत्य हो। तर व्यक्तिको सोचाइ र खोजाइसंग उसको शक्ति, योग्यता र परिश्रमको सामन्जस्य हुनुपर्दछ— अथबा नियम पुग्नुपर्दछ।

बिवाहको सम्बन्धमा संसारका बिभिन्न विद्वान्हरूका

विभिन्न मत छन्। तापनि मेरो निजी विचारमा विवाहित जोड़ा हरेक दृष्टिले समान स्तरका हुनुपर्दछ; अथवा खान्दान, धन-सम्पत्ति पेशा, जात-पात यी सब कुरालाई एकातिर पन्छाइदिए पनि, व्यक्तिगत दृष्टिले त अवश्य पनि दुइथरिका शारीरिक, मानसिक र बौद्धिक स्तर समान हुनुको साथसाथै विचार, भावना र सिद्धान्तमा पनि मेल रहनुपर्दछ— स्वस्थ, सुदृढ़ र सुखमय विवाहित जीवनको लागि यो शर्त नितान्त आवश्यक छ।

हाम्रो समाजमा, पुरानो चलन अनुसार, बाबु-आमाका इच्छा र विचार अनुसार छोरा-छोरीको विहे गरिदिने चलन अझै पनि हाम्रा गाउँघरमा उही रूपमा चलिरहेको छ, तर शहर-बजारमा, अथवा शिक्षित सम्प्रदायमा, यो चलन अब धेरै हटेर गएको देखिन्छ।

जवान छोरा-छोरीका विहे गरिदिनुमा, बाबु-आमाले आफ्ना मात्र खुशी र विचारलाई पर्याप्त नसंझेर, छोरा-छोरीका मन्जूरी, बेमन्जूरी बुझिकन, अथवा उनाहरूकै इच्छा र खुशीले आफ्नो जीवन-साथी, वा संगिनी रोज्ने स्वतन्त्रता र अवशर दिने झुकाउ हाम्रो समाजमा पनि दिन-दिनही बढ्दै गएको छ— यो एउटा खुशीको कुरा हो र हाम्रो सामाजिक जीवनको संस्कृति र प्रगतिको एउटा राम्रो लक्षण हो।

जस्तै, विवाह जस्तो कुरामा केवल आमा–बाबु अथवा ठूला–बडा मानिसहरूकै एकलौटी विचार र खुशीले युवक–युवतीलाई विवाहको मैदानमा उतार्नु विवेकपूर्ण कुरा हुन सक्तैन, त्यस्तै, युवक–युवती कै खुशीको कुरामा पनि केवल एकोहोरो दृष्टिकोणले काम लिनु ठीक हुँदैन। भन्नुको मतलब, कुनै युवक वा युवतीले कसैको अनुहार मात्र हेरेर, अथवा खान्दान, धनसम्पत्ति वा डिग्री मात्र हेरेर विवाह जस्तो कुराको फसला गरिहाल्नु अक्सर सन्तोषजनक हुनसक्तैन। विवाहित जीवनको आनन्द, सुख–सन्तोष र शान्तिको लागि जुन नितान्त आवश्यक कुरा छ, त्यो पति–घरको धनसम्पत्ति होइन, न पत्नीले लिएर आउने दाइजो हो, न पति वा पत्नीको राम्रो चेहेरा हो, न कालेज र यूनिवर्सिटीका उच्च डिग्री हुन। तर वास्तवमा बिवाहित जीवनमा सुख, शान्ति र सन्तोष दिने मुख्य र अन्तिम शर्त हो— परस्परको हृदयलाई छोइदिन सक्ने एक–अर्काको आन्तरिक व्यक्तित्व, अथवा एक–अर्काको दिलमा भिज्न सक्ने शील, स्वभाव, चरित्र, गुण, विचार–बुद्धि र ' जीवनलाई हेर्ने दृष्टिकोण ' वा 'सिद्धान्त'। यिनै तत्त्व र तथ्यहरूका समन्वयबाट बन्ने व्यक्तिको अन्तर भाव, वा स्वभावलाई नै हामी व्यक्तिको आन्तरिक व्यक्तित्व (inner personality) भन्दछौं।

अनमेल विवाह

विवाहित जीवनमा, दुइ स्त्री र पुरुषका चरित्र, तिनका व्यक्तित्व, बौद्धिक स्तर, शील र स्वभावमा सामञ्जस्य रहनु जत्तिको आवश्यक छ, त्यस्तै, उमेरमा पनि मिल्दोजुल्दो हुनु त्यत्तिकै आवश्यक छ। हाम्रो समाजमा यद्यपि शहर-बजारमा अथवा शिक्षित समाजमा अनमेल विवाहको प्रथा अब प्रायः हटिसकेको छ तापनि, हाम्रा गाउँ-घरमा यस्तो अवैज्ञानिक र हानिकारक प्रथा अझै पनि चलिरहेकै छ, यो अत्यन्तै दुःख लाग्दो कुरा हो।

खास गरेर क्षेत्री-ब्राह्मण समाजमा अनमेल विवाहको प्रथा चलेको देखिन्छ। केवल कन्यादान धर्मको अन्धभावनाले पचास वर्षको पुरुषलाई पनि १२-१३ वर्षकी कन्या दिने यस्तो घोर अविवेक अझै पनि पाहाड-पर्वत, गाउँघरमा अविरल देख्न पाइन्छ। यो ज्यादै अवैज्ञानिक र बिवेकहीन चलन हो। यो धर्म होइन, यो महा पाप हो।

एक दृष्टिले, उमेर नपुगेकी नाबालक छोरीलाई, एउटा उमेर ढल्की सकेको पुरुषको हातमा दिएर आफू धर्म लूटन खोज्ने आमा-बाबुको विचार कति स्वार्थी हो? छोरीको जिन्दगी बरबाद गरेर आफू धर्म गर्ने कस्तो फट्याइँ र मूर्खता हो? वास्तबमा यसरी छोरीको जिन्दगी बरबाद गरेर,

बैंसमा विधवा गराएर, जीवनभर दुःख र कष्टमा डुबाइदिएर धर्म हुन्छ भन्नु बालुवा पेलेर तेल निस्कन्छ भन्नु हो ।

कसैलाई दुःख र कष्टको भुमरीमा हालेर धर्म कमाइंदैन; तर कसैको उपकार गरेर, कसैलाई सुखी तुल्याएर पो धर्म होला । हाम्रो नेपाली समाजमा चलिरहेका यस्ता अन्ध र अवैज्ञानिक प्रथाहरूलाई हामीले पन्छाउनु छ, चाँडै पन्छाउनु छ; हामीलाई यस्ता प्रथाहरूका विरुद्ध सामाजिक क्रान्ति गर्नु छ ।

यस्तो अनमेल विवाहको प्रथाले केवल स्त्रीको जीवन बरबाद हुने मात्र होइन; उसको सुख-सपनाको संसारमा डढेलो लाग्ने मात्र होइन, यस्ता अनमेल जोडाबाट जन्मने सन्तान देशका स्वस्थ योग्य नागरिक बन्न सक्तैनन् । यस्ता सन्तान रोगी र दुर्बल दिमागका हुन्छन् । यिनबाट देशले केही आशा गर्न सक्तैन । त्यसकारण, अनमेल विवाहको प्रथा व्यक्तिगत दृष्टिले मात्र होइन, समाज, जाति र राष्ट्रगत दृष्टिले पनि अत्यन्त हानिकारक प्रथा हो । यस्ता प्रथाहरूमाथि कानूनी प्रतिबन्ध लाग्नु पर्दछ ।

बालविवाह

अनमेल विवाहको साथसाथै बालविवाह प्रथा पनि हाम्रो

समाजमा चलिआइरहेको देखिन्छ। अनमेल विवाह झैं बालविवाह प्रथा पनि उत्तिकै हानिकारक छ। जस्तो अनमेल विवाहमा एउटा १६-१७ बर्षकी युवती ६० बर्षे पुरुषसंग कुनै सुख, कुनै रस अनुभव गर्न सक्तिन, र उमेर छँदै विधवा भएर दुःख र कष्टमा जीवन का_न पर्छ, त्यस्तै, बालविवाह-मा पनि काँचै फल टिपेर खाने मौका पाउँदा र विषय-वस्तुलाई राम्रो नबुझिकन, त्यसका रहस्यहरूप्रति केही जान-कारी नभइकन, त्यसप्रति अपरिपक्व चाख र लत बस्न जाँदा, जीवनले बरबादीको सीमा नाघ्दछ। अपरिपक्व अवस्थामा वीर्य नाश हुनजाँदा शारीरिक र मानसिक विकाश रोकिन्छ; जसको परिणाम जीवनमा उन्नति र प्रगति अस-म्भव हुन जान्छ। साथै यस्ता जोडाबाट हुने सन्तान पनि निधा, रोगी र दुर्बल दिमागका हुन्छन्, र यस्ता सन्तानको जीवन, स्वयं तिनकै निमित्त पनि अभिशाप बन्दछ। यस्ता व्यक्तिहरूका संख्या बढ्न गएमा राष्ट्र नै कम्जोर हुन सक्तछ। यस्ता, व्यक्ति र राष्ट्र समेतलाई हानि गर्ने, अवैज्ञानिक प्रथाहरूलाइ हाम्रो देशका शिक्षित समाज र सरकारले चाँडो-भन्दा-चाँड़ो उखेलेर फ्याँक्न पर्दछ।

बालविवाह प्रथाको प्रश्नलाई (२०१५ मा) श्री ५ को सरकारको सल्लाहाकार सभामा पनि राखिएको हो, र उक्त सभाले १४ वर्षको उमेरसम्मलाई विवाहको लागि वैधानिक र

उचित मान्ने निर्णय गरेको थाहा पाइएको छ। तर जहाँसम्म विवाहको प्रश्न छ, १४ वर्षको उमेर पनि शारीरिक र मानसिक दुवै दृष्टिले विवाहको योग्य हुन सक्तैन। किनभने १४ बर्षको उमेरमा न स्त्री, न पुरुष नै शारीरिक-मानसिक दृष्टिले परिपक्व हुन्छन्। यस्ता स्त्री-पुरुष कुनै दृष्टिले पनि बालिग ठहरिंदैनन्। अतः यस्ता सुधारबाट वास्तविक सुधार हुन सक्छ अथवा समाजलाई आवश्यक फाइदा मिल्न सक्तछ भनेर भन्न सकिंदैन।

विवाहको लागि स्त्रीका उमेर १६ वर्ष र पुरुषको उमेर १८ वर्षसम्मलाई सरकारीतौरबाट वैधानिक मानिनु पर्छ। र सामाजिकतौरबाट स्त्रीको उमर १८ वर्ष र पुरुषको २५ वर्षलाई विवाहको योग्य मान्नु वेश हो। यस उमेरमा दुवै स्त्री-पुरुष शारीरिक र मानसिक दुवै दृष्टिले परिपक्व हुन्छन्, र आवश्यक शिक्षा, व्यावहारिक ज्ञान र अनुभव पनि प्राप्त गरिसकेका हुन्छन्। यसरी यौवनको परिपक्व र प्रस्फुटित अवस्थामा यदि स्त्री-पुरुष दुवै शिक्षित भएमा, र तिनलाई विवाहित-जीवनका रहस्यहरूको ज्ञान भएमा, निःसन्देह तिनको जीवन अत्यन्त सुखमय हुन सक्तछ। यदि शिक्षित हुने मौका नपाए, परिपक्व अथवा यौवनको अवस्थामा, प्रकृति आफैंले पनि धेरै कुरा बुझाइदिन्छिन्। यसरी मस्त फस्टिएको तरुण-तरुणीका विवाहित जीवनमा, अनमेल विवाह र बालविवाहमा झैं अमिल्दो, कच्चा र अन्धो व्यवहारबाट

हुने हानि र खराबीको मौका बहुत कम रहन्छ। अशिक्षित विवाहित जीवनमा सुख र आनन्दको अवशर बहुत कम भए पनि, उमेर मिलेका तरुण-तरुणीका सम्मिलनबाट हुने सन्तान, बालविवाह र अनमेल विवाहका झैं रोगी र कम्जोर दिमागका हुँदैनन्। आमा-बाबुको सम्बन्ध जस्तोसुकै भए-तापनि यस्ता जवान स्त्री-पुरुषका सन्तान केही हदसम्म अवश्य स्वस्थ हुन्छन्। यसबाट सन्तानले स्वस्थ जीवन पाउनको साथै नागरिकको दृष्टिले देश र समाजलाई पनि फाइदा हुन्छ।

अन्तरजातीय विवाह (intercaste Marriage)

अन्तरजातीय विवाह (Intercaste marriage) हाम्रो राष्ट्रिय विकास र जातीय एकताको निमित्त एउटा ठूलो आवश्यक कुरो हुन आएको छ। एउटा राष्ट्रको विकास तब सम्भव हुन्छ, जब त्यस राष्ट्रका जनतामा अखण्ड एकता स्थापित हुन सक्तछ। अनि एकता तब स्थापित हुन सक्छ, जब जनताका बीच जातिपाति अथवा 'तँ सानो, म ठूलो' भन्ने भावना हराएर समताको दृष्टि आउँदछ।

आजको बीसवीं सदीको वैज्ञानिक युगमा पनि जातिपाति जस्तो भेदभावको भावना कुनै सभ्यताको चिन्ह होइन; यो ता असभ्यता र पछौटेपनको दर्ताछाप हो; समाज र

राष्ट्रको विकाश-पथको पर्खाल हो, जुन पर्खालले हाम्रो प्रगतिको प्रत्येक पाइलोमा छेकारो हाल्दछ; जुन पर्खालले हाम्रो राष्ट्रिय शक्तिलाई खण्ड-खण्ड गर्दछ; जुन पर्खालले राष्ट्रलाई विभाजित गरेर दुर्बल तुल्याउँदछ। यो पर्खाललाई जतिसक्यो चाँडो हामीले गिराउनु छ; जतिसक्यो चाँडो भत्काएर आपसी भेदको भावनालाई खतम गरेर हात र काँध मिलाउनुको साथै हृदय जोड़ेर हामीले हिड्न परेको छ। जति चाँडो हामी यो गर्न सक्ने छौं, उति नै चाँड़ो देश र राष्ट्रलाई प्रगति र विकाशको बाटामा लैजान सक्ने छ ।

जुन देशका जनता आपसमा मिल्दैनन; जुन देशका जनतामा आपसी भेदभाव छ; मेल-मिलाप छैन; समताको भावना छैन, त्यस्तो जाति र राष्ट्रले उन्नति गरेको थाहा पाइएको छैन। न यस किसिमको जाति र राष्ट्रले विकाश र उन्नति गर्न सक्छ भनेर कोही भन्न सक्छ। त्यसकारण हाम्रो देश र राष्ट्रको उन्नति र प्रगतिको निमित्त एउटा ठूलो महत्त्वपूर्ण शर्त यही छ, कि हाम्रो देशको जनताका बीच जातिपातिको जो भावबा छ त्यो हट्न पर्दछ, र हाम्रो बीच एकता र समानता स्थापित हुनु पर्दछ। यद्यपि, सबैले सबैसंग यसो गर्न अहिले शिक्षा र सभ्यताको दृष्टिले बाधा दिए पनि एउटा शिक्षित र सभ्य वर्गले अर्को शिक्षित वर्गसंग खानु-पीनु र विहाबारीको चलन चलाउन

अब आवश्यक छ— यो हाम्रो राष्ट्रको बल र शक्तिको निमित्त, प्रगतिको निमित्त देशको माग हो, मानवताको अभिलाषा हो, पुकार हो।

प्रगति जुलूस र नाराले मात्र ल्याउन सक्तैनः न हाम्रो बोली, विचार र सिध्दान्तमा मात्र प्रगति निहित रहन्छ। प्रगति तब हुन सक्त छ, जब हाम्रा जुलूस, नारा, बोली, विचार र सिध्दान्तले वास्तविक काम र कर्मका रूप लिन्छन्; जब हामी हाम्रा विचार र सिद्धान्तलाई व्यावहारिकता दिन सक्तछौं।

हाम्रो देश— नेपालमा पनि संसारका अरु-अरु देश-हरुमा सरह धेरै जाति-उपजातिका जनता बसोबासो गर्दछन्। यी सब जातिका बीच जतिसक्दो चाँडो वैवाहिक सम्बन्ध शुरु हुनु अथवा अन्तर्जातीय विवाहको प्रथा चल्नु हाम्रो राष्ट्रीय एकता र हाम्रा देशका भावी नागरिकहरूका शारीरिक र मानसिक निर्माण र स्वास्थ्यको दृष्टिले पनि अत्यन्य आव-श्यक कुरा छ।

वैज्ञानिक परीक्षणद्वारा यो सिद्ध भैसकेको छ, कि दुइ स्त्री र पुरुषका बीच रक्तको सम्बन्ध जति टाढा हुन सक्तछ, उति ती स्त्री र पुरुषबाट हुने सन्तान शारीरिक र मानसिक दृष्टिले स्वस्थ र सबल हुन सक्तछन्। यस कुराको उदाहरण र प्रमाण यूरोप र अमेरिकाका समाजहरु छन्। अझ

अमेरिका यस कुराको ज्वलन्त प्रमाण छ। अमेरिकी समाज यूरोपका तमाम जातिहरूको एउटा मिश्रित वा सामूहिक समाज हो। यो समाज यूरोपका विभिन्न जातिहरूका बीचको वैवाहिक र सामाजिक सम्बन्धको उपज हो। यो समाजमा ठूला-ठूला वैज्ञानिक र विद्वान्‌हरू निक्लिरहन्छन्; ठूला-ठूला नीतिज्ञ औ मेधावी व्यक्तिहरूका यहाँ उदय भइरहन्छ। यसको एउटा मुख्य कारण— यहाँको फराकिलो अन्तर्जातीय वैवाहिक र सामाजिक सम्बन्ध हो भन्न सकिन्छ।

यस्तै मुताविक, यूरोपका समाजहरूमा पनि अन्तर्जातीय र अन्तर्राष्ट्रीय वैवाहिक सम्बन्धको सुन्दर प्रभाव परेको छ। एउटा राष्ट्रको विकासको निमित्त यो अत्यन्त आवश्यक कुरो हो। तर हाम्रो देशमा अहिले अन्तर्राष्ट्रीय विवाह-प्रथाको प्रश्न आउन सक्तैन, तापनि आफ्नो देशभित्र अन्तर्जातीय विवाह-प्रथा चलाउन हामीलाई ती मुश्किल र बाधाहरू पर्ने छैनन्, जो अघि थिए। नेपालमा प्रजातन्त्र आएपछि जातिपातिको भावना धेरै शिथिल हुँदै गएको छ। सरकारोतोरबाट जाति-पातिको ऐन खारिज गरिसकिएको छ। अब यो जातिपातिको भावनालाई बिल्कुल खतम गर्नमा हाम्रा अघाडि तीनवटा कुराहरू बाधक बनेका छन्: (१) जातिपातिको सम्बन्धमा हाम्रो समाजको पुरानो धार्मिक र सांस्कृतिक कट्टरता; (२) हाम्रो समाजको शिक्षित सम्प्रदायमा नैतिक साहस (moral courage) को कमी; (३) अधिकांश जनतामा

अशिक्षा। यी तीन कुराहरूमाथि हामीले धावा बोल्न परेको छ। हाम्रा समाजका शिक्षित सम्प्रदाय, अथवा शिक्षित युवक-युवतीहरूले आफूमा नैतिक साहस बनाउन परेको छ। हाम्रो समाजका बूढा-पाका, धर्मका अगुवा र माता-पिता-हरूले यस क्षेत्रमा बाधा दिने र हस्तक्षेप गर्ने जमाना अब छैन। युगको चाल अनुसार सबैले आफ्ना पाइला चाल्न पर्दछ। युगको गतिविधिसंग जीवनले आफ्नो गति राख्न खोज्दछ— यो स्वाभाविक हो। युगको गति र मोड़ाइसंग मोड़िन र हिड्न नजाने एउटा जाति वा राष्ट्र प्रगतिको दौडमा पछाड़ि पर्दछ। अनि त्यो जाति वा राष्ट्रको जीवन ज्यने लायकको बन्न सक्तैन। अब हामीले पनि युगको चाल-संग हिडन र मोडाइसंग मोडिन जान्न पर्दछ। नत्र त्यसै पनि पछाड् खाएको हाम्रो जातिले आजको युगको प्रगतिको दौड़मा संसारका अरू जातिलाई भेट्ने सपना देख्नु मृगले मरुभूमिको बालुवामा पानी देख्नु जत्तिको मात्र हुनेछ। हामी पछौटे सँधै पछौटिएर रहने छौं। हाम्रो भाग्य कहिल्यै बन्ने छैन।

हाम्रो राष्ट्रको सामाजिक जीवनभित्र जातिपातिको भेदभावको लौह-पर्खालले हामी विभिन्न नेपाली 'जातिहरू'का हृदयका बीच जुन छेकारो हालेको छ, यो छेकारो हाम्रो प्रगति-पथको छेकारो हो। यसलाई पन्छाउनु प्रत्येक सचेत र जाग्रत नेपालीको कर्त्तव्य हो; यसलाई पन्छाउनु हाम्रो प्रगतिको बाटो खुल्नु हो।

बाटो खुल्नु हो ।

अझै पनि हाम्रो समाजमा एक जातिले अर्को जातिसंग वैवाहिक सम्बन्ध राख्न हिचकिचाउँछन् । कुनै त्यस्ता प्रगतिशील युवक-युवतीहरूले यस क्षेत्रमा पाइला बढ़ाउन खोजे समाज षडयन्त्र गर्दछ; बाटामा अनेक किसिमका बाधाको तगारो तेर्स्याउँदछ । चारैतिरबाट घृणा, निन्दा र आलोचनाको वर्षा वर्षन्छ, अनि यस्ता दुइ भिन्न जातिका पति-पत्नी, यस्तो समाजभित्र, सुखी भएर जोउने कुरा त परै रहोस् , बाँच्न पनि तिनलाई कठोर पर्दछ । यस्तो हाम्रो आफ्नै समाजभित्रका विभिन्न जातिका बीचको वैवाहिक सम्बन्धलाई निन्दा-चर्चा र आलोचनाको विषय बनाउनु सामाजिक, धार्मिक दृष्टिले अन्धविश्वास हो भने, राजनीतिक दृष्टिले, अप्रजातान्त्रिक र समाजको तानाशाही मनोवृत्ति हो ।

केवल एउटा देशभित्र, एउटा नगर वा प्रदेशमा झुम्म बसेको मानिसको बस्तीको नाउँमात्र समाज होइन । केवल एक ठाउँमा जम्मा भएर बस्तैमा हाम्रो सामाजिकता पूरा हुनसक्तैन; अथवा हामी सामाजिक हुन सक्तैनौं, जबसम्म यसरी बसेका मानिसहरूका बीच सबै किसिमका आवश्यक सामाजिक सम्बन्ध स्थापित हुन सक्तैन । अरू किसिमका सामाजिक सम्बन्धहरूकासाथै विवाह पनि एउटा सामाजिक सम्बन्ध हो । एउटै समाजमा रहेका विभिन्न जातिहरूका

बीच वैवाहिक सम्बन्धलाई अस्वीकार गर्नु त्यस समाजको सामाजिकताको एउटा ठूलो अंगलाई अस्वीकार गर्नु हो। यदि हामी आफ्नो देश र समाजको युग-स्वाहुँदो प्रगति गर्न चाहान्छौं भने; आफूलाई निर्माण गर्न चाहान्छौं भने, यस किसिमका सामाजिक भेद-भावनाका पर्खालहरूलाई ढालेर हामीले आपसमा सबै किसिमका सामाजिक सम्बन्ध राख्न हिचकिचाउन हुँदैन। आजको बीसवीं सदीको वैज्ञानिक युगमा जातिपाति जस्तो अन्ध भावनाले कुनै राष्ट्रलाई कुनै किसिमको श्रेय र शोभा दिन सक्तैन; न यसले कसैलाई फाइदा नै दिन्छ। यो त मानव-द्वेष, घृणा र अप्रेमको मूल मुहान हो; मानव-सभ्यताको विकाश-पथको काँढा हो। अब यो विषम भावनाको भूत हाम्रो समाजबाट भागोस्! हामी एक कोटि नेपाली एकै प्रेमको सूत्रमा गाँ[illegible] हामीमा पूर्ण सामाजिकता आवस्! हामी पूर्ण सामाजिक बनेर समाजको भलो गर्न चाहान्छौं!

प्रेम-विवाह (Love-Marriage)

प्रेम-विवाह आजको युगको झुकाउ जस्तो बुझिन्छ। यूरोप, अमेरिकातिर त अधिकांश विवाहहरू प्रेम-विवाह कै रूपमा हुन्छन्। एशियामा पनि यो झुकाउ दिन-दिनही बढ्दै गएको छ।

प्रेम-विवाहको चलन अहिलेको युगमा मात्र भएको होइन, प्राचीन कालमा पनि यस्तो चलन भएको बुझिन्छ। प्राचीन कालमा गन्धर्व-विवाहको नाममा यस किसिमको वैवाहिक सम्बन्ध हुन्थ्यो। अहिलेको युगमा पनि पढे-लेखेका शिक्षित मानिसहरूले प्रेम-विवाहलाई 'गन्धर्व-विवाह' भनेर सम्बोधन गरेको एदाकदा सुन्न पाइन्छ।

प्रेम-विवाहको प्रथा त्यही समाजभित्र सम्भव हुन्छ अथवा चल्न सक्तछ, जुन समाजमा व्यक्तिलाई पूर्ण व्यक्तिगत तथा :सामाजिक अधिकारहरू दिइएका हुन्छन्। जुन समाजमा व्यक्तिको व्यक्तिगत तथा सामाजिक अधिकारहरूको केही मूल्य छैन, अथवा यस्ता अधिकारहरू व्यक्तिलाई प्राप्त छैन, यस्तो समाजमा प्रेम-विवाह एउटा समस्या बन्दछ। यस्तो समाजमा कैयौं प्रेम-विवाहका इच्छुक युवक-युवतीहरू, व्यक्तिको जन्मसिद्ध अधिकारमाथि प्रहार गर्ने, समाजको तानाशाही मनोवृत्तिको संस्कारका शिकार बन्दछन्। र तिनको जीवन बरबाद हुन्छ। मनुष्यको मुक्त प्रेम-जीवनमा हस्तक्षेप गर्ने यस्ता सामाजिक संस्कार र चलनहरू हाम्रो समाजमा अझै मौजूदा छन्। व्यक्तिको जीवनलाई आफ्नै पुरानो साँचामा ढाल्न खोज्ने समाजका यस्ता मनोवृत्तिहरूसंग हाम्रा युवक-युवतीहरूले सन्धि अब गर्नु छैन— युद्ध घोषणा गर्नु पर्दछ।

प्रेम-विवाह स्वाभाविक हो। यो व्यक्तिको अधिकार हो। आफ्नो जीवन-सुखदुःखको साथी वा संगिनी आफैंले रोज्ने कुरा वेश कुरा हो। यसमा समाजलाई हस्तक्षेप गर्ने केही अधिकार छैन। एउटा व्यक्तिले चाहे असल साथी रोजोस् चाहे खराब, त्यो उसको खुशीको कुरा हो, तर व्यतिले आफ्नो व्यक्तिगत हितको साथसाथै पारिवारिक र सामाजिक हितलाई पनि ध्यानमा राख्नु उसको कर्त्तव्य हो। विवाहित जीवनको सामाजिक पक्षलाई व्यक्तिले अवहेलना गर्न सक्तैन। तर आफ्नो जीवनको साथी रोज्ने कुरामा उसलाई पूर्ण अधिकार हुनु पर्दछ— यो प्रजातान्त्रिक हो। परन्तु व्यक्तिले आफ्नो यस व्यक्तिगत अधिकारको सद्उपयोग गर्न जान्नु पर्दछ।

कुनै पनि कुराको महत्त्व र उपयोगिता त्यसको प्रयोगमाथि निर्भर गर्दछ। प्रयोग असल भएमा कुनै पनि कुरा असल हुन सक्तछ। त्यस्तै, प्रयोग खराब भएमा कुनै पनि कुरा खराब हुन सक्छ। शेक्सपियरले भनेका छन्: 'संसारमा कुनै पनि कुरा खराब र असल छैन, हामी आफ्नो विचारद्वारा नै कुनै कुरालाई खराब र असलको रूपमा प्रस्तुत गर्दछौं।' वास्तवमा ठीक हो, मानिस आफ्नो विचारद्वारानै कुनै विषय-वस्तुलाई प्रयोग गर्ने ढङ्ग निकाल्दछ, र त्यस्तै अनुसार त्यसलाई अनुभव गर्दछ र बुझ्दछ। यो कुरा मनुष्यको प्रत्येक व्यवहार, उसको जीवनको प्रत्येक विषय-

वस्तुको अनुभूति र बुझाइमा लागू हुन सक्छ । त्यस्तै मुताबिक, जीवनमा, प्रेम–विवाहको विषयमा पनि यही कुरा लागू हुन सक्छ। प्रेम–बिवाहको उपयोगिताको अनुभव त्यति बेला हुन सक्छ, जब हाम्रा समाजका युवक–युवतीहरूले यसलाई प्रयोग गर्न जान्दछन् । माथि भनिएझैं, जीवनका अरू सबै विषय–वस्तुहरू सरह प्रेम–विवाहको उपयोगिता, सफलता र सुन्दरता पनि यसको विवेक र विचारपूर्ण प्रयोगमाथि निर्भर गर्दछ ।

प्रजातन्त्रपछि प्रेम–विवाह (love-marriage) को झुकाउ हाम्रो समाजमा पनि बढ्दै आएको छ । यसलाई नराम्रो भन्न सकिन्न । तर यस क्षेत्रमा युवक-युवतीहरूका प्रयोग धेरै अंशमा उति सफल र सन्तोषजनक भएको बु[illegible] कति यस्ता प्रेम–विवाहहरू हुन्छन् , जो, विवाह भएको ४–५ दिन पछि नै, अथवा छः महीनापछि, जीवनमा धोखा र गल्तीका रूपमा खड़ा हुन्छन् । र जीवनमा भयानक नैराश्य र उदासीनता आउँदछ; र जीवन दुःखमय हुनुको साथै जीवनका अरू कर्म–क्षेत्रहरूमा पनि यस्तो परिस्थितिले बाधा उपस्थित गर्दछ । यसको मुख्य कारण, स्त्री र पुरुषको प्रेमको क्षेत्रमा युवक–युवतीहरूका विवेकरहित भावुकता भन्नुपर्दछ । अक्सर गरेर यस्तो प्रेममा युवक–युवतीहरू परस्परको चेहेराको रङ्गमा भुल्दछन्, अथवा बाहिरी आकर्षण

र आडम्बरमा भुल्दछन्। अनि यसै आधारमा आफूलाई लैला र मजनु, वा रोमियो र जुलियट् संझने गर्दछन्। उनीहरूलाई परस्परको आन्तरिक व्यक्तित्व, शील-स्वभाव, 'जीवनलाई-हेर्ने-दृष्टिकोण' वा सिद्धान्तको विषयमा कुनै वास्ता रहंदैन। अथवा छोटकरीमा व्यक्तिको जीवनको भित्री तह वा उसको विचार र भावनाको जगत्भित्र च्याएर हेर्ने कोशिश गरिंदैन—. यही कारण हो कि संसारमा धेरै यस्ता प्रेम-विवाहहरू जीवनमा धोखा साबित हुन्छन्। यसरी व्यक्तिले आफ्नो व्यक्तिगत स्वतन्त्रता र अधिकारको नाउँमा आफ्नो जीवनको सुख-सपनाको महलमा आफैं आगो लगाउँदछन।

जस्तो कि माथिनै भनियो, प्रेम-विवाह राम्रो कुरा हो। यस क्षेत्रमा, समाजलाई, बार हाल्ने केही खाँचो छैन। यो व्यक्तिको अधिकार हो। उसको अधिकारको भोग गर्ने हक उसलाई हुनु पर्दछ। तर स्त्री-पुरुषको सम्बन्धको यस क्षेत्रमा प्रत्येक युवक, युवतीले विचार गर्नु पर्ने कुरा यो छ, कि कुनै पनि व्यक्तिको प्रेमको लक्ष्य अर्को व्यक्तिको बाहिरी विशेषता होइन, तर उसको भित्री विशेषता हो। अथवा त्यस अर्को व्यक्तिको हृदय र आत्मा हो, र त्यस्तै, उसको हृदय र आत्माको स्वभावमा नै, उसलाई प्रेम गर्ने व्यक्तिले, आफ्नो प्रेमानुभूतिको सन्तुष्टि पाउन सक्तछ।

कति युवक-युवतीहरू, केवल बाहिरी झलकमा टाढ़ा-टाढैबाट आपसमा प्रेम गर्दछन्। यस्ता तथाकथित आदर्श प्रेम (romance) आखिरमा गएर जीवनको मैदानमा उत्रंदा, जीवनको वास्तविकताको कसीमा रगडिंदा, धेरै जसो खोटा निक्लन्छन्। कसैको मुदु नछामिकन, कसैलाई राम्रो नचिनीकन बाहिरी झलकको आधारमा, अनुचित जोश र आवेशमा आएर कसैको हातमा आफ्नो जीवन स्वम्पिनु अथवा कसैको जीवनको जिम्मेदारी आफ्नो काँधमा लिनु निष्पट अज्ञानता र मूर्खता हो।

विवाहित जीवनको प्रेम बुद्ध, क्राईस्ट र गांधीको प्रेम होइन। जीवनको यस क्षेत्रमा हुने प्रेम त्यस्तो बिल्कुल निःस्वार्थ हुन सक्तैन; एक-तर्फी बनेर चल्न सक्तैन। न कसैको बाहिरी रूप-रेखा अथवा विशेषता नै, कसैको आत्मालाई लाग्ने प्रेमको तिर्खाको, अन्तिम घुड़की बन्न सक्तछ। अतः मेरो एउटा यहां सल्लाह छ, कि प्रत्येक युवक-युवतीले कसैलाई प्रेम गरेर उसको जीवनको बाटामा पाइला राखिहाल्नु भन्दा अघाडि, उसको आन्तरिक व्यक्तित्व अथवा उसको शील, चरित्र र 'जीवनलाई-हेर्ने-दृष्टिकोण' लाई बुझ्नु र साथै उसको जीवनसंग घोलिने सामर्थ्य आफूमा छ— छैन,— यस दृष्टिले आफ्नो पनि मुदु छामी हेर्नु, प्रेम-विवाहका इच्छुक प्रत्येक युवक-युवतीका निमित्त, कल्याण-

कारी कुरा हुन सक्तछ । यस्तो दूरदृष्टिको दूरबीन लिएर हिंड़े, संसारमा कुनै पनि व्यक्तिलाई नजीकै खिचेर भित्रसम्म हेर्न र बुझ्न सकिन्छ । यस्तो होशियारीको हतियार लिएर हिंडे, कोही पनि मृगतृष्णाको फेला पर्दैनन । बरु जीवनको बाटामा धैर्यपूर्वक हिंड्दै जाँदा वास्तविक पानीको निर्मल झर्ना भेटिन सक्छ ।

-o—o-

खण्ड ११

गर्भ–नियन्त्रण (Birth Control)

मनुष्य–जीवनको आनन्द, सुख–सुविधा र सरलताको निंति जीवनको कुनै पनि क्षेत्रमा मानिसको व्यवहार विवेक-पूर्ण हुनु जरूरी देखिन्छ । जब मानिसको कुनै पनि व्यवहारले— चाहे जानिकन अथवा नजानिकन— विवेकको घेरा नाघ्दछ, तब जीवनमा अनेकानेक समस्याहरू खडा हुन्छन् । अनि नैराश्य, दुःख र ग्लानिको थपेड़ा खाएर जीवन वास्तविकताको जगत्‌बाट टाढा भाग्न खोज्दछ ।

जीवनका अरू क्षेत्रहरूमा सरह विवाहित जीवनमा पनि यस्ता कतिपय कुराहरू छन् , जसमा विवाहित स्त्री–पुरुषको व्यवहार पूर्ण कलात्मक र वैज्ञानिक हुन पर्दछ; र कति यस्ता कुराहरू पनि छन् , जसमा ठूलो होशियारी, विचार र विवेकको आवश्यकता पर्दछ । यी सब कुराहरूमध्ये विवाहित स्त्री–पुरुषबाट हुने भावी सन्तानको प्रश्न पनि

विवाहित जीवनको एउटा ठूलो प्रश्न हो। कतिका निमित्त यो एउटा गम्भीर समस्या पनि।

विवाहको साथसाथै स्वभावैले 'सन्तान' भन्ने शब्द पनि टाँसिएर आउँछ। विवाहपछि सन्तान हुनु पर्दछ— यो विवाहको एउटा उद्देश्य हो। कुनै विवाहित स्त्री-पुरुषका वासका लागि यस धरतीमाथि चाहे महल खडा भएको होस्, चाहे तीतेपातीको छाप्रो, तर त्यो जीवनको वासस्थानमा, त्यो जीवनको मन्दिरमा, जहाँ नवदम्पति परस्परलाई प्रेम गर्दछन्, माया र ममताले ढाक्तछन्, त्यो पवित्र ठाउँमा जीवनको सुनौला प्रभात आउनु पर्दछ; मानव-जीवनका कलीला फूलहरूका शोभाले त्यो ठाउँ उद्भासित र शोभित हुनु पर्दछ।

सन्तान विवाहित जीवनको एउटा लक्ष्य मात्र होइन, सन्तान विवाहित जीवनको एउटा ठूलो शोभा, सौन्दर्य र आनन्द पनि हो। सन्तान दाम्पत्य जीवनको प्रेमको सुखमा एउटा महान् योग हो। तर यसको साथै एउटा यो पनि प्रश्न आउँछ कि सन्तान सीमित हुनुपर्छ, या जति जन्मियो उति? यो प्रश्न आजको मानव-समाजमा ठूलो महत्त्व राख्तछ। हुनता पहिलेका पुराना युगमा पनि इच्छा लागे जति मात्र सन्तान जन्माउने चलन नभएको होइन। गर्भ-निरोधका उपायहरू आविष्कार नगरिएका होइनन्। तर पहिलेभन्दा

आजको युगमा झन संसारका सबै देश र समाजहरूमा विवाहित जीवनको अघाडि यो प्रश्न उभिएको छ ।

आजको संसारको बढ्दो जनसख्या, र धेरै जसा देशहरूको कम्जोर आर्थिक स्थितिले गर्दा, विवाहित जीवनको स्वास्थ्य र सुखलाई ध्यानमा राख्ता, जीवनलाई नियन्त्रण गर्नु पर्ने विवशताको अनुभव, संसारका धेरै जसा देशहरूमा दिनदिनही बढ्दै गएको छ । वास्तवमा अनुभवले मानिसलाई जे सिकाउँछ, त्यसमा अवश्य पनि केही-न-केही सत्यता हुन्छ ।

संसारका गरीब मुलूकहरूमध्ये हाम्रो मुलूक—नेपाल पनि एउटा हो । हाम्रो समाजमा अहिले ९५% जनताको आर्थिक अवस्था शोचनीय छ भन्नुपर्छ । जहाँ ९५% जनतामा पति र पत्नीलाई दुइ फाँको जुटाएर खान मुश्किल पर्दछ, त्यस्तो समाजमा रहेर बर्षौं नि फताफत् सन्तान जन्माउन थाले जीवनको के हाल होला ? यो भनिरहनु पर्दैन ।

कोही मानिस भन्दछन् : गर्भ बन्द गर्नु पाप हो । तर विवेक भन्दछ: छोरा-छोरी जन्माएर तिनलाई राम्रो खानलाउन र तिनको शिक्षा-दीक्षाको व्यवस्था गर्न नसके, बिरामी पर्दा तिनलाई औषधि गर्न नसके; तिनको भविष्य निर्माण

गर्न नसके, झन महां पाप हो । सामाजिक र राष्ट्रीय दृष्टिकोणले पनि धेरै रोगी र दुर्बल नागरिकहरू हुनुभन्दा केही थोरै सबल-स्वस्थ नागरिकहरू नै लाभ-दायक हुन्छन । जङ्गलका हजारौं स्यालहरूदेखि हामी डराउँदैनौं, तर दुइ–चार सिंहहरूदेखि हामी काँप्तछौं। त्यसकारण, बगुन्द्रा स्याल-नागरिकहरूभन्दा बरु केही कम सिंह जस्ता नागरिकहरू नै देशको माग हो ।

वास्तवमा गर्भ–निरोध गर्नु पाप हो भन्ने कुरा भ्रम र नचाहिंदो भावुकता हो; वैज्ञानिक ज्ञानको न्यूनता हो । विज्ञानले हामीलाई बताउँछ : स्त्री–पुरुषको एक पटकको सम्मिलनमा हुने वीर्य–पातमा कमसेकम ३० देखि ५० करोडसम्म वीय–कीटाणुहरू हुन्छन् । योनिभित्र वीर्य-पात हुनासाथ यी सूक्ष्म जीवनका वीज कीटाणुहरूमा एक प्रकारको दौड़को प्रतियोगिता चल्दछ। यस प्रतियोगितामा जुन चाहिं अघि पुगेर, गर्भाशयमा गर्भाधानको निमित्त पर्खिरहेका डिम्बकोष-हरूमध्ये एउटासग भेट गर्दछ, त्यही यस दौडमा विजयी हुन्छ, र नारी–शरीरको यही अण्डकोषसंग मिलेर जीवनको विकास गर्दछ। यो विजयी कीटाणु अरूभन्दा विशेष स्वस्थ शक्तिशाली हुन्छ भन्ने विज्ञान प्रमाणित गर्दछ । अरू बाँकी रहेका सब कीटाणुहरू मर्दछन । यो नियम प्रकृति हो। यसमा पाप लाग्ने केही कुरा छैन । यही रीतलाई विचार गर्दा, यदि गर्भ नरोक्ता पनि यतिका जीवहरूको हत्या आफैं हुन्छ भने

गर्भ रोक्ता हुने एउटाको हत्यामा पाप र धर्मको प्रश्न झिक्नु अवैज्ञानिकता र अति भावुकता सिवाय के हुनसक्छ ? साथै, माथि भनिएझैं, सन्तान जन्माएर तिनको उचित संभार गर्न नसके जन्म दिनुभन्दा नदिनु नै वेश भन्ने कुरा, कुनै पनि सही विचारको मानिसलाई मनासिप लाग्न सक्तछ ।

जायजन्म सीमित हुनु बेश हो भन्ने तर्कको आधार आर्थिक प्रश्नको साथसाथै अरू पनि धेरै प्रश्नहरू छन् । तिनमा मुख्यतः आमा हुने नारीको जीवनको प्रश्न छ । एउटो नारीको जीवनलाई केवल छोरा-छोरी बनाउने मिसिन-घर मात्र बनाइदिनु घोर अन्याय हो । एउटी नारी केवल यस्तो मिसिन-घर मात्र बन्न पति-घरमा आउँदिन । वास्तवमा, उ, हरेक दृष्टिले, जीवनमा आनन्द, सुख-शान्ति र सन्तोषको आशाको कुम्लो बोकेर आउँदछे । तर जब पति-घरमा आएर बसेनि छोरा-छोरी बनाउने मिसिन-घर बन्दछे, तब उसको हृदयको सारा आशा, अभिलाषा, उसको शारीरिक र मानसिक स्वास्थ्यको पतन संगसंगै, मर्दछन् । परन्तु, दुःखको कुरा छ, पति महाशयहरूलाई पत्नीको जीवनको यस्तो हालको विषयमा कुनै ख्याल-खबर रहंदैन ।

छोराछोरी जन्माउने काममा पुरुषको जीवनमा त्यति ठूलो नोक्सानी हुँदैन, जति ठूलो नोक्सानी नारीको जीवनमा

हुन्छ। प्रत्येक पुरुषले यो कुरा विचार गर्नु पर्दछ। हामी जान्दछौं, एउटी नारी जतिसुकै बैंसालु होस्, जतिसुकै उसमा शारीरिक शक्ति ह्रास्, एउटा सन्तान जन्माउने बित्तिकै उसको शरीर-स्वास्थ्यमा, ठूलो धक्का लाग्न जान्छ। उसलाई आफ्नो शारीरिक र मानसिक स्वास्थ्यको ठूलो नोक्सान भएको अनुभव हुन्छ। एउटै सन्तान जन्माउँदा उसलाई यति शक्तिहीन गराउँछ भने ४-५-६-७ देखि १०-१२ वटासम्म जन्माउँदा उसको जीवनको हाल कस्तो होला ? यो विचारणीय कुरा छ।

विवाहित जीवनको उद्देश्य केवल सन्तान जन्माउनु मात्र होइन, तर आनन्द र सुख पनि यसको उद्देश्य हो। सुखी विवाहित जीवनको जहाँसम्म प्रश्न छ, विवाहित जीवनको प्रत्येक कुरा व्यवस्थित, र विवेकको आधारमा हुन पर्दछ। यस दृष्टिले प्रत्येक पति-पत्नीको सन्तानको जायजन्म पनि— लालन-पालन र सन्तानको भविष्य-निर्माण गर्न सक्ने शक्ति अनुसार, र साथै पत्नीको शरीर, स्वास्थ्य र यौवनलाई समेत अखण्ड राख्नको निमित्त— आवश्यकताको सीमाभित्र सीमित राख्न आवश्यक देखिन्छ।

हाम्रो नेपाली समाजमा पनि अनावश्यक जायजन्मलाई रोक्ने आवश्यकताको अनुभव सबैले गर्न थालेका छन्। तर यस दिशामा आवश्यक सल्लाह र सुझाउको

कमीले गर्दा कतिले नानाभाँतिका अवैज्ञानिक र हानिकारक उपायहरूका प्रयोग पनि गर्दछन्, जसको फल लाभको सट्टा उल्टो हानि हुन जान्छ।

भ्रुण-हत्या महां पाप हो

गर्भ-निरोधको नाउँमा भ्रुण-हत्या गर्नु महा पाप हो; अमानुषिक व्यवहार हो। पेटमा प्रायः हुर्किसकेको आफ्नो सन्तानको जीवनमाथि यस किसिमको निर्दयी व्यवहार गर्नसक्नु यो भन्दा नीचता र कठोरता अर्को कुन कुरा हुनसक्तछ? वास्तवमा यस्ता दुष्टाचारीहरू हत्यारा हुन्। यस्ता दुष्टाचारीहरूलाई ठीक सबूत र प्रमाण पाउन सके, कानूनले हत्यारा ठहराई त्यसै अनुसार दण्ड दिनु आवश्यक छ।

भ्रुण-हत्या जस्तो अमानुषिक व्यवहार हाम्रो समाजमा अविरलै भैरहन्छ। तर यस्तो नीच र महां पापमय व्यवहार प्रति समाजले पहिले देखि नै आंखा चिम्लिदै आएको जस्त बुझिन्छ। हुनता एक दृष्टिले समाज र सरकारलाई यस दिशामा दृष्टि पुऱ्याउन गाऱ्है पर्दछ। यस्तो व्यवहार व्यक्ति कै इच्छा र, कारणबाट हुन्छ; र व्यक्ति कै विचार-शक्तिमाथि निर्भर गर्दछ, तापनि समाजका प्रत्येक व्यक्तिले यस्तो नीच, महां पापमय व्यवहारप्रति कडा कानूनी दृष्टि राख्नु कर्त्तव्य मात्र होइन, महान् मानवता पनि हो। कसैले कसैको

यस्तो व्यवहार थाहा पाएर, सबूत-प्रमाण दिन सके, कानूनको अघाडि पेश गर्नु पर्दछ, र सरकारको जाँच--बुझबाट प्रमाणित ठहरिन आए, आरोपित व्यक्तिलाई कानूनले कड़ा सजाए दिनु न्यायसंगत ठहर्छ। यसो हुन सके, समाजमा, व्यभिचारीहरूका मनपरी मनोवृत्तिमाथि पर्ने कानूनी प्रभावले, समाजमा चल्ने व्यभिचार र भ्रूण-हत्या जस्तो अमानवीय व्यवहारको रोकमा, धेरै मदत पुग्न सक्तछ।

भ्रूण-हत्या केवल धर्म र नीतिको दृष्टिले मात्र खराब र अमानुषिक होइन, तर भ्रूण-हत्या गर्ने नारीको शारीरिक र मानसिक स्वास्थ्य र जीवनको सुख-शान्तिको दृष्टिले पनि अत्यन्त खराब हो। जुन स्वास्नीमानिसले आफ्नो पेटभित्र हुर्किंदो सन्तानलाई यस्तो निर्दयीतापूर्वक फ्याँक्तछ, यस्तो घोर अत्याचार र पापाचारको फलस्वरूप यस्ती दुष्टा स्वास्नीमानिसको शारीरिक र मानसिक स्वास्थ्य भयानक नराम्रोसंग गिर्दछ। उसको अन्तर आत्मालाई ग्लानि र दुःख हुनजान्छ। आखिर एउटी नारी, नारी नै हुन्छे। यस्तो दुराचार, चाहे उसले भूल र गल्तीबाट गरोस्, चाहे आफ्नो अन्धो आवेशको फलस्वरूप लाज र बेइज्जतीबाट बच्नलाई समाजको डरले यस्तो गरोस्, एक छिनको लागि उ कठोर बन्न सक्तछे, तर उसकी भित्रकी नारीले, उसको आत्माले, उसको यस्तो पापाचारलाई कहिल्यै क्षमा गर्न सक्तैन। 'म पापिनी हुँ!' भन्ने भावनाले उसलाई सताइरहन्छ। ग्लानि

र दुःखमय पापको छायाले उसलाई जहाँ गए पनि पछ्याइ-रहन्छ। उसको जीवनको सुख र आनन्द जल्दछ। उसको जीवनमा शान्तिको शीतल छाया कहिल्यै पर्दैन।

एउटा अनैतिक व्यवहारले पुरुषको अन्तर आत्मालाई जति घायल पार्दछ, त्यो भन्दा धेरै गुणा बढ़ता एउटी नारीको आत्मालाई घायल पार्दछ; त्यो भन्दा धेरै बढ़ता एउटी नारी-लाई ग्लानि र दुःख हुनसक्छ। यसको कारण हो— नारीमा पुरुषमा भन्दा बढ़ता नैतिक दृष्टि हुन्छ; कानूनको डर र मर्यादा पुरुषले भन्दा बढ़ता नारीले राख्तछे। त्यस-कारण, यस्तो खराब प्रवृत्ति, यस्तो अमानवीय व्यवहारबाट हाम्रा समाजका दिदीबहिनीहरू मात्र होइनन् संसारका तमाम दिदीबहिनीहरू बचुन— जुन व्यवहार उनीहरूका नारी-हृदय र आत्माको स्वभावको बिल्कुल विरोधात्मक हो, विपरीत हो; जुन व्यवहारले उनीहरूका जीवनको सुख-शान्ति र आनन्द-लाई खरानी पार्दछ; जुन व्ययहारले कोमल नारी-आत्मा आजीवनको लागि घायल बन्दछ।

अक्सर गरेर, स्त्री-पुरुषको अवैधानिक र अनैतिक सम्बन्धको फलस्वरूप भ्रुण-हत्या हुनजान्छ। यस्तो अवै-धानिक र अनैतिक सम्बन्धबाट हरेक युवक, युवती बच्नु पर्दछ। यस्तो सम्बन्धले जीवनलाई वास्तविक अर्थमा आन-

न्दित र सुखी तुल्याउन सक्तैन। बरु, जीवनमा, लाज र चरित्रहीनताको कटु अनुभूतिको साथै, दु:ख, ग्लानि र नैराश्य-को भेल बग्दछ। अत: हरेक युवक, युवतीले, यस्तो अवैधानिकता र अनैतिकताबाट टाढ़ा रहनुपर्दछ। सद्चरित्र जीवनको शक्ति हो। सद्चरित्र नै जीवनको सुख हो। सद्चरित्र नै मनुष्य-जीवनको निधि हो, विभूति हो। सद्-चरित्रविना संसारमा कोही पनि ठूला भएका छैनन्। सद्-चरित्र नै विव्दान्‌को विव्दता हो। सद्चरित्र नै नेताको नेतृत्व हो। सद्चरित्र नै मनुष्य-जीवनको उच्च संस्कृति हो, सभ्यता हो, साथै यही महान् गुण: मनुष्य-जीवनको असली सौन्दर्य र आनन्दको स्रोत पनि हो।

विशेष, यहाँ जुन गर्भनियन्त्रणको विषयमा चर्चा गरिने छ, त्यो कुनै स्त्री-पुरुषको अवैधानिक र अनैतिक सम्बन्ध (Illigal and immoral sexual imtercourse) को निर्देशनको लागि संकेत होइन। विवाहित जीवनलाई सरल र सुखमय गराउनको साथै, सामाजिक र राष्ट्रीय हितको ख्याल राख्तै, जीवनमा अखण्ड स्वास्थ्य र यौवनलाई कायम राख्ने आशयले नै यहां यस विषयक केही चर्चा गरिने छ।

गर्भ-निरोधका केही उपाय

गर्भ-निरोध (birth-control) का विषयमा प्राचीन काल-देखि आजसम्म धेरै किसिमका मत, विचार र उपायहरू प्रकाशमा आइसकेका छन्। ती मध्ये कति वैज्ञानिक दृष्टिले ठीक छन्, त कुनै बेठीक पनि छन्। कुनै सजिला छन्, त कुनै अप्ठ्यारा पनि छन्। यस दृष्टिले जसलाई, यस क्षेत्रमा, केही उपाय गर्नु छ उसले जुनचाहिं सजिलो छ, जुन वैज्ञानिक दृष्टिले ठीक छ, त्यस उपायलाई प्रयोगमा ल्याउनु युक्तिसंगत हो।

पुरुषद्वारा लिङ्गावरण विधि

सम्भोगको समयमा पुरुषले आफ्नो लिङ्गमा रबरको आवरण (rubber sheath अथवा condom) लगाएर पनि गर्भ-निरोधको उपाय गर्न सकिन्छ। तर यस उपायबाट सम्भोगको पारस्परिक आनन्दमा कमी हुनजान्छ। कारण यो उपायले स्त्रीको योनिसंग पुरुषको लिङ्गको खुला स्पर्शलाई छेक्तछ। यसबाट सम्भोगको सम्पूर्ण आनन्दमा केही बाधा पुऱ्याउँदछ भन्ने कुरा प्रस्ट छ। गर्भ-निरोधका लागि सम्भोग-को समयमा हुने वीर्यपात लगाइएको आवरणभित्र पर्ने हुनाले, यदि आवरण नफाटे, अथवा त्यस किसिमसंग सम्भोग हुनसके, वा त्यसमा कहीं छिद्र नभए यसबाट

गर्भ-निरोधको उपाय ठीकसंग हुन सक्तछ । तर यस्तो आवरण, सम्भोगको समयमा फाट्नगए, वा त्यसमा छिद्र पर्न गएको भए, यसमा पनि विफलता आउन सक्तछ । तर माथि भनिए झैं, सम्भोगको पारस्परिक आनन्द र सन्तुष्टिको दृष्टिले यसलाई त्यति सफल र सन्तोषजनक उपाय भन्न सकिंदैन ।

स्त्रीद्वारा आवरणको प्रयोग

पुरुषले झैं स्त्रीले पनि, गर्भ-निरोधका लागि आवरण प्रयोग गर्न सक्छन् । यस्ता आवरणलाई अंग्रेजी भाषामा 'पेसारी' भन्दछन् । यो विशेष रबरको हुन्छ । यसलाई स्त्रीले आफ्नो गर्भाशयको मुखमा लगाउन पर्दछ— जुन यौन-नालीमा निस्केको हुन्छ, र जहाँबाट वीर्य-कीटाणुहरू छिरेर गर्भाशमा पुग्दछन् । यो आवरण गर्भाशयको मुखमा टोपी झैं भएर बस्तछ, र वीर्य-कीटाणुहरू छिर्न पाउंदैनन् । यो आवरण पनि रबरको बनिएको हुन्छ । यसको सफल प्रयोगको लागि कुनै महिला डाक्टरद्वारा गर्भाशयको मुख जचाई साइज मिलाएर प्रयोग गर्नसकेमा, यो उपाय अचूक हुनसक्तछ । साइज मिल्न नसकेमा गर्भ-निरोधको सम्भावना कम हुनजान्छ । यस उपायबाट सम्भोगको आनन्दमा कुनै कमी हुन पाउँदैन । यौन-वैज्ञानिकहरू यस विधिलाई निकै सिफारिस गर्दछन्

स्तम्भित मैथुन

स्तभित मैथुन (coitus interruptus) **पनि गर्भ-निरोधको** एउटा उपाय हो। भन्छन्, यस उपायलाई इस्लाम धर्मका प्रवर्त्तक हजरत महमदले आविष्कार गरेका थिए। संसारका धेरै देशहरूमा गर्भ-निरोधका लागि यो उपायको अभ्यास गर्ने चलन भएको थाहा पाइन्छ। तर यस क्षेत्रका परीक्षक र विचारक वैज्ञानिकहरूले यो उपायलाई बिल्कुल खराब भन्ने सिद्ध गरेका छन्। यो उपाय गर्दा, सम्भोगको समय, जब वीर्यपात हुने समय आउँदछ, ठीक त्यस बखत पुरुषले आफ्नो लिङ्गलाई बाहिर गर्दछ, र ओछ्यानमा अथवा स्त्रीको बाहिरी अंगको कुनै फरक भागमा वीर्य खसाउँदछ। यस उपायलाई सोझो दृष्टिले हेर्दा कुनै किसिमको झञ्झट गर्न नपर्ने अत्यन्त सजिलो हुनुका साथै, एउटा अचूक उपाय जस्तो भान पर्दछ। तर आजकलको वैज्ञानिक दृष्टिले यस उपायमा धेरै किसिमका त्रुटिहरू पाइएका छन्, र स्त्री-पुरुष दुबैका शारीरिक र मानसिक दृष्टिले हानिकारक सिद्ध हुन आएको छ। सम्भोगको उत्तेजना र आनन्दको उचाइमा पुगेर अलग हुँदा, जुन शारीरिक र मानसिक झड्का पर्दछ, जुन असन्तुष्टि र अतृप्ति हुन्छ, यसले स्त्री-पुरुष दुबै थरिको, अझ विशेष गरी स्त्रीको शरीर र मनमाथि खराब असर पर्दछ भन्ने कुरा आधुनिक यौन-विज्ञानले सिद्ध गरेको छ।

संसारका धेरै देशहरूमा धेरैले यस्तो अभ्यास गर्दछन् । तर यहाँ यस उपायको चर्चा सिफारिस होइन, निषध हो ।

केही सरल रासायनिक उपायहरू

गर्भ-निरोधकालागि यस्ता धेरै सजिला उपायहरू पनि छन् जुन उपायहरू गर्नमा कुनै ठूलो खर्चको आवश्यकता पर्दैन, न कुनै कठीनाइ र समस्याको सामना गर्नुपर्दछ । यी उपायहरू गर्दा, कुनै रासायनिक वस्तुहरू प्रयोगमा ल्याइन्छन । जस्तै, बोरेसिक एसिड, प्यारफिन तेल, नामको तेल, कुइनाइन, इत्यादि । या चीजहरूलाई व्यवहार गर्दा, अण्डाको आकारको तर केही ठूलो स्पन्जको टुक्रा, अथवा त्यत्रै गुजुल्टो बन्ने सफा र मुलायम मलमल कपड़ाको लत्तालाई बोरेसिक एसिड्मा, अथवा कुनाईन मिलाइएको प्यारफिन तेलमा भिजाएर स्त्री-अंगभित्र दबाएर गर्भाशयको मुखसग टाँसेर त्यसलाई सम्पूर्णरूपले ढाक्नपर्छ; र दबाइएको उक्त कपड़ा, गर्भाशयको मुखसंग, यौन-नालीभित्र काँसएर बस्नुपर्दछ, जसमा स्खलित हुने पुरुषको वीर्य वरिपरिबाट छिरेर भित्र जान नपाओस् ; सबै त्यो कपडाभित्र परोस् । यसो गर्दा पुरुषको वीर्यमा हुने वीर्य-कीटाणुहरू, जुन कीटाणु स्त्रीको अण्डकोष (female egg-cell) संग जुट्ता गर्भ रहन्छ, सबै, प्रयुक्त रासायनिक प्रभावद्वारा, मर्दछन्, यसरी गर्भ-

निरोध सम्भव हुनजान्छ।

प्यारافिन तेलको साटो नीमको तेल, तिसीको तेल, कदमको तेल, रिडीको तेल आदि पनि प्रयोग गर्न सकिंछ। यी मध्ये कुनै तेलमा टेबुल-सल्ट (एक प्रकारको नून) अथवा रकसल्ट (सिंध नून) मिलाएर माथि भनिए झैं स्पन्ज अथवा मुलायम कपड़ा भिजाएर माथि भनिएकै तरिका अनुसार व्यवहार गरे पनि गर्भ-निरोध गर्नमा सफलता मिल्न सक्तछ। कपड़ाको साटो नरम, सफा रुवा पनि प्रयोग गर्न सकिंछ। माथि भनिएका चीजहरूबाहेक सिर्का (चूक) पनि गर्भ-निरोधका लागि उपयोगी औषध मानिन्छ। सिर्का वा चूकको प्रयोग पनि स्पञ्ज अथवा सफा मुलायम कपडा, वा रुवाको † टॉम्पोनकासाथ प्रयोग गर्नुपर्छ। अलिकति सिर्का वा चूकलाई पानीमा मिलाएर त्यसमा स्पञ्ज, कपडा वा रुवा भिजाएर माथि भने झैं नियमअनुताबिक प्रयोग गरिएमा, यो पनि एउटा असल उपाय हुन सक्छ भन्ने यस क्षेत्रका धेरै परीक्षकहरूको भनाइ छ। तर प्रयोग गर्नु भन्दा अघाडि पोल्ने नपोल्ने विचार गरिहेर्नु आवश्यक छ; किनभने कसैको शारीरिक स्वभाव अनुसार पोल्ने पनि हुन्छ। यदि पोल्दछ भने यस उपायलाई गर्नु ठीक हुँदैन।

---

† चाक्लो र केही मोटो टालो वा पट्टी

पेसारी (pessary) वा डायफ्राम (diaphram) को प्रयोगमा पनि कीटाणु-नाशक औषधि प्रयोग गर्नु वेश हुन्छ। यस्ता औषधिहरू र उक्त सामानहरू पनि हिन्दुस्तानका शहरहरूमा पाइनसक्छन्। यी औषधिहरू माथि बताइएका स्पंज, कपडाको वा रुवाको टॅम्पोन (tampon) का साथ पनि प्रयोग गर्न सकिन्छ।

प्रयोग गरिएको पेसारी उतानिखेरै निकाल्न हुँदैन; भोलिपल्ट विहान निकाल्न पर्छ। र फेरि अर्को पटक प्रयोगको लागि त्यसलाई ठीकसंग साबुनले धोएर सुकाइकन पाउडर लगाएर राख्नपर्छ।

स्पञ्ज (sponge), कपडाको वा रुवाको टॅम्पोन, अथवा कपडाको लत्ताको प्रयोगमा चाहिं, प्रयोग भैसकेपछि निकाल्न सजिलाकोलागि एकछेउम धागा लगाइराख्नु ठीक हुन्छ। रुवाको प्रयोगमा नरम र सफा कपडामा पातलो किसिमसंग तकेर प्रयोग गर्नु वेश हुन्छ। रुवाको साटो खूब नरम ऊनी पनि प्रयोग गर्न सकिन्छ। पेसारीको प्रयोगमा झैं, यी चीजहरूलाई पनि तुरुन्तै निकाल्न हुँदैन। र उक्त सबै किसिमका प्रयोगमा— प्रयोग गरिसकेपछि केही छिनमै निकाल्नु छ भने अलिकति पानीमा कीटाणु-नाशक औषधि मिलाएर, रबरको नली वा अरू कुनै उपायद्वारा योनिभित्र डूस दिएर सफा गर्नु पर्दछ। यसो गर्नाले नमरेका कीटाणु-

हरू पनि सबै मर्दछन्, गर्भ-नियन्त्रणको सम्भावना बढ्दछ ।

अपरेशन विधि

आधुनिक वैज्ञानिक विकाशले गर्भ-नियन्त्रणको क्षेत्रमा अपरेशन बिधिको पनि आविष्कार गरेको छ । अपरेशन स्त्री र पुरुष दुबै थरिको हुन सक्तछ ।

स्त्रीको अपरेशन गर्दा, गर्भाशयसंग जोड़िएका दुइटा फॉलोपियन ट्यूब (fallopian tube) जस्तो हामीले चित्र नं० २ मा देख्यौं, ती ट्यूब वा नली, जहाँबाट, डिम्बकोष (ovary) मा उत्पन्न हुने स्त्री-अण्डकोष (female egg-cell or ovum), गर्भाशयमा आउँदछन्, ती ट्यूब वा नलीलाई बीचमा काटेर दुबै छेउलाई एक ठाउँमा जोडेर बाँधिदिइन्छ। यो नलीको मोटाइ केवल १/८ इञ्च लगभग हुन्छ। यसो गर्दा, डिम्बकोष (ovary) बाट गर्भाशयमा आउने स्त्री-अण्डकोषहरू रोकिन्छन् र गर्भ रहन पाउँदैन ।

पुरुषको अपरेशन पनि यस्तै किसिमको हुन्छ। यस अपरेशनमा, पुरुषको वीज-नली (spermatic tube) जो अण्डकोषसंगै रहेका हुन्छन् र मोटाइ उही १/८ इञ्च लगभग नै हुन्छ । ती नलीलाई पनि, स्त्रीको अपरेशनमा झैं, बीचमा काटेर बाँधिदिइन्छ। यसो गर्दा, पुरुषको अण्डकोषबाट

आउने वीर्य-कीटाणुहरू रोकिन्छन् र गर्भ-नियन्त्रण सम्भव हुन्छ। तर सम्भोगका समयमा, अरू किसिमका यन्त्रहरूबाट तरल पदार्थ आउन रोकिंदैन। वास्तवमा यसरी आउने तरल पदार्थ केवल वीर्य-कीटाणु—वाहक वस्तु मात्र हो। र केही वैज्ञानिक खोजद्वार, यस पदार्थमा, विभिन्न किसिमका रासायनिक तत्त्वहरू मिलेका हुन्छन् र यस पदार्थले स्त्री र पुरुष दुबै थरिका शरीरलाई पोषण दिन्छ भन्ने पनि पत्ता लगाइएको छ।

अपरेशन विधिको प्रयोगमा सबैभन्दा ध्यान दिनुपर्ने कुरा छ— डर नमान्नु। स्त्री होस् वा पुरुष, कसैलाई यदि ज्यादै डरलाग्छ भने अपरेशन गराउनु खतरनाक हुन्छ। कारण डर मान्नाले हाम्रा शरीरका अंगहरूमा हानिकारक मनोवैज्ञानिक असर पनजान्छ। त्यस किसिमको असर पर्न गएमा फायदाभन्दा बढता नोक्सान हुन्छ। जो डर मान्दैनन् , जो साहसकासाथ आत्मविश्वास राख्तछन्, त्यस्ता स्त्री-पुरुषले असल, अनुभवी डाक्टरद्वारा अपरेशन गराउनु पनि गर्भ-नियन्त्रणको लागि एउटा वेश उपाय हुनसक्छ। स्त्री र पुरुषको अपरेशनलाई तुलना गरेर हेर्दा, पुरुषको अपरेशनमा धेरै साजलो पर्छ र खतराबाट पनि धेरै बच्न सकिन्छ। त्यस-कारण विशेष पुरुषको अपरेशनलाई प्रोत्साहन दिनु नै उचित ठहर्छ। पुरुषको अपरेशनलाई प्रायः १५ मिनेट समय लाग्दछ। र निको हुन- दुइतीन दिन सिवाय बढता लाग्दैन। स्त्रीको

अपरेशनलाई पनि उति नै समय भए पुग्छ तर पेट खोल्न पर्ने हुनाले अलिकति झन्झट हुन्छ, र अलिकति खतरा पनि, साथै १०-१५ दिन अस्पतालमा बस्ने आवश्यकता पनि पर्न-जान्छ। खतरा भन्न बित्तिकै डराउने केही आवश्यकता छैन। सिपालु, अनुभवी डाक्टरका हातबाट हुनसके अलिकति हुन-सक्ने खतरा पनि बिल्कुल नहुन सक्तछ— या डाक्टरको सिपमाथि निर्भर गर्छ। तपनि अरू पनि धेरै दृष्टिकोणबाट विचार गरी हेर्दा स्त्रीकाभन्दा पुरुषका अपरेशन धेरै सजिलो, सुगम र ठीक बुझिन्छ। फेरि, सन्तान चाहिएको खण्डमा पुरुषका (स्त्रीका पनि) अपरेशनलाई उल्टाएर फेरि सन्तान हुने गराउन पनि सकिन्छ भन्न यस क्षेत्रका विशेषज्ञहरूको भनाइ छ। तर केही गाह्रा पर्ने कुरा पनि देखाइएका छ। परन्तु यस किसिमको गर्भ-निरोधको उपाय सधैंका लागि गर्न विचारेमा मात्र, अथवा भएपनि हुन, नभएपनि हुन, विचार-ले मात्र गर्नु बेश हुन ठहरिन्छ। अपरेशन गर्दा इन्जेक्शनले शरीर लठ्याइन्छ। दुख्ने भय रहदैन।

गर्भ-नियन्त्रणको आवश्यकता र कारण:—

१. विवाह

२. जायजन्मको बीच समयको अन्तर

३. आमाको भलाई र स्वास्थ्य

४. सन्तानको स्वास्थ्य र असल लालन-पालन

५. वंशपरम्परागत वा सरुवा रोगको निरोध

६. कुनै खास व्यक्तिगत रोगबाट बचावट

७. कुनै खास बढदो रोगको निरोध

८. स्थायी वा बखत-बखतमा हुने
शारीरिक वा मानसिक कम्जोरी, त्रुटिबाट बचावट

९. आमालाई बिमारीबाट बचाउनु वा
गर्भपात रोक्नु

माथि दिइएका कारणहरू गर्भ-नियन्त्रणको आवश्यकताको विशेष आधार हुन्। यसका साथै अरू कैयन् आर्थिक र सामाजिक कारणहरू पनि आउन सक्छन्, जस्तै— सन्तानको उमेर, संख्या, पतिको शारीरिक-मानसिक अवस्था, घर-परिवारको व्यवस्था, पेशा र अरू पनि कति यसता कारण-हरू सामेल छन्।

जुन परिवारमा आर्थिक अवस्था खराब छ, अज्ञानताको अन्धकार छ, यस्ता परिवारमा चाँडै-चाँडै जन्मने बालख-हरू, जन्मेर, संसारलाई राम्रो देख्न नपाइकनै मर्दछन्! जुन आमा-बाबु, सन्तान जन्माएर तिनको उचित स्याहार-सम्भार गर्न सक्तैनन्, पाल्न, पोष्न र शिक्षा दिन सक्तनन्

तनले जति सन्तान बढाउँछन्, सन्तानलाई हीन, रुग्ण (रोगी) जीवन दिनकोसाथै आफ्नो जीवनमाथि पनि दुःखको भार थप्तछन्।

सन्तान पैदामा समयान्तर (Spacing of Children)

जब दुइ जायजन्मको बीच समय कम हुनजान्छ र बालख जन्मेपछि हुने नारीको शारीरिक-मानसिक कम्जोरी वा नोक्सानीलाई पूरा गर्न नपाइकन जब फेरि अर्को गर्भ शुरू हुन्छ, पहिले जन्मेको बालखले आवश्यकताभर आमाको दूध पिउन पाउदैन, यसले गर्दा बालकहरूको मृत्यु-संख्या बढ्दछ। वर्षेनि जन्मदा तीन बालख मरसक्छन् भने, दुइ वर्षको अन्तरले दुइटा मात्र मर्दछन्। यसरी, जब जायजन्मको बीच समय अत्यन्त कम हुनजान्छ, तब पहिले जन्मने र पछि जन्मने दुइटै खतरामा पर्दछन्, दुःख भोग्दछन्। यसको अतिरिक्त आमाले भोग्ने दुःख, नोक्सानी र खतरा उसले बेग्लै भोग्दछे। वर्षेनि जन्मने बालखको यसरी अकाल मृत्यु हुने, र शारीरिक-मानसिक दृष्टिले कम्जोर हुने कारण— आमाको तुरन्तै हुने गर्भाधान हो— जसले गर्दा, शारीरिक-मानसिक दृष्टिले असक्त र कम्जोर भएर पहिले जन्मेको बालखको उचित सम्भार गर्न सक्तिन।

अरू कुराका अतिरिक्त, वर्षेनि हुने गर्भाधानबाट महीना नपुगिकन बालख जन्मने सम्भावना रहन्छ, अथवा महीना

नपुगिकन जन्मने एउटा मुख्य कारण यो हो । ८ महीना नपुगिकन जन्मने बालख प्रायः चाँडै मर्दछ । अनि जति धेरै पटक स्त्री गर्भवती हुन्छे उति बालखहरूको मृत्यु नजीक आउँदछ ।

यी सबै कुराहरूलाई दृष्टिमा राख्ता, बालख र आमा-को लागि, दुइ जायजन्मको बीच कमसेकम दुइ वर्षको अन्तर हुनुपर्दछ; र बढीमा तीन बर्षभन्दा ज्यादा हुनुहुँदैन । किनभने, तीन बर्षभन्दा टाढ़ा हुँदा जन्मेको र पछि जन्मने बालखहरूले आफ्नो उमेरको साथी पाउँदैनन, र आमालाई हमेशा साथ दिइरहनु पर्दा अर्को हैरानी हुनजान्छ ।

सीमित परिवार वा सन्तानको आवश्यकता र महत्त्वको विषयमा, विशेष, रोमन क्याथलिक धर्म मान्नेहरूका लागि लेखिएको ग्रन्थ 'The Rhythm' मा लियो जे० लाँज (Leo J. Latz) लेख्छन् :—

" What good is expected to follow from the dissemination of this knowledge ?

First of all we have a right to expect that the married lives of many couples will be vastly enriched with the values, physical, psychic and moral, of married life, as it was inten-

ded by the Creator. Burdens that test human endurance to the utmost limit, and to which all too many succumb will be lightened. I speak of economic burdens, the burdens of poverty, of inadequate income, of unemployment, which make it impossible for parents to give their children and themselves the food, the clothig, the housing, the education and the recreation they are entitled to as children of God. I speak of physiological burdens, the burdens of depleted physical energies and exausted vitality resulting from a previous birth or miscarriage, the burden of chronicaly or temporarily adverse conditions of the heart, the kidneys, or other organs, or of conditions that threaten the life of the mother in case of pregnancy. I refer to psychic burdens, not infrequently more difficult to bear than any I have so far mentioned, burdens of uncontrollabe fear, anxiety, irritability, of rebellion against God and His church for seeming to make beyond human powers to endure.

= 'The Rhythm' by Leo J. Latz, 6th. Ed. (300,000), Question 74.

भावार्थः—

यो ज्ञान प्रसारबाट हामी के—कस्तो भलाईको आशा गर्न सक्छौं ?

सर्वप्रथम, धेरै स्त्री-पुरुषहरूका विवाहित जीवन, विवाहित जीवनको शारीरिक, आध्यात्मिक र नैतिक मूल्यको दृष्टिले, खूब सुखी र समृद्ध हुनसक्छ भन्ने आशा गर्नुमा हामीलाई अधिकार छ— यही विश्व-सिर्जनाकारको आकांक्षा पनि हो। जीवनमा जुन भार, जुन बोझाले मानिसको सहने शक्तिलाई अन्तिम सांमातक परीक्षा गरिरहँदछ— र धेरै जसोका जीवन यिनै बोझाहरूका किचाइमा परेर बरबाद हुन्छ, विनष्ट हुन्छ— यिनै भार, यिनै बोझाहरूलाई हामीले हलुंगो पार्नु छ। मेरो, भार वा बोझा भन्नुको, मतलब हो— आर्थिक समस्याको बोझा, गरीबीको बोझा, अपर्याप्त आम्दानी र बेकारीको बोझा— जुन बोझाहरुले विवाहित स्त्री-पुरुषलाई, आफ्ना सन्तानलाई र आफूलाई समेत खाने-लाउने र बासको व्यवस्था गर्न, असम्भव गराइदिंदछ— जुन कुराहरू तिनलाई— ईश्वरका सन्तानको रूपमा— प्राप्त हुनु-

पर्दछ। अनि मेरो, बोझा भन्नुको तात्पर्य हो— शारीरिकताप्रति हुने बोझा, सन्तान पैदाबाट र गर्भ-पातबाट हुने शारीरिक कम्जोरीको बोझा, अनि, हृदयको स्थायी वा अस्थायी अनिष्टकारी अवस्था, मिर्गौला र अरू यन्त्रहरूका विकृत अवस्थाका बोझा, या अरू किसिमका बोझाहरू जुनले गर्भवतीको जीवनमाथि हमला बोल्दछ। त्यस्तै मुताविक अर्को मनोवैज्ञानिक वा आध्यात्मिक नोक्सानीको बोझा छ— जो, मैले अहिलेसम्म उल्लेख गरेका सबै प्रकारका बोझाहरूभन्दा, खप्न कठोर हुन्छ। त्यस्तै अरू, अनियन्त्रित भएको भार, चिन्ता र दिक्दारी, अनि ईश्वर र उनका मन्दिरप्रतिनै मानिसको विद्रोही भावनाको भार— यी सब बोझा र भारहरू, मनुष्यको स्वभाव र सहने शक्तिभन्दा बढ़ता, उसलाई भोगाउन खोज्दछन्। " †

लॉजले यी शब्दहरू, 'दि रिद्म (The Rhythm) मा, धर्माधिकारी पोपहरूका स्वीकृतिका लागि, केवल संयमद्वारा गर्भ-नियन्त्रण गर्ने उपायकासाथ, विशेष,

---

† Extracted from "Techniques of Conception Control" by Robert Latou Dickinson, M. D.

Issued by the 'Planned Parenthood Federation of America, Inc.'

धार्मिक तरिकाले, भनेका हुन्— तापनि मात्र गर्भ-नियन्त्रणको महत्त्व र आवश्यकतामाथि— यी शब्दहरू प्रशस्त जोड़दार छन् ; र साधारणतः सबैका निंति महत्त्व राख्तछन् ।

—::—

खण्ड १२

विवाहित जीवन र स्वास्थ्य

विवाहित जीवनमा, अरू किसिमका प्रश्नहरूका साथै, स्वास्थ्यको पनि प्रश्न आउँदछ। सुखी विवाहित जीवनको लागि, जस्तो विवाहित जीवनका रहस्यहरू, र यस जीवनलाई सञ्चालन गर्ने कला र विज्ञानको जानकारीको साथै, सच्चा पारस्परिक प्रेमको आवश्यकता पर्दछ, त्यस्तै पति र पत्नीका शरीर र मन पनि हमेशा स्वस्थ रहनु ज्यादै आवश्यक कुरो छ।

स्वास्थ्य भन्नाले प्रचलित अर्थमा केवल शारीरिक स्वास्थ्य भन्ने बुझिन्छ। तर वास्तवमा स्वास्थ्य दुइ प्रकारका हुन्छन्: एक शारीरिक स्वास्थ्य र अर्को मानसिक स्वास्थ्य। जीवनको कुनै पनि क्षेत्रमा सफलता प्राप्त गर्न र सुखी हुन, मानिसलाई यी दुवै किसिमका स्वास्थ्यको, आवश्यकता पर्दछ। असली अर्थमा स्वस्थ मानिस त्यो हो, जो शारीरिक र मानसिक दुवै

दृष्टिले स्वस्थ छ । केवल शरीरमा मासुको थुप्रो लाग्न बित्तिकै मानिस स्वस्थ हुँदैन। न घियू, मासु र भिटामिनहरू खान-बित्तिकै मानिस स्वस्थ हुनसक्तछ । वास्तवमा असली स्वास्थ्य हामी तब लाभ गर्न सक्तछौं, जब हामी शारीरिक र मानसिक दुबै दृष्टिले स्वस्थ हुने कोशिश गर्छौं ।

शारीरिक स्वास्थ्य (Physical Heath)

विवाहित जीवनमा मानसिक स्वास्थ्यको साथै शारीरिक स्वास्थ्यको पनि अपार महमा छ। शारीरिक दृष्टिले रोगी मानिस जतिसुकै पण्डित होस्, जतिसुकै धनवान् होस्, जतिसुकै नौजवान होस्, उसको जीवन बेकार छ। तर विवाहित जीवनको क्षेत्रमा यस्तो व्यक्तिको जीवन झन बढ्ता बेकार बन्दछ ।

जुन पुरुष स्वस्थ छैन, उसको यौन-जीवन (sexual life) सुखी हुनसक्तन। न उसले आफ्नी पत्नीको यौन-अभिलाषा (sexual desire) तृप्त गरेर उसलाई सुखी तुल्याउन सक्तछ। तर यसो भन्नुको मतलब शारीरिक मसलहरू नै शक्तिशाली काम-शक्तिका परिचायक हुन् भन्ने पनि होइन। आधुनिक यौन-विज्ञानले यो पनि प्रमाणित गरेको छ, कि शारीरिक स्वास्थ्यमात्र काम-शक्तिको सुद्दान हुनसक्तैन। मैदानमा पंचास जवानसंग भिड्नसक्ने पहलवान कोठामा आफ्नी पत्नीको साम्ने दुर्बल साबित हुनसक्तछ,

निष्फल हुनसक्छ। यो प्रामाणिक कुरा हो। तर यो पनि सत्य हो, कि शारीरिक शक्तिविना जीवनको कुनै पनि शक्ति सफल र विकसित हुनसक्तैन। जस्तो सफल शारीरिक शक्तिको विकासको निमित्त मानसिक वा आध्यात्मिक-शक्तिको विकास आवश्यक हुन्छ, त्यस्तै जीवनको कुनै एक शक्तिको सफल विकास, विभिन्न शक्तिहरूका सामञ्जस्य र समन्वयबाट नै, सम्भव हुनसक्छ। त्यस्तै शक्तिशाली काम-शक्ति, न केवल शारीरिक शक्ति हो, न केवल मानसिक शक्ति, तर व्यक्तिको शारीरिक र मानसिक विकासको साथैं, प्राकृतिक काम-मनोवृत्ति (natural sex-instinct) को स्वाभाविक र परिपक्व अभिव्यक्तिबाट नै, काम-शक्ति र अनुभूतिको विकास र अभिव्यन्जना, स्वाभाविक र शक्तिशाली हुनसक्तछ। त्यसकारण, सुखी र सफल विवाहित जीवनको लागि शारीरिक शक्तिको त्यत्तिकै आवश्यकता छ, जत्तिको मानसिक र भावात्मक शक्तिको। यस दृष्टिले प्रत्येक विवाहित स्त्री-पुरुष शारीरिक दृष्टिले पनि हमेशा स्वस्थ रहनुपर्दछ भन्ने कुरा सिद्ध गर्दछ। स्वस्थ रहनु सुखी विवाहित जीवनको लागि एउटा आवश्यक शर्त हो।

यो संसारमा बाइस वर्षे बूढा-बूढी छैनन् भन्नुपर्दैन। त्यस्तै साठी वर्षका तरुण-तरुणी पनि प्रशस्त पाइन्छन्। यूरोप र अमेरिकामा हामी यस्ता साठी वर्षे तरुण-तरुणी-

हरू अविरल देख्न पाउँछौं। त्यस्तै, एशियामा बाइस वर्षे बूढाबढीहरू लाखौं-लाखौंको संख्यामा बटुल्न सकिंछ। यसको के कारण ? यस प्रश्नको उत्तर यही हो, कि यूरोप र अमेरिकाका जनताको जीवन-रहनसहनको स्तर (living standard) एशियाका जनताकोभन्दा धेरै उच्च छ। आर्थिक दृष्टिले मात्र होइन शैक्षिक वा बौद्धिक दृष्टिले पनि एशियाका अहिलेका जनताभन्दा धेरै विकसित र उन्नत छन्। त्यसकारण उनीहरू शारीरिक र मानसिक दुबै दृष्टिले एशियाका जनता-भन्दा धेरै स्वस्थ हुन्छन। त्यसैले, उनीहरू साठी वर्षमा पनि तन्हेरी रहन्छन् भने, हामी तीस वर्षमा बूढो हुन्छौं। उनीहरू शारीरिक र मानसिक स्वास्थ्यलाई यौवन संझन्छन्, हामी बीस वर्षे उमेरलाई— फरक यति नै छ। उनीहरू भन्छन् ' यौवनको उमेर हुँदैन, ' हामी भन्छौं ' हुन्छ ' तर वास्तविकता कुन कुरामा छ, त्यो हामीले पनि अब बुझ्न परेको छ। वास्तवमा यौवनको उमेर हुँदैन। योवन अनन्त छ। मानिस आजीवन युवक, युवती बन्न सक्तछ। मानिस असी वर्षको नौजवान हुन सक्तछ; जन्मदाइ बूढो जन्मन पनि सक्तछ।

इंगल्याण्डका एक जना डाक्टरले त्रयानब्बे वर्षको उमेरमा, तेत्तीस वर्षकी युवतीसग, तेस्रो विवाह गरेर, इंगल्याण्डको एउटा भव्य होटलमा ' हनिमून ' मनाएका थिए। आजभन्दा केही हजार वर्ष पहिले इजिप्ट (मिश्र)

मा एक जना व्यक्तिले २५० वर्षको उमेरमा तेस्रो विवाह गरेको कुरा इतिहासमा पाइन्छ। यी तथ्य र प्रमाणहरूका आधारमा र, जीवन र प्रकृतिको रहस्यमयताको विचारले, यो भन्न सकिन्न, कि मानिस कतिसम्म बाच्न सक्छ, अथवा कति बर्षसम्म उ युवक रहनसक्तछ। हुनसक्छ मानिस पाँच सय बर्षसम्म उ मस्त योवनमा झुल्न सक्तछ। यो कुरा अहिलेसम्म अस्पष्ट र अनिश्चित छ तापनि, यो अनुभव हुन्छ, कि जीवनमा कुनै रहस्यमय शक्ति अवश्य छ, र यस्ता रहस्यहरू पनि छन्, जसका उद्घाटन, बोध र आविष्कारले, सम्भव छ, फेरि मानिसले २५० बर्षको उमेरमा विवाहा गर्नेछ; अथवा पाँच सय बर्षको उमेरमा उसको पाँचौ छोरो जन्मने छ। यो कुरो सम्भवको परिधिभित्र छ भन्ने कुरो आधुनिक विज्ञान संकेत गर्दछ। जे होस्, अहिले हामी पाँच सय बर्ष बाँच्ने आशा गन सक्तैनौं तापनि, सय बर्ष बाँच्न असम्भव छैन। त्यस्तै, प्रयास र साधना गरे कुनै पनि व्यक्ति सत्तरी पर्षको युवक, वा युवती हुनसक्तछ। यसमा सन्देह छैन।

आहार-विहार, अथात् हामी दिनहुँ जे-जस्तो खान्छौं; जस्तो संगत-सोसाइटीमा हिड्दछौं— यसलाई हामी आहार-विहार भन्दछौं, यसको, हाम्रो शारीरिक स्वास्थ्यमाथि, जोड़-

दार प्रभाव पर्दछ। हामी खान्छौं— खानुको मतलब जीवन-शक्ति प्राप्त गर्नु हो। त्यस्ता चीजहरू व्यवहार गर्नु गलत र आफैंमाथि अत्याचार गर्नु हो, जुन चीजहरूले हाम्रो जीवनभित्र रोगहरू ओसार्दछन्। जस्तै— रक्सी, गाँजा, अफिम, चिया, काफी, चूरट, तमाखू, पीरो, अमोलो, ज्यादा मसला, ज्यादा मासु— यी चीजहरू शारीरिक र मानसिक दुवै दृष्टिले स्वास्थ्यका निंति अत्यन्त हानिकारक हुन्। जो जीवनमा, अझ खासगरेर, विवाहित जीवनमा, सुखी हुन चाहान्छन्, तिनले यी चीजहरूदेखि टाढा रहनु बेश हो। कुनै पनि व्यक्ति झूटो र क्षणिक आनन्दमा लागेर असली र स्थायी आनन्दलाई गुमाउँदछ भने, जीवनमा त्योभन्दा ठूलो मूर्खता के हुनसक्छ?

जस्तो आहारको असर हाम्रो शरीरमाथि पर्दछ, त्यस्तै विहार— अथवा हामी जस्तो संगत-सोसाइटीमा हिडदछौं— यसको असर पनि हाम्रो शारीरिक स्वास्थ्यमाथि त्यस्तै गहीरो गरी पर्दछ। यसको कारण हो, हामी जस्तो संगत सोसाइटीमा हिड्दछौं, त्यसबाट हाम्रो अन्तर व्यक्तित्व (Inner personality) वा मानसिक जगत्मा गहीरो प्रभाव पर्दछ।

एउटा व्यक्ति जस्तो संगत-सोसाइटीमा लाग्दछ, त्यसबाट उ चोर पनि हुनसक्तछ, हत्यारा पनि हुनसक्तछ; उ

गुणी, विद्वान् र महात्मा पनि हुनसक्तछ। मानिस सामाजिक प्राणी हो। समाजको हर किसिमको प्रभाव उसको जीवनमा पर्नें कुरा अत्यन्त स्वाभाविक छ। यो सामाजिक प्रभावले प्रत्येक व्यक्तिको मानसिक स्वास्थ्यलाई बनाउनु, बिगार्नुको साथै उसको शारीरिक स्वास्थ्यमाथि पनि जोडदार असर पार्दछ।

एउटा युवक खराब संगतमा परेर उसले रक्सी पिउँन सिक्तछ। त्यसको नराम्रो आदत उसलाई बस्नजान्छ। अनि रक्सीको खराब असरले उसको शारीरिक स्वास्थ्य बिग्रन थाल्दछ। उसको शारीरिक स्वास्थ्यको पतनको माध्येम, उसको मानसिक स्वास्थ्यको पतन हो। पहिले उसको विचार-बुद्धि बिग्रियो, अनि त्यसपछि, त्यसको फलस्वरूप उसको शारीरिक स्वास्थ्य बिग्रनगो। यस दृष्टिले, हाम्रो विचार-भावना, वा मानसिक अवस्थाको प्रभाव हाम्रो आचार-व्यवहारमाथि कस्तो पर्दो रहेछ, र अनि हाम्रो आचार-व्यवहारको प्रभाव, हाम्रो शारीरिक स्वास्थ्यमाथि, कस्तो पर्दो रहेछ भन्ने कुरा प्रष्ट हुन्छ।

विवाहित जीवनमा शारीरिक स्वास्थ्यको मूल्य धेरै छ। जो शारीरिक दृष्टिले दुर्बल छ, उसको शरीरमा स्वस्थ, शक्तिशाली वीर्य हुनसक्तैन। जसको वीर्य दुर्बल छ, उ, सफल र पारस्परिक आनन्ददायक स्वस्थ सम्भोग-क्रीड़ाको

निमित्त समर्थ हुनसक्तैन। प्रायः यस्ता धातुदुर्बल व्यक्ति-हरूलाई शीघ्रपतनको रोग हुन्छ। जसको वीर्य पातलो छ, दुर्बल छ, त्यस्तो वीर्य सम्भोगको समयमा आवश्यक समयसम्म शरीरभित्र अड्नसक्तैन। जुन पुरुषलाई, धातु-दुर्बलताको कारणले शीघ्रपतन (premature ejaculation) को रोग लागेको हुन्छ, त्यो न आफै सम्भोगबाट तृप्त हुन-सक्तछ, न पत्नीलाई सन्तोष दिन सक्तछ। साथै यस्तो दुर्बल वीर्यबाट जन्मने सन्तान पनि शारीरिक र मान-सिक दुबै दृष्टिले रोगी जन्मन्छन्। यस्ता धेरै दृष्टिकोण-बाट शारीरिक दुर्बलता विवाहित जीवनमा, एउटा अभि-शाप हो। एउटा रोगी पति, वा पत्नी विवाहित जीवनमा न आफू सुखी हुनसक्तछ, न आफ्नो जीवन-साथीलाई सुखी तुल्याउने सामर्थ्य तिनमा हुन्छ। त्यसकारण हर उपाय-बाट विवाहित जीवनमा पति-पत्नीले स्वस्थ र नीरोग रहने प्रयत्न गर्नु सुखी विवाहित जीवनको लागि एउटा अनिवार्य कुरा हो।

मानसिक स्वास्थ्य (Mental Health)

आजको मनोवैज्ञानिक दृष्टिले मानसिक स्वास्थ्य मनुष्य-जीवनको प्रधान, वा मूल स्वास्थ्य मानिन्छ। अथवा मान-सिक स्वास्थ्य नै शारीरिक स्वास्थ्यको पनि एउटा विशेष स्रोत हो भन्ने कुरामा विश्वास गरिंछ।

मानसिक स्वास्थ्य मनुष्य-जीवनको एउटा अद्भुत शक्ति हो, जुन स्वास्थ्य, सद्ज्ञान, सद्भावना, सत्कर्म र स्वस्थ्य कल्पना औ बुद्धि र विवेक-शक्तिबाट प्राप्त हुन्छ। मनुष्य-जीवनका यी विशेषता र गुणहरूविना मानसिक स्वास्थ्य प्राप्ति सम्भव हुनसक्तैन। मानिस केवल हृष्ट-पुष्ट हुन बित्तिकै उसको मन, दिमाग शक्तिशाली हुनसक्तैन, अथवा त्यसभित्र सुन्दरता, स्वस्थता आउन सक्तैन।

जस्तो मानिसको शरीरमा सौन्दर्य र स्वास्थ्य हुन्छ, त्यस्तै मानसिक जीवनमा, अथवा मनभित्र पनि स्वास्थ्य र सौन्दर्य हुन्छ; अझ शारीरिक स्वास्थ्य र सौन्दर्यभन्दा धेरै गुणा बढता शक्तिशाली र महत्त्वपूर्ण स्वास्थ्य र सौन्दर्य मनुष्यको मानसिक जीवनभित्र हुन्छ। त्यसको विकाश गर्नु, सुखी, सफल र शक्तिशाली जीवनको निमित्त, मानिसलाई ठूलो आवश्यक छ!

जस्तो शारीरिक शक्ति-विकाशको निमित्त नियमित साधना, आहार-विहारमा विवेक, र शारीरिक अनुशासनको साथसाथै मानसिक स्वास्थ्यको पनि आवश्यकता पर्दछ, त्यस्तै मानसिक स्वास्थ्यको विकासको निमित्त शारीरिक स्वास्थ्यको साथै मानसिक साधना र अनुशासनको आवश्यकता पर्दछ।

जस्तो कि माथि नै भनियो, मानसिक स्वास्थ्य-साधना-

को विशेषता, मानिसको विचार, भावना, स्वभाव र उसको जीवन-कर्मको प्रकृतिमाथि निर्भर गर्दछ। सुन्दर मानसिक स्वास्थ्य लाभको लागि हामीहरूलाई चिन्तारहित हुनु नितान्त आवश्यक छ। त्यस्तै, अरूको ईर्ष्या, डाहा र अरूको अहित र अनिष्ट गर्ने विचार, भावना मनमा नराख्नु; सबैको हित र भलो चिताउने स्वभाव बनाउनु; र सबैप्रति प्रेमको भावना राख्नू; सबैको हित र कल्याण हुने काम गर्नू; औ जुन समय जे-जति पाइन्छ त्यसमा सन्तोष लिन जान्नू, र सन्तोषकासाथ अरू विशेष प्रगतिको निमित्त अघाडि बढ्ने कोशिश गर्नू; औ सधैं प्रसन्न र आनन्दित रहने प्रयत्न गर्नू— यो कुराहरू मानसिक स्वास्थ्य-लाभका मूल मन्त्रहरू हुन्।

जो स्त्री, पुरुष अरूको ईर्ष्या, डाहा गर्दछन्, जो कसैसंग सद्भावना र प्रेम-भाव राख्तैनन्; हमेशा रीस-रागमा डुबिरहन्छन्, यस्ता स्वभाव भएका स्त्री, पुरुषले कहिले पनि स्वस्थ र सुन्दर शारीरिक र मानसिक जीवनको आनन्द पाउन सक्तैनन्।

जो मानिस मानसिक दृष्टिले दुर्बल, वा अस्वस्थ हुन्छ, उ, सङ्कटमा, आपत-विपद्मा, धैर्य राख्न सक्तैन। उसको मन हमेशा पुतली उड़ेझैं उड्दछ; कुनै एउटा सिद्धान्तमा, कुनै एउटा लक्ष्य र उद्देश्यमा स्थिर र दृढ रहन सक्तैन।

उसको मन सधैं हल्लिरहन्छ । साधारण कुरामा पनि रिसाउने उसको स्वभाव हुन्छ। उसमा सहनशीलता, क्षमाशीलता हुँदैन। साहस र वीरता उसको जीवनबाट टाढा रहन्छन्। कुनै अवसरमा, कुनै उत्तम कुरामा, उसले हिम्मत र वीरता देखाउन सक्तैन ।

जो व्यक्ति मानसिक दृष्टिले कम्जोर छ, उसको मनको अस्थिरता, चंचलता र दुर्बलताको कारणले गर्दा उसको जीवनमा प्रगति र विकास, सम्भव हुन सक्तैन। साथै यस्ता व्यक्तिको विवाहित जीवन सुखी र आनन्दमय हुन सक्तैन । सुखी विवाहित जीवनको लागि पति-पत्नीमा एक-अर्काप्रति हार्दिक प्रेमको साथसाथै उचित सहनशीलता, क्षमाशीलता, करुणा र सहानुभूति हुनुपर्दछ। मानसिक दृष्टिले दुर्बल मानिसमा यी मानवीय गुणहरू हुँदैनन् ।... ....

... ... यसको विपरीत जो व्यक्ति स्वस्थ मनको छ, उसमा सिद्धान्तको दृढता हुन्छ। कुनै किसिमको दुःख र आपदले उसलाई विचलित गराउन सक्तैन। दुःख, आपद र विपद्‌को हुरिको साम्ने, उ पहाड बनेर उभिन सक्तछ। यस्तो व्यक्तिनै सहनशील र क्षमाशील हुन्छ। सहानुभूति र करुणा उसको जीवनको स्वभाव हुन्छ। नरिसाउनु उसको जीवनको धर्म हुन्छ। प्रेम उसको जीवनभित्र जीवन बन्दछ। प्रेमनै उसको जीवनको आधार र उद्देश्य हुन्छ। विवाहित जीवन-

लाई सुख-शान्ति र सौन्दर्यमय तुल्याउन, हरेक स्त्री-पुरुषमा, यी गुणहरू हुनु आवश्यक छ। यी गुणहरूनै सुन्दर मानसिक स्वास्थ्यका प्रतीक हुन्।

सुन्दर मानसिक स्वास्थ्य लाभको लागि प्रथमतः शिक्षा प्राप्ति गर्न अनिवार्य हुन्छ। शिक्षा वा ज्ञानद्वारा नै मनुष्य-जीवनभित्रका मानवीय गुणहरू विकसित हुनसक्तछन्। शिक्षा प्राप्तिको साथसाथै कलाप्रति प्रेम राख्नु, सकेसम्म कुनै कलाको विशेष साधना गर्नु, मानसिक स्वास्थ्यको लागि एउटा प्रभावशाली कुरा हुनजान्छ।

मानसिक स्वास्थ्यका लागि प्रकृति-प्रेम, सौन्दर्य-प्रेम जस्ता गुणहरू पनि स्त्री-पुरुषहरूमा हुनुपर्दछ। प्राकृतिक सौन्दर्य र शक्तिको अनुभूतिले मानव-मस्तिष्कभित्र एक प्रकारको अद्भुत शक्ति भर्दछ। मानव-हृदयका सूक्ष्म भावना र अनुभूतिहरूलाई जगाउँदछ, जुन भावना, जुन अनुभूति-हरूले मनुष्य-जीवनलाई सचेत, सज्ञान र भावुक बनाउँदछ, र मानव-जीवनको आनन्द र सौन्दर्य-विभूतिको भण्डारलाई खोलिदिंदछ। अतः विवाहित स्त्री-पुरुष, वा युवक-युवतीले प्रकृति-सौन्दर्यको दर्शन, प्रकृति-शक्तिको अनुभव गर्ने अभ्यास बसाउनु अत्यन्त सुन्दर कुरा हो। हाम्रो मन, हाम्रो हृदयभित्र जति प्रकृति-प्रेम बढ्दछ, उति प्रकृति आफैं हाम्रो जीवनभित्र भिज्दछिन, अनि हाम्रो मानवी मस्तिष्क आफैं खुल्दछ; हृदय

आफैं उघ्रन्छ; त्यसपछि जीवनभित्र कला आफैं बोल्दछ; संगीत आफैं बज्दछ; सौन्दर्य स्वतः प्रकाश खोल्दछ; अनि जीवन, जीवनभर अखण्ड शारीरिक र मानसिक स्वास्थ्यको चमक र छटाले, उद्‌भासित हुन्छ ।

—:—

खण्ड १३

विवाहित जीवन र आर्थिक प्रश्न

विवाहित जीवनमा आर्थिक प्रश्न पनि एउटा विशेष किसिमको प्रश्न हो। त्यसमा पनि, हाम्रो जस्तो गरीब, उद्योग-धन्दा नभएको देशमा त आर्थिक प्रश्न एउटा साँच्चिकै जटील प्रश्न हो। हाम्रो जस्तो देशमा जहाँ केवल उद्योग-धन्दाको कमी मात्र छैन, तर स्त्री र पुरुषका बीच प्रशस्त भेद-भाव पनि छ, जुन भेद-भावले गर्दा पुरुषसरह स्त्री-हरू सामाजिक र व्यावहारिक क्षेत्रमा स्वतन्त्रतापूर्वक उत्रन सक्तैनन। यसले गर्दा हाम्रो समाजमा पारिवारिक जीवनको भार विशेष गरेर पुरुषको काँधमाथि पर्नजान्छ। यसरी परिवारको निर्वाह केवल पुरुषको कमाइबाट मात्र चलाउनपर्दा पारिवारिक वा वैवाहिक जीवन अक्सर गरेर कठोर र समस्यामूलक बन्दछ। यस्तो परिस्थिति, हाम्रो देशमा, खास गरेर मध्ये वर्गीय समाजमा हामी देख्तछौं।

मध्ये वर्गीय समाज त्यो समाज हो जो न सपन्न छ, न सुकुंबासी (सर्बहारा) छ। यो भीरको-चिण्डो समाजलाई, प्रायः संसारका धेरै जसा देशहरूमा सधैं असन्तोष र अभाव-को सामना गर्न परिरहन्छ। यो समाज बौद्धिक दृष्टिले मूर्ख हुँदैन। आर्थिक दृष्टिले कम्जोर हुन्छ।— किनभने संसारमा यो समाजको अस्तित्व छँदैछ, किनभने सर्वहारा वर्ग छँदैछ।

पारिवारिक जीवनको आर्थिक समस्याको प्रश्न उच्च वर्गीय समाजको निमित्त उठ्तैन; न यस दृष्टिले निम्न वर्गीय समाजको लागि प्रश्न उठाउन स्वाहुँछ। किनभने, निम्न वर्गीय समाजका लागि उपार्जनका जति साधनहरू प्राप्त छन् ती साधनबाट स्त्री-पुरुष बराबरी उपार्जन गर्न सक्तछन्, अथवा गर्दछन्। र उच्च वर्गीय समाजका लागि त काम र कमाइको कुनै झण्झट् र समस्या रहंदैन। त्यसकारण, यदि यो प्रश्न उठ्तछ भने मध्ये वर्गीय समाजका लागि नै विशेषगरी उठ्तछ। यसको मतलब निम्न वर्गीय समाजलाई आर्थिक कष्ट छैन— त्यो कुरा होइन।

निम्न वर्गीय समाजको जस्तो रहन-सहनको स्तर छ, त्यस अनुसार स्त्री-पुरुष मिलेर काम गर्दा अक्सर त्यस स्तर अनुसार निर्वाह चल्न सक्तछ। तर मध्ये वर्गीय समाजको अवस्था निम्न वर्गीय र उच्च वर्गीय समाजकोभन्दा एकदम भिन्न एउटा विचित्र किसिमको छ ।

मध्ये वर्गीय समाजका मानिसहरू नमीठो खान, नराम्रो लाउन, नराम्रो धाचासंग बस्न, हिड्न सक्तैनन्, अथवा चाहांदैनन्। तर जस्तो उनीहरू चाहान्छन्, त्यस स्तरमा उनीहरूको जीवन चल्न पनि सक्तैन। त्यसकारण मध्ये वर्गीय समाजको आर्थिक अवस्था सधैं संकटमा परेको हुन्छ। सधैं कुनै-न-कुनै किसिमका आर्थिक अभाव र असन्तोष, यस समाजका मानिसहरूका जीवनमा भइ-रहन्छ।

उच्च वर्गीय समाजको विषयमा त यहां कुनै विवरण दिने, कुनै उल्लेख गरिरहने केही आवश्यकता छैन। निम्न वर्गीय समाजको जुन आर्थिक संकट छ, त्यो त देश र राष्ट्रकै आर्थिक संकट हो। यसको समाधान, यसको हल कुनै व्यक्तिगत र पारिवारिक उपायबाट सम्भव हुन सक्तैन। यसको समाधान र हलको लागि त सरकारीतौरबाट देशमा ठूलो आर्थिक क्रान्ति आउन पर्दछ। देशमा व्यापक स्तरमा उद्योग-धन्दाको विकाश हुनु पर्दछ। तब मात्र सारा निम्न वर्गीय समाजको (साथै मध्ये वर्गीय समाजको पनि) आर्थिक संकट हल हुन सक्तछ। नत्रभने कुनै व्यक्तिगत र पारिवारिक उपायबाट निम्न वर्गीय समाजको पारिवारिक जीवनको आर्थिक समस्या हल गर्ने कुरा एकदम असम्भव नभए पनि मुश्किल अवश्य हो।

निम्न वर्गीय समाजभित्र, आर्थिक क्षेत्रमा, स्त्री-पुरुषका बीच बराबरी सहयोग (cooperation) रहन्छ। र सामाजिक क्षेत्रमा पनि निम्न वर्गीय समाजका स्त्रीहरू पुरुषहरू सरह व्यवहार गर्दछन्; साथै निम्न वर्गीय समाजको आवश्यकता पनि एक प्रकारले सीमित हुन्छ। अथवा एक सीमित स्तरमा उनीहरू अभ्यस्त र आदती भैसकेका हुन्छन्। उनीहरू, जीवनमा ठूला-ठूला आकांक्षा, राख्तैनन्। सम्भवभन्दा बढ़ता अभिलाषा लिंदैनन्। एउटा निम्न सीमित आर्थिक स्तरमा रहेर पनि एक प्रकारले सन्तोषमय जीवन बिताउन उनीहरू सक्तछन्। यद्यपि यस समाजको रहन-सहनको स्तर उठाउन आवश्यक छ। यसको लागि देशमा, व्यापक औद्योगिक क्रान्ति (Industrial Revolution) हुनु पर्दछ— यो हामी महशूस गर्दछौं। तर मध्ये वर्गीय समाजको हाल अर्कै छ। यस समाजको आर्थिक ढाँचा र जीवनको आकांक्षा, अभिलाषा र झुकाउमा आकाश र जमीन्को अन्तर पाइन्छ। जुन अन्तर, जुन असामञ्जस्यले गर्दा, अक्सर यस समाजको पारिवारिक जीवनमाथि आर्थिक कठिनाइको मार पर्दछ, जसबाट जीवन कठोर, सुष्क र दुःखी हुनजान्छ। त्यसकारण हामी यहाँ, वैवाहिक जीवनको आर्थिक पक्षलाई लिएर जुन विचार विमर्श गर्नेछौं, यसको लक्ष्य विशेष गरी मध्ये वर्गीय समाज हुनेछ। साथै निम्न वर्गीय समाजसंग पनि यसले सम्बन्ध

राख्ने छ । तर उच्च वर्गीय समाज यस चर्चाको लक्ष्य हुने छैन ।

+

हामी जान्दछौं, अक्सर गरेर विवाहित जीवनको प्रेममा आर्थिक मामलाले पनि बाधा दिन सक्तछ । यूरोप र अमेरिकातिर प्रायः यस्तो हुनजान्छ । पतिले मोटर किन्न सकेन, अथवा राम्रो बंगाला बनाउन सकेन, या हीराको औंठी र हार बनाइदिन सकेन भने, लोग्नेलाई छाडिदिने (डाइवोर्स गर्ने) पत्नीहरू यूरोप र अमेरिकामा अनगिन्ती पाइन्छन् । मोटर र बंगाला त ठूलो कुरो भयो । यो भन्दा साना-साना कुराहरूलाई लिएर पनि खिचलो गर्ने स्वास्नी-मानिसहरूको पनि उहाँ केही कमी छैन । भनाइको मतलब, यूरोप, अमेरिकातिर, विवाहित जीवनमा, आर्थिक प्रश्नले सबैभन्दा ठूलो महत्त्व राख्तछ ।

एउटा युवक यदि पत्नीका आवश्यकताहरूलाई पुऱ्याउन सक्तैन भने उसले विवाह गर्नु व्यर्थ हुन्छ । कतै गरिहाले त्यो विवाहित जीवन चल्न सक्तैन । त्यसकारण अक्सर गरेर अमेरिका, यूरोपतिर युवकहरू हतपत विवाह गर्दैनन् । जब आफू प्रशस्त कमाउन सक्ने हुन्छन् ; जब तिनलाई विश्वास हुन्छ कि अब पत्नीको, अथवा परिवारको आवश्यकताहरू पूरा गर्न सकिन्छ, तब मात्र उनीहरू विवाह गर्दछन । जो यस कुरा-

लाई विचार नगरिकन विवाह गर्दछन्, तिनका विवाहित जीवन सफल र सुखी हुन सक्तैन। यस दृष्टिले, पाश्चात्य समाजहरूमा विवाहित जीवनको साथ आर्थिक प्रश्न एउटा ठूलो प्रश्न बनेर आउँदछ। आर्थिक प्रश्नमाथि नै, पाश्चात्य समाजको दृष्टिकोण अनुसार, विवाहित जीवनको स्थायित्व, आनन्द र सुख निर्भर गर्दछ। तर हाम्रो सामाजिक अथवा सांस्कृतिक दृष्टिकोण यस प्रकारको अवश्य छैन, तापनि वैवाहिक जीवनको आर्थिक प्रश्नमाथि हामी वेवास्ता गर्नसक्तैनौं। तर वास्ता गरेर पनि, पाश्चात्य समाजहरूमा झैं आर्थिक प्रश्नलाई नै विवाहित जीवनको सबैभन्दा ठूलो प्रश्न हामी ठान्दैनौं।

विवाहित जीवनको असली प्रेम, असली सुख र आनन्द भौतिक वस्तुहरूमाथि उति निर्भर अवश्य गर्दैन, जति विवाहित पति-पत्नीका अन्तरात्मा, हृदय, शील, स्वभाव र चरित्रमाथि निर्भर गर्दछ; जति उनीहरूका प्रेम, स्नेह र सहयोगको भावनामाथि निर्भर गर्दछ।

यदि स्त्री-पुरुष वा पति-पत्नीमा एक-अर्काको जीवनको दुःख-सुखलाई साँझा बनाएर हिँड्ने दृढ भावना भएमा, कस्तै आर्थिक कठिनाइबाट बचन र त्यसलाई हल गर्न सजिलै सकिन्छ।

म गरीब छु। मेरो कमाइको बाटो छैन। कसरी

स्वास्नी, छोरा-छोरी पाल्ने, भन्ने विचार लिएर जुन युवक आफ्नो उमेर, बैंस त्यसै बिताउँदछ त्यसले जीवनमा सबैभन्दा ठूलो कुरा गुमाउँदछ ।

जीवनको कुनै पनि अवस्थामा एउटा युवकले विवाह गर्ने हिम्मत राख्न पर्दछ । वास्तवमा विवाह कठिनाइको कारण हुन सक्दैन; अथवा पत्नी पतिको निमित्त कठिनाइ होइन; उसको प्रगति-पथको काँढा होइन; उसलाई ढलाउने आँधिब्यारी पनि होइन; तर उसलाई अघाडि बढ़ाउने एउटा शक्ति हो; ऊ ढ़ल्न खोजे उसलाई थाम्ने एउटा बलियो आधार हो; उसको जीवनको सबैभन्दा ठूलो सहयोगी र सहायक हो । तर यी सब कुरा पत्नीको समझदारी, उसको विचार-भावना र बुद्धि माथि निर्भर गर्दछ— यो अवश्य हो ।

वास्तवमा 'विवाह' र 'प्रेम'-को अर्थ केवल कसैबाट सुख र आनन्द पाउनु मात्र होइन, तर कसैको जीवनको दुःख, कष्ट र कठिनाइ पनि बाँड्नु हो । युवक-युवतीले विवाहित जीवनको क्षेत्रता उत्रंदा केवल सुख र आनन्दको मात्र आशा गरेर उत्रनु, बिवाहको अर्थ नबुझ्नु हो । दुःख र कठिनाइलाई पनि सामना गर्ने हिम्मत उनीहरूमा हुनुपर्दछ । वास्तवमा प्रेम र विवाहको असली अर्थ पनि त यही होला ।

स्त्रीको आर्थिक जिम्मेदारी

जहाँसम्म हुनसक्तछ, विवाहित जीवनमा, आर्थिक प्रश्न-लाई हल गर्न, स्त्री र पुरुषका बीच, सहयोग हुनुपर्दछ। दुबै थरिले कमाउन सक्ने हुनु आवश्यक छ। त्यसैले नारी-हरूले पनि शिक्षा प्राप्त गर्न आवश्यक संझिइन्छ। एउटी शिक्षा पाएकी नारी पतिको निमित्त जति सहायक र सहयोगी हुन सक्तछे, त्यति एउटी अशिक्षिता हुन सक्तिन। त्यसकारण आजको आधुनिक जमानामा, जमानाको माग र आवश्यकता अनुसार, अनिवार्यतः नारीहरूले पनि शिक्षा पाउनु-पर्दछ।

कति पत्नीहरू यस्ता पनि हुन्छन्, जो पतिको आम्दा-नीभन्दा बढ्ता खर्च गरिदिन्छन्। अथवा पतिको आम्दानीले नभेट्ने आवश्यकताहरूको माग पतिको साम्ने पेश गर्द-छन्। माग नपुऱ्याइदिए ठुस्स परेर बसिदिन्छन्। यसरी असम्भव आवश्यकताहरूको माग गरेर पतिलाई समस्या-को खाल्टोमा पार्नु कुनै बुद्धिमती स्त्रीको स्वभाव होइन। त्यो पत्नीको कर्त्तव्य होइन। हरेक पत्नीले आफ्नो पतिको आय अनुसार व्यय गर्नुपर्दछ। अझ भरसक बचाइ-बचाइकन खर्च गर्नु र संकटकालको निमित्त पनि केही जोहो गरेर राख्नसक्नु, हरेक आदर्श पत्नीको स्वभाव हुनु-पर्दछ। सोची स्वभाव भएकी पत्नीलाई हाम्रो समाजमा

'लक्षिनकी बुहारी' 'लक्षिनकी पत्नी' भनेर आदर र प्रशंसा गर्ने चलन छ। यसको विपरीत जो घरको आम्दानीभन्दा बढ़ता खर्च गर्दछन्; जो असम्भव र अनावश्यक आवश्यकताहरू देखाउँछन् ; जो 'जति पायो, उति उडायो' गर्दछन् यस्ती पत्नीहरूलाई हाम्रो समाजमा ' कुलक्षिनकी ' भनेर भन्दछन् ।

वास्तवमा जुन नारी शीलवती· बुद्धिमती हुन्छे, उ कुनै तरहले पतिलाई अप्ठ्यारो स्थितिमा पार्न, मन पराउँदिन। बरु हरतरहले पतिलाई सहयोग दिएर, हर सम्भव प्रयास गरेर, पतिको जीवनलाई सुगम र सुखमय गराउन चिन्तित रहन्छे। त्यस्ती पत्नीले पुरुषलाई कहिले पनि नपुग्दो खर्च गरेर, असम्भव आवश्यकताहरू देखाएर, समस्यामा पार्दिन। यस्ती शीलवती नारी यदि शिक्षिता भए स्वयं आफैं पनि केही काम गरेर: परिवारको आम्दानी बढ़ाउने प्रयास गर्दछे, र उसको बुद्धि, योग्यता र शक्तिले भ्याएसम्म परिवार-लाई सुन्दर औ सुखपूर्ण र व्यवस्थित तरिकाले चलाउने उसले प्रयत्न गर्दछे।

एउटी आदर्श, सुशील पत्नी, चाहे उ अशिक्षिता होस्, अथवा शिक्षिता नै, उसमा, थोरै व्यय गरेर सुन्दर तरिकाले परिवार चलाउने; हरेक विषय-वस्तुहरूको राम्रो प्रबन्ध र व्यवस्था गर्ने कला र बुद्धि उसमा स्वभावतः हुन्छ। उसलाई कोठा, बैठक राम्रो पार्न दामी चीजहरूको आवश्यकता पर्दैन।

साधारण चीजहरूबाट पनि सौन्दर्य र आकर्षण उत्पन्न गर्ने खूबी उसमा हुन्छ । मामूली चीजहरूबाट स्वादिष्ट खानेकुरा तयार पार्न उ जान्दछे । त्यस्तै, एउटी शीलवती, आदर्श पत्नी पतिको निमित्त, परिवारको निमित्त ऐउटा विश्वासिलो खजाञ्ची बन्दछे, जसको खर्च गर्न भन्दा बचाउने बढ्ता ध्यान र उद्‌देश्य हुन्छ । साथै कप्ट्याइँ र लोभीपन नभएर उसमा उचित मात्रामा उदारता पनि हुन्छ ।

एउटी शील भएकी, हृदय भएकी नारीलाई तडक-भडक फेशनको चाहाना पनि हुँदैन । वास्तवमा जुन नारीमा शील छ, स्वभाव छ, अनि हृदय छ, उसलाई राम्री हुन, बाहिरी तडक-भडकको आवश्यकता पनि पर्दैन । साधारण फेशनलेनै उसको अनुहारमा दिव्य सौन्दर्यको ज्योति फुट्तछ । उसले दामी गहना र कपडाले आफूलाई सिंगारेर राम्री पार्न अवश्य पनि खोज्दिन । उसले जीवनको असली सौन्दर्यलाई अनुभव गरीसकेकी हुन्छे । उसले जीवनको सच्चा श्रृंगार र आभुषणलाई पाइसकेकी हुन्छे । यसरी, एउटी आदर्श, बुद्धि-मती र सुशील पत्नी पुरुषको निमित्त, प्रेमको दृष्टिले मात्र होइन, अरु पनि कैयन् दृष्टिहरूका साथै आर्थिक दृष्टिले समेत एउटा ठूलो बरदान हुँनजान्छ, जुन बरदान पाएर एउटा पुरुषले आजीवन सुखमय, आनन्दमय जीवन बिताउने सौभाग्य पाउँदछ ।

पुरुषको आर्थिक जिम्मेदारी

हामीले माथि, विवाहित जीवनमा, नारीको आर्थिक जिम्मेदारीको विषयमा निकै गन्थन गर्‍यौं। अब पुरुषको जिम्मेदारीको विषयमा हामी यहाँ विचार गरौं।

स्त्री र पुरुषको बीच प्राकृतिक दृष्टिले पनि कमाइ गर्ने क्षेत्रमा पुरुषकै रोल अघाड़ि आउँदछ— यो सत्य हो। मानव समाजको शुरू इतिहास कालदेखि आजसम्म संसारमा पुरुषहरू नै बढता कमाइ गर्दछन्। कमाइ गर्ने शक्ति पनि स्त्रीमा भन्दा पुरुषमा नै बढता हुन्छ। अपसोच ! संसारमा यस्ता पुरुषहरू पनि हुँन्छन्, जसलाई स्वास्नीले 'काम खोज्न जाऊ' अथवा 'काम गर्न जाऊ' भनेर कुचाको डाँठले ठेल्न पर्छ। यस्ता अल्छीका पञ्जामा पर्ने दिदी-बहिनीले दुःख पाउँछन्, सन्तानको दुर्दशा हुन्छ। यस्ता अल्छी र पानीमरुवा लोग्नेहरुलाई स्वास्नीले कमाएर, जुटाएर खुवाउने अवस्था पनि पर्न आउँछ।

कति यस्ता लोग्नेहरू पनि हुन्छन्, जसलाई ठीक बाटामा हिडाउन स्वास्नीले टाउकामा डण्डाले हान्न आवश्यक छ। आफ्नो घरको आर्थिक अवस्था, स्वास्थ्य र इज्जतको पनि ख्याल नगरिकन जथाभाबी भट्टीमा, जाँड, रक्सी पिएर हिड्ने; स्वास्नी-छोराछोरी घरमा भोकै रहून्, तर आफूचाहिं भट्टी, होटल उडाएर हिड्ने लोग्नेहरूको पनि हाम्रो समाजमा कमी छैन। सिनेमा हेर्ने ठाउँ भए चामल किन्ने पैसाले सिनेमाको

टिकट् काट्ने। आफ्नो कमाइले नपुगे स्वास्नीको पेवा, गहना-गुरिया सम्म पनि झाँट-झपट पारेर जूवाको खालमा लगेर 'स्वाहा !' गर्ने पतिहरू पनि हाम्रो समाजमा अविरल पाइन्छन्। त्यस्तै, स्वास्नी, छोराछोरीलाई झुप्रामा वेरेर आफूचाहिं तीस—पैंतीसको जुत्ता चुइँक्याएर भलाद्मी बन्ने लोग्नेहरू पनि खोजे नपाइने होइनन्। यस्ता बेसमझदार पुरुषहरूका स्वास्नी, छोराछोरीले ता अवश्य दुःख पाउने भए स्वयं आफ्नै निमित्त पनि आफैं दुःखका खाडल खन्दछन्। यस्ता बेजिम्मेदार पुरुषहरू विवाहित जीवनको क्षेत्रमा आउनु भन्दा नआउनु वेश। यस्ता व्यक्तिहरूका विवाहित जीवन न परिवारको निमित्त न समाजको निमित्त हितकर हुन सक्तछ।.... ....

.... यसको विपरीत एउटा बुद्धिमान, आदर्श पति आफ्नो कमाइ, आफ्नो परिवारको आर्थिक पहुँचदेखि बढेर खर्चगर्न उ कहिल्यै अघि सर्दैन। परिस्थितिको अनुकूल चल्न उ जान्दछ। उसको व्यवहारमा संधै विवेक र बुद्धिमानी हुन्छ। यस्तो शीलवान व्यक्ति आफ्नी पत्नी र छोराछोरीको आँखा छलेर कुनै चीज अलिकति मुखमा हाल्न सक्तैन। उ, थोरै केही चीज पनि, आफ्नी पत्नी, छोरा-छोरीलाई बाँड़ेर, तिनका माझमा बसेर खानपाउँदा उसलाई आनन्द लाग्छ, सन्तोष हुन्छ। त्यस्तै, लगाउने कुरामा पनि, आफू नाङ्गै रहेर पनि स्वास्नी, छोराछोरीलाई पहिले सजाउने उसको इच्छा हुन्छ। यस्तै पतिले, आफ्नी प्रिय पत्नी र सन्तानको सुख र प्रगतिको लागि, आफू बलिदान हुन सक्तछ। वास्तवमा

यस्तै पुरुषको विवाहित जीवन सफल र सुखमय पनि हुन्छ। यस्तै व्यक्तिको पारिवारिक जीवन समाजको लागि पनि अनुकूल र हितकर हुन सक्तछ। अब कल्पना गरौं, यस्ता दुई जिम्मेदार, सहयोगी, आदर्श स्त्री-पुरुषको मिलन हुनसके विवाहित जीवन कस्तो होला ? यस्ता दम्पतिको जीवनको सुखलाई के जीवनको आर्थिक कठिनाइले नष्ट गर्न सक्ला ?

वास्तवमा नियालेर हेरे, विवाहित जीवनमा, आर्थिक प्रश्न सबै भन्दा ठूलो प्रश्न होइन। यदि पति र पत्नीमा, एक-अर्काको सुख-दुःखमय जीवनभित्र भिजेर जीउने; अथवा दुई जीवनलाई एक जीवन सम्झेर अक्षुण्ण सहयोग, प्रेम, करुणा, र सहानुभूतिपूर्ण भावना लिएर विवाहित जीवनको मार्गमा हिड्ने दृढ भावना भएमा, कुनै पनि समस्या समस्या रहँदैन। बरु यसको ठीक विपरीत जीवनमा समस्याहरूले परस्परलाई एक-अर्का प्रति प्रेम, करुणा र सहयोग अभिव्यक्त गर्ने, एक आत्मीयता प्रकट गर्ने मौका दिन्छ। जुन मौकाहरूमा सच्चा, आदर्श प्रेमी पति-पत्नी एक-अर्काको आत्माभित्र भिज्दछन, एक-अर्कालाई प्रेमले जित्दछन् — जुन जीत, जीवनमा, संसारमा एउटा महान् जीत हो, जसभित्र हार पनि जीत बन्दछ र यही 'हार'— 'जीत' भित्र जीवनको माधुर्य छल्कन्छ !!

—()—

खण्ड १४

विवहित जीवनमा आध्यात्मिक प्रेम

मानव-हृदयको प्रेमको आध्यात्मिक पक्षमाथि, आजसम्म, मानव-संस्कृतिको इतिहासमा, कैयन्, ठूला-ठूला ऋषिमुनि, महात्मा, कवि, दार्शनिकहरूले धेरै कुरा भनेर गएका छन्। प्रेमको यस पक्षलाई नै सच्चा प्रेम, अथवा मानव-जीवनको उच्च संस्कृति भनेर मानिएको छ।

पहिलेका ऋषिमुनिहरू देखिन् लिएर पछिका बुद्ध, महावीर, ईसा, मुहम्मद, गांधी, टल्सटय, टेगोर आदि धेरै मानव-जातिका पथ-प्रदर्शकहरूले आध्यात्मिक प्रेमको महत्तामाथि जोड दिएका छन्। हामी जस्ता साधारण मानिसहरूले पनि, चाहेमा, आध्यात्मिक प्रेमको महत्ता र सौन्दर्यलाई, थोरै चेष्टाले, बुझ्न र अनुभव गर्न सक्छौं। वास्तवमा आध्यात्मिकतारहित प्रेम असली प्रेम हुनसक्तैन। त्यसैले प्रेमको सम्बन्धमा, विवाहित जीवनको

प्रेममा पनि आध्यात्मिकता हुनुपर्दछ । अथवा विवाहित जीवनमा पनि आध्यात्मिक प्रेमको आवश्यकता छ;— यद्यपि विवाहित जीवनको आध्यात्मिक प्रेम शारीरिक प्रेमबाट अलग्ग रहन सक्तैन, अथवा विवाहित जीवनको आध्यात्मिक प्रेममा शारीरिक प्रेमको पुट स्वभावत: हुन्छ ।

आध्यात्मिक प्रेम त्यस प्रेमलाई भनिन्छ जुन प्रेम निस्वार्थ हुन्छ, जुन प्रेम केही माग्दैन, अथवा पाउने आशा गर्दैन, केवल दिन चाहान्छ, केवल कसैको निमित्त आफू त्याग गन चाहान्छ । या, कसैको कुनै शारीरिक, मानसिक विशेषतालाई छिएर होइन; कसैको धन–दौलत, मान–कमानलाई संझेर पनि होइन, तर कसैको आत्मासंग प्रेम गरिंछ— यसैलाई आध्यात्मिक प्रेम भन्दछन् ।

जस्तो कि अघि नै भनियो, शुद्ध आध्यात्मिक प्रेम विवाहित जीवनको अनुकूल हाइन, न उद्‌देश्य हो । यद्यपि विवाहित जीवनको प्रेममा आध्यात्मिक प्रेमको भाव हुनु विवाहित जीवनको गहारो प्रेम, आनन्द, सुख र स्थायित्वको निमित्त अत्यन्त आवश्यक कुरा छ ।

कसैले सोधलान् कि 'प्रेम गरेर हुन्छ र? प्रेम त आफैं हुन्छ'। तर यो सिद्धान्त गलत हो । प्रेम आफैं पनि हुन सक्ला, तर त्यो सीमित र अपरिपूर्ण हुन्छ । कुनै एउटा तरुणले कुनै एउटी तरुणीको सुन्दर शारीरिक

रूप, यौवन देख्नेबित्तिकै उसको हृदयमा हुने आकर्षणको नामनै प्रेम होइन। यद्यपि त्यो प्रेम हो भने शारीरिक प्रेम हो। शारीरिक प्रेम त प्रेमको तल्लो तह हो। यसको अति, अनुचित प्रशंसा र चाहानालाई नै हामी 'विलास' भन्दछौं।

शारीरिक प्रेममा आध्यात्मिक प्रेमको पुट पर्दा हाम्रो हृदयलाई महान् सौन्दर्य र आनन्दको अनुभूति दिनसक्तछ भने, आध्यात्मिक प्रेमरहित शारीरिक प्रेम केवल लास र विलास हो। त्यसकारण, स्त्री-पुरुषको सम्बन्धमा, कसैलाई देख्नेबित्तिकै प्रेम हुनु त्यो प्रेम होइन, त्यो त साधारण आकर्षण हो। यस्तो आकर्षणलाई नै प्रेम ठान्नु युवक-युवतीहरूको अनुचित भावुकता हो। असली प्रेम आफैं हुँदैन, न बाहिरी आकर्षणहरूबाट मात्र यो हुनसक्तछ। वास्तवमा, असली प्रेम एउटा साधना हो। यो शुद्ध-बुद्ध आत्माको उज्यालो लिएर फुट्तछ; हृदयको प्रकाशमा यो हाँस्तछ; बौद्धिक र आध्यात्मिक प्रयास र साधनाले यो मौलिन्छ।

बुद्ध संसारमा, शायद, सबैभन्दा ठूला, महान् प्रेमी थिए। बुद्धले जस्तो प्रेम सर्वसाधारण मानिस गर्न सक्तैनन्। किनभने सर्वसाधारण मानिस बुध्दले जस्तो प्रेमको साधना गर्दैनन्। प्रेमको अर्थ र महिमा बुझ्दैनन्।

निस्सन्देह प्रेम जीवनको सबैभन्दा महान् कुरा हो। प्रेम सबैभन्दा ठूलो सौन्दर्य हो। प्रेम, चेतन, वा आत्माको, सबभन्दा उत्तम भाव हो, अनुभूति हो। त्यसकारण, प्रेमको सम्बन्ध, कुनै विषय-वस्तुसंग भन्दा बढ्ता आत्मासंग हुनुपर्दछ। यसैमा प्रेमको वैशिष्टय छ।

आध्यात्मिक प्रेमको अनुभूति

जस्तो कि माथि नै भनियो, आध्यात्मिक प्रेमको अनुभूति त्यसै हुँदैन। यसको निमित्त साधनाको आवश्यकता पर्दछ। विशेषतः सेवाको तीव्र भावना; सबै मानिस, सबै प्राणीहरूप्रति एक आत्मीयताको भाव र अनुभूति, एवं समदर्शी दृष्टिकोणबाट आध्यात्मिक प्रेमको अनुभूति जाग्रत हुन्छ।

महात्मा गांधीले भन्नु भएको छ: 'हामी, पारिवारिक प्रेमबाट नै, विश्वलाई प्रेम गर्न सिक्तछौं।' महात्मो गांधीले जे भन्नु भयो, त्यो अवश्य ठीक होला। तर यो पनि साँचो होला, हामीले विश्वलाई प्रेम गर्न सिक्यौं भने हाम्रो पारिवारिक प्रेम पनि अझ दृढ र गाढ़ा बन्न सक्ला।

हामी जान्दछौं, संसारमा जति ठूला-ठूला मानिसहरू भएर गए— जसले विश्वलाई प्रेम गर्न सिके— तिनले,

अवश्य पनि, आफ्नो परिवारभित्र लाठी उठाएनन; तिनले अवश्य पनि कसैलाई तीतो बचन गरेनन्; कसैलाई घृणा गरेनन्। वास्तवमा, व्यापक आध्यात्मिक प्रेमको भावनाले मानिस पूर्ण समदर्शी बन्दछ। सबै मानिस, सबै प्राणीभित्र आफ्नै छाया देख्ने उसको सूक्ष्म र व्यापक अन्तरदृष्टिले उसको हृदय असीमित विशाल बन्दछ। जीवनको एउटा सीमित घेरालाई नाघेर उसको प्रेम आकाश झैं व्यापक बन्नजान्छ।

'प्रेम नै जीवनको पूर्णता हो (Love, as the fulfilment of life)'— विश्व-कवि रवीन्द्रनाथले भन्नु भएको छ। हामी विश्वास गर्दछौं, 'अवश्य प्रेम नै जीवनको पूर्णता हो। प्रेमको अनुभूतिको विकाशले मनुष्यको हृदयको बिकाश हुन्छ। उसको आत्मा चौडा बन्दछ। यही विकशित विशाल प्रेमको अनुभूति— जसभित्र विश्व अट्न सक्तछ, वा जसले विश्व ढाक्छ— यही आत्माको विशालता, हृदयको यही गहीराइ भित्र प्रेम, कुनै दैवी, कुनै स्वर्गीय सौन्दर्य, माधुर्य र उल्लासकासाथ, जीवनको दुःख-दर्दमाथि, घृणा, रीस र रागमाथि, मृत्यु र वियोगमाथि अट्टहास गर्दछ, विजयघोष गर्दछ!

निस्सन्देह प्रेम अमर तत्त्व हो। न यसलाई मृत्यु मार्न सक्तछ; न समय यसलाई विनाश गर्न सक्छ। अवश्य समय

अनन्त छ, तर प्रेम पनि अनन्त छ; प्रेम अनन्त छ, कारण जीवन अनन्त छ। जीवन अनन्त छ, किनभने प्रकृति अनन्त छिन्। त्यसकारण, समयको दीर्घता, अनन्ततालाई प्रेम सधैं हाँक दिन्छ। निःसन्देह यस्तै गहन, व्यापक र विशाल प्रेम नै विवाहित जीजनको प्रेमको पनि पूर्णता हो। प्रेमको यही विशालता, व्यापकता र गहीराइमा विवाहित जीवनको प्रेम आफ्नो सम्पूर्ण सुष्मा र सौन्दर्यका साथ बास्नादार बनेर फुल्दछ; कुनै दिव्य, मर्म छुने स्वर्गीय माधुर्यका साथ अभिव्यञ्जित हुन्छ।

वास्तवमा आध्यात्मिक प्रेम नै प्रेमको सच्चा स्वरूप हो। आध्यात्मिक प्रेमको अनुभूति नै प्रेमको सच्चा अनुभूति हो। त्यसकारण, जीवनमा सच्चा प्रेमको अनुभूति, सच्चा प्रेमको सौन्दर्य र आनन्द प्राप्तिको लागि, ठूला-ठूला महात्माहरूका लागि मात्र होइन, तर साधारण मानिसहरूका लागि पनि आध्यात्मिक प्रेमको साधना र अनुभूतिको जाग्रत हुनु उत्तम मात्र होइन, अति सुन्दर र महा मानवीय पनि हो।

अखण्ड प्रेम–अखण्ड सौन्दर्य

प्रेम र सौन्दर्यको बीच अखण्ड प्राकृतिक सम्बन्ध छ। फूलको सौन्दर्यले सबैको हृदयलाई एकैनास छुँदैन। कुनै

एक व्यक्तिको हृदयलाई फूलले त्यति नै मात्रामा स्पर्श गर्दछ, जति मात्रामा उसले फूललाई प्रेम गर्न सक्तछ। त्यस्तै, कुनै एक व्यक्तिले अर्को व्यक्तिलाई त्यति नै मात्रामा मनपराउँछ, प्यारो गर्दछ, जति मात्रामा उसले उसलाई प्रेम गर्न सक्तछ। यसै सिद्धान्तलाई हामी विवाहित जीवनमा पनि प्रयुक्त गर्न सक्तछौं।

संसारमा धेरै स्त्री-पुरुषहरू, विवाहित हुनुको बाद, केही दिन पछि नै परस्परलाई नराम्रो र बिरसिलो देख्न थाल्दछन्। र तिनलाई अर्को सुन्दर युवक र अर्की सुन्दरी युवतीको चाहाना हुन लाग्दछ। अथवा तिनलाई अर्को नौलो साथी खोज्न मन लाग्छ। आफ्नो पति वा पत्नी, पहिले जतिसुकै राम्रो लागेको होस् तापनि, केही दिन पछि नै त्यो सौन्दर्य बिलकुल उड्रेझैं लाग्छ। सधैं आलु र भात खाएझैं एकनासे, बिरसिलो र अचाखिलो लाग्छ। यसै कारणले गर्दा, विवाहित जीवनमा कति पति-पत्नीले एक-अर्काका आँखामा छारो हाल्छन्। अझ छारो मात्र हाल्दैनन्, पति-पत्नीको सम्बन्ध नै छिनालेर पनि हिड्दछन्। यस किसिमको व्यवहार यूरोप, अमेरिकातिर, स्त्री-पुरुष दुबैतिरबाट बराबरी चल्दछ। तर हाम्रो समाजमा खास गरेर, प्रकट रूपमा, पुरुषको तर्फबाट प्रायः यस्तो व्यवहार हुन्छ। किनभने हाम्रो समाजमा पुरुषहरू नै अक्सर धेरै पटक विवाह

गर्छन्, र बहुविवाह गर्ने अधिकार पनि तिनलाईं छ। पुरुषहरूलाई नै सबै किसिमको व्यवहारमा पूर्ण स्वतन्त्रता पनि प्राप्त छ। तर यसको माने, हाम्रो समाजमा नारीहरू बिल्कुल निर्दोष छन्—यो होइन। यसको अर्थ हो— कम, बेसी, गुप्त र प्रकट।

तब यसको के मतलब ? विवाहित जीवनमा त्यति छिटै एक-अर्कादेखि सधैं आलु र भात खाएझैं एकोहोरो, बिरसिलो र अचाखिलो किन लाग्दछ ? यसलाई हामीले मनोवैज्ञानिक दृष्टिले हेऱ्यौं भने, यही थाहा लाग्दछ, कि विषय-वस्तुको प्रेम कुनै खास असली प्रेम होइन। त्यो त केवल क्षणिक आकर्षण मात्र हो, जुन स्थायी बनेर रहन सक्तैन; जुनले मानिसको: अन्तर आत्मामा स्थायी छाप बसाल्न सक्तैन। विषय-वस्तुहरूका आकर्षणको प्रभाव बाह्य इन्द्रियहरूसम्म मात्र सीमित रहन्छ, अन्तर आत्मासम्म पुग्न सक्तैन। यही कारण हो, कि विलासी व्यक्तिहरूको कसैमाथि खास, असली प्रेम हुन सक्तैन। त्यसकारण, साधारणतः विवाहित जीवनमा पनि, कुनै कारणविना, एक-अर्काप्रति बिरसिलो लाग्दछ भने, यो पनि केवल शारीरिक प्रेम, वा विलासिताको लक्षण हो। अथवा आध्यात्मिक प्रेमको अभाव हो।

त्यसकारण, मनोवैज्ञानिक विश्लेषणबाट हामी यही

बुझ्दछौं, कि वैवाहिक जीवनमा आध्यात्मिक प्रेमको कमीनै, एक-अर्कोप्रति असुन्दरता र अप्रेमको अनुभूतिको मूल कारण हो। यही आध्यात्मिक प्रेमको अभाव नै विवाहित जीवनको दुर्बलता, दुःख र ग्लानिको बीज हो। यसै कारणबाट, कतिले, विवाहित जीवनमा धोखा खान्छन। यसै कारणले विवाहित जीवन सहयोग, सुख र आनन्दको कारण बन्नुको बदला निरर्थक भार बन्दछ, दुःख र ग्लानिको स्रोत बन्नजान्छ।

यसको विपरीत, जुन विवाहित जीवनमा विषय-वस्तु-को शासन हुँदैन; तर प्रेमको शासन हुन्छ, जीवन अर्कै बन्दछ। विषयव-स्तुहरूका क्षणिक प्रभावहरू, हार्दिक प्रेमको प्रभाव र शक्ति पाएर, स्थायी बन्दछन्; अमरत्व प्राप्त गर्दछन्। यसको अतिरिक्त विषय-वस्तुका आकर्षण र सौन्दर्यको तुच्छताले दिव्यताको भाव धारण गर्दछ। अनि विवाहित जीवन आध्यात्मिक दृष्टिले मात्र होइन, तर भौतिक दृष्टिले पनि सौन्दर्य र आनन्दको अमर स्रोत बन्दछ—जो जीवनमा कहिले सिथिल हुदैन; कहिल्यै पुरानो हुँदैन; कहिल्यै सकिंदैन; बरु जति समय बित्तछ उति प्रभावशाली, उति शक्तिशाली र मधुर बन्दै जाँदछ।

वास्तवमा रमाइलो संसार होइन, रमाइलो मन हो। त्यस्तै राम्रो कोही पनि हुँदैन, राम्रो दिल हुन्छ। असली

सौन्दर्य दिलभित्र हुन्छ। हाम्रो दिलभित्र सौन्दर्य नभए हामी बाहिर सौन्दर्य पाउन सक्दैनौं। वास्तवमा, बाहिरी सौन्दर्य भित्री सौदर्यको प्रतिछाया हो। हाम्रो दिल, हाम्रो हृदय वा आत्माको प्रेम, उदारता र निर्मलतानै हाम्रो हृदय वा आत्माको सौन्दर्य हो।

जसलाई हामी हार्दिक प्रेम गर्दछौं, अनि त्यसको बदलामा जसले हामीलाई हार्दिक प्रेम गर्दछ, उसको शारीरिक र मानसिक व्यक्तित्वबाट प्रस्फुटित सौन्दर्य कहिल्यै पनि सिथिल र पुरानो हुन सक्तैन; सधैं सजीव, ताजा र प्रभावशाली बनिरहन्छ। सधैं उसमा कुनै नौलो सुन्दरता थपिंदै गएझैं लाग्दछ। वास्तवमा, हार्दिक प्रेम एउटा त्यस्तो शक्ति हो— ज्योति हो, जुनले शारीरिक दृष्टिले नराम्रो अनुहारमा पनि, अद्भुत सौन्दर्य जड्दछ; दिव्य किरणको आभा भर्दछ। वास्तवमा विवाहित जीवनको सच्चा प्रेम, सौन्दर्य र सुखको लागि हार्दिक वा आध्यात्मिक प्रेम एउटा मूल तथ्य हो; एउटा विशेष तत्त्व हो, जुनविना विवाहित जीवनको प्रेम; विवाहित जीवनको सारा व्यवहार फिका र यान्त्रिक बन्दछ; जस्तो कि विवाहित जीवनको प्रेम कलात्मक र वैज्ञानिक शारीरिक प्रेमविना अपूर्ण र त्रुटियुक्त हुन्छ।

त्यसकारण, विवाहित जीवनको असली सौन्दर्य, प्रेम औ आनन्द, कलात्मक एवं वैज्ञानिक शारीरिक— प्रेम र अखण्ड आध्यात्मिक प्रेमभित्र निहित रहन्छ। कला, विज्ञान र हृदयको मिलनमानै विवाहित जीवनको प्रेम, आफ्नो सम्पूर्ण सौन्दर्य महिमा र दिव्यताकासाथ, अभिव्यञ्जित हुन सक्तछ।

—०—

खण्ड १५

विवाह र समाज

विवाहको समाजसंग त्यसै सम्बध छ, जस्तो शरीरका प्रत्येक तन्तु र कोषका क्रियाको सम्पूर्ण शरीरसंग सम्बन्ध छ। जस्तो एक-एक कोष र तन्तुको योगले शरीरको निर्माण हुन्छ, त्यस्तै एक-एक परिवारको योगले समाज खड़ा हुन्छ। त्यसकारण विवाहित जीवन, सामाजिक जीवनको एक अङ्ग हुनुकोसाथै, समाजको प्रगति र अधोगतिको एक शक्तिशाली कारण पनि हो।

जस्तो एक-एक व्यक्तिको व्यक्तित्वको सुधार र संस्कार परिवारको सुधार र संस्कार हो, त्यस्तै एक-एक परिवारको सुधार, संस्कार सम्पूर्ण समाजको सुधार र संस्कार हो। त्यस्तै, यदि समाजको सामूहिक प्रभाव एक व्यक्ति वा परिवारमाथि पर्दछ भने, एक व्यक्ति वा परिवारको पनि समाजमाथि त्यस्तै प्रभाव पर्दछ।

हामी जान्दछौं, संसारमा कति यस्ता ठूला व्यक्तिहरू जन्मे, जसका व्यक्तित्वको प्रभाव एक राष्ट्र र समाजसम्म मात्र सीमित नरही विश्वभरमा फैलिनपुगेको छ, समस्त मावन-समाजको जीवनमाथि प्रभाव पार्न समर्थ भएको:छ ।

अतः जस्तो व्यक्तिको प्रभाव समाजमाथि पर्दछ, त्यस्तै समाजको प्रभाव पनि व्यक्ति वा परिवारमाथि अवश्य पर्छ। व्यक्ति, परिवार र समाजका बीच पारस्परिक प्रभावको आदान-प्रदान भइरहन्छ, यो पनि स्वाभाविक हो, तर अझै गहोरिएर विचार गरेको खण्डमा, वास्तवमा कुनै समाजको सामाजिक जग र संस्कार, सम्पूर्ण समाज एकैसाथ प्रस्तुत गर्दैन, तर व्यक्ति-व्यक्ति र परिवार-परिवारको संस्कारबाट नै एउटा सम्पूर्ण समाजको संस्कार पहिले बन्दछ, र त्यसैको आधारमा एउटा सामाजिक जीवनको जग बस्तछ। त्यसकारण, जस्तो एक-एक व्यक्ति वा परिवारको सामाजिक संस्कार बन्दछ, त्यस्तै एक-एक व्यक्ति वा पारिवारिक जीवनको संस्कारले, एउटा सम्पूर्ण समाजको संस्कारमा महान् क्रान्ति पनि गर्दछ। यस कुराको प्रमाण स्वयं मानव-समाजको इतिहासले हामीलाई दिन्छ।

संसारका विभिन्न देश र समाजमा, जति पनि ठूला-

ठूला सामाजिक क्रान्तिहरू भए, ती क्रान्तिका बीजहरू पारिवारिक जीवनबाट नै उत्पन्न भएका छन्। भविष्यमा पनि यस्तै भैरहने छ। ठूला-ठूला राजनीतिक नेता, साहित्यकार, कवि, दार्शनिक, वैज्ञानिकहरू प्रथमतः पारिवारिक उपज हुन्, किनभने व्यक्ति विशेषमा समाजको भन्दा पहिले परिवारको प्रभाव पर्दछ। त्यसकारण, व्यक्ति पहिले परिवारको उपज हो, त्यसपछि समाजको। अतः यस दृष्टिले हेर्दा, सम्पूर्ण समाजको गतिविधि, संस्कार र अवस्थाको जिम्मेदारीलाई सम्पूर्ण समाजले एकैसाथ काँध हाल्दैन। यो जिम्मेदारी एक-एक व्यक्ति र परिवारको काँधमाथि पर्दछ। यही व्यक्तिगत सामाजिक जिम्मेदारीको ख्याल र समझ नै व्यक्तिको सामाजिकता र नागरिकता हो। यस दृष्टिले हामी बुझ्न सक्तछौं कि विवाह र समाजको बीच कस्तो सम्बन्ध रहेछ।

जहाँसम्म विवाह र समाजको सम्बन्धको प्रश्न छ—यो प्रश्न ज्यादै महत्त्वपूर्ण र शक्तिशाली छ। कारण, जस्तो कि माथि नै भन्यौं, समाजको निर्माण व्यक्ति-व्यक्तिबाट हुन्छ। त्यस्तै एक-एक व्यक्तिको जीवनको संस्कार र विशेषताबाट समाज प्रभावित हुन्छ, जस्तो कि व्यक्ति समाजबाट प्रभावित हुनसक्तछ। त्यसकारण, विचार गरौं, एक व्यक्तिको जीवन, समाजको निमित्त, कति जिम्मेदार

रहेछ ? यस दृष्टिले जब हामी व्यक्तिको जीवनतिर हेर्दछौं, तब व्यक्तिको जीवन— पारिवारिक जीवनको अवस्था, गति-विधि र संस्कारको भुँमरीमा— कित बन्दै गरेको, या बिग्रँदै गरेको, हामीं प्रस्टै देख्तछौं । त्यसैले सामाजिक जीवन वा अवस्था बन्ने र बिग्रने यस्ता धेरै कारण र तथ्यहरू हामी विवाहित जीवनभित्र देख्तछौं । विवाहित जीवन हमेशा समाजको एक ठूलो जिम्मेदार अङ्ग बनिरहन्छ ।

जस्तो कि हामीले अघिल्ला खण्डहरूमा पनि धेरै ठाउँमा विचार विमर्श गरिसकेका छौं, कि एक व्यक्तिको जीवनको सुख-दुःख, उन्नति-अवनति, उत्थान-पतन इत्यादि सारा कुराहरूमाथि विवाहले ठूलो असर गर्दछ । विवाहित जीवनमा मानिस स्वस्थ र सुखी रहेर जीवनमा उन्नति र विकास गर्न सक्तछ ; ठूला-ठूला आकांक्षा र लक्ष्य पूरा गर्न सक्तछ भने; विवाहित जीवन मै मानिस दुःखी, रोगी र कंगाल भएर, मानसिक र शारीरिक दुवै दृष्टिले दुर्बल भएर, नाश र पतन पनि हुनसक्तछ ।

संसारमा यस्ता धेरै मानिसहरू पाइन सक्तछन, जसका निमित्त विवाह अभिशाप बन्न गएको छ । जसका हृदयमा 'विवाह गर्नु, दुःख, कष्ट र आपत बेसाउनु हो' भन्ने धारणा हुन गएको छ । वास्तवमा, संसारमा,

खराब र असल भन्ने कुरा त केही पनि छैन। कुनै पनि विषय-वस्तुको खराबीपन र असलीपन, व्यवहार गर्ने तरिका र समझमाथि, निर्भर गर्दछ। विषय-वस्तु स्वयं खराब र असल हुँदैनन्। यस तथ्यमाथि हामीले पहिल्यै पनि विचार गरिसकेका छौं। त्यसकारण, विवाह कसैको निमित्त स्वर्गीय सौन्दर्य र सुखको अनन्त स्रोत बन्नसक्तछ भने, कसैको निमित्त नारकीय दुःख र कष्टको मुहान पनि बन्नसक्ला;— यसमा सन्देह छैन।

त्यसकारण, विवाहलाई स्वर्गीय सौन्दय र सुखको स्रोत बनाउने कुरा, पति र पत्नी हुने स्त्री र पुरुषको समझ र व्यवहारमाथि, भर पर्दछ। उनीहरू जस्तो संझन्छन्, जस्तो बनाउन चाहान्छन्; त्यस्तै बन्दछ। विवाह पसलको चीज होइन; आकाशको फल पनि होइन। वास्तवमा विवाह स्वयं 'पति र पत्नी' हुन्। पति र पत्नीका 'पारस्परिक व्यवहार' नै विवाह हो। हर दृष्टिले व्यवहार सुन्दर हुनु विवाह सुखमय हुनु हो। व्यवहार खराब हुनु, विवाह दुःखमय हुनु हो। त्यसकारण, 'विवाह' स्वयं व्यक्तिको 'व्यवहार' हो।

अतः विवाहित जीवनमा सुखी हुनु, प्रत्येक व्यक्तिको हातको कुरा हो। त्यस्तै, एक व्यक्ति आफ्नो विवाहित जीवनमा जस्तो व्यवहार गर्दछ; जस्तो भोग्दछ, त्यसको

प्रतिक्रिया समाजमाथि सोझै पर्दछ। यदि व्यक्ति आफ्नो विवाहित जीवनमा सफल, सुखी र सन्तुष्ट छ भने, उ जीवनमा स्वस्थ र शक्तिशालो हुन्छ। आफ्नो कर्मक्षेत्रमा पूरा शक्तिकासाथ तनमन लगाएर काम गर्नसक्तछ। उसको बौद्धिक र आत्मिक विकाश हुन्छ। उसको व्यवहारमा पनि उदारता र इमान्दारी हुन्छ। अनि उ एउटा व्यवहारकुशल व्यक्ति बन्दछ— उसको व्यक्तित्व र व्यवहारको समाजमाथि स्वस्थ र सुन्दर असर पर्न जान्छ।

……. यसको विपरीत, जो आफ्नो विवाहित जीवनमा सुखी छैन, सन्तुष्ट छैन। जसको परिवारभित्र नै व्यहोरा, व्यवहार राम्रो छैन। जो व्यक्ति परिवारलाई प्रेम गर्न सक्तैन; जो व्यक्ति परिवारको नै प्रिय हुन सक्तैन, यस्तो व्यक्तिले समाजप्रति कहिले असल व्यवहार गर्न जान्दैन। यसरी, यस्तो व्यक्तिको व्यवहारको एउटा नराम्रो प्रभाव समाजमाथि पर्नजान्छ, जसले गर्दा एउटा सम्पूर्ण सामाजिक जीवनको संस्कारमाथि धक्का लाग्दछ; र सुधारको सट्टामा विगार गनमा यस्तो व्यक्ति सहायक बन्दछ। यस बाहेक, विवाहित पति-पत्नीबाट जो सन्तान जन्मन्छन्, तिनको भविष्य जीवनको पनि समाजमाथि त्यस्तै प्रभाव पर्दछ। यसको विषयमा हामी यहाँ अलग्गै विचार गर्ने छौं।

बालकको निर्माण र समाज

जस्तो कि हामीले धेरै पटक दोहोऱ्याइसकेका छौं, कि व्यक्ति-व्यक्ति मिलेर नै समाज बन्दछ। त :व्यक्ति कहाँ बन्छ? यसको उत्तर आउँछ— व्यक्ति परिवारभित्र बन्छ। कसले उसलाई बनाउँछ?— जसले जन्म दिन्छन्। यी उत्तरहरूबाट हामी यो सिद्धान्तमा आइपुग्दछौं कि आखिर समाजको निर्माण परिवारभित्र हुन्छ, अथवा विवाहित जीवनको छाया मनि समाजको निर्माण हुन्छ। किनभने विवाहित जीवनको छायामनि हुर्कने बालक-बालिकाहरू नै भविष्यमा देशका नागरिक हुन्छन्, समाजका जग बन्दछन्। त्यसकारण, बालक-बालिकाहरूलाई निर्माण गर्नु नै देश निर्माण गर्नु हो भन्ने कुरामा हामी एउटा आधारभूत सत्यता पाउँदछौं।

विवाहित जोड़ाले परस्परलाई प्रेमको बलियो डोरीले कसेर जसरी एक-अर्कालाई सुखी तुल्याउन हमेशा प्रयत्न गर्नु पर्दछ, त्यसरी नै आफ्ना सन्तानको भविष्य जीवनलाई पनि उज्यालो तुल्याइदिने प्रयत्न गर्नु उनीहरूको परम कर्त्तव्य हो। जस्तो कि हामीले अघि नै भन्यौ— बालकहरूलाई निर्माण गर्नु देश निर्माण गर्नु हो। यस दृष्टिले, बालकहरूको भविष्य उज्याल्नुको मतलब स्वयं

तिन कै निमित्त मात्र लाभदायक कुरा होइन, तर देश, समाज र विश्वका लागि पनि कल्याणकारी कुरा हो। त्यसकारण, प्रत्येक पति-पत्नीले आफ्नो यस महान् जिम्मेदारीलाई संझेर, बुझेर, आफ्ना सन्तानको भविष्य निर्माण गर्ने प्रयत्न गरे, अवश्य पनि उनीहरूलाई ठूलो उत्साह मिल्न सक्तछ। प्रत्येक माता-पिताले संझनु पर्दछ— कि म मेरो बालकलाई निर्माण गर्दैछु। मेरो बालकको निर्माण—समाजको निर्माण हो — विश्वको निर्माण हो।

को जान्दछ, कि फेरि अर्को कुन बालक संसारमा बुद्ध भएर निस्कने छ? को भन्न सक्तछ, कि कुन देशको छाप्राबाट फेरि अब्राहम लिङ्कन निक्लने छ ? त्यस्तै, पाठक तपाई नै भन्नसक्नु हुन्न, कि तपाईं आफ्नो हातबाट अल्बर्ट आइन्सटिन बनाउँदै हुनुहुन्छ, वा भविष्यमा बनाउनु हुने छ, या अरू कुनै चीज। या, तपाईं आफ्नो काखमा गोर्की, टल्सटाय, प्रेमचन्द तयार गर्नु हुनेछ, — को जान्दछ ! तर जे बनोस्, सन्तान बनाउने प्रयत्न गर्नु प्रत्येक माता-पिताको — सन्तानप्रतिको मात्र होइन— देश, समाज र विश्वप्रतिको पनि महान् कर्त्तव्य हो।

बालकहरूको स्वभाव

बालकको निर्माणमा विशेषगरी ध्यान राख्नु पर्ने कुरा बालक-

को मौलिक स्वभाव हो। बालकहरू स्वभावतः अनुकरणशील (imitative) हुन्छन्। घरका, छिमेकका ठूला-बडा मानिसहरूका जस्ता स्वभाव हुन्छन्, अथवा जे गर्दछन्, बालकहरू त्यसैलाई अनुकरण गर्दछन्, सिक्तछन्। बालकहरू मइन जस्ता हुन्छन्। यिनलाई जस्तो बनायो, त्यस्तै बन्दछन्। त्यसकारण, बालकहरूका लागि घर-परिवारको, छरछिमेकको वातावरण राम्रो हुनुपर्दछ, जसमा बालकहरूले असल कुराहरू सिक्ने र अनुकरण गर्ने मौका पाऊन्। त्यसकारण, घरका ठूला मानिसहरू, वा माता-पिताले यस कुराको सावधानी राख्नुपर्दछ, कि बालकहरूका साम्ने कुनै खराब आदर्श, कुनै खराब नमूना पेश नहोस्। फेरि, बालकहरूका मस्तिष्क, हृदय, अत्यन्त कोमल हुन्छ, त्यसकारण, कुनै किसिमको भय देखाउनु, वा अनुचित दवाव राख्नु पनि बालकहरूको हार्दिक, मानसिक र शारीरिक विकाशको निमित्त हानिकारक हुनजान्छ।

बालकहरूको मानसिक र बौद्धिक विकाशको निमित्त शिक्षाको व्यवस्था हुनु पर्दछ। स्कूली शिक्षाको अतिरिक्त, घरमा ठूला मानिसहरूले, ठूला-ठूला वीर पुरुषहरूका वीरताको कहानी सुनाउनू; देशसेवा, प्रेम र त्यागको महिमा बुझाउनू– इत्यादि कुराहरूबाट बालकहरूको आन्तरिक

व्यक्तित्वमा सुन्दर असर पर्दछ। उनीहरूका हृदय र मस्तिष्कको असल विकास हुन्छ। यी कुराहरूमा माता-पिताहरूका विशेष ध्यान रहेमा बालकहरूका व्यक्तित्वको विकास र गठन राम्रो तरिकाले हुन सक्तछ जसबाट स्वयं बालकहरूका निमित्त, परिवारको निमित्त एउटा हितकर कुरा हुनुको साथैं, देश, समाज र विश्वको निमित्त पनि कल्याणकारी हुनजान्छ।

त्यसकारण, विवाहित जीवनमा, जस्तो पति-पत्नीका व्यक्तिगत जीवनको असर समाजमाथि पर्दछ त्यसरी नै उनीहरूबाट हुने सन्तानका भावी जीवनको पनि असर समाजमाथि पर्दछ। सस दृष्टिले, हामी बुझ्न सक्तछौं, कि आखिर विवाहको समाजसंग कस्तो सम्बन्ध रहेछ, वा विवाह र समाजका बीच कस्तो सम्बन्ध छ। अतः प्रत्येक स्त्री-पुरुष, जो विवाहित क्षेत्रमा उत्रन्छन्, तिनले विवाहित जीवनको यस महान् जिम्मेदारीलाई ध्यानमा राख्नु कर्त्तव्यमात्र होइन महान् मानवता पनि हो।

निष्कर्ष

अन्तमा, अहिलेसम्म हामीले, प्रेम, विवाह र विज्ञानको सम्बन्धलाई आपनो लक्ष्य बनाएर जे-जति चर्चा गर्‍यौं, छलफल गर्‍यौं— यसले पाठकलाई अवश्य पनि एउटा निष्कर्षमा पुर्‍याएकै हुनुपर्दछ;— तापनि यस सम्बन्धमा दुइ शब्द भन्न उचित ठान्दछु।

सबभन्दा पहिले हामीले विवाहमाथि विचार गर्‍यौं, र बुझ्यौं, कि वास्तवमा विवाह व्यक्तिको भाग्य-निर्णायक हो;— र हामीले अघाडि विचार गर्दै लग्यौं र बुझ्यौं कि विवाह व्यक्तिको मात्र होइन समाजको पनि भाग्य-निर्णायक हो:— र त्यसपछि अझै अघाडि गयौं र थाहा पायौं कि विवाह एउटा व्यक्ति र एउटो समाजको मात्र होइन परन्तु सम्पूर्ण मानव-समाजको— :संसारको पनि भाग्य-निर्णायक हो। यसरी हामीले विवाह र विवाहित जीवनको महत्त्व र जिम्मेदारीलाई राम्रैसग बुझ्ने कोशिश गर्‍यौं। त्यसपछि हामीले सेक्स, प्रेम, जीवन-सिर्जना र विकासको सम्बन्धमा पनि विचार विमर्श गर्‍यौं र यसबाट हामीले यो निष्कर्ष

पायौं कि आखिर सेक्स र प्रेम अवश्य दुइ भिन्न तत्त्व हुन्;— तापनि विवाहित जीवनमा वा स्त्री-पुरुषको सम्बन्धमा— सेक्स प्रेमको पोषण हो भने, प्रेम सेक्सको ज्यान हो। अथवा अर्को शब्दमा, प्रेम सेक्सको फेद हो, – र सेक्स प्रेमको टुप्पा। — (As regards the relation between a man and woman, love is the base of sex and sex is the peak of love.)

त्यस्तै मुताबिक सेक्सलाई हामीले केवल स्त्री-पुरुषको प्रेमको शिखरको रूपमा मात्र देखेनौं, तर जीवन-स्रोतको बाहक वा जीवनलाई खोल्ने कुञ्जीको रूपमा पनि पायौं, र साथै प्रकृतिले यसलाई जीव-विकाशको क्षेत्रमा एउटा आवश्यक अस्त्रको रूपमा प्रयोग गरेको कुरा पनि थाहा पायौं।

एवं, हामीले प्रेमका पनि भिन्नभिन्नै प्रकार, स्वभाव र अनुभूतिका विषयमाथि पनि छलफल गर्‍यौं। अथवा हामीले शारीरिक र आध्यात्मिक प्रेमलाई छुट्याएर बेग्ला-बेग्लै रूपमा हेर्ने कोशिश पनि गर्‍यौं, र अनि यिनै शारीरिक, आध्यात्मिक प्रेमको मेल वा सामञ्जस्यमा नै हामीले विवाहित जीवनको वा स्त्री - पुरुषको प्रेमको वास्तविकता वा पूर्णता पायौं। यी सबै तथ्यहरूलाई जोड्दो हामी यही अन्तिम निष्कर्षमा पुग्दछौं— कि प्रेम र विवाहको क्षेत्रमा प्रत्येक मानिसको दृष्टिकोण अत्यन्त विवेक-पूर्ण र वैज्ञानिक हुनु, र उसको व्यवहार पूर्ण हार्दिक र कलात्मक

हुनु— सफल, सुखमय र आनन्ददायक विवाहित जीवनको साथसाथै समाज र सम्पूर्ण संसार कै हित र कल्याणकालागि पनि— अत्यन्त, अात्यन्त आवश्यक कुरा छ।

यसरी, प्रेम र विवाहलाई वैज्ञानिक आँखाले हेर्ने प्रयास हाम्रो भयो। तर जति प्रयास भयो यसमा पूर्णता अवश्य नहोला। तर आशा गर्न सकिन्छ— विज्ञानले हाम्रो आँखा तीखार्दै लैजाला र जीवनका अरु रहस्यमय कुनाहरूलाई च्याएर हेर्ने शक्ति हामी सबैलाई अवश्य प्राप्त हुँदै जाला।

[illegible]